स्थानीय तहका लागि तयार पारिएको प्रशिक्षण सामग्री

# स्थानीय आर्थिक विकास

## प्रशिक्षकका लागि

१ आर्थिक क्रियाकलापहरूको वर्तमान अवस्थाको विश्लेषण

२ सम्भावित आर्थिक क्रियाकलापहरूको पहिचान

३ मुख्य आर्थिक क्रियाकलापको छनौट

४ स्थानीय आर्थिक विकास योजना निर्माण

५ स्थानीय आर्थिक विकास योजनाको कार्यान्वयन

६ स्थानीय आर्थिक विकास योजना कार्यान्वयनको समीक्षा



मोड्युल १

*व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार*

**गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान**

प्रशिक्षकका लागि

स्थानीय तहका लागि तयार पारिएको प्रशिक्षण सामग्री

# स्थानीय आर्थिक विकास

## गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

नदीपुर, पोखरा, गण्डकी प्रदेश, नेपाल

२०७८

मोड्युल १

प्रकाशकः गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान, नदीपुर, पोखरा

सर्वाधिकारः © प्रकाशकमा सुरक्षित

प्रकाशनः माघ, २०७८

सङ्ख्याः २०० प्रति

ISBN: 978-9937-1-1240-6

सम्पादनः

ऋषिराम पाण्डे

भाषा सम्पादनः

नारायण प्रसाद भण्डारी

सम्पर्कका लागिः

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

नदीपुर, पोखरा

फोनः ०६१–५२०१४६/५२१०८२

इमेलः academy.gandaki@gmail.com

वेवसाइट : gpta.gandaki.gov.np

मुख्यमन्त्री

गण्डकी प्रदेश
पोखरा, नेपाल

**शुभकामना सन्देश !**

प्रदेश र स्थानीय तहका सरकारी, सार्वजनिक संस्थानमा निर्वाचित, मनोनीत तथा नियुक्त पदाधिकारी र कर्मचारीहरूको क्षमता विकास गर्ने अभिप्रायले गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान ऐन, २०७५ अन्तर्गत गण्डकी प्रदेशको स्वायत्त संस्थाका रुपमा गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान स्थापना भएको हो । प्रशिक्षण कार्यक्रमलाई प्रदेश सरकार र स्थानीय तहको विकास कार्यक्रमसँग आवद्ध गर्ने नीतिको प्रभावकारी कार्यान्वयनमा स्थापनाको छोटो अवधिमानै क्रियाशील हुन सफल भएकामा म प्रतिष्ठान परिवारलाई बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

प्रशिक्षणलाई व्यावहारिक बनाई प्रशिक्षार्थीको कार्यसम्पादनमा सुधार ल्याउनका लागि गुणस्तरीय प्रशिक्षण सामग्रीको निर्माण, प्रशिक्षण विधिको निर्क्यौल र प्रशिक्षण विधिहरूलाई सही हिसाबले प्रयोग गर्ने दक्ष सहजकर्ताको भूमिका महत्वपूर्ण हुन जान्छ । प्रशिक्षण कार्यक्रमलाई प्रभावकारी र नतिजामुखी बनाउने उद्देश्यले सहजकर्ताहरूको मार्गदर्शनका लागि तयार गरिएको प्रशिक्षण सामग्री प्रकाशन गर्न लागेकोमा खुसी लागेको छ । आर्थिक विकास र समृद्धिमा योगदान गर्ने हेतुले तयार पारिएको यो प्रशिक्षण सामग्री स्थानीय तहका लागि सञ्चालन गरिने प्रशिक्षणमा कोसेढुँगा सावित हुने अपेक्षा लिएको छु ।

प्रदेश सरकारको प्रथम पञ्चवर्षीय योजनाले परिलक्षित गरेको ***'समृद्ध प्रदेश सुखी नागरिक'*** को आकांक्षा प्राप्तिका लागि स्थानीय तहको महत्वपूर्ण भूमिका रहन्छ । आर्थिक विकासका स्थानीय संभाव्यताको पहिचान र योजनाबद्ध आर्थिक क्रियाकलाप मार्फत स्थानीय जनताको आर्थिक अवस्थामा सुधार गर्न सकिन्छ भन्ने कुरामा प्रदेश सरकार विश्वास गर्दछ । स्थानीय तहका आर्थिक विकास योजना निर्माण र तीनको कार्यान्वयनमार्फत् स्थानीय समृद्धि हाँसिल गर्न स्थानीय तहको क्षमता विकास गर्ने अभिप्रायले निर्माण गरिएको यो प्रशिक्षण सामग्री स्थानीय आर्थिक विकासमा रुची राख्ने सबैका लागि उपयोगी हुने छ । प्रशिक्षण सामग्री निर्माण र प्रकाशन गर्न सफल भएकोमा गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानलाई धन्यवाद् व्यक्त गर्दछु ।

माघ, २०७८

कृष्णचन्द्र नेपाली पोखरेल

# गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

**गण्डकी प्रदेश**

**पोखरा, नेपाल**

## दुई शब्द

प्रदेश र स्थानीय तहमा निर्वाचित, मनोनित तथा नियुक्त पदाधिकारी एवम् कर्मचारीको क्षमता विकास तथा प्रदेश सरकार र स्थानीय तहको शासकीय क्षमता अभिवृद्धि गर्ने अभिप्रायले स्थापित गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान संघीयता कार्यान्वयन पश्चात् मानव संसाधन विकासमा प्रदेश सरकारले लिएको महत्वपूर्ण अग्रसरता हो । गुणस्तरीय प्रशिक्षण, समस्या केन्द्रित अध्ययन तथा अनुसन्धान, सवाल केन्द्रित संवाद र मागमा आधारित परामर्श सेवाका माध्यमबाट सक्षम र सुशासनयुक्त प्रदेश सरकार र स्थानीय तह निर्माणमा योगदान गर्नु प्रतिष्ठानको उद्देश्य हो । प्रशिक्षण कार्यक्रमलाई प्रशिक्षार्थीको कार्यसम्पादनसँग आवद्ध गर्दै क्षमता विकासका क्रियाकलाप कार्यान्वयन गर्नु तथा अध्ययन अनुसन्धानका माध्यमबाट प्रदेश सरकार तथा स्थानीय तहहरूलाई नीतिगत सुझाव प्रदान गर्नु प्रतिष्ठानका प्राथमिक कार्यहरू हुन् ।

मानव संसाधन विकास, कार्यक्षमता अभिवृद्धि र सशक्तीकरणको औजारको रुपमा प्रशिक्षणको महत्वपूर्ण स्थान रही आएको छ । प्रशिक्षणलाई उपयोगी र प्रभावकारी बनाउनका लागि प्रशिक्षणका निर्दिष्ट उद्देश्य र विषयवस्तु सहितको प्रशिक्षण योजना, सिकाइ क्रियाकलाप र प्रशिक्षण विधि उल्लिखित पाठ योजना, प्रशिक्षणको विभिन्न तहमा गरिनुपर्ने मूल्याङ्कनका लागि मूल्याङ्कनका विधि र औजार तथा प्रशिक्षणको अनुगमन एवम् प्रशिक्षणले व्यक्ति वा संस्थाको कार्यसम्पादनमा पारेको प्रभावको लेखाजोखाका लागि आवश्यक औजार सहितको प्रशिक्षण सामग्री आवश्यक पर्दछ । यिनै विषयवस्तुहरूलाई मध्यनजर गरी स्थानीय तहमा आर्थिक विकास सम्बन्धी प्रशिक्षण सञ्चालन गर्न प्रस्तुत प्रशिक्षण सामग्री तयार पारिएको हो ।

स्थानीय समृद्धि मार्फत रुपान्तरणका कामलाई तीव्र बनाउने कार्यमा स्थानीय तहको महत्वपूर्ण भूमिका रहन्छ । संघ, प्रदेश र स्थानीय तहका दीर्घकालिन तथा आवधिक योजनाले परिलक्षित गरेका उद्देश्य प्राप्तिका लागि आर्थिक विकास र समृद्धिका कार्यक्रमलाई अभियानका रुपमा अगाडि बढाउन जरुरी छ । प्रत्येक व्यक्तिको आर्थिक अवस्थामा आउने गुणात्मक परिवर्तनले मात्रै वास्तविक अर्थमा राष्ट्रिय समृद्धिको अवस्थालाई झल्काउने हुँदा योजनाबद्ध आर्थिक क्रियाकलापको कार्यान्वयन अपरिहार्य छ । प्रस्तुत सामग्रीले उक्त उद्देश्य प्राप्तिमा योगदान गर्ने अपेक्षा गरिएको छ । कार्यमूलक अनुसन्धान विधिलाई आत्मसात् गरी तयार पारिएको यो प्रशिक्षण सामग्रीको औचित्य, सान्दर्भिकता र गुणस्तरीयता पटक पटकका प्रशिक्षण परीक्षण र विज्ञहरूको परामर्श मार्फत् सुनिश्चित गरिएको छ । स्थानीय तहको आवश्यकता र प्राथमिकताका आधारमा तयार पारिएको यो प्रशिक्षण सामग्रीले स्थानीय आर्थिक विकास र विकास व्यवस्थापनका क्षेत्रमा कार्यरत सहजकर्ताहरू एवम् प्रशिक्षण र अनुसन्धानका क्षेत्रमा रुची राख्ने सबैका लागि एउटा महत्वपूर्ण सन्दर्भ सामग्रीको रुपमा काम गर्ने विश्वास लिइएको छ । यो प्रशिक्षण सामग्री निर्माणमा संलग्न हुनुहुने सबै प्रति हार्दिक आभार प्रकट गर्दछु ।

माघ, २०७८

ऋषिराम पाण्डे
कार्यकारी निर्देशक



फोन नं.:+९७७-६१-५२१०८०/५२०१४६
E-mail:academy.gandaki@gmail.com

# विषय सूची


**भाग-१**

| | |
|---|---|
| **प्रशिक्षकका लागि मार्गदर्शन** | **१–२६** |
| १.१ पृष्ठभूमि | ३ |
| १.२ प्रशिक्षण सामग्रीको औचित्य | ४ |
| १.३ प्रशिक्षण सामग्रीको उद्देश्य | ४ |
| १.४ प्रशिक्षण सामग्रीको रूपरेखा | ५ |
| १.५ प्रशिक्षण सामग्रीको प्रयोगकर्ता | ५ |
| १.६ प्रशिक्षण व्यवस्थापन | ५ |
| १.७ प्रशिक्षणका सिद्धान्त तथा विधिहरू | ८ |
| १.७.१ वयस्क सिकाइका सिद्धान्त | ८ |
| १.७.२ प्रशिक्षण विधि र प्रयोग | ११ |
| १.८ प्रशिक्षकका लागि सुझाव | १८ |
| १.८.१ सिकाइ क्रियाकलाप सञ्चालन | १८ |
| १.८.२ प्रशिक्षण सामग्रीको प्रयोग | १९ |
| १.८.३ सिकाइ प्रक्रियामा सहभागीलाई उत्प्रेरित गर्न केही सुझाव | २० |
| १.९ प्रस्तुतीकरण सामग्री | २१ |
| १.९.१ पावरप्वाइन्टको प्रयोग | २१ |
| १.९.२ न्युजप्रिन्टको प्रयोग | २२ |
| १.९.३ मेटाकार्डको प्रयोग | २३ |
| १.९.४ सेतो बोर्डको प्रयोग | २३ |
| १.९.५ प्रशिक्षक/सहजकर्ता/स्रोत व्यक्तिले ध्यान दिनुपर्ने अन्य कुराहरू | २४ |

**भाग-२**

| | |
|---|---|
| **प्रशिक्षण योजना** | **२७–३४** |
| २.१ प्रशिक्षण योजनाको परिचय | २९ |
| २.२ प्रशिक्षणका मुख्य विषयवस्तुहरू | २९ |
| २.३ प्रशिक्षण योजना | ३० |
| २.४ दैनिक प्रशिक्षण तालिका | ३४ |

**भाग-३**

**प्रशिक्षण सत्र योजना** **३५-८२**

**भाग-४**

**प्रस्तुतीकरण सामग्री (पावरप्वाइन्ट स्लाइड)** **८३-१४६**

**भाग - ५**

**अध्ययन सामग्री** **१४७-१७८**

**भाग - ६**

**प्रशिक्षण मूल्याङ्कनका औजार** **१७९-१९६**

**भाग - ७**

**अनुसूचीहरू** **१९७-२१४**

अनुसूची १ : सत्र योजना अनुसारका सामग्रीहरूको सूची १९९

अनुसूची २ : प्रशिक्षण सञ्चालनको क्रममा प्रस्तुत गरिने पावरप्वाइन्ट स्लाइडहरूको सूची २००

अनुसूची ३ : व्यावसायिक योजनाको नमूना २०१

अनुसूची ४ : स्थानीय आर्थिक विकास योजनाको खाका २०७

अनुसूची ५ : कार्ययोजनाका लागि प्रस्ताव गर्न सकिने कार्यहरू (नमूना) २१२

अनुसूची ६ : आवश्यक प्रशिक्षण सामग्रीहरू २१३

**सन्दर्भ सामग्रीहरू** **२१५**

# भाग-१
# प्रशिक्षकका लागि मार्गदर्शन

# प्रशिक्षण सामग्री बारे

## १.१ पृष्ठभूमि

प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारी एवम् निर्वाचित जनप्रतिनिधिहरूको क्षमता विकास, प्रदेश सरकारका कार्यक्रम कार्यान्वयनमा सहजीकरण, प्रदेश अन्तर्गतका सरकारी तथा अर्धसरकारी निकाय र स्थानीय तहको संस्थागत सुधार एवम् शासकीय क्षमताको अभिवृद्धि गर्ने अभिप्रायले गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान ऐन, २०७५ अन्तर्गत गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको स्थापना भएको हो ।

प्रशिक्षण व्यावसायलाई प्रशिक्षार्थीको कार्यसम्पादनसँग आबद्ध गराई सम्बन्धित संस्थाको समग्र कार्यसम्पादनमा सुधार गरी क्षमता विकास कार्यक्रमको सही मूल्य (Best Value for Money) सुनिश्चित गराउने तथा अनुसन्धान र संवादका माध्यमबाट प्रदेश तथा स्थानीय  तहहरूलाई नीतिगत सुझाव प्रदान गर्ने प्रतिष्ठानको महत्त्वपूर्ण उद्देश्य हो ।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान सङ्घीयता कार्यान्वयनपश्चात् मानव संशाधन विकासमा प्रदेश सरकारले लिएको महत्त्वपूर्ण अग्रसरता हो । प्रदेश र स्थानीय तहका विकास प्राथमिकतामा सहयोग पुग्ने गरी प्रशिक्षण र अनुसन्धानका क्रियाकलापलाई केन्द्रित गराई ती निकायको समग्र कार्यसम्पादन र सेवा प्रवाहमा सुधार ल्याउने काममा प्रतिष्ठानको महत्त्वपूर्ण भूमिका रहने छ ।

मानव संसाधान विकास, क्षमता विकास र सशक्तीकरणको एउटा महत्त्वपूर्ण औजारको रूपमा प्रशिक्षणको महत्त्वपूर्ण स्थान रहिआएको छ । तर जुन अनुपातमा प्रशिक्षणका क्षेत्रमा साधन र स्रोतको प्रयोग भएको छ, सो मुताबिक परिणाम नदेखिएको कुरामा बहस हुने गरेका छन् । त्यसैले, प्रशिक्षणलाई प्रभावकारी बनाउन विद्यमान प्रचलनलाई परिवर्तन गर्न जरूरी छ । चाहे निजामती कर्मचारीको सेवा प्रवेशका दौरान प्रदान गरिने अभिमुखीकरण होस् वा पदोन्नतिका लागि सहायक मानिने सेवाकालीन प्रशिक्षण हुन् वा कर्मचारी, जनप्रतिनिधि र सर्वसाधारणका लागि आयोजना गरिने "क्षमता विकास" का प्रशिक्षण, तिनमा आमूल रूपान्तरण जरूरी छ। प्रशिक्षणलाई प्रभावकारी र गुणस्तरीय बनाउका लागि गुणस्तरीय प्रशिक्षण सामग्री पहिलो सर्त हो ।

आर्थिक समृद्धि र समुन्नत समाजको निर्माण राज्यको प्राथमिकता हो । सङ्घीय सरकारको पन्ध्रौं योजना र गण्डकी प्रदेश सरकारको पहिलो आवधिक योजनाले आर्थिक समृद्धिका स्पष्ट मार्ग चित्र तय गरेका छन । "समृद्ध नेपाल, सुखी नेपाली" को राष्ट्रिय आकाङ्क्षा र "समृद्ध प्रदेश, सुखी नागरिक" को प्रादेशिक लक्ष्य प्राप्तिमा स्थानीय तहहरूको महत्त्वपूर्ण भूमिका रहन्छ। स्थानीय तहद्वारा अगाडि बढाइने आर्थिक विकासका क्रियाकलापलाई स्थानीय तहको दीर्घकालीन सोँच, आवधिक योजना र वार्षिक योजनासँग तादम्यता कायम गर्दै योजनाबद्ध रूपमा अगाडि बढाउनु आवश्यक छ ।

स्थानीय आर्थिक विकास योजनाको निर्माण र कार्यान्वयनका लागि जनप्रतिनिधि र कर्मचारीको क्षमता विकास जरूरी छ। स्थानीय तहमा सञ्चालन गरिने स्थानीय आर्थिक विकासका प्रशिक्षणलाई स्तरीय बनाउनका लागि प्रशिक्षण सामग्रीको महत्त्वपूर्ण भूमिका रहन्छ। प्रशिक्षण सामग्रीको निर्माण र तिनको समयानुकूल अद्यावधिक गर्ने, अनुसन्धान, खोज र विश्लेषणका माध्ययमबाट प्रशिक्षण पद्दतिमा समयानुकूल परिमार्जन गर्ने र मानव संसाधन विकासका लागि राज्यका संयन्त्रहरूलाई आवश्यक मापदण्डहरू निर्माणमा प्राविधिक सहयोग गर्दै कर्मचारी तथा निर्वाचित जनप्रतिनिधिहरूका लागि कार्यसम्पादन सुधारमा योगदान गर्ने प्रतिष्ठानका नियमित कार्य हुन् ।

सङ्घीय सरकारको “समृद्ध नेपाल, सुखी नेपाली” को दीर्घकालीन लक्ष्य र प्रदेश सरकारको “समृद्ध प्रदेश, सुखी नागरिक” को योजनालाई साकार पार्न प्रशिक्षण तथा अनुसन्धानका कार्यमार्फत् योगदान गर्नु प्रतिष्ठानको जिम्मेवारी हो । दीगो विकासका लक्ष्यहरूको स्थानीयकरण र स्थानीय तहहरूको अगुवाइमा तिनको प्राप्तिमा सहजीकरण गर्ने कार्य पनि प्रतिष्ठानको प्राथमिकतामा पर्दछ । तसर्थ, स्थानीय तहमा योजनाबद्ध तवरले आर्थिक विकासका क्रियाकलाप सञ्चालन गर्नका लागि स्थानीय आर्थिक विकास योजना तर्जुमामा स्थनीय तहका जनप्रतिनिधि र कर्मचारीको क्षमता विकास गर्न यो प्रशिक्षण सामग्री निर्माण गरिएको हो ।

## १.२ प्रशिक्षण सामग्रीको औचित्य

कुनैपनि प्रशिक्षण आयोजना गर्नुको उद्देश्य प्रशिक्षार्थीको ज्ञान, सीप र कार्यकुशलतामा अभिवृद्धि गर्नु हो । प्रशिक्षण प्रभावकारीताका लागि प्रशिक्षार्थीको खास प्रशिक्षण आवश्यकताको पहिचान, प्रशिक्षण आवश्यकताका आधारमा प्रशिक्षणका निर्दिष्ट उद्देश्यहरूको किटान, प्रशिक्षण आवश्यकतालाई सम्बोधन गर्ने गरी प्रशिक्षण सामग्रीहरूको निर्माण र प्रशिक्षणको सहजीकरणका लागि उपयुक्त विधिको छनौट पूर्वसर्त हुन् । प्रशिक्षण अवधिमा गरिने छलफल र अभ्यास मात्र प्रशिक्षणको कार्यान्वयनका लागि पर्याप्त हुँदैनन् । यसका लागि विभिन्न चरणमा अनुगमन, फलोअप, कार्यस्थलको सहयोग समेत आवश्यक पर्दछ । त्यसैले, फलोअप, अनुगमन तथा मूल्याङ्कनका लागि आवश्यक औजारहरूको विकास र प्रयोग गरिनु पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ । प्रशिक्षणपश्चात् गरिने फलोअप वा अनुगमनले व्यक्ति वा संस्थाको कार्यसम्पादनमा प्रशिक्षणले पारेको प्रभावको लेखाजोखा गर्न सकिन्छ ।

परम्परागत प्रशिक्षण अन्तर्गत प्रशिक्षण पश्चात् प्रशिक्षार्थीले आफ्नो व्यवहारमा परिवर्तन ल्याए नल्याएको वा प्रशिक्षणको सिकाइ कार्यान्वयनमा आए नआएको निर्क्योल गर्ने प्रचलन रहेको पाइँदैन । जबसम्म प्रशिक्षणका सहभागीहरूले प्रशिक्षणको सिकाइलाई आफ्नो कार्यस्थलमा व्यावहारिक रूपमा प्रयोगमा ल्याउँदैनन् र सिकाइको व्यावहारिक प्रयोगको परिणामस्वरूप संस्थाको समग्र कार्यसम्पादनमा सुधार आउन सक्दैन, तबसम्म प्रशिक्षणमा खर्च भएको साधन र स्रोतको कुनै अर्थ रहँदैन ।

स्थानीय तहहरू स्थानीय सरकारको रूपमा स्थापित भई कार्यसम्पादन गरिरहेको वर्तमान अवस्थामा स्थानीय जनताको आर्थिक विकासको उत्तरदायित्व वहन गर्नुपर्ने कानुनी तथा संस्थागत जिम्मेवारी छ । यसका लागि स्थानीय तहहरूले आवधिक योजना, वार्षिक योजना र बजेटको व्यवस्था गर्दै आर्थिक विकासका कार्यलाई अगाडि बढाउँदै जानुपर्नेछ ।

यसै सन्दर्भमा स्थानीय तहहरूलाई स्थानीय आर्थिक विकासका गतिविधिहरूलाई परिणाममुखी बनाउनका लागि क्षमता वृद्धि गराउने ध्येयका साथ स्थानीय आर्थिक विकाससम्बन्धी प्रशिक्षणको लागि यो प्रशिक्षण सामग्री तयार पारिएको छ । यो सामग्रीबाट स्थानीय आर्थिक विकास प्रक्रियामा संलग्न हुने जनप्रतिनिधि तथा कर्मचारीलाई प्रशिक्षित गर्न मद्दत पुग्ने छ । स्थानीय आर्थिक विकास स्थानीय तहको प्रमुख प्राथमिकताको विषय रहेको र सो कार्यलाई प्रभावकारी रूपमा अगाडि बढाउन व्यावहारिक प्रशिक्षणको आवश्यकता रहेकोले सो सम्बन्धी प्रशिक्षणलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न प्रशिक्षका लागि सहयोगी सामग्रीका रूपमा प्रस्तुत प्रशिक्षण सामग्री तयार गरिएको छ ।

## १.३ प्रशिक्षण सामग्रीको उद्देश्य

प्रशिक्षणका दौरान प्रत्येक प्रशिक्षण कार्यक्रममा पाठ्यक्रमले निर्धारण गरेका विषयवस्तुहरू समानस्तरमा प्रवाह गरेर निर्धारित लक्ष्य तथा उद्देश्यहरू हासिल गर्न सहयोग पुऱ्याउनु नै यस प्रशिक्षण सामग्रीको मूलभूत उद्देश्य हो ।

स्थानीय तहमा सञ्चालन गरिने स्थानीय आर्थिक विकास सम्बन्धी प्रशिक्षण कार्यलाई प्रभावकारी र गुणस्तरीय बनाउनुका साथै प्रशिक्षण कार्यमा एकरूपता ल्याई प्रशिक्षणबाट समान किसिमको ज्ञान तथा सीप प्रवाह गर्नु प्रशिक्षण सामग्रीको अर्को उद्देश्य हो ।

## १.४ प्रशिक्षण सामग्रीको रूपरेखा

यो प्रशिक्षण सामग्री गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान, पोखराद्वारा तयार पारिएको हो । यस तीन दिने प्रशिक्षण सामग्रीले "स्थानीय आर्थिक विकास" को प्रशिक्षण कार्य प्रभावकारी रूपमा सञ्चालन गर्नका लागि आयोजक, स्थानीय तह तथा सम्बन्धित प्रशिक्षकहरूलाई महत्त्वपूर्ण मार्गदर्शन हुने अपेक्षा गरिएको छ। यो प्रशिक्षण सामग्रीलाई ७ भागमा विभाजन गरिएको छ। पहिलो भागमा प्रशिक्षकको लागि मार्गदर्शन समावेश गरिएको छ । दोस्रो भागमा प्रशिक्षण योजना राखिएको छ भने तेस्रो भागमा प्रशिक्षण सत्र योजना राखिएको छ । चौथो भागमा प्रस्तुतीकरणका स्लाइड समावेश गरिएको छ भने पाँचौं भागमा अध्ययन सामग्रीहरू राखिएको छ। छैटौं भागमा प्रशिक्षणका लागि प्रयोग गरिने मूल्याङ्कनका औजारहरू समावेश गरिएको छ भने सातौं खण्डमा स्थानीय आर्थिक विकास योजनासँग सम्बन्धित ढाँचा तथा फारामहरू, अनुसूची र सन्दर्भ सामग्री राखिएको छ।

| प्रशिक्षण सामग्रीको बनावट | |
|---|---|
| भाग १ | प्रशिक्षकका लागि मार्गदर्शन |
| भाग २ | प्रशिक्षण योजना |
| भाग ३ | प्रशिक्षण सत्र योजना |
| भाग ४ | प्रस्तुतीकरण सामग्री (पावरप्वाइन्ट स्लाइड) |
| भाग ५ | अध्ययन सामग्री |
| भाग ६ | प्रशिक्षण मूल्याङ्कनका औजार |
| भाग ७ | अनुसूची |

## १.५ प्रशिक्षण सामग्रीको प्रयोगकर्ता

यस प्रशिक्षण सामग्रीको मुख्य प्रयोगकर्ता प्रशिक्षण तथा क्षमता विकासको क्षेत्रमा काम गर्ने प्राविधिक कर्मचारी, परामर्शदाता तथा प्रशिक्षण केन्द्रका प्रशिक्षकहरू हुन्। यसका अतिरिक्त स्थानीय आर्थिक विकासमा रुचि राख्ने जोसुकै पनि यसका प्रयोगकर्ता हुन सक्दछन् । यसका प्रयोगकर्ताले यसमा उल्लिखित विधि, प्रक्रिया, समय, सामग्री जस्ता पक्षहरूलाई हुबहु प्रयोग गर्नुभन्दा यसमा उल्लिखित मार्गदर्शन र स्थानीय परिवेशअनुसार यसलाई सहयोगी सामग्रीको रूपमा बुझेर प्रयोग गर्नु उपयुक्त हुने छ। स्थानीय परिवेशअनुसार यस प्रशिक्षण सामग्रीको मूल मर्मलाई ध्यानमा राखी सहजकर्ता/प्रशिक्षकले अन्य रचनात्मक गतिविधि समेत अँगाल्न सक्ने छन् ।

## १.६ प्रशिक्षण व्यवस्थापन

### क) सहभागी सङ्ख्या

यो प्रशिक्षणका लागि बढीमा तीस जनासम्म सहभागी उपयुक्त हुने छ। सहभागीहरूले प्रशिक्षणको क्रममा पर्याप्त मात्रामा छलफल, अन्तरक्रिया तथा अभ्यास गर्न सहज हुने गरी सहभागी सङ्ख्या निर्धारण गरिनु पर्दछ। तर स्थानीय परिवेश, प्रशिक्षण सञ्चालन गर्न सकिने समयावधि र सम्भावित सहभागीको स्तर एवम् क्षमताअनुसार सङ्ख्या थपघट गर्न सकिने छ।

### ख) प्रशिक्षण स्थल

प्रशिक्षणका लागि स्थल छनौट गर्दा निम्नलिखित पक्षलाई विचार गर्नुपर्दछ :

१) सहभागी सङ्ख्या अनुसार पर्याप्त स्थान

२) साना समूहमा अभ्यास गर्न तथा प्रशिक्षण खेल खेलाउनका लागि उपलब्ध हुने स्थान
३) सिकाइ प्रक्रियामा बाधा नआउने खुल्ला स्थान
४) शौचालय तथा पानीको सुविधा भएको स्थान
५) प्रशिक्षार्थीहरूको आवासको व्यवस्थापन गर्न सकिने स्थान
६) खाना, खाजा, खानेपानी तथा चियाको व्यवस्थापन गर्न सकिने स्थान
७) बहुसङ्ख्यक प्रशिक्षार्थीहरूलाई सकेसम्म पायक पर्ने स्थान (दैनिक रूपमा आउजाउ गर्ने हो भने सार्वजनिक यातायात उपलब्ध भएको स्थान)
८) बच्चासहित सहभागी हुने प्रशिक्षार्थीहरू भए बच्चाहरू राख्ने र उनीहरूलाई सुरक्षित खेल्ने स्थानको उपलब्धता
९) विभिन्न किसिमका सरूवा रोगहरूबाट बचावटका लागि उपयुक्त व्यवस्था

## ग) समय

यो प्रशिक्षण सामग्रीमा समावेश गरिएका विषयवस्तुको लागि जम्मा १८ घण्टा लाग्ने अनुमान गरिएको छ । हरेक दिनमा कम्तीमा ६ घण्टा (चिया, खाजा, खाना आदिको समयलाई कटाएर) विषयवस्तुलाई दिनुपर्ने छ । प्रशिक्षणको प्रभावकारीता बढाउनका लागि सहजकर्ताले समयको तालमेल मिलाउनु आवश्यक हुन्छ ।

प्रत्येक दिन प्रशिक्षण सुरू हुने समय र समाप्त हुने अवधिलाई सहभागीतामूलक ढङ्गबाट सहभागीको स्तर, प्रशिक्षण कक्ष र वातावरणीय अनुकूलतालाई हेरेर पाठ योजनामा दिइए अनुसारका विषयवस्तुहरूमा छलफल गर्न सकिने किसिमले निर्धारण गर्नु उपयुक्त हुन्छ ।

प्रशिक्षण सुरू हुने र समाप्त हुने समय सहभागीसँग छलफल गरी तय गरिनुपर्दछ, ताकि सहभागीहरूले सिकाइ प्रक्रियामा सहजतासँग भाग लिन सकुन् ।

## घ) प्रशिक्षण सामग्री

यस प्रशिक्षण सामग्रीमा मुख्यतः पाँच प्रकारका प्रशिक्षण सामग्री समावेश गरिएको छ ।

१) प्रशिक्षार्थीहरूको लागि आवश्यक सामग्री
२) प्रशिक्षणका लागि आवश्यक सामग्री
३) प्रशिक्षण सहयोगी उपकरण/सामग्री
४) प्रशिक्षण मसलन्द
५) फाराम तथा अध्ययन सामग्री

### १. प्रशिक्षार्थीहरुको लागि आवश्यक सामग्री

यस अन्तर्गतका सामग्रीहरू प्रशिक्षार्थीको सङ्ख्याको आधारमा तयारी गर्नुपर्दछ। सामग्रीको बन्दोबस्त गर्दा प्रशिक्षार्थी सङ्ख्याभन्दा केही थप गर्नु व्यावहारिक हुन्छ, जसले गर्दा सहजकर्ता, स्रोत व्यक्ति, अतिथि तथा आयोजकहरूलाई आवश्यकताअनुसार वितरण गर्न सहज होस् । यस अन्तर्गत निम्नलिखित सामग्रीको व्यवस्थापन गर्नुपर्दछ :

नोटबुक, कलम, नेमट्याग, फाइल, सिसा कलम, इरेजर, पेन्सिल कटर, सहभागीहरूलाई वितरण गर्ने अध्ययन सामग्री ।

**२. प्रशिक्षणका लागि आवश्यक सामग्री**

यस अन्तर्गत सत्र योजनामा उल्लेख भए अनुसारको प्रस्तुतीकरण सामग्री, सन्दर्भ सामग्री (सम्बन्धित ऐन, नियमावली आदि) को व्यवस्थापन गर्नुपर्दछ ।

**३. प्रशिक्षण सहयोगी उपकरण/सामग्री**

ल्यापटप, प्रिन्टर, मल्टिमिडिया प्रोजेक्टर, स्क्रिन, प्वाइन्टर, क्यामरा, ह्वाइटबोर्ड, पिनबोर्ड, फ्लिप चार्ट बोर्ड आदि ।

**४. प्रशिक्षण मसलन्द**

ब्राउन सिट, न्युजप्रिन्ट, बोर्ड मार्कर, परमानेन्ट मार्कर, विभिन्न रङ तथा साइजका मेटा कार्ड, मास्किङ टेप, कैंची, रूलर, स्ट्यापलर र पिन, पुस पिन, पेपर क्लिप, स्टिकी नोट, A4 कागज, चक्लेट/तितौरा आदि ।

**५. फाराम तथा अध्ययन सामग्री**

हाजिरी रजिस्टर, सत्र योजनाको प्रति, प्रशिक्षार्थी सङ्ख्याको आधारमा प्रशिक्षण पूर्व/पश्चात् परीक्षण फाराम, दैनिक तथा अन्तिम मूल्याङ्कन फाराम आदि ।

माथि क देखि ङ सम्म उल्लेख गरिएका सामग्रीहरू प्रशिक्षण सुरू हुने दिनभन्दा केही दिन अगाडि नै व्यवस्थापन भएको कुरामा यकिन गर्नुपर्दछ । यसका लागि निम्नानुसारको चेकलिस्ट तयार गरेर यकिन गर्नु उपयुक्त हुन्छ ।

**प्रशिक्षण तयारी चेकलिस्ट (नमूना)**

<table>
<tr><td>प्रशिक्षणको नाम</td><td></td><td rowspan="2">संयोजकको नाम</td><td rowspan="2"></td></tr>
<tr><td>मिति</td><td></td></tr>
<tr><td>लक्षित गरिएको स्थानीय तह</td><td></td><td rowspan="2">तयारी जाँच गरिएको मिति</td><td rowspan="2"></td></tr>
<tr><td>स्थान</td><td></td></tr>
<tr><td colspan="4">निर्धारित प्रशिक्षणको लागि अन्तिम हप्तामा मैले निम्नअनुसारको तयारी गरेको छुः<br>(तयारी गरिएकोमा चिहृन लगाउनुहोस्)<br>■ आयोजक संस्थाको सम्पर्क व्यक्तिसँग फलोअप गरेको<br>■ आयोजक संस्था र प्रशिक्षकसँगको सम्झौताको समीक्षा गरेको<br>■ निर्देशन र ह्यान्डआउटहरू प्रिन्ट गरेको<br>■ मौसमी अवस्थाको बारेमा जानकारी लिएको<br>■ उपयुक्त प्रस्तुतिका सामग्री जम्मा गरेको<br>■ आवश्यक सम्पूर्ण कागजातहरूको फोटोकपी तयार गरेको<br>■ उपयुक्त पावरप्वाइन्टहरूको जाँच गरेको<br>■ उपयुक्त पावरप्वाइन्टहरू USB Drive मा राखेको<br>■ प्रशिक्षकका लागि तयार गरिएको प्रशिक्षण सामग्री पढेको</td></tr>
</table>

- प्रशिक्षण हुने स्थलको वर्तमान गतिविधिको खोजी गरेको
- भ्रमण स्वीकृति लिएको
- बजेट तयारी गरेको
- सहयोग मागिएको (आवश्यक भएमा)

प्रशिक्षणको लागि मैले निम्नानुसारका आवश्यक प्रशिक्षण सामग्री सङ्कलन गरेको छु :

- प्रशिक्षण सामग्री तथा ह्यान्डआउटहरूको छापिएको प्रति
- ल्यापटप
- प्रोजेक्टर तथा प्वाइन्टर
- प्रस्तुति सामग्री सहितको USB drive
- मूल्याङ्कन औजार/फाराम
- क्रियाकलाप सिटहरू
- ब्राउन पेपर
- मेटा कार्ड
- मार्कर (बोर्ड तथा पर्मानेन्ट)
- प्रशिक्षार्थीलाई वितरण गरिने सामग्री
- अन्य सामग्रीहरू तथा उपकरणहरू जस्तैः क्यामेरा, उपस्थिति पाना, स्टापलर, कैंची, पन्चिङ मेसिन, पेपर क्लिपहरू, पोस्ट इट, ब्यानर, पुसपिन आदि ।

## १.७ प्रशिक्षणका सिद्धान्त तथा विधिहरू

यस प्रशिक्षणका लक्षित सहभागीहरू सबै जना कुनै न कुनै जिम्मेवारी लिएका, केही वर्षको अनुभव भएका वयस्कहरू भएको हुनाले विधिहरू पनि त्यसै अनुरूप छनौट गरिएका छन् । प्रशिक्षणको सिद्धान्त तथा विधिहरू छनौट गर्दा वयस्कहरूका सिक्ने विशिष्ट तरिका हुन्छन् भन्ने सन् १८३३ मा जर्मन शिक्षाविद् अलेकजेन्डर कापले प्रतिपादन गरेको र अमेरिकी शिक्षाविद् माल्कोमले "वयस्क सिकाइका सिद्धान्त"को रूपमा परिस्कृत गरेको सिद्धान्तलाई आधार लिइएको छ । त्यसैले, स्थानीय आर्थिक विकास प्रशिक्षण सञ्चालनको दौरान प्रशिक्षकले यो सिद्धान्तलाई आत्मसात गरेर सिकाइ प्रक्रियाको सहजीकरण गर्नुपर्दछ । प्रशिक्षणको दौरान प्रशिक्षकले निम्नबमोजिमको वयस्क सिकाइको सिद्धान्तलाई अपनाउनु पर्दछ ।


### १.७.१ वयस्क सिकाइका सिद्धान्त

वयस्क शिक्षा भन्नाले एक आपसको प्रत्यक्ष आपसी अन्तरसम्बन्ध तथा अन्तरक्रियाबाट स्वः निर्देशित रूपमा सिकिने शिक्षा पद्दति हो । यसमा व्यक्तिले आफ्नो सिकाइको निरन्तर रूपमा पूनर्मूल्याङ्कन गरी समय सापेक्ष बनाउँदै लैजान्छ । यो प्रत्यक्ष अनुभवबाट सिक्ने एउटा प्रक्रिया हो ।

#### क) वयस्क सिकाइ चक्र

सिकाइ निरन्तर चलिरहने प्रक्रिया हो । सिकाइले मानिसको व्यवहारमा परिवर्तन ल्याउँछ । सिकाइका सिद्धान्तअनुसार मानिसले चरणबद्ध तरिकाले सिक्छन् भन्ने कुरामा धेरै विद्वान्हरू

सहमत छन् । सामान्यतया वयस्कहरूको सिक्ने प्रक्रिया तल चित्रमा देखाइएको चरणबाट हुन्छ भन्ने मान्यता राखिन्छ ।




वयस्कहरूले कुनै नयाँ कुरा सुने, देखे वा अनुभूति गरे भने तुरून्तै स्वीकार गर्दैनन् । त्यसमा उनीहरूले तुरून्तै प्रतिक्रिया देखाउँछन्, त्यस पछि आफ्नो पुरानो सिकाइ वा अनुभवसँग सम्बन्ध जोड्छन् र अनि मात्र त्यो कुरा स्वीकार गर्ने नगर्ने भनेर निर्णय गर्दछन् ।

### १. सुन्नु, देख्नु वा अनुभूति गर्नु

कुनै पनि नयाँ कुरा देखेर, सुनेर, छोएर, सुँघेर, चाखेर पहिला अनुभूति गर्नु सिकाइको पहिलो चरण हो । जस्तै, स्थानीय आर्थिक विकास प्रशिक्षणमा प्रशिक्षकले दिने विषयवस्तुसम्बन्धी जानकारीहरू ।

### २. प्रतिक्रिया देखाउनु

यो कुनै पनि व्यक्तिको आफ्नै कार्य र सोँचाइको अवस्था हो । यसमा आफूले गरेको काम बारे सोँच्दछ, आफैभित्र प्रश्न गर्दछ । जस्तै, प्रशिक्षकले दिएको जानकारीमा प्रशिक्षार्थीले तत्काल प्रतिक्रिया दिन्छ, यो कुरा गर्न सकिन्छ, सकिन्न वा ठिक बेठिक के हो प्रतिक्रिया व्यक्त गर्दछ ।

### ३. सम्बन्ध जोड्नु

गरेको कामको बारेमा नयाँ विचार, भावना र सम्भावनाहरूको सिर्जना गरिन्छ । सहभागीले आफ्नो अनुभवसँग दाँजेर नयाँ विषयवस्तु वा जानकारीसँग सम्बन्ध जोड्ने प्रयास गर्दछ । जस्तै, पहिला त यस्तो थियो, यो त यस्तो हुनुपर्ने हो आदि र भविष्यमा गर्ने कामको विश्लेषण गर्दछ ।

### ४. निर्णय गर्नु

माथिका तीन चरण पूरा गरे पछि प्रशिक्षार्थीले निर्णय गर्दछ । विकल्पहरूका आधारमा सहभागीहरूले आफ्नो काम गर्ने तरिका छनौट गर्दछन्, सुधार गर्दछन् र त्यसको कारण दिन्छन् । जस्तै, यो काम त गर्नु पर्ने नै रहेछ, वा गर्न सकिन्न आदि ।

## (ख) वयस्कहरुका विशेषताहरू (मान्यताहरू)

वयस्कहरूका आफ्नै विशेषताहरू हुन्छन्, जुन विशेषताले उनीहरूको सिक्ने प्रक्रियामा प्रत्यक्ष प्रभाव पार्दछ । त्यसकारणले गर्दा प्रशिक्षकले वयस्कहरूको ती विशेषतालाई मनन गरेर सोहीअनुसार प्रशिक्षण विधिको छनौट तथा कार्यान्वयन गर्नु जरूरी हुन्छ । प्रशिक्षण कार्य सञ्चालनमा निम्नलिखित पक्षहरूलाई विशेष ध्यान दिनुपर्दछ :

- वयस्क अनुभवी हुन्छन् । आफ्नो अनुभवसँग दाँजेर उचित लागेका कुराहरू मात्र सिक्दछन् ।
- वयस्कमा आत्म सम्मान हुन्छ । अतः सिकाइ प्रक्रियामा संलग्न व्यक्तिहरूले निजहरू प्रति आदर सूचक शब्दको प्रयोग र सम्मानजनक व्यवहार गर्नुपर्दछ ।
- वयस्कमा स्मरण शक्ति कम हुन्छ । अतः उनीहरूलाई कुनै कुरा सिकाउँदा वा बताउँदा पटक पटक दोहोऱ्याएर कुरा स्पष्ट पार्नुपर्दछ ।
- वयस्कमा तर्क शक्ति बढी हुन्छ । अतः उनीहरूलाई आफ्नो तर्क प्रस्तुत गर्ने अवसर दिनुपर्दछ । निजका तर्कहरूको सन्तोषजनक उत्तर दिएर मात्र आफ्ना कुरा त्यही तर्कको आधारमा प्रस्तुत गर्नुपर्दछ ।
- वयस्कहरू प्रशिक्षक भन्दा बढी आफ्नो अनुभव र आफ्ना साथीको अनुभवबाट धेरै सिक्छन् । अतः वयस्क शिक्षामा अनुभवजन्य सिकाइको उपयोग गर्नुपर्दछ ।

## (ग) वयस्कहरूका लागि सिक्ने वातावरण

प्रशिक्षण सञ्चालन गर्दा प्रशिक्षकले वयस्कहरूका लागि सिक्ने सहज वातावरण सिर्जना गर्नका लागि निम्न पक्षमा विशेष ध्यानदिनु जरूरी हुन्छः

- **आवश्यकता बोध गराउनेः** वयस्कहरूको आफ्नो जीवनसँग प्रत्यक्ष सम्बन्धित आवश्यक कुराहरू सिक्न उत्सुक हुन्छन् । अतः उनीहरूलाई प्रत्यक्ष आवश्यक पर्ने विषयबाट नै सिकाइ आरम्भ गर्नुपर्दछ ।

> "सुने बिर्सन्छ, देखे सम्झिन्छ, गरे जानिन्छ" भन्ने सम्झेर प्रशिक्षकले प्रशिक्षण विधिको छनौट गर्नुपर्दछ ।

- **चाख वा रुचि जगाउनेः** वयस्कहरू आफ्ना चाख वा रूचिका कुरा मात्र सिक्छन् । अतः कुनै विषयमा सिकाउनुभन्दा पूर्व त्यस विषयप्रति उनीहरूको चाख वा रूचि उत्पन्न गर्नु आवश्यक हुन्छ । सहभागीहरूको चाख वा रूचिलाई विषयवस्तुमा जोड्ने वा विषयवस्तुसँग आबद्ध गराउने कौशल सहजकर्तामा हुनु आवश्यक छ । निम्न अवस्थामा वयस्कहरू धेरै सिक्दछन्ः

- प्रशिक्षक र सहभागी बीच सौहार्दपूर्ण व्यवहार भएमा
- सिकाइ प्रक्रियामा सहभागीहरूको सहभागीता बढीभन्दा बढी गराएमा
- सिकाइने विषयवस्तु तत्काल उपयोग हुने खालको भएमा
- आफ्नो ज्ञान र अनुभवसँग दाँज्न सक्ने भएमा
- भौतिक र भावनात्मक (भेदभाव) दृष्टिले वातावरण अनुकूल भएमा
- डर र करले सिक्ने स्थिति नरहेमा
- सिकाइने विषयवस्तु उपयोगी छन् भन्ने लागेमा
- विभिन्न प्रशिक्षण विधि र श्रव्य दृश्य सामग्री प्रयोग गरी सिकाएमा
- प्रतिस्पर्धात्मक वातावरण नरहेमा
- अभ्यास र अनुभव आदानप्रदान गर्न पाएमा

### १.७.२ प्रशिक्षण विधि र प्रयोग

कुनै निश्चित विषयवस्तुको छलफलपछि प्राप्त गर्न सकिने भनी पाठ योजनामा निर्धारण गरिएको उद्देश्य प्राप्त गर्नका लागि प्रशिक्षकले अपनाउने तौरतरिका, शैली तथा प्रस्तुतीकरण ढाँचा नै प्रशिक्षण विधि हो । मुख्यतयाः प्रशिक्षण विधिलाई ३ प्रक्रियामा वर्गीकरण गर्न सकिन्छ ।

- **भन्ने प्रक्रिया**
- **देखाउने प्रक्रिया**
- **गराउने प्रक्रिया**

प्रशिक्षणमा सिक्ने तथा सिकाउने कुरालाई प्रभावकारी रूपले अघि बढाउदै उद्देश्य प्राप्त गर्नको लागि सहभागीहरूको स्तर, समय, सामाजिक परिवेश, भाषा, संस्कृति आदिलाई ख्याल राख्दै विभिन्न तरिका अपनाउन सकिन्छ । यस प्रशिक्षणमा प्रयोग गर्न सिफारिस गरिएका केही विधि/तरिकाहरूको सङ्क्षिप्त वर्णन गर्न खोजिएको छ । पाठ योजनामा विधिको नाम मात्र उल्लेख गरिएको छ ।

यस भागमा समग्र प्रशिक्षणमा प्रयोग गर्न सिफारिस गरिएका विधिहरूको सञ्चालन प्रक्रिया व्याख्या गरिएको छ । यसको साथै प्रशिक्षक/सहजकर्ताले प्रशिक्षणको परिवेशको आधारमा अन्य विधि पनि छनौट गर्न सक्ने छन् । तर अन्य विधि छनौट गर्दा उपलब्ध समय, सहभागीको सङ्ख्या, स्तर, पृष्ठभूमि तथा सामग्रीको उपलब्धता पनि मनन गर्नुपर्दछ ।

यस प्रशिक्षणमा मुख्यतया निम्न विधिहरू प्रयोग गर्न सिफारिस गरिएको छ :

- खुल्ला छलफल
- मस्तिष्क मन्थन
- साना समूह छलफल
- समूह कार्य
- बज समूह (माहुरीको आवाज) छलफल
- ग्यालरी वाक
- समूह अभ्यास
- लघु प्रवचन
- व्यक्तिगत अभ्यास
- प्रश्नोत्तर (खुल्ला र बन्द दुवै)
- खेल

### क) खुल्ला छलफल

केही हदसम्म जानकारी भएको विषयमा समान बुझाइको विकास गर्नका लागि तथा सबै सहभागीको व्यक्तिगत विचार सङ्कलन गर्नका लागि यो विधिको प्रयोग गरिन्छ । यसको साथै कुनै विषयवस्तु प्रवेश गर्नका लागि यो विधिको प्रयोग गरिन्छ । खुल्ला छलफल विधि कुनै विशिष्ट विधिभन्दा प्रश्नोत्तर तथा मस्तिष्क मन्थन विधिको संयोजनको रूपमा प्रयोग गरिन्छ । खुल्ला छलफल विधि प्रयोग गर्नका लागि प्रशिक्षकले यी दुवै विधिको बारेमा जानकारी राख्नुपर्दछ ।

### ख) प्रश्नोत्तर

कुनै विषयवस्तुबारे सहभागीहरूको बुझाइ थाहा पाउनका लागि प्रश्न गर्ने, उत्तर लिने र सोअनुसार सहजकर्ताले विषयवस्तु प्रस्ट पार्ने प्रक्रिया नै प्रश्नोत्तर विधि हो । यसले सहभागीहरूको ध्यान विषयवस्तुप्रति आकर्षित गर्न मद्त गर्दछ । सहजकर्ताले प्रश्नोत्तर सिपमा विशेष ध्यान पुऱ्याउनु पर्दछ ।

#### प्रश्न गर्दा ध्यान दिनुपर्ने कुराहरु

१. सरल भाषामा सान्दर्भिक विषय समेट्ने गरी एक पटकमा एउटा मात्र प्रश्न गर्ने,
२. सहभागीलाई बेइज्जती गर्ने, होच्याउने र असान्दर्भिक प्रश्न नगर्ने,
३. सहभागीहरूले एक क्षण विचार गरेर जवाफ दिनुपर्ने खालको प्रश्न गर्ने,
४. सबैको मस्तिष्क मन्थन (Brain Storming) गर्नुपर्ने प्रश्न छ भने समूहलाई इङ्गित गर्ने । जस्तै : तपाईंहरू भन्नोस् त ...... ?

#### प्रश्न सोधाइका चरणहरू

१. प्रश्न सोध्ने,
२. एकछिन चुप लाग्ने,
३. कुनै पनि सहभागीबाट जवाफ आएन भने मात्र मिलाएर कुनै व्यक्तिलाई जवाफ दिनको लागि तोक्ने, नत्र सकेसम्म व्यक्ति नै तोकेर प्रश्न नगर्ने,
३. प्रश्नको जवाफ ध्यानपूर्वक सुन्ने,
५. प्रश्नको जवाफ मूल्याङ्कन गर्ने र आवश्यकताअनुसार व्याख्या गर्ने ।

**प्रश्न कस्तो हुनुपर्दछ ?**

१. छोटो
२. सरल
३. प्रस्ट
४. उद्देश्यमूलक
५. विषय सुहाउँदो

**सहजकर्ताले–**

१. सहभागीबाट आएका जवाफप्रति आदर गर्ने,
२. सराहना व्यक्त गर्ने,
३. कहिले पनि नकारात्मक टिप्पणी नगर्ने,
४. जवाफ ठिक नभए पनि सकारात्मक रूपबाट थप कुरा औल्याई दिने ।

| जवाफका प्रकार र तिनमा दिनुपर्ने प्रतिक्रिया | | | |
|---|---|---|---|
| ठिक जवाफ भएमा | आंशिक ठिक भएमा | बेठिक/गलत भएमा | जवाफ नआएमा |
| धेरै राम्रो, ठिक जस्ता कुराले प्रशंसा गर्ने । | ▪ ठिक अंशको प्रशंसा गर्ने,<br>▪ तपाईंले भनेको ठिक हो साथै विस्तृत रूपमा यसो भन्न सकिन्छ कि ? भनी प्रतिप्रश्न गर्ने,<br>▪ सोही प्रश्नको जवाफ अरूलाई पनि भन्न लगाउने । | ▪ आलोचनात्मक प्रतिक्रिया नदिने<br>▪ प्रयास राम्रो छ, प्रश्नको मूल कुरा छुटेछ भन्ने<br>▪ अरूलाई जवाफ दिन लगाउने र उसको जवाफसँग अप्रत्यक्ष रूपमा दाँज्ने<br>▪ सो व्यक्तिलाई पूनः पूरक प्रश्न गर्ने र ठिक जवाफ निकाल्ने प्रयास गर्ने । | ▪ व्यक्तिगत आक्षेप नलगाउने,<br>▪ अन्यलाई सरल भाषामा सोध्ने, प्रश्न दोहोऱ्याउने र भन्न लगाउने,<br>▪ जवाफ दिनका लागि प्रोत्साहित गर्ने,<br>▪ कसैबाट पनि जवाफ नआएमा मात्र प्रशिक्षकले जवाफ दिने । |

### ग) मस्तिष्क मन्थन *(Brainstorming)*

मस्तिष्क मन्थन कुनै निश्चित विषय वा समस्याको बारेमा जानकारी सङ्कलन गर्ने प्रक्रियामा अपनाइने तरिका हो । यसले छोटो समयमा विभिन्न व्यक्ति वा समूहहरूबाट बढी जानकारी सङ्कलन गर्न मद्दत गर्दछ । मस्तिष्क मन्थन विधि कुनै निश्चित विषय वा समस्याको बारेमा व्यवस्थित तथा सङ्गठित जानकारी सङ्कलन गर्न, विषयवस्तुलाई परिभाषित गर्न, तथा सहभागीहरूको बुझाइको अवस्था थाहा पाउन प्रयोग गर्नु प्रभावकारी हुन्छ । प्रशिक्षणमा सहभागीहरूको व्यक्तिगत विचार सङ्कलन गर्न यो तरिका अपनाइन्छ ।

### मस्तिष्क मन्थन विधिको मान्यता

- सङ्कलन भएका सबै विचारहरूलाई बिना मूल्याङ्कन/आलोचना ग्रहण गरी टिपोट गर्नुपर्दछ ।
- विचार गुणात्मक भन्दा सङ्ख्यात्मक बढी हुन्छन् ।
- विचारहरू एक पछि अर्को हुँदै निस्कन्छन् ।
- एउटा विचारले अर्को विचार निकाल्न मद्दत गर्छ ।

### मस्तिष्क मन्थन विधिको प्रयोग गर्दा ध्यान दिनुपर्नेकुराहरू

- मस्तिष्क मन्थनका लागि प्रशिक्षकले पहिले नै छलफलका लागि सम्भावित प्रश्नहरूको सूची तयार गर्ने,
- प्रश्न राखिसकेपछि सहभागीलाई केही समय सोँच्न मौका दिने (सामान्यतया २०-३० सेकेन्ड),
- सहभागीहरूबाट प्रतिक्रिया आएन भने "कुनै सहभागी" को नाम लिएर भन्न नलगाउने तर कुनै पनि सहभागीले उत्तर दिँदा हुन्छ भनेर प्रोत्साहन गर्ने,
- प्रत्येक सहभागीलाई एउटा विचार राख्न प्रोत्साहित गर्ने,
- कुनै पनि उत्तर बेठिक हुँदैनन् भन्ने मान्यता राख्ने,
- सबैको विचारलाई राम्रोसँग सुन्ने र टिपोट गर्ने, आएको कुनै पनि उत्तर टिप्न वा सम्बोधन गर्न नछुटाउने, त्यसमा पनि विशेष गरी कम बोल्ने सहभागीको सहभागीता नछुटाउने ।

**मस्तिष्क मन्थन *(Brainstorming)* विधि सञ्चालन प्रक्रियामा BONE सूत्रको प्रयोग गर्न सकिन्छ ।**

**_B - Brainstorming_ (विचार सङ्कलन प्रक्रिया उद्देश्यअनुसार सुरु गर्ने)**

- छलफल गर्न लागिएको विषयको बारेमा प्रस्टसँग बताउने र बोर्डमा लेख्ने वा टाँस्ने,
- सहभागीहरूलाई आफ्नो विचार राख्नका लागि खुल्ला वातावरण बनाउने,
- सहभागीबाट विचार नआएमा वा केही सीमित सहभागीबाट मात्र आएमा अन्य सहभागीहरूलाई विचार राख्नका लागि आवश्यक सहजीकरण गर्ने,
- आएका ठिक/बेठिक सबै विचारहरू सबै बोर्ड/न्युजप्रिन्टमा टिपोट गर्ने ।

**_O - Organize_ (सबै सूचना र जानकारी एकै ठाउँमा सङ्कलन गर्ने)**

- सहमति भए नभएको छुट्याउने
- एकै प्रकारका विचारहरू एकै ठाउँमा (Clustering) राख्ने

**_N - Naming_ (नामाकरण गर्ने)**

- एकै ठाउँमा राखिएको भनाइलाई वर्गीकरण गरी नाम दिने

**_E - Evaluation_ (मूल्याङ्कन गर्ने)**

- विभिन्न विचारलाई भित्तामा देखिने गरी टाँसेर उद्देश्यात्मक तह प्रतिक्रियात्मक तह, व्याख्यात्मक तह र निर्णयात्मक तह गरी मूल्याङ्कन र निचोडमा पुग्ने ।

### ग) सानो समूह छलफल *(Small Group Discussion)*

सहभागीतामूलक प्रक्रियाबाट प्रशिक्षण सञ्चालन गर्नका लागि सानो समूह छलफल एक महत्त्वपूर्ण विधि हो । सानो समूह छलफल भन्नाले एउटा कुनै विषय, समस्या वा सवाल (Issue) मा छलफल र विमर्श गर्न/गराउन एकत्रित भएका सहभागीहरूको सानो समूहमा हुने छलफल तथा अन्तरक्रिया भन्ने बुझिन्छ ।

प्रशिक्षणमा सहभागीहरूलाई ससाना समूहमा विभाजन गरी तोकिएको/एक निश्चित समस्या वा सवालमाथि छलफल गराउने गरिन्छ । यही विधिको प्रयोग गरेर समूह अभ्यास तथा समूह कार्य गराउन पनि सकिन्छ ।

#### सानो समूह छलफल विधि प्रयोग गर्दा ध्यान दिनुपर्ने कुराहरु

- सहभागी सङ्ख्या र सत्रको लागि तोकिएको समयको आधारमा समूह विभाजन गर्ने,
- समूह विभाजन गर्दा ३ जनादेखि बढीमा ६ जनासम्मको समूह बनाउने,
- समूह विभाजन गर्दा सकभर सहभागी सङ्ख्या बराबर बनाउने, सहभागीको स्तरलाई ध्यान दिने,
- समूह छलफलका लागि विषयवस्तु किटानी गर्ने,
- छलफलको विषयअनुसार स्थान र समय निर्धारण गर्ने,
- समूह आफैले आफू मध्येबाट टोलीनेता वा प्रतिवेदक छान्नका लागि अनुरोध गर्ने,
- दिइएको विषयमा छलफलको लागि आवश्यक थप जानकारी दिने,
- समूहमा खुल्ला छलफल चलाउन प्रेरित गर्ने,
- समूहमा छलफल भैसकेपछि समूहको प्रतिवेदन तयार गर्न लगाउने,
- ठुलो समूहमा (Plenary Session) सबै समूहहरूको प्रतिवेदन प्रस्तुत गराउने,
- सानो समूहबाट आएका कुरामा केही थप गर्नुपर्ने आवश्यकता भएमा प्रशिक्षकले थप गरिदिने र छलफलको समापन गर्ने,
- सबै समूहको छलफल सकिएपछि आवश्यकताअनुसार ठुलो समूहमा व्यापक छलफल गराउने र निचोडमा पुग्नका लागि आवश्यक सहजीकरण गर्ने,
- सहजकर्ताले छलफलको सन्दर्भ र विषयवस्तुलाई आधार मानी आफ्नो निष्कर्ष दिने ।

**सावधानी**: सानो समूह छलफलको क्रममा सहभागीहरू विषय केन्द्रित भएको कुरा यकिन गर्नका लागि प्रशिक्षकले पालै पालो सबै समूहको छलफल प्रक्रिया अनुगमन गर्ने कार्य निरन्तर गरी राख्नुपर्दछ ।

### घ) लघु प्रवचन *(Mini Lecture)*

विषयगत विशेषज्ञले निश्चित विषयमा सहभागीहरू समक्ष मौखिक प्रस्तुतीकरण गरिने व्याख्यात्मक प्रक्रियालाई लघु प्रवचन विधि भनिन्छ । खासगरी सहभागीमा ज्ञानको पक्ष कम भएको विषयवस्तुको प्रशिक्षण गर्नका लागि यो विधि प्रभावकारी हुन्छ । सत्य, तथ्य, तर्क

र विचारलाई क्रमबद्ध प्रस्तुतीकरण गर्न पर्ने विषयहरूमा यो विधि प्रयोग गर्न सकिन्छ । यो प्रशिक्षणको सबैभन्दा महत्त्वपूर्ण र प्रचलित विधि हो । यसमार्फत् विषयवस्तुलाई सहभागीहरू समक्ष सहज रूपमा प्रस्तुत गर्न सकिन्छ । नामअनुसार नै यो विधिमार्फत् गरिने प्रस्तुतीकरण छोटो र सहभागीतामूलक हुनुपर्दछ ।

लघु प्रवचन विधिको प्रयोग गर्दा एकतर्फी सञ्चार हुन्छ, सहभागीहरूको संलग्नता ज्यादै न्यून र निष्क्रिय हुन्छ, त्यसैले यो विधिको प्रयोग गर्दा अन्य विधि/सहयोगी सामग्री पनि मिलाएर प्रयोग गर्नुपर्दछ जस्तै, पावरप्वाइन्ट, मेटाकार्ड वा फ्लिपचार्ट/चित्र आदि । लघु प्रवचन विधिको प्रयोग गर्दा निम्न पक्षलाई ध्यान दिनुपर्दछ :

- प्रशिक्षकले एकोहोरो रूपमा लामो समयसम्म प्रस्तुतीकरण नगर्ने,
- प्रस्तुतीकरणका सिलसिलामा सहभागीहरूलाई पनि संलग्न गराउँदै जाने,
- बीच बिचमा सहभागीले सुन्ने बाहेकको ज्ञानेन्द्रिय प्रयोग गर्न अवसर सिर्जना गर्ने जस्तै, उनीहरूको विचार राख्न दिने, केही प्रश्न गर्ने, कुनै चित्र देखाउने वा प्रस्तुतीकरण सामग्रीमा भएको बुँदा सहभागीलाई नै पढ्न लगाउने,
- लामो प्रवचन दिनै पर्ने अवस्थामा भने बिचमा विश्राम दिने, कुनै खेल वा रमाइलो हुने क्रियाकलाप गर्ने ।

### ङ) बज ग्रुप छलफल

प्रशिक्षण हलभित्र निश्चित प्रश्न, बुँदा वा छोटो प्रसङ्गमा थोरै समयभित्र सम्पन्न गरिने समूह छलफलको (विधि) विशिष्ट स्वरूप बज ग्रुप छलफल हो ।

### प्रक्रिया

- प्रश्न वा बुँदाको तयारी गर्ने र सहभागीलाई बताउने,
- २/२ जनाको सानो समूह बनाउने,
- दुवैजनालाई दिइएको बुँदा/प्रश्नमा व्यक्तिगत विचार राखेर छलफल सुरू गर्नका लागि भन्ने, छलफल गर्दा गुनगुनाएर गर्नुपर्ने कुराको जानकारी दिने,
- समय २-३ मिनेट दिने,
- सानो समूह कार्य अवलोकन गर्ने,
- प्रत्येक समूहका भनाइ एक पटकमा एउटा टिप्ने,
- बुँदाहरू माथि छलफल गर्ने र विषयवस्तुको प्रसङ्गका आधारमा निष्कर्ष निकाल्ने

### च) चित्र छलफल

विषयवस्तुसँग सम्बन्धित चित्र/फोटो प्रदर्शन गरी छलफल गर्दै विषयवस्तुको निचोड निकाल्ने विधि नै चित्र छलफल विधि हो । यसले सहभागीको सिकाइलाई स्थायी बनाउन मद्दत गर्दछ ।

**प्रकिया**

- विषयवस्तुसँग सम्बन्धित चित्र सबैले देख्ने गरी टाँस्ने वा देखाउने
- छलफल चलाउने
- सहभागीहरूका भनाइ टिप्ने
- सहभागीहरूका भनाइलाई समेट्दै सहजकर्ताले विषयवस्तुको मर्म प्रस्ट पार्ने
- चित्र सबैले देख्ने गरी सुरक्षित राख्ने

### च) ग्यालरी वाक *(Gallery Walk)*

यो विधि साना समूहले अभ्यासका क्रममा तयार गरिएका कुराहरू प्रस्तुत गर्नका लागि बढी उपयुक्त हुन्छ । यो विधिले कुनै जटिल प्रश्नको समाधान निकाल्न, कुनै नयाँ शब्दावली तथा अवधारणामा सबै सहभागीको समान बुझाइ कायम गर्न तथा कुनै कुराको सहभागीतामूलक तरिकाले मसिनो गरी लेखाजोखा गर्नका लागि सहजीकरण गर्न मदत गर्दछ । यस प्रशिक्षण सामग्रीमा स्थानीय क्षेत्रमा आर्थिक विकासका गतिविधिहरूको लेखाजोखा गर्नका लागि प्रयोग गर्न निर्देशन दिइएको छ ।


**प्रक्रिया**

- साना समूहले आआफ्ना जिम्माको कार्य सकेपछि आफुले तयार गरेको ब्राउन पेपरलाई प्रशिक्षण हलको अलग अलग स्थानमा टाँस्न लगाउने,
- त्यस पछि प्रत्येक समूहका सबै सहभागीलाई आआफ्नो  समूहले तयार गरेको ब्राउन पेपर टाँसिएको स्थानमा उभिन लगाउने । हरेक समूहलाई एक/एक ओटाका दरले रातो रङको पेपर मार्कर पनि दिने,
- सहजकर्ताले सङ्केत दिएपछि प्रत्येक साना समूहका सबै सहभागीलाई आआफ्ना समूहले तयार गरेको ब्राउन पेपर छाडेर त्यसको दाहिनेतर्फको अर्को समूहले समूह कार्य टाँसिएको स्थानमा उभिन लगाउने हरेक समहूले ब्राउन पेपरमा उल्लेखित कुराहरू हेर्ने र त्यसलाई आफ्ना समूहको तर्फबाट केही सुझाव वा प्रश्नहरूसमेत छन् भने रातो रङको मार्करले लेखिदिन पनि लगाउने, यस कार्यका लागि ३ मिनेटको समय दिए पुग्छ । त्यसै क्रममा सहजकर्ता तथा स्रोतव्यक्तिहरूले पनि हरेक समूहले तयार गरी भित्तामा टाँसेका ब्राउन पेपरहरू हेरी आफ्ना सुझाव दिने,
- एवम् रितले हरेक तीन/तीन मिनेटमा अर्को समूहले तयार गरी टाँसेको ब्राउन पेपर पढ्दै आफ्ना सुझाव लेख्दै सबै समूहले सबै समूहको ब्राउन पेपर हेरी सुझावसमेत लेखिसके पछि पुनः आआफ्नो समूहले तयार गरेको ब्राउन पेपर टाँसिएको स्थानमा उभिन लगाउने,
- त्यसपछि हरेक समूहलाई आआफ्नो ब्राउन पेपरमा अरू समूहका सहभागीहरूले लेखिदिएका सुझाव तथा प्रश्नहरू पढी आवश्यक परेमा समूहको तर्फबाट ती प्रश्नको जवाफ पनि दिन लगाउने,
- अन्त्यमा सबैलाई धन्यवाद दिदैं विषयवस्तुमा केही प्रस्ट पार्नुपर्ने भए बताउँदै सबै सहभागीहरूलाई आआफ्ना स्थानमा बस्न लगाउने ।

## १.८ प्रशिक्षकका लागि सुझाव

### १.८.१ सिकाइ क्रियाकलाप सञ्चालन

अमेरिकन मनोवैज्ञानिक Robert M. Gagne ले सिकाइका ९ ओटा मुख्य क्रियाकलापहरू प्रस्तुत गरेका छन्, जसले प्रशिक्षणमा सहभागीहरूको सिक्ने प्रक्रियामा राम्रो प्रभाव पार्दछ। त्यसैले कुनै पनि प्रशिक्षकले प्रशिक्षण सञ्चालन गर्दा ती क्रियाकलापहरूमा ध्यान दिने/प्रयोग गर्ने गरेमा प्रशिक्षण प्रभावकारी हुन्छ। प्रशिक्षकको सहजतालाई ध्यान दिँदै यहाँ ग्याग्नेको सिकाइका ९ ओटा मुख्य क्रियाकलापहरू छोटकरीमा वर्णन गरिएको छ।




(Gagne's 9 events of instruction)

क) **सहभागीको ध्यान खिच्ने** : सत्रको सुरुवातमा सहभागीहरूको ध्यान आफूतिर खिच्नुहोस् ताकि उनीहरू तपाईंले भनेको कुरा सुन्न वा हेर्न तयार/आकर्षित होऊन्। समसामयिक समाचार वा घटना, कुनै उदाहरण, भिडियो, चित्र आदि जस्ता मौनता भङ्ग गर्ने क्रियाकलापहरू (Ice Breaker Activities) प्रस्तुत गरेर सहभागीहरूलाई विषयवस्तुप्रति छिटै ध्यान केन्द्रित गर्न सकिन्छ।

ख) **सहभागीहरूलाई उद्देश्य बताउने** : सत्रबाट के कस्ता उद्देश्यहरू प्राप्त गर्न खोजिएको छ भनेर सिकाइसम्बन्धी उद्देश्य बताउनुहोस्। सहभागीहरूले के देख्छन्, सुन्छन् वा गर्छन् भनेर पनि बताउनुहोस्।

ग) **पूर्व सिकाइ सम्झनका लागि प्रेरित गर्ने** : अघिल्लो सत्रको वा अगाडिको सिकाइ सम्झन प्रेरित गर्ने र त्यसलाई यस सत्रको विषयवस्तुसँग जोड्ने तथा अघिल्लो सत्रका जानकारीहरू विषयवस्तुसँग मिलाउनुहोस्।

घ) **प्रेरित गर्ने तरिकाले आफ्नो प्रस्तुति गर्ने** : विभिन्न प्रकारका विधिहरू जस्तै, प्रवचन, समूह क्रियाकलाप, घटना अध्ययन आदि प्रयोग गरेर आफ्नो विषयवस्तु प्रस्तुत गर्नुहोस्।

ङ) **सिक्नका लागि सहयोग गर्ने** : सहभागीहरूलाई सिक्नका लागि आवश्यक सहयोग तथा सल्लाह दिनुहोस् ।

च) **अभ्यास गर्ने अवसर दिने** : प्राप्त गरेका ज्ञान र सिकेको सिपको अभ्यास गर्ने अवसर सिर्जना गर्नुहोस् । सानो समूह कार्य वा व्यक्तिगत अभ्यासबाट उनीहरूले सिकेको विषयमा पोख्त हुन सक्छन् ।

छ) **पृष्ठपोषण दिने** : सहभागीहरूको व्यक्तिगत तथा सामूहिक कार्यमा पृष्ठपोषण पाउने वातावरण बनाउनुहोस् । सहभागीहरूले सम्पन्न गरेका क्रियाकलापहरूमा के कस्ता काम ठिक तरिकाले गर्न सके, केमा सुधार गर्नुपर्ने छ भनी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

ज) **कार्य सम्पादनको मूल्याङ्कन गर्ने** : विभिन्न विधि तथा तौरतरिका प्रयोग गरेर सहभागीको सिकाइ तथा कार्य सम्पादनको मूल्याङ्कन गर्नुहोस् । कार्यसम्पादन मूल्याङ्कन प्रश्नउत्तर, लिखित जाँच, मौखिक व्याख्या जस्ता तरिकाले गर्न सकिन्छ । यस मूल्याङ्कनबाट सहभागी प्रस्ट भएका र प्रस्ट नभएका विषयवस्तु पहिचान गर्न सकिन्छ ।

झ) **स्मरण र भावी प्रयोगमा जोड दिने** : सिकेको कुरा सहभागीको आफ्नो कार्य क्षेत्रमा लागु गर्ने अवसरको सिर्जना गर्नुहोस् । यसको सहयोगले सिकेका कुरा सम्झिई राख्न सहयोग गर्दछ ।

### १.८.२ प्रशिक्षण सामग्रीको प्रयोग

#### अ) प्रशिक्षण सञ्चालन ढाँचा

क) यो प्रशिक्षण कार्यक्रम कुनै एउटा निश्चित स्थानीय तह वा विभिन्न स्थानीय तह बाट छनौट भएका प्रशिक्षार्थीहरू एकै ठाउँ भेला गरेर पनि सञ्चालन गर्न सकिन्छ ।

ख) पाठयोजनामा दिइएका व्यावहारिक पक्षका सत्रको अभ्यासको लागि प्रशिक्षार्थीहरूलाई समूहमा काम गराउनुपर्दछ ।

ग) कुनै एक स्थानीय तहमा प्रशिक्षण सञ्चालन गर्दा वडागत रूपमा समूह विभाजन गर्दा प्रभावकारी हुन्छ । त्यसै गरी विभिन्न पालिकाहरू समावेश गराएर एकै ठाउँमा प्रशिक्षण आयोजना गर्दा सम्भव भएसम्म स्थानीय तहअनुसार समूह विभाजन गरेर अभ्यास गराउनुपर्दछ ।

#### आ) प्रशिक्षण सञ्चालन

क) यो प्रशिक्षण सञ्चालन गर्नुको मुख्य उद्देश्य प्रशिक्षार्थीहरूको कार्यकुशलता अभिवृद्धि गरी स्थानीय तहबाट सञ्चालन गरिने आर्थिक विकास क्रियाकलापको प्रभावकारीता अभिवृद्धि गर्ने हुनाले सहजकर्ताले बेला बेलामा सचेत गराउने कार्य गरिरहनु पर्दछ ।

ख) सत्र योजनामा “आवश्यक सामग्री” अन्तर्गत चाहिने विशेष सामग्री र प्रस्तुतीकरण सामग्री मात्र उल्लेख गरिएको छ । प्रशिक्षण मसलन्दहरू जस्तै, मार्कर, कागज, कैंची, टेप, स्केल, स्ट्यापलर, गम, बोर्ड, मेटाकार्ड आदि जस्ता हरेक सत्रमा आवश्यक सामग्रीहरू प्रशिक्षण स्थलमा नै उपलब्ध हुने भएकाले हरेक सत्रमा सबै सामग्री

उल्लेख गरिएको छैन । यी सामग्रीहरू प्रशिक्षण स्थलमा स्वतः चाहिने सामग्री हुन् भन्ने बुझ्नुपर्दछ ।

ग) सत्र योजनामा उल्लेख गरिएका प्रत्येक सत्र र सत्र अन्तर्गतका हरेक क्रियाकलापहरू प्रस्तुत गर्दा एकआपसमा अन्तरसम्बन्धित हुनुपर्ने पक्षमा विशेष ध्यान दिंदै सत्र सञ्चालन गर्नुपर्दछ ।

### इ) सत्रको सुरुवात

क) प्रशिक्षकले हरेक सत्रको सुरूमा अघिल्लो सत्रको पाठसँग यो सत्रमा छलफल गर्न लागिएका विषयवस्तुको अन्तरसम्बन्धलाई जोडेर सत्रको छलफल अगाडि बढाउनुपर्दछ।

ख) कुनै पनि सत्रका विषयवस्तुको प्रस्तुति वा छलफल सुरू गर्नुभन्दा पहिले सहभागीहरूको ध्यान आफूतिर खिच्नका लागि कुनै सान्दर्भिक क्रियाकलाप गर्नु प्रभावकारी हुन्छ । सान्दर्भिक क्रियाकलापमा कुनै आदर्श वाक्यमा छलफल गराउने, कविता, गीत भन्ने वा भन्न लगाउने हुन सक्दछ । यसको अतिरिक्त विषयवस्तुसँग सान्दर्भिक चित्र देखाउने, खेल खेलाउने वा कुनै दिमागी खेल (Puzzle) गराउन पनि सकिन्छ। यस्ता क्रियाकलाप गर्दा लामो समय भने लिनुहुँदैन । सकेसम्म यस्ता क्रियाकलापबाट नै विषय प्रवेश गर्न सकिने हुनुपर्दछ। तर, ध्यानाकर्षण गर्ने क्रियाकलापले कुनै मुलुक, क्षेत्र, वर्ग, जाति वा लिङ्गको आस्थामा चोट नलाग्ने कुराप्रति संवेदनशील हुनुपर्दछ ।

### ई) सत्रको अन्त्य

क) प्रशिक्षकले हरेक सत्रको अन्त्यमा त्यस सत्रको मुख्य सिकाइहरूलाई दोहोऱ्याउँदै आगामी पाठसँगको सम्बन्ध बारेमा बताउनुपर्दछ ।

ख) सामान्यतया, सत्रको मूल्याङ्कन गर्दा १५ देखि २० प्रतिशत सहभागीलाई प्रश्न सोध्नुपर्दछ ।

ग) हरेक सत्रको अन्त्यमा “सत्र मूल्याङ्कन” पछि प्रशिक्षार्थीको विषयवस्तुको बुझाइको आँकलनबाट केही थप प्रस्ट्याउनु पर्ने भएमा प्रस्ट पारिदिनुपर्दछ । “सत्र मूल्याङ्कन” को लागि प्रत्येक सत्र योजनाको अन्त्यमा उद्देश्यअनुसारका केही प्रश्नहरू दिइएका छन् ।

घ) सत्रको अन्त्य गर्ने समयमा “पाठ योजना” को अन्तिम भागमा दिइएको “जाँदा जाँदै” मा राखिएको सन्देश "Take Home Message" को रूपमा सत्रमा छलफल भएका विषयवस्तुहरूको सारांशको रूपमा भन्नुपर्दछ । जसले गर्दा प्रशिक्षार्थीहरूलाई विषयवस्तु सम्झनका लागि सहयोग गर्नुका साथै व्यवहारमा लागु गर्नका लागि थप जिम्मेवार बनाउन मद्दत गर्दछ । यो प्रस्तुत गर्दा सहभागीले सम्झिऊन् र व्यवहारमा नै लागु गरून् भन्ने उद्देश्यले अलि चुनौतिपूर्ण भाषाको प्रयोग गर्दा बढी प्रभावकारी हुन्छ ।

## १.८.३ सिकाइ प्रक्रियामा सहभागीलाई उत्प्रेरित गर्न केही सुझाव

सिकाइ प्रक्रियामा सहभागीलाई उत्प्रेरित गर्ने मुख्य जिम्मेवार व्यक्ति भनेको प्रशिक्षक नै हो । जब सहभागीहरू सिकाइमा उत्प्रेरित भएर संलग्न हुन्छन् तब सिकाइ प्रभावकारी हुन्छ । प्रभावकारी सिकाइले सहभागीको क्षमता अभिवृद्धि हुन्छ र अन्ततोगत्वा उसको कार्यकुशलता बढ्छ। त्यसकारण,

प्रशिक्षकले सहभागीलाई सिकाइमा उत्प्रेरित गराउँदै सिकाइ प्रक्रिया अगाडि बढाउनुपर्दछ ।

सिकाइ प्रक्रियामा सहभागीहरूलाई उत्प्रेरित गर्नका लागि शिक्षण सिकाइका प्राध्यापक जोन एम. केलरले सिकाइ उत्प्रेरणको सिद्धान्तको प्रतिपादन गरेका छन् । उनको सिद्धान्तको अवलम्बनले सहभागीहरूको सिकाइ प्रक्रियामा महत्त्वपूर्ण प्रभाव पार्दछ । केलरको ARCS सिद्धान्त (Attention, Relevance, Confidence and Satisfaction-ARCS) बाट लिइएको हो । यो ARCS शिक्षण सिकाइको मोडेलले उत्प्रेरणाजन्य सिकाइ वातावरणको पक्षमा ध्यान दिन्छन् ।

**जोन एम. केलरको ARCS Model**

| | |
|---|---|
| Attention<br>ध्यानाकर्षण | सहभागीहरूको ध्यान खिच्ने, सिक्ने इच्छा जगाउने |
| Relevance<br>सान्दर्भिकता | सिकाइको महत्त्व दर्शाउने : ए मैले यसको महत्त्व बुझेँ ! |
| Confidence<br>आत्मविश्वास | निर्धक्क बनाउने : हो म गर्न/सिक्न सक्छु ! |
| Satisfaction<br>सन्तुष्टि | सहभागीहरूलाई सिकाइको परिणामबाट खुसी बनाउने : म खुसी छु ! मैले गरेँ/सिकेँ ! |

उत्प्रेरणाका चार तत्त्वहरू: चासो जगाउने, सान्दर्भिकता सिर्जना गर्ने, सफल हुन्छ भन्नेमा आशावादी बनाउने (आत्मविश्वास) र आन्तरिक/बाह्य रूपमा सन्तुष्टि पैदा गर्ने खालको वातावरणले प्रशिक्षण प्रभावकारी बनाउन महत्त्वपूर्ण योगदान गर्दछ । केलरका अनुसार यी चार मुख्य तत्त्वहरूले सिकाइ प्रक्रियालाई प्रोत्साहन गर्नुका साथै प्रशिक्षार्थीहरूमा उत्प्रेरणा कायम राख्न मद्दत गर्दछ । प्रशिक्षण सञ्चालनको दौरान सहजकर्ता वा प्रशिक्षकले यी चार पक्षलाई मनन गरेर सत्र सञ्चालन गर्नुपर्दछ ।

## १.९ प्रस्तुतीकरण सामग्री

### १.९.१ पावरप्वाइन्टको प्रयोग

हिजोआज सञ्चालन गरिने प्रशिक्षणहरूमा पावरप्वाइन्टको प्रयोग अत्याधिक हुने गरेको छ । यस तीन दिने प्रशिक्षणमा पनि यसको प्रयोग गर्नका लागि पावरप्वइण्टहरू तयार गरेर राखिएको छ । यसको प्रयोग फलदायी र रोचक बनाउनका लागि प्रशिक्षकले विषेश ध्यान दिनुपर्ने हुन्छ । पावरप्वाइन्टको तयार गर्दा र प्रयोग गर्दा निम्न पक्षहरूलाई ध्यान दिनुपर्दछ :

- प्रस्तुत गरिने पावरप्वाइन्टको डिजाइन प्रस्ट, सामान्य तथा आकर्षक बनाउनुपर्दछ,
- प्रस्तुत गरिने मुख्य मुख्य विषयहरू बुँदामा लेखेर सकेसम्म कम शब्दहरूको प्रयोग गर्नुपर्दछ,
- प्रस्तुत गरिने विषयवस्तुसँग सान्दर्भिक चित्र, फोटो तथा ग्राफिक्सहरूको प्रयोग गर्नुपर्दछ जसले गर्दा सहभागीहरूको ध्यानकर्षण गर्न सजिलै सकियोस,
- प्रयोग गरिने फण्टको प्रकार र आकारको छनौट सहि तथा प्रशिक्षण हलको पछाडि बस्ने सहभागीले पनि देख्ने गरी गर्नुपर्दछ,

- पावरप्वाइन्टमा प्रयोग गरिने रङको छनौट गर्दा पनि ध्यान दिनुपर्दछ जस्तै, सचेत वा उत्सुक बनाउने विषयवस्तुको लागि रातो रङ, प्रगति वा अगाडि बढाउनुपर्ने विषयको लागि हरियो रङ, सामान्य विषयको लागि सेतो रङ, कानुनी तथा नियामक विषयको लागि कालो रङको प्रयोग गर्नु बढी सान्दर्भिक हुन्छ ।

यस प्रशिक्षणमा प्रयोग गर्नका लागि आवश्यक सम्पूर्ण पावरप्वाइन्टहरू यस प्रशिक्षण सामग्रीको चौथो खण्डमा राखिएको छ ।

### १.९.२ न्युजप्रिन्टको प्रयोग

न्युजप्रिन्टको प्रयोग दुई किसिमले गर्न सकिन्छ : (१) देखिने दृश्य सामग्री तयार गर्न तथा सत्र सञ्चालन गर्दा प्रशिक्षकले भनेका मुख्य मुख्य कुरा लेख्न र (२) सहभागीहरूबाट आएका मुख्य मुख्य बुँदाहरू टिप्न । हरेक सहयोगी सामग्रीका आफ्नै राम्रा पक्ष र कमजोरीहरू हुन्छन् । न्युजप्रिन्टको प्रयोगका केही राम्रा र केही कमजोरीहरू छन् । यसको प्रयोग गर्दा प्रशिक्षकले ती पक्षमा ध्यान दिनुपर्दछ ।

| राम्रा पक्षहरू | कमजोरी पक्षहरू |
|---|---|
| ▪ सस्तो हुन्छ, सजिलै पाउन सकिन्छ,<br>▪ बोर्ड नभएको ठाउँमा ज्यादै उपयोगी हुन्छ,<br>▪ समय बचाउन सकिन्छ,<br>▪ समूह कार्यको लागि उपयोगी हुन्छ, | ▪ एकपटक प्रयोग गरेपछि पुनः प्रयोग गर्न नमिल्ने,<br>▪ छिट्टै च्यातिन सक्छ, |

**न्युजप्रिन्टको प्रयोग गर्दा प्रशिक्षकले ध्यान दिनुपर्ने कुराहरू**

- ठुलो आकारमा अक्षरहरू लेख्नुपर्दछ । अक्षर प्रशिक्षण कक्षमा टाढा बस्ने सहभागीले पनि सजिलै पढ्न सक्ने हुनुपर्दछ । प्रशिक्षण कक्षको आकार विचार गरेर अक्षरको आकार लेख्नुपर्दछ ।
- अक्षर स्पष्ट, सफा र सिधा लेखिनु पर्दछ ताकि सहभागीको ध्यान बुँदामा केन्द्रित गर्न सकियोस् ।
- सकेसम्म शीर्षक र अन्य बुँदाको अक्षरको रङ र आकारमा संयोजन मिलाएर लेख्नुपर्दछ । शीर्षक एक रङ र बुँदाहरू अर्को रङको मार्करले लेख्नुपर्दछ । सामन्यतया निलो र कालो रङको मार्कर प्रयोग गर्दा राम्रोसँग देखिन्छ ।
- क्रमबद्ध र सिलसिलेवार रूपमा लेख्नुपर्दछ ।
- बढी पेज भएमा पृष्ठ सङ्ख्या लेख्दा प्रस्तुत गर्ने समयमा अलमलिने सम्भावना कम हुन्छ ।
- छलफल गरिने बुँदा मात्र देखाउँदा सहभागीहरूको ध्यान सम्बन्धित बुँदामा केन्द्रित गर्न सजिलो हुने भएकोले छोप्दै प्रस्तुतीकरण गर्नु राम्रो हुन्छ ।
- न्युजप्रिन्टलाई आफ्नो शरीरले छेक्नु हुदैन ।

### १.९.३ मेटाकार्डको प्रयोग

मेटाकार्ड भनेका विभिन्न रङ भएका बाक्लो कागज (Card Board Paper) लाई विभिन्न साइज र आकारमा काटिएका टुक्रा हुन् । प्रशिक्षकले आफ्नो प्रस्तुतीकरणका मुख्य मुख्य कुराहरू लेखी प्रस्तुतीकरण गर्न वा सहभागीका विचार सङ्कलन गर्न प्रयोग गरिन्छ । यसका राम्रा र कमजोर पक्षहरू निम्न छन् ।

| राम्रा पक्ष | कमजोर पक्ष |
|---|---|
| ▪ विभिन्न रङका कार्डबाट प्रस्तुतीकरण गर्दा रोचक हुने,<br>▪ समान प्रशिक्षण धेरै पटक गर्नुपर्ने अवस्थामा तयारीको लागि कम समय दिए पुग्ने,<br>▪ पछिसम्म सुरक्षित राख्न सकिने,<br>▪ एक ठाउँबाट अर्को ठाउँसम्म लैजान सजिलो हुने र सकिने । | ▪ एकपटक प्रयोग भएपछि अर्को विषयवस्तुका लागि प्रयोग गर्न नसकिने,<br>▪ यसको प्रयोगको लागि आवश्यक सफ्ट बोर्ड, पुस पिन वा मास्किङ टेप जहाँ सुकै उपलब्ध नहुन सक्ने । |

#### मेटाकार्डको प्रयोग गर्दा ध्यान दिनु पर्ने कुराहरु

- यसमा मार्करले लेख्नुपर्दछ ।
- लेख्ने मार्करको रङ कागजको रङभन्दा विपरित हुनुपर्दछ जस्तै, रातो कार्डमा निलोरङ ।
- एउटा विषयको लागि एउटै रङको मेटाकार्ड प्रयोग गर्नुपर्दछ ।
- शीर्षक वा मुख्य विषय र अन्यको लागि छुट्टा छुट्टै कार्ड प्रयोग गर्नुपर्दछ ।
- "एउटा कार्ड - एउटा सन्देश" को मान्यता अनुसरण गर्नुपर्दछ ।
- एउटा कार्डमा बढीमा तीन लाइनमात्र लेख्नुपर्दछ ।
- अक्षर सफा र ठुलो हुनुपर्दछ ।
- टाँस्न पुस पिन, ब्लु-ट्याग वा टेपको व्यवस्था गर्नुपर्दछ ।
- प्रस्तुत गर्नुपर्ने बुँदाहरूलाई सिल सिलेवार रूपमा प्रस्तुत गर्नुपर्दछ ।
- विषयवस्तु स्पष्ट पार्दै एक एकगरी टाँस्दै प्रस्तुत गर्नुपर्दछ ।
- बोर्डमा टाँस्नु पर्ने भएमा खालि न्युजप्रिन्ट/ब्राउनपेपरमा टाँस्नु पर्दछ ।

### १.९.४ सेतो बोर्डको प्रयोग

प्रस्तुतिको क्रममा व्याख्या गरिने मुख्य मुख्य बुँदा लेख्दै भन्न र सहभागीहरूबाट आएका विचार तथा भनाइहरू टिप्नका लागि यसको प्रयोग गरिन्छ । यसको अतिरिक्त न्युजप्रिन्ट स्ट्याण्ड् उपलब्ध नभएको अवस्थामा यसलाई वैकल्पिक सामग्रीको रूपमा पनि प्रयोग गर्न सकिन्छ ।

#### सेतो बोर्डको प्रयोग गर्दा ध्यान दिनुपर्ने कुराहरु

- बोर्डमा लेखिने कुरा सबै सहभागीहरू सजिलै देख्न सक्ने गरी राख्नुपर्दछ ।
- बोर्डमा लेख्नका लागि नजिकै विभिन्न रङका बोर्डमार्करहरू तयारी अवस्थामा राख्नुपर्दछ ।

- लेखेको मेट्नका लागि आवश्यक सामग्री पनि नजिकै हुनुपर्दछ ।
- छलफल सुरू गर्दा अघिल्लो सत्रमा लेखिएका केही कुराहरू भए देखि सबैभन्दा पहिले पुछेर मात्र आफ्नो सत्रको छलफल सुरू गर्नुपर्दछ ।
- लेखेका बुँदाहरू क्रमैसँग ठुलो अक्षरमा लेख्नुपर्दछ ।
- लेखेका बुँदाहरू माथि विस्तृत छलफल गर्दा लौरो (Pointer) ले देखाएर छलफल गर्नुपर्दछ ।
- लेख्दा वा छलफल गर्दा लेखेका कुरा आफूले छेक्नुहुँदैन ।
- बोर्डको दाहिने वा देब्रे साइडमा उभिएर लेख्नुपर्दछ ।
- आफूले लेखिसकेका कुरा आफ्नो सत्र सकिए पछि मेटेर मात्र छाड्नु पर्दछ ।

### १.९.५ प्रशिक्षक/सहजकर्ता/स्रोत व्यक्तिले ध्यान दिनुपर्ने अन्य कुराहरू

- यस प्रशिक्षण सामग्रीमा दिइएको समय तालिका साङ्केतिक मात्र हो । प्रत्येक पटक प्रशिक्षण सञ्चालन गर्दा स्थानीय परिवेश तथा सहभागीहरूको अनुकूलतालाई विचार पुऱ्याएर समय तालिका निर्धारण गर्न सकिन्छ ।
- हरेक सत्रमा व्यावहारिक अभ्यासलाई प्राथमिकता दिनुपर्दछ ।
- प्रशिक्षण मोड्युलअनुसार प्रशिक्षणका विषयवस्तु र प्रशिक्षण विधिहरूभित्र रहेर प्रशिक्षण सञ्चालन गर्नुपर्दछ ।
- प्रशिक्षणका दौरानमा सहभागीहरूको ज्ञान र कार्य सम्पादनका लागि आवश्यक सिपका पक्षहरूका साथै सिकाइलाई कार्यक्षेत्रमा व्यावहारिक रूपमा लागु गर्ने कुरामा जोड दिनुपर्दछ ।
- प्रशिक्षणका सामग्री (पावरप्वाइन्ट, हेण्डसूआउट) अग्रीम रूपमा उपलब्ध गराउनुपर्दछ ।
- कुनै व्यक्ति वा सङ्घ संस्थाले प्रयोग गरेका प्रशिक्षण सामग्रीहरू यस प्रशिक्षणमा प्रयोग गरिने हो भने अनिवार्य रूपमा सोको स्रोत खुलाउनुपर्दछ ।
- पावरप्वाइन्ट प्रस्तुतीकरणको अन्त्यमा सन्दर्भ सामग्रीहरू राख्नुपर्दछ ।
- सत्र योजनाअनुसार सत्र सञ्चालन गर्नुपर्दछ ।

### प्रशिक्षकलाई प्रश्न

१. सत्रका विषयवस्तुको राम्ररी अध्ययन गर्नुभएको छ ?

२. सत्र सञ्चालनका लागि सत्र योजनाको अध्ययन गर्नुभएको छ ?

३. सहभागीहरूको पृष्ठभूमि तथा स्तरको बारेमा सोँच्नुभएको छ ?

४. सत्रका लागि चाहिने आवश्यक प्रशिक्षण सामग्रीहरू जुटाउनुभएको छ ?

५. प्रस्तुतीकरणका बुँदाहरूको राम्ररी अध्ययन गर्नुभएको छ ?

६. प्रस्तुतीकरणमा बढी महत्त्व दिनुपर्ने बुँदाहरूको निर्क्योल गर्नुभएको छ ?

७. प्रस्तुतीकरणमा विशेष जोड दिनका लागि आवश्यक उदाहरणहरूको चयन गर्नु भएको छ ?

८. प्रशिक्षण सारांशका बुँदाहरू तय गर्नुभएको छ ?

९. सत्रप्रति रूची जगाउन तथा सहभागीता बढाउन आवश्यक पर्ने विधिहरूको चयन गर्नुभएको छ ?

१०. समयभित्र सत्र पूरा गर्न राम्ररी योजना गर्नुभएको छ ?

११. सत्र सञ्चालनका लागि आवश्यक पर्ने भौतिक सामग्रीहरू जस्तै, सेतो पाटी, फ्लिपचार्ट, खैरो कागज, मेटाकार्ड, मार्कर, मास्किङ टेप, कागज, कलम, कैँची, चित्रहरूको व्यवस्था गर्नुभएको छ ?

१२. प्रशिक्षण हल, बसाइँ व्यवस्थापन, कोठाको तापक्रम, हावा, प्रकाश इत्यादिका बारेमा सोँच्नुभएको छ ?

# भाग-२


# प्रशिक्षण योजना

# प्रशिक्षण योजना

## २.१. प्रशिक्षण योजनाको परिचय

प्रशिक्षण डिजाइन चरणको एक महत्त्वपूर्ण कार्य भनेको प्रशिक्षण योजना बनाउनु हो । प्रशिक्षण योजना एक बृहत् ढाँचा हो जसमा प्रशिक्षणबाट संस्थाभित्र आशा गरिएको प्रभाव, सहभागीहरूबाट आशा गरिएको कार्यसम्पादनको स्तर, प्रशिक्षणको समग्र उद्देश्य तथा निश्चित उद्देश्यहरू र प्रत्येक पाठ/सेसनको विषयवस्तु समेटिएको हुन्छ। यसको अतिरिक्त विभिन्न तहको उद्देश्य, प्रशिक्षणको विषयवस्तु, प्रशिक्षण विधि/तरिकाहरू, प्रशिक्षण मूल्याङ्कन गर्ने विधि/तरिकाहरू, प्रशिक्षणपश्चात् गरिने अनुगमन तथा फलोअपको पद्दति जस्ता कुरा पनि प्रशिक्षण डिजाइन अर्थात् प्रशिक्षण योजनाभित्र समेटिएको हुन्छ ।

## २.२ प्रशिक्षणका मुख्य विषयवस्तुहरू




| प्रशिक्षणका विषयवस्तु | |
|---|---|
| **मोड्युल १ : विकास र विकास व्यवस्थापन** | **मोड्युल २ : स्थानीय आर्थिक विकास योजना** |
| क) विकास र विकासको सोँचमा आएको परिवर्तन | क) स्थानीय आर्थिक विकास योजनाको अवधारणा |
| ख) सङ्घ र प्रदेशको दीर्घकालीन सोँच, लक्ष्य र उद्देश्यहरू | ख) स्थानीय आर्थिक विकासको वर्तमान अवस्थाको विश्लेषण |
| ग) स्थानीय आर्थिक विकासको अवधारणा | ग) सम्भावित आर्थिक क्रियाकलापको पहिचान र प्राथमिकीकरण |
| घ) उद्यम र उद्यमशीलता | घ) स्थानीय आर्थिक विकास योजना निर्माण |
| ङ) व्यावसायिक योजना | |

## २.३ प्रशिक्षण योजना

| प्रशिक्षण योजना | |
|---|---|
| मोडुल/विषय | स्थानीय आर्थिक विकास |
| लक्षित समूह | गाउँ/नगरपालिकाका निर्वाचित र मनोनित जनप्रतिनिधि तथा कर्मचारीहरू |
| औचित्य | स्थानीय समुदायका विकास आवश्यकताको सम्बोधनका लागि स्थानीय तहको महत्त्वपूर्ण भूमिका रहेको छ । जनताको सबैभन्दा नजिक र प्रत्यक्ष सम्पर्कमा रहेर स्थानीय तहले काम गर्ने भएकोले स्थानीय आर्थिक विकासको महत्त्वपूर्ण जिम्मेवारी स्थानीय तहको काँधमा आएको छ। आफ्नो भौगोलिक क्षेत्रमा रहेका जनता र स्थानीय स्रोतसाधनको उचित परिचालन गर्नका लागि स्थानीय तहले स्थानीय आर्थिक विकासको पद्दति विकास गर्न जरूरी रहेको ।<br>स्थानीय तहमा आर्थिक विकासका क्रियाकलापलाई योजनाबद्ध तवरबाट सञ्चालन गर्न स्थानीय आर्थिक विकास योजना निर्माण हुन नसकेकोले स्थानीय तहको आवधिक र वार्षिक योजना एवम् मध्यमकालीन खर्च संरचनासँग तादम्यता कायम गरी स्थानीय आर्थिक विकास योजना तयार गर्नुपर्ने आवश्यकता रहेको । |
| प्रशिक्षणको अपेक्षित परिणाम (Level 4 Goal) | आर्थिक विकासका क्रियाकलाप कार्यान्वयनमार्फत् स्थानीय तहमा उत्पादन वृद्धि र आय आर्जन बढेको हुने । |
| प्रशिक्षणको प्रयोग (Level 3 Goal) | स्थानीय तहमा स्थानीय आर्थिक विकास कार्यविधिअनुसार आर्थिक विकासका क्रियाकलापहरू सञ्चालन भएका हुने । |
| साधारण उद्देश्य | प्रशिक्षणको अन्त्यमा सहभागीहरूले आफ्नो स्थानीय तहको आर्थिक विकास योजनाको मस्यौदा तयार गर्न सक्ने छन् । |
| निर्दिष्ट उद्देश्य | प्रशिक्षणको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :<br>▪ स्थानीय आर्थिक विकासको अवधारणा र महत्त्वहरू बताउन,<br>▪ आर्थिक विकासका राष्ट्रिय लक्ष्यहरू बताउन,<br>▪ गण्डकी प्रदेशको समृद्धिका संवाहकहरूको सूची तयार पार्न,<br>▪ आर्थिक विकासका लागि स्थानीय तहको अधिकार क्षेत्रहरूको व्याख्या गर्न,<br>▪ आर्थिक विकासका लागि स्थानीय तहमा रहेका विद्यमान संरचना, तयार भएका नीति र कार्यक्रमहरू पहिचान गर्न,<br>▪ स्थानीय आर्थिक विकासका लागि सरोकारवालाहरूको सूची तयार गर्न,<br>▪ वर्तमान आर्थिक क्रियाकलापको सूची तयार पार्न,<br>▪ सम्भावित आर्थिक क्रियाकलाप पहिचान गर्न,<br>▪ स्थानीय आर्थिक विकासका प्रमुख क्षेत्रहरू प्राथमिकीकरण गर्न,<br>▪ व्यावसायिक योजनाका मुख्य मुख्य पक्षहरू व्याख्या गर्न,<br>▪ आर्थिक विकासका लागि स्थानीय तहस्तरीय योजना निर्माण गर्न । |

| सत्र योजना | | |
|---|---|---|
| दिन | बिहानी सत्र | दिवा सत्र |
| पहिलो | **सत्र १**<br>शुभारम्भ, परिचय, प्रशिक्षणको उद्देश्य, प्रशिक्षण व्यवस्थापन, प्रशिक्षण पूर्व परीक्षण<br>**सत्र २**<br>विकास अवधारणा र विकासको सोँचमा आएका परिवर्तनहरू | **सत्र ३**<br>सङ्घ र प्रदेशको दीर्घकालीन सोँच, लक्ष्य र उद्देश्यहरू<br>**सत्र ४**<br>स्थानीय आर्थिक विकासको अवधारणा |
| दोस्रो | **सत्र ५**<br>उद्यम र उद्यमशीलता, व्यावसायिक योजनाको अवधारणा र खाका<br>**सत्र ६**<br>स्थानीय आर्थिक विकास योजनाको अवधारणा, महत्त्व र चरणहरू, स्थानीय आर्थिक विकासका लागि वर्तमान अवस्था विश्लेषण र प्रमुख क्षेत्रहरू पहिचान | **सत्र ७**<br>सरोकारवालाको पहिचान र विश्लेषण स्थानीय आर्थिक विकासका लागि आर्थिक क्रियाकलापहरूको प्राथमिकीकरण<br>**सत्र ८**<br>स्थानीय आर्थिक विकास योजना तर्जुमा |
| तेस्रो | **सत्र ९**<br>वडास्तरीय स्थानीय आर्थिक विकास योजना तर्जुमा (अभ्यास)<br>**सत्र १०**<br>वडास्तरीय स्थानीय आर्थिक विकास योजना तर्जुमा अभ्यास (क्रमशः) र प्रस्तुति | **सत्र ११**<br>पालिकास्तरीय स्थानीय आर्थिक विकास योजना तर्जुमा<br>**सत्र १२**<br>स्थानीय आर्थिक विकास योजना कार्यान्वयन कार्ययोजना निर्माण<br>प्रशिक्षण सङ्क्षेपीकरण तथा समीक्षा, प्रशिक्षण पश्चात् परीक्षण, अन्तिम मूल्याङ्कन, समापन |

**प्रशिक्षण विधि**

मस्तिष्क मन्थन, समूह अभ्यास, लघु प्रवचन, प्रश्नोत्तर, चित्र छलफल, अनुभव आदन प्रदान, श्रव्य दृश्य आदि ।

**प्रशिक्षण सामग्री**

१. **सहभागीहरुको लागि आवश्यक सामग्री**

नोटबुक, कलम, नेमट्याग, रेकर्ड फाइल, सिसा कलम, इरेजर, पेन्सिल कटर

### २. प्रशिक्षणका लागि आवश्यक सामग्री

क. प्रशिक्षण सामग्री/उपकरणः ल्यापटप, प्रोजेक्टर, क्यामरा, प्रिन्टर, ह्वाइटबोर्ड, स्क्रिन, प्वाइन्टर, पिनबोर्ड,

ख. प्रशिक्षण मसलन्द : ब्राउन सिट, न्युजप्रिन्ट, बोर्ड/परमानेन्ट मार्कर, मेटा कार्ड, मास्किङ टेप, कैंची, रूरल, स्ट्यापलर र पिन, पुस पिन, पेपर क्लिप, स्टिकि नोट, चक्लेट/तितौरा, A4 कागज, आदि

ग. फाराम तथा अध्ययन सामग्रीहरू : हाजिरी रजिस्टर, सत्र योजना, प्रशिक्षण पूर्व/पश्चात् परीक्षण फाराम, दैनिक/अन्तिम मूल्याङ्कन फाराम, सत्र योजनामा उल्लेख भएअनुसारको प्रस्तुतीकरण सामग्री, सहभागीहरूलाई वितरण गर्ने अध्ययन सामग्री आदि ।

माथि उल्लेखित सम्पूर्ण सामग्रीहरूको विस्तृत विवरण खण्ड-७ को अनुसूची - ७ मा राखिएको छ ।

### आयोजकले ध्यान दिनुपर्ने पक्षहरू

१. सहभागीहरूलाई प्रशिक्षण सुरू हुने दिनभन्दा अगाडि नै खबर गर्ने, प्रशिक्षण हुने स्थल, समय र अन्य प्रशासनिक पक्षहरू बारे जानकारी दिने र उनीहरूको सहभागीता सुनिश्चित गर्ने,

२. व्यावहारिक अभ्यासको लागि आवश्यक फाराम/सिटहरू तयार गर्ने,

३. पहिलो दिन सञ्चालन भएका गतिविधिको पुनरावलोकनबाट दोस्रो दिनको सत्र सुरूवात गर्ने गरी सत्र योजना तयार गर्ने,

४. हरेक दिनको अन्त्यमा दिनभर छलफल भएका विषयवस्तुको सङ्क्षेपीकरण गर्ने गरी सत्र योजना तयार गर्ने,

५. प्रशिक्षणको अन्त्यमा प्रशिक्षण अवधिभर छलफल भएका विषयवस्तुहरूको सारसङ्क्षेप प्रस्तुत गर्ने गरी सत्र योजना तयार गर्ने ।

### प्रशिक्षणको प्रयोग *(Level 3 Goal)* को अनुगमन (प्रशिक्षण समाप्त भएको ६ महिनापछि गरिने)

- स्थानीय आर्थिक विकास योजना कार्यान्वयन कार्ययोजनाको अनुगमन
- कार्यसम्पादन अवलोकन
- व्यावहारिक कार्यान्वयनको अनुगमन
- कार्यस्थलमा सहयोग
- स्थानीय तहले आर्थिक विकासका लागि बनाएका नीति नियम तथा कार्यविधिहरू आदि ।

**प्रशिक्षणको नतिजा *(Level 4 Goal)* को मूल्याङ्कन (प्रशिक्षण समाप्त भएको १ वर्षपछि गरिने)**

- गत आ.व. र प्रशिक्षणपश्चात् व्यावसायिक रूपमा स्थानीय आर्थिक विकासका क्रियाकलाप कार्यान्वयन गर्ने व्यक्ति, संस्थाको सङ्ख्याको तुलनात्मक अध्ययन,
- स्थानीय तहद्वारा स्थानीय आर्थिक विकासका लागि गत आ.व. र प्रशिक्षणपश्चात् छुट्याइएको रकमको तुलनात्मक अध्ययन,
- गत आ.व. र स्थानीय आर्थिक विकास योजनाको कार्यान्वयनपश्चात् पालिकामा भएको उत्पादन अवस्थाको तुलनात्मक अध्ययन,
- गत आ.व. र स्थानीय आर्थिक विकास योजनाको कार्यान्वयनपश्चात् बजारीकरणको अवस्थामा आएको परिवर्तनको तुलनात्मक अध्ययन,
- स्थानीय आर्थिक विकास क्रियाकलापको अवलोकन,
- प्रशिक्षण अगाडि र स्थानीय आर्थिक विकास योजनाको कार्यान्वयनपश्चात् स्थानीय आर्थिक विकासमा संलग्न उद्यमीको सङ्ख्या,
- गत आ. व. र स्थानीय आर्थिक विकास योजनाको कार्यान्वयनपश्चात् स्थानीय जनताको आयमा भएको वृद्धिको तुलनात्मक अध्ययन आदि ।

## २.४. दैनिक प्रशिक्षण तालिका

| दिन | समय | क्रियाकलाप | कैफियत |
|---|---|---|---|
| पहिलो | ८:३० - ०९:०० | रजिस्ट्रेशन, खाजा | |
| | ९:०० - १०:३० | शुभारम्भ, परिचय, प्रशिक्षणको उद्देश्य, प्रशिक्षण व्यवस्थापन, प्रशिक्षण पूर्व परीक्षण | |
| | १०:३० - १०:४५ | चिया/ब्रेक | |
| | १०:४५ - १२:१५ | विकास अवधारणा र विकासको सोँचमा आएका परिवर्तनहरू | |
| | १२:१५ - ०१.१५ | खाना | |
| | १:१५ - ०२:४५ | सङ्घ र प्रदेशको दीर्घकालीन सोँच, लक्ष्य र उद्देश्यहरू | |
| | २:४५ - ०३:०० | चिया/विश्राम | |
| | ०३:०० - ०४:३० | स्थानीय आर्थिक विकासको अवधारणा | |
| | ०४:३० - ०५.०० | सङ्क्षेपीकरण | |
| | | | |
| दोस्रो | ९:०० - ०९.१५ | अघिल्लो दिनको पुनरावलोकन | |
| | ९:१५ - १०:४५ | उद्यम र उद्यमशीलता, व्यावसायिक योजनाको अवधारणा र खाका | |
| | १०:४५ - ११:०० | चिया/विश्राम | |
| | ११:०० - १२:३० | स्थानीय आर्थिक विकास योजनाको अवधारणा, महत्त्व र चरणहरू, स्थानीय आर्थिक विकासका लागि वर्तमान अवस्था विश्लेषण र प्रमुख क्षेत्रहरू पहिचान | |
| | १२:३० - ०१:३० | खाना | |
| | ०१:३० - ०३:०० | सरोकारवालाको पहिचान र विश्लेषण, स्थानीय आर्थिक विकासका लागि आर्थिक क्रियाकलापहरूको प्राथमिकीकरण | |
| | ०३:०० - ०३:१५ | चिया/विश्राम | |
| | ०३:१५ - ०४:४५ | स्थानीय आर्थिक विकास योजना तर्जुमा | |
| | ०४:४५ - ०५:०० | सङ्क्षेपीकरण | |
| | | | |
| तेस्रो | ०९:०० - ०९:१५ | अघिल्लो दिनको पुनरावलोकन | |
| | ०९:१५ - १०:४५ | वडास्तरीय स्थानीय आर्थिक विकास योजना तर्जुमा (अभ्यास) | |
| | १०:४५ - ११:०० | चिया/ विश्राम | |
| | ११:०० - १२:३० | वडास्तरीय स्थानीय आर्थिक विकास योजना तर्जुमा अभ्यास (क्रमशः) र प्रस्तुति | |
| | १२:३० - ०१:३० | खाना | |
| | ०१:३० - ०३:०० | पालिकास्तरीय स्थानीय आर्थिक विकास योजना तर्जुमा | |
| | ०३:०० - ०३:१५ | चिया/विश्राम | |
| | ०३:१५ - ०४:४५ | स्थानीय आर्थिक विकास योजना कार्यान्वयन कार्ययोजना निर्माण, प्रशिक्षण सङ्क्षेपीकरण, प्रशिक्षणपश्चात् परीक्षण, अन्तिम मूल्याङ्कन | |
| | ०४:४५ - ०५:०० | प्रशिक्षण समापन | |
| | | | |

# भाग-३
# प्रशिक्षण सत्र योजना

# सत्र योजना

| | | |
|---|---|---|
| प्रशिक्षणको नाम | स्थानीय आर्थिक विकास | |
| मोड्युल | विकास र विकास व्यवस्थापन | |
| सत्र | १ | समय अवधिः ९० मिनेट |
| विषय/शीर्षक | शुभारम्भ, परिचय, प्रशिक्षणको उद्देश्य, प्रशिक्षण व्यवस्थापन, प्रशिक्षण पूर्व परीक्षण | |

**साधारण उद्देश्य :**

यस सत्रको अन्त्यमा सहभागीहरूले प्रशिक्षणका उद्देश्य बताउन सक्ने छन् ।

**निर्दिष्ट उद्देश्य :**

यस सत्रको अन्त्यमा सहभागीहरू :

१. एकआपसमा परिचित हुने छन् ।

२. प्रशिक्षण अवधिमा छलफल गरिने मुख्य विषयवस्तुहरू बताउन सक्ने छन् ।

३. प्रशिक्षण पूर्व परीक्षण कार्यमा सहभागी हुने छन् ।

४. प्रशिक्षणको समग्र उद्देश्य बताउन सक्ने छन् ।

**सत्रका मुख्य विषयवस्तुः**

१. प्रशिक्षणको औपचारिक शुभारम्भ

२. प्रशिक्षण व्यवस्थापन

३. प्रशिक्षण पूर्व परीक्षण (Pre-test)

४. प्रशिक्षणका उद्देश्य

## सिकाइ क्रियाकलाप योजना

| शिक्षण- सिकाइ क्रियाकलाप | प्रशिक्षण विधि | अवधि (मिनेट) | शिक्षण- सिकाइ सामग्री |
|---|---|---|---|
| **(क्रियाकलाप : १) - शुभारम्भ**<br>■ सर्वप्रथम सबै सहभागीहरू र आमन्त्रित अतिथिको उपस्थिति भए नभएको यकिन गर्नुहोस् ।<br>■ यदि सबै सहभागीहरू तथा आमन्त्रित अतिथि प्रशिक्षण कक्षमा उपस्थिति भइसकेमा सबैको ध्यानाकर्षण गर्दै प्रशिक्षण सुरू हुन लागेको जानकारी गराउनुहोस् ।<br>■ स्थानीय अवस्था हेरी प्रशिक्षण शुभारम्भ सत्रलाई औपचारिकता दिनुहोस् र यसका लागि स्थानीय आयोजकसँग अगाडि नै सरसल्लाह गरी शुभारम्भ सत्रको तयारी गर्नुहोस् । | व्यक्तिगत कार्य र लघु प्रवचन | ३० मि. | सामग्री नं. : १<br>ब्यानर, ब्यानर छोप्ने रातो कपडा |

| | | | |
|---|---|---|---|
| ▪ अतिथिहरूको ओहदा र प्रतिनिधित्व हेरी अध्यक्ष तथा प्रमुख अतिथिका साथै अतिथिहरूलाई आसन ग्रहण गर्न लगाउनुहोस् ।<br>▪ प्रशिक्षणको ब्यानरलाई रातो कपडाले पहिले नै छोपी राख्नुहोस् । प्रशिक्षणको शुभारम्भ सत्र सुरूवात भएपछि प्रशिक्षण शुभारम्भको लागि सबै सहभागीहरू, अतिथिहरू लगायत सबै जनाले एकआपसमा हात जोडेर बिस्तारै गोलाकार बनाई घुम्नको लागि अनुरोध गर्नुहोस् ।<br>▪ करिब एक राउन्डको घुमाइपछि छोपिएर राखिएको ब्यानर नजिकै रहेका दुई जनाको एक एकओटा हातहरू छोड्न अनुरोध गर्नुहोस् ।<br>▪ अब दुवै जनाको हातले ब्यानर छोपिएको कपडा हटाउन वा तान्नको लागि अनुरोध गर्नुहोस् ।<br>▪ छोपिएको ब्यानर खुल्ला भएपछि एकपटक सबै जनाले गडगडाहट ताली बजाउनका लागि अनुरोध गर्नुहोस् ।<br>▪ त्यसपछि प्रमुख अतिथिबाट ब्यानरमा लेखिएको कुरालाई पढ्न अनुरोध गर्दै प्रशिक्षण सहभागीतमूलक प्रक्रियाबाट सुरूवात भएको जानकारी गराउनुहोस् ।<br>▪ जसरी प्रशिक्षणको शुभारम्भ सहभागीतामूलक वा सबैको सहभागीतामा ब्यानर खोलेर गरियो त्यसैगरी यस प्रशिक्षणको सफलता पनि हामी सबैको सक्रिय सहभागीताबाट मात्र हुने जानकारी गराउनुहोस् ।<br>▪ प्रशिक्षणको शुभारम्भ सत्र औपचारिक रूपमा सञ्चालन भएकोले प्रमुख अतिथि र अतिथिहरूबाट शुभकामना मन्तव्य र शुभारम्भ सत्रका अध्यक्षबाट उद्घाटन मन्तव्य राखेर समापन गर्नका लागि अनुरोध गर्नुहोस् । | | | |
| **(क्रियाकलाप : २) - परिचय र आचार संहिता निर्माण**<br>▪ हामी फरक फरक ठाँउबाट सहभागी भएका छौँ । त्यसैले हामी सबैले सबैलाई चिनेका छौ कि छैनौ यदि छैनौ भने हामी बीच एकआपसमा चिनजान गर्न आवश्यक छ कि छैन भनी प्रश्न गर्नुहोस् ।<br>▪ यदि चिनजान गर्न आवश्यक भएमा सबै सहभागीहरूलाई आआफ्नो नोटबुकको अन्तिम पाना हेर्न आग्रह गर्नुहोस् ।<br>▪ उक्त नोटबुकमा प्रशिक्षण अवधिमा प्रयोग हुने शब्दहरू लेखिएको छ जसमा एउटै शब्दहरू दुईओटा नोटबुकमा लेखिएको पनि जानकारी दिनुहोस् । | व्यक्तिगत कार्य, लघु प्रवचन, जोडागत परिचय र छलफल | २० मि. | सामग्री नं. २ नोटबुक नाम, ठेगाना, पेसा, संस्थाको नाम, पद, कार्य अनुभव लेखी तयार पारिएको न्युजप्रिन्ट |

| | | | |
|---|---|---|---|
| ▪ तत्पश्चात् एउटै खालको शब्द लेखिएको आफ्नो जोडी साथी खोजी सँगै बस्न लगाई एकले अर्को साथीको परिचय लिन आग्रह गर्नुहोस् जसमा साथीको नाम, ठेगाना, पेसा, पद, कार्य अनुभवको बारेमा छलफल गर्न लगाउनुहोस् ।<br>▪ एकआपसमा चिनजान भए पछि एक जोडीलाई प्रशिक्षण हलको अगाडि आउन आग्रह गर्दै एकले अर्को साथीको बारेमा परिचय दिँदै आफ्नो नोटबुकमा लेखिएको शब्दको बारेमा जे जति जानकारी छ सोको बारेमा दुवै जनाको साझा बुझाइ राख्नको लागि अनुरोध गर्नुहोस् ।<br>▪ परिचय पछि प्रशिक्षण सञ्चालन अवधिको लागि सहभागीतामूलक प्रक्रियाबाट समय तालिका तथा नीति नियम तयार पार्न सहजीकरण गर्नुहोस् ।<br>▪ प्रशिक्षणलाई प्रभावकारी बनाउन सहभागीबाट नै प्रत्येक दिन पालै पालो एक जना सचेतक, एक जना प्रतिवेदक तथा एक जना मूल्याङ्कनकर्ताका रूपमा जिम्मा लिनुपर्ने जानकारी गराउने र तिनको काम तथा भूमिकाको बारेमा स्पष्ट पार्नुहोस् ।<br>▪ ठुलो समूहमा नै छलफल गर्दै यस प्रशिक्षण अवधिको बसाईंलाई व्यवस्थित र नियमसङ्गत बनाउनका लागि केही नीति नियमहरू बनाउन जरूरी होला कि नहोला भनी खुल्ला छलफल चलाउनुहोस् ।<br>▪ सहभागीहरूबाट आवश्यकता महसुस गरेमा बुँदागत रूपमा नीतिनियमहरू तयार गर्नका लागि सहजीकरण गर्नुहोस् र बनाएको नीति नियमहरूको पालना नभएमा त्यस दिनको सचेतकबाट दिइने कारवाही भोग्नुपर्ने छ भनी जानकारी गराउनुहोस् । | | | सामग्री नं. ३ प्रशिक्षणमा प्रयोग हुने शब्दावलीहरूको लिस्ट<br>सामग्री नं. ४ समय तालिकाको खाका लेखिएको न्युजप्रिन्ट<br>सामग्री नं. ५ जिम्मेवारी बाँडफाँटको खाका लेखिएको न्युजप्रिन्ट |
| **(क्रियाकलाप : ३) – प्रशिक्षणका उद्देश्यको प्रस्तुति**<br>▪ यस प्रशिक्षणमा चार तहको उद्देश्यहरू निर्धारण गरिएको जानकारी गराउनुहोस ।<br>▪ क्रमैसँग तह १ देखि तह ४ सम्मको उद्देश्य बताउनुहोस ।<br>▪ हरेक तहको उद्देश्य प्रस्तुत गर्दा ती बिचको अन्तरसम्बन्ध पनि बताउनुहोस् । | लघु प्रवचन | १० मि. | सामग्री नं. ६ (चार तहका उद्देश्य लेखिएको न्युजप्रिन्ट प्रशिक्षणको उद्देश्यहरू भएको प्रस्तुति सामग्री सत्र-१ |

| | | | |
|---|---|---|---|
| **(क्रियाकलाप : ४) – प्रशिक्षण पूर्व परीक्षण**<br>■ सहभागीहरूलाई प्रशिक्षण पूर्व परीक्षणका लागि तयार गरिएको प्रश्नावली वितरण गर्नुहोस् ।<br>■ प्रश्नावली वितरण गरिसकेपछि यो प्रश्नावलीमा भएका प्रश्नको उत्तर दिनुपर्ने कुरा बताइदिनुहोस् ।<br>■ यो प्रश्नावली यस प्रशिक्षणमा छलफल गरिने विभिन्न विषयवस्तुको सम्बन्धमा सहभागीको बुझाइ पहिचान गर्दै हरेक सत्रमा सोहीअनुसारले विषयवस्तुको छलफल अघि बढाउन अत्यन्तै आवश्यक हुने भएकाले सबै जनाले सबै प्रश्नको उत्तर दिई सहयोग गर्न अनुरोध गर्नुहोस् ।<br>■ साथै यही प्रश्नावली प्रशिक्षणको अन्त्यमा सबै विषयवस्तुमा छलफल सकिए पछि पनि वितरण गरी सहभागीको उत्तर सङ्कलन गरिने र त्यस बखत दिएको सही उत्तर सङ्ख्या र अहिले दिएको सही उत्तर सङ्ख्या विश्लेषण गरी सिकाइमा आएको परिवर्तन समेत लेखाजोखा गर्नुपर्ने भएकाले सबैको सहयोग उत्तिकै महत्त्वपूर्ण रहेको पनि बताउनुहोस् ।<br>■ सहभागीहरूले उत्तर दिन सुरू गरेको १० मिनेटपछि सबैको प्रश्नावली मागेर सङ्कलन गर्नुहोस् ।<br>■ त्यस पछि त्यो प्रश्नावलीमा सोधिएका प्रश्नका सही उत्तर हरूका विषयमा यस प्रशिक्षणका विभिन्न सत्रमा छलफल गरिने छ भन्दै छलफलको अन्त्य गर्नुहोस् । | व्यक्तिगत कार्य | १५ मि. | सामग्री नं. ७ प्रशिक्षण पूर्व परीक्षण फाराम (सहभागी सङ्ख्या अनुसार) |
| **(क्रियाकलाप : ५) – व्यवस्थापकीय जानकारी प्रदान**<br>■ सहभागीहरूलाई यस प्रशिक्षणको अवधि, खाने बस्ने र अन्य व्यवस्थापकीय जानकारी गराउनका लागि आयोजकलाई अनुरोध गर्नुहोस् ।<br>■ व्यवस्थापकीय विषयमा थप केही प्रस्ट पार्नुपर्ने छ कि भनी सहभागीलाई सोध्दै प्रशिक्षणलाई व्यवस्थित रूपमा सञ्चालन गर्न पछि पनि आवश्यक सल्लाह सुझाव प्रदान गर्नका लागि अनुरोध गर्नुहोस् । | जानकारी प्रदान र छलफल | १० मि. | |
| **(क्रियाकलाप : ६) – सत्रको अन्त्य**<br>सहभागीहरूलाई यस पछिको सत्रमा विकासको अवधारणा सन्दर्भमा छलफल हुने जानकारी गराउनुहोस् । | | ५ मि. | |

# सत्र योजना

| | | |
|---|---|---|
| प्रशिक्षणको नाम | स्थानीय आर्थिक विकास | |
| मोड्युल | विकास र विकास व्यवस्थापन | |
| सत्र | २ | समय अवधि: ९० मिनेट |
| विषय/शीर्षक | विकासको अवधारणा र विकासको सोँचमा आएका परिवर्तनहरू | |

**साधारण उद्देश्य :**

यस सत्रको अन्त्यमा सहभागीहरूले विकासको अवधारणा व्याख्या गर्न सक्ने छन् ।

**निर्दिष्ट उद्देश्य :**

यस सत्रको अन्त्यमा सहभागीहरूले :

१. विकासको अवधारणा व्याख्या गर्न सक्ने छन् ।

२. विकासको अवधारणामा आएको परिवर्तन बताउन सक्ने छन् ।

**सत्रका मुख्य विषयवस्तु :**

१. विकासको अवधारणा

२. विकासको अवधारणामा आएको परिवर्तन

## सिकाइ क्रियाकलाप योजना

| शिक्षण- सिकाइ क्रियाकलाप | प्रशिक्षण विधि | अवधि (मिनेट) | शिक्षण- सिकाइ सामग्री |
|---|---|---|---|
| **(क्रियाकलाप : १) ध्यानाकर्षण**<br>▪ महानन्द सापकोटाको आदर्श वाक्य:<br>**“सयमा दश पाँच धनीमा गनिनु,<br>अरूले तिनको करिया बनिनु ।<br>विधिको यदि यै छ विधान भने,<br>अब त्यो विधिको पनि आयु पुग्यो ॥”**<br>बाट सत्रको सुरूवात गर्नुहोस् ।<br>▪ यस आदर्श वाक्यको मूल मर्म के होला भनी छोटो छलफल गर्दै अब विकास सबै जनताको चाहना र आवश्यकता हो भन्दै विषयवस्तुमा ध्यान केन्द्रित गराउनुहोस् । | लघु प्रवचन | ५ मि. | सामग्री नं. : ८<br>आदर्श वाक्य लेखिएको न्युजप्रिन्ट |

| | | | |
|---|---|---|---|
| **(क्रियाकलाप : २) – विकासको अवधारणा र विकासको सोँचमा आएका परिवर्तनहरू**<br>▪ सहभागीहरूलाई "विकास" भन्नाले के बुझ्नु हुन्छ भनी खुल्ला प्रश्न सोध्नुहोस् ।<br>▪ सहभागीहरूबाट आएका विचारहरू सेतोपाटी/न्युजप्रिन्टमा टिपोट गर्नुहोस् ।<br>▪ सहभागीहरूबाट व्यक्त विचारलाई सम्मान गर्दै विकास प्रतिको बुझाइ र विकास प्रक्रियामा परिवर्तन आएको छ कि छैन भनी प्रश्न गर्नुहोस् ।<br>▪ सहभागीहरूले विचार राखिसकेपछि छलफललाई सङ्क्षेपीकरण गर्दै अब विकासको अवधारणा र यसको विकासक्रमको विषयमा छलफल गर्ने जानकारी गराउनुहोस् । | मस्तिष्क मन्थन | १० मि. | |
| **(क्रियाकलाप : ३) – विकासको अवधारणा र यसको विकासक्रम– पावरप्वाइन्ट प्रस्तुतीकरण**<br>▪ पावरप्वाइन्टको माध्यमबाट विकासको अवधारणा र यसको सोँचमा आएका परिवर्तनहरू प्रस्तुत गर्नुहोस् ।<br>▪ प्रस्तुतिमा विकास, आर्थिक, सामाजिक, भौतिक, राजनैतिक र प्राकृतिक पाटाहरू र यिनीहरू बिचको अन्तर सम्बन्धमा जोड दिँदै प्रस्तुत गर्नुहोस् ।<br>▪ प्रस्तुतिको बीच बिचमा सहभागीहरूलाई विषयवस्तुमा केन्द्रित गर्न तपाईंहरूको भनाइ के होला वा मैले प्रस्ट पार्न सकेँ कि सकिनँ भनी सोध्नुहोस् ।<br>▪ प्रस्तुति गरिसकेपछि सहभागीहरूलाई आआफ्नो विचार राख्नका लागि समय दिनुहोस्, आवश्यकता अनुसार छलफल गर्नुहोस् । | लघु प्रवचन | ६० मि. | विकासको अवधारणा विकासक्रमको प्रस्तुत सामग्री सत्र-२ |
| **(क्रियाकलाप : ४) – सत्रको मूल्याङ्कन**<br>सत्रको उद्देश्यहरू पूरा भयो भनी यकिन गर्नका लागि सहभागीहरूलाई तलका प्रश्नहरू सोध्नुहोस्ः<br>प्रश्न नं. १ः सन्तुलित विकासका पाँच ओटा सम्पत्ति के के हुन् ?<br>प्रश्न नं. २ : विकासको सोँचमा आएको परिवर्तनलाई सङ्क्षेपमा व्याख्या गर्नुहोस् ।<br>सहभागीहरूलाई उत्तरको लागि धन्यवाद दिँदै यस सत्रको मुख्य सन्देश प्रवाह गर्नुहोस् । | प्रश्नोत्तर | १० मि. | |

| | | | |
|---|---|---|---|
| **(क्रियाकलाप : ५)**<br>यसपछि विकासको सन्दर्भमा सङ्घीय र प्रादेशिक सरकारको लक्ष्य र प्राथमिकताको विषयमा छलफल गरिने जानकारी दिँदै सत्रको अन्त्य गर्नुहोस् ।<br>**अध्ययन सामग्री वितरण** | प्रवचन | ५ | |

## जाँदा जाँदै *(Take Home Message)*

- कुनै पनि व्यक्ति तथा समाजका आर्थिक, भौतिक, सामाजिक, राजनीतिक तथा मानसिक अवस्थामा आउने क्रमिक र सकारात्मक परिवर्तनको अवस्थालाई नै विकास भन्न सकिन्छ ।
- मानवीय प्रयासबाट व्यक्ति र समाजमा आर्थिक, भौतिक, सामाजिक, तथा सांस्कृतिक क्षेत्रमा ल्याइने सकारात्मक परिवर्तन नै "विकास" हो । यो निरन्तर चलिरहने समष्टिगत र सकारात्मक परिवर्तनको प्रक्रिया हो ।
- समयक्रमसँगै विकासको सोँच र अवधारणामा पनि क्रमिक रूपमा परिवर्तन हुँदै आजको अवस्थासम्म आइपुगेको छ । सन् १९५० को दशकदेखि सुरू भएको विकासको अवधारणा विभिन्न मोडलको परीक्षण र परिमार्जन हुँदै अहिलेसम्म आइपुगेको छ ।

# सत्र योजना

| | | |
|---|---|---|
| प्रशिक्षणको नाम | स्थानीय आर्थिक विकास | |
| मोड्युल | विकास र विकास व्यवस्थापन | |
| सत्र | ३ | समय अवधिः ९० मिनेट |
| विषय/शीर्षक | सङ्घ र प्रदेशको दीर्घकालीन सोँच, लक्ष्य र उद्देश्यहरू | |

**साधारण उद्देश्य :**

यस सत्रको अन्त्यमा सहभागीहरूलेः

१. नेपालको राष्ट्रिय लक्ष्य तथा समृद्धिका गन्तव्यहरू बताउन सक्ने छन् ।

२. गण्डकी प्रदेश समृद्धिका गन्तव्य तथा संवाहकहरू व्याख्या गर्न सक्ने छन् ।

**निर्दिष्ट उद्देश्य :**

यस सत्रको अन्त्यमा सहभागीहरूले :

१. नेपाल सरकारको दीर्घकालीन सोँचअनुसार समृद्धि र सुख प्राप्तिका पाँच कोसेढुङ्गाहरू (Mile-stones) व्याख्या गर्न सक्ने छन् ।

२. गण्डकी प्रदेशले निर्धारण गरेको दीर्घकालीन सोँच बताउन सक्ने छन् ।

३. गण्डकी प्रदेशको समृद्धिका ७ ओटा संवाहकहरूको सूची तयार पार्न सक्ने छन् ।

**सत्रका मुख्य विषयवस्तु :**

१. नेपालको राष्ट्रिय लक्ष्य, समृद्धि र सुख प्राप्तिका कोसेढुङ्गाहरू

२. गण्डकी प्रदेश समृद्धिका मुख्य संवाहकहरू

## सिकाइ क्रियाकलाप योजना

| शिक्षण- सिकाइ क्रियाकलाप | प्रशिक्षण विधि | अवधि (मिनेट) | शिक्षण- सिकाइ सामग्री |
|---|---|---|---|
| **(क्रियाकलाप : १) – ध्यानाकर्षण**<br>■ हाम्रो देशको दीर्घकालीन सोँच के होला भनी खुल्ला प्रश्न राख्नुहोस् ।<br>■ त्यसैगरी गण्डकी प्रदेश सरकारको दीर्घकालीन लक्ष्य के हो भनी पुनः प्रश्न गर्नुहोस् ।<br>■ सहभागीहरूलाई उत्तरतका लागि धन्यवाद दिँदै अबको छलफल यसै विषयमा हुने जानकारी गराउँदै ध्यानाकर्षण गराउनुहोस् । | मस्तिष्क मन्थन | ५ मि. | सामग्री नं. : ९<br>समृद्ध नेपाल सुखी नेपाली र<br>समृद्ध प्रदेश र सुखी नागरिक लेखिएको न्युजप्रिन्ट |

| | | | |
|---|---|---|---|
| **(क्रियाकलाप : २) - सङ्घ सरकार र प्रदेशको दीर्घकालीन सोँच र यसका गन्तव्य तथा संवाहकहरू**<br>▪ प्रस्तुतीकरण सामग्रीको सहयोगले सङ्घ र प्रदेशले निर्धारण गरेको दीर्घकालीन सोँचका कोसेढुङ्गाहरू प्रस्तुत गर्नुहोस् ।<br>▪ सङ्घ र प्रदेशले निर्धारण गरेको दीर्घकालीन सोँच हामीलाई थाहा भइसकेको छ र यसका गन्तव्य तथा संवाहकहरू के के होला भनी थाहा पाउनका लागि समूह छलफल गर्न लागिएको जानकारी गराउनुहोस् ।<br>▪ सहभागीहरूलाई ४ ओटा समूहमा विभाजन गर्नुहोस् । पहिलो र दोस्रो समूहलाई समग्र देशको र तेस्रो र चौथो समूहलाई प्रदेशको दीर्घकालीन सोँच र यसका गन्तव्य र संवाहकहरूको विषयमा छलफल गर्नका लागि अनुरोध गर्नुहोस् ।<br>▪ समूह छलफलका लागि १५ मिनेट रहेको जानकार ीसहित समूह कार्यका लागि अनुरोध गर्नुहोस् ।<br>▪ समूह छलफलको क्रममा समूहमा आवश्यक सहयोग प्रदान गर्दै निर्धारित समयमा बाँकी रहेको समय बेला बेला जानकारी गराउनुहोस् ।<br>▪ समूह छलफल पछि यसको निष्कर्ष क्रमशः प्रस्तुत गर्नका लागि अनुरोध गर्नुहोस् ।<br>▪ आर्थिक विकासका लागि अन्तराष्ट्रिय प्रतिबद्धतामा दीगो विकास लक्ष्यले निर्धारण गरेका लक्ष्यहरूसँगको अन्तरसम्बन्ध जानकारी गराउनुहोस् । | समूह छलफल, लघु प्रवचन | ३० मि. | |
| **(क्रियाकलाप : ३) – राज्यको दीर्घकालीन सोँच र गन्तव्यहरु – पावरप्वाइन्ट प्रस्तुतीकरण**<br>▪ समूह छलफलको प्रस्तुतिबाट आएका निष्कर्षलाई सम्मान गर्दै समृद्धिका ४ ओटा गन्तव्यहरू यसका १२ ओटा अवयवहरू र यसैगरी सुखका ६ ओटा गन्तव्यहरू र यसका २२ ओटा अवयवहरू प्रस्तुत गर्नुहोस् ।<br>▪ प्रस्तुतिलाई सङ्क्षेपीकरण गर्दै अब प्रदेशको दीर्घकालीन सोँच र यसका संवाहकहरूको विषयमा छलफल गरिने जानकारी गराउनुहोस् । | लघु प्रवचन | २५ मि. | राष्ट्रिय दीर्घकालीन सोँच र गन्तव्यहरू समेटिएको प्रस्तुति सामग्री सत्र-३ |

| | | | |
|---|---|---|---|
| **(क्रियाकलाप : ४) – प्रदेशको दीर्घकालीन सौँच र संवाहकहरू – पावरप्वाइन्ट प्रस्तुतीकरण**<br>▪ पावरप्वाईट प्रस्तुतिबाट प्रदेशको दीर्घकालीन सौँच, लक्ष्य, उद्देश्यहरू र संवाहकहरू प्रस्तुत गर्नुहोस् ।<br>▪ प्रस्तुतिको बिचबिचमा सहभागीहरूलाई विषयवस्तुमा केन्द्रित गर्न तपाईंहरूको भनाइ के होला वा मैले प्रस्ट पार्न सकें कि सकिनँ भनी सोध्नुहोस् ।<br>▪ प्रस्तुति पछि सहभागीहरूलाई आआफ्नो विचार राख्नका लागि समय दिनुहोस्, आवश्यकता अनुसार छलफल गर्नुहोस् । | लघु प्रवचन | २० मि. | प्रदेशको दीर्घकालीन सौँच, लक्ष्य र उद्देश्यहरूको साथै संवाहकहरू समेटिएको प्रस्तुति सामग्री सत्र-३ |
| **(क्रियाकलाप : ५) – सत्रको मूल्याङ्कन**<br>सत्रको उद्देश्यहरू पूरा भयो भनी यकिन गर्नका लागि सहभागीहरूलाई तलका प्रश्नहरू सोध्नुहोस् ।<br>प्रश्न नं. १ः राष्ट्रिय लक्ष्य "समृद्ध नेपाल सुखी नेपाली" अन्तर्गत समृद्धि र सुखका गन्तव्यहरू के के हुन् ?<br>प्रश्न नं. २ः प्रदेशको दीर्घकालीन सौँच प्राप्त गर्नका लागि के के उद्देश्यहरू किटान गरिएको छ ?<br>प्रश्न नं. ३ः प्रदेश विकासका लागि संवाहकहरू के के हुन् ?<br>सहभागीहरूलाई उत्तरको लागि धन्यवाद दिँदै यस सत्रको मुख्य सन्देश प्रवाह गर्नुहोस् । | प्रश्नोत्तर | ५ मि. | |
| **(क्रियाकलाप : ६)** - यसपछि स्थानीय आर्थिक विकासको अवधारणामा छलफल गरिने जानकारी दिँदै सत्रको अन्त्य गर्नुहोस् ।<br>**अध्ययन सामग्री वितरण** | प्रवचन | ५ मि. | |

## जाँदा जाँदै *(Take Home Message)*

**राष्ट्रिय दीर्घकालीन सोँचः समृद्ध नेपाल सुखी नेपाली**

### समृद्धिका गन्तव्यहरु (४ ओटा)

१. मानव पुँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग
२. उच्च र दीगो उत्पादन तथा उत्पादकत्व
३. सर्वसुलभ आधुनिक पूर्वाधार एवम् सघन अन्तर आवद्धता
४. उच्च र समतामूलक राष्ट्रिय आय

### सुखका गन्तव्यहरु (६ ओटा)

१. परिस्कृत तथा मर्यादित जीवन
२. सुरक्षित सभ्य र न्यायपूर्ण समाज
३. स्वस्थ र सन्तुलित पर्यावरण
४. सुशासन
५. सवल लोकतन्त्र
६. राष्ट्रिय एकता, सुरक्षा र सम्मान

### प्रदेश समृद्धिका मुख्य संवाहकहरू

१. पर्यटन
२. ऊर्जा
३. कृषि
४. उद्योग
५. पूर्वाधार
६. मानव संसाधन विकास (शिक्षा र स्वास्थ्य)
७. सुशासन

### प्रदेश समृद्धिका पाँच मुख्य सहयोगी क्षेत्रहरू

१. प्राकृतिक सौन्दर्य
२. जैविक विविधता
३. सामाजिक विविधता बीच एकता
४. साँस्कृतिक सम्पन्नता, सहअस्तित्त्व र पहिचान
५. जनसाङ्ख्यिक लाभ

# सत्र योजना

| | | |
|---|---|---|
| प्रशिक्षणको नाम | स्थानीय आर्थिक विकास | |
| मोड्युल | विकास र विकास व्यवस्थापन | |
| सत्र | ४ | समय अवधि : ९० मिनेट |
| विषय/शीर्षक | स्थानीय आर्थिक विकासको अवधारणा | |

साधारण उद्देश्य :

यस सत्रको अन्त्यमा सहभागीहरूले स्थानीय आर्थिक विकासको अवधारणा व्याख्या गर्न सक्ने छन् ।

**निर्दिष्ट उद्देश्य :**

यस सत्रको अन्त्यमा सहभागीहरूले :

१. स्थानीय आर्थिक विकासलाई परिभाषित गर्न सक्ने छन् ।

२. स्थानीय आर्थिक विकासको महत्त्वको सूची तयार पार्न सक्ने छन् ।

**सत्रका मुख्य विषयवस्तु :**

१. आर्थिक विकासको अवधारणा

२. स्थानीय आर्थिक विकासको महत्त्व

## सिकाइ क्रियाकलाप योजना

| शिक्षण- सिकाइ क्रियाकलाप | प्रशिक्षण विधि | अवधि (मिनेट) | शिक्षण- सिकाइ सामग्री |
|---|---|---|---|
| **(क्रियाकलाप : १) – ध्यानाकर्षण**<br>■ स्थानीय आर्थिक विकासका गतिविधिहरू समेटिएका तस्वीरहरू देखाउनुहोस् ।<br>■ प्रस्तुत तस्वीरहरूले के देखाउँछ भनी सहभागीहरूलाई प्रश्न गर्नुहोस् ।<br>■ सहभागीहरूबाट आएका विचारहरूलाई जोड्दै यसले हाम्रो आर्थिक विकासको गतिविधिलाई देखाउँछ र संविधानको अनुसूची- ८ मा राखिएको स्थानीय तहको अधिकारको सूचीको सातौँ, दशौँ, पन्ध्रौँ र अठारौँ अधिकारहरू प्रत्यक्ष रूपमा स्थानीय आर्थिक विकाससँग सम्बन्धित रहेको जानकारी गराउँदै अब यसै विषयहरूमा छलफल गरिने जानकारी गराउनुहोस् । | छलफल | ५ मि. | स्थानीय आर्थिक विकास झल्कने तस्वीरहरू भएको पावरप्वाइन्ट सामग्री सत्र-४ |

| | | | |
|---|---|---|---|
| **(क्रियाकलाप : २) – स्थानीय आर्थिक विकासको अवधारणा र यसको महत्त्व**<br>■ “स्थानीय आर्थिक विकास” भन्नाले के बुझ्नु हुन्छ भनी खुल्ला प्रश्न राख्नुहोस् ।<br>■ सहभागीहरूबाट आएका विचारहरूलाई सेतोपाटीमा टिपोट गर्नुहोस् ।<br>■ साथै स्थानीय आर्थिक विकासको महत्त्व के के होला भनी प्रश्न राख्ने र आएका विचारहरूलाई पनि क्रमिक रूपमा टिपोट गर्नुहोस् ।<br>■ यस विषयमा सबैको समान बुझाइ हुनुपर्ने भएकोले विस्तृत छलफल गर्न लागिएको जानकारी गराउनुहोस् । | मस्तिष्क मन्थन | १० मि. | |
| **(क्रियाकलाप : ३) – स्थानीय आर्थिक विकासको अवधारणा र यसको महत्त्व – पावरप्वाइन्ट**<br>प्रस्तुतीकरण पावरप्वाइन्टको माध्यमबाट स्थानीय आर्थिक विकासको परिभाषा र महत्त्वलाई प्रस्तुत गर्नुहोस् । | लघु प्रवचन | २० मि. | स्थानीय आर्थिक विकासको परिभाषा, र महत्त्वको प्रस्तुति सामग्री सत्र-४ |
| **(क्रियाकलाप : ४) – आर्थिक विकासलाई टेवा पुऱ्याउने कार्यक्रमहरू**<br>■ राज्यले आर्थिक विकासमा प्रत्यक्ष टेवा पुऱ्याउने के कस्ता कार्यक्रमहरू सञ्चालन गरेको होला भनी सहभागीहरूबाट विचार लिनुहोस् ।<br>■ सहभागीहरूबाट आएका विचारहरूलाई जोड्दै राज्यबाट सञ्चालित आर्थिक कार्यक्रमहरूको जानकारी दिनुहोस् र स्थानीय तहमा के कस्ता आर्थिक क्रियाकलापहरू कार्यान्वयन भइरहेको छ भनी जानकारी आदानप्रदान गराउनुहोस् ।<br>■ प्रस्तुत विषयमा थप्नु वा प्रस्ट हुनुपर्ने केही भए राख्नका लागि सहभागीहरूलाई अनुरोध गर्नुहोस् । | मस्तिष्क मन्थन, छलफल | १० मि. | आर्थिक विकासलाई टेवा पुऱ्याउने कार्यक्रमहरू समेटिएको सामग्री सत्र-४ |

| | | | |
|---|---|---|---|
| **(क्रियाकलाप : ५) – आर्थिक विकासका लागि स्थानीय सरकारबाट हालसम्म कार्यान्वयन गरेका कार्यक्रमहरू**<br>▪ अब स्थानीय सरकारबले हालसम्म प्रत्यक्ष आर्थिक विकासको सन्दर्भमा के कस्ता कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ भनी सानो समूहमा छलफल गरिने जानकारी गराउनुहोस् ।<br>▪ सहभागीहरूलाई ४ समूहमा विभाजन गर्नुहोस् ।<br>▪ समूह छलफलको लागि १५ मिनेटको समय निर्धारण गर्नुहोस् ।<br>▪ चारवटै समूहलाई छलफलको निचोड ठुलो समूहमा प्रस्तुत गर्न लगाउनुहोस् ।<br>▪ सहभागीहरूबाट आएका प्रत्यक्ष स्थानीय आर्थिक विकास सम्बन्धी कार्यक्रमहरूलाई टिपोट गर्नुहोस् ।<br>▪ चारओटै समूहको प्रस्तुति पछि खुल्ला छलफल गराउनुहोस् ।<br>▪ टिपोटको आधारमा पालिकाले हालसम्म आर्थिक विकासको क्षेत्रमा गरेका प्रयास तथा क्रियाकलापहरूको सन्दर्भ जोड्दै, यस प्रकारको गतिविधि थप व्यवस्थित तथा नतिजामूलक बनाउनका लागि योजनाबद्ध रूपमा स्थानीय आर्थिक विकास गर्नुपर्ने पक्षमा जोड दिनुहोस् ।<br>▪ यस छलफलले स्थानीय आर्थिक विकासको खाका तयार गर्नका लागि सहयोग पुग्ने जानकारी गराउँदै **के यसले स्थानीय आर्थिक विकासमा सहयोग गरेको होला ? वा यस्ता कार्यक्रमहरूको अनुगमन र समीक्षा गर्ने गरिएको छ ?** भनी जिज्ञासा राख्नुहोस् ।<br>▪ आर्थिक विकास गर्न स्थानीय सरकारको भूमिका अहम हुने भएकाले यसका लागि स्थानीय सरकारको आर्थिक विकास समिति लगायत समग्र पालिका लागि पर्नुपर्ने जानकारी गराउनुहोस् ।<br>▪ प्रस्तुत विषयमा थप्नु वा प्रस्ट हुनुपर्ने केही भए राख्नका लागि सहभागीहरूलाई अनुरोध गर्नुहोस् । | सानो समूह छलफल र प्रस्तुति | ३० मि. | |

| | | | |
|---|---|---|---|
| **(क्रियाकलाप : ६) – सत्रको मूल्याङ्कन**<br>सत्रको उद्देश्यहरू पूरा भयो भनी यकिन गर्नका लागि सहभागीहरूलाई तलका प्रश्नहरू सोध्नुहोस् ।<br>प्रश्न नं. १: स्थानीय आर्थिक विकासको परिभाषा बताउनुहोस ।<br>प्रश्न नं.२: अहिलेको सन्दर्भमा स्थानीय आर्थिक विकासको महत्त्व के के होलान् ?<br>प्रश्न नं. ३: संविधानको कुन कुन हक अधिकारमा आर्थिक अधिकार सुनिश्चित गरिएको छ ?<br>प्रश्न नं. ४: संविधानको अनुसूची-८ मा रहेका स्थानीय सरकारको अधिकारहरू मध्ये कुन कुन अधिकार स्थानीय आर्थिक विकाससँग बढी सम्बन्धित छन् ?<br>सहभागीहरूलाई उत्तरको लागि धन्यवाद दिँदै यस सत्रको मुख्य सन्देश प्रवाह गर्नुहोस् । | प्रश्नोत्तर | ५ मि. | |
| **(क्रियाकलाप : ७) - सङ्क्षेपीकरण**<br>यसपछि पहिलो दिनको समग्र समीक्षा गर्नुहोस् र छलफललाई अझ प्रभावकारी बनाउनका लागि सहभागीहरूबाट सुझाव लिँदै पहिलो दिनको संयोजकलाई आफ्नो भनाइसहित समापनका लागि अनुरोध गर्नुहोस् ।<br>**अध्ययन सामग्री वितरण** | लघु प्रवचन | १० मि. | |

## सहजकर्तालाई सुझाव

१. दैनिक समीक्षाको लागि मुड चार्ट वा सहभागीहरू सबैसँग एन्ड्रोइड मोबाइल भएमा मेन्टीमिटरबाट प्रत्यक्ष दैनिक मूल्याङ्कन गर्न सकिन्छ ।

२. सत्रमा भएको छलफलको सारांशको रूपमा “जाँदा जाँदै (Take Home Message)” मा दिइएको सन्देशलाई प्रस्तुत गर्नुहोस् । यो प्रस्तुत गर्दा सहभागीले यी विषयवस्तु लामो अवधिसम्म सम्झिऊन् र व्यवहारमा नै लागु गरून् भन्ने उद्देश्यले अलि चुनौतिपूर्ण भाषाको प्रयोग गर्नुहोस् ।

३. सङ्घीय र प्रादेशिक सरकारका आर्थिक विकास केन्द्रित कार्यक्रमहरूको अद्यावधिक विवरण जानकारी लिएर प्रस्तुत गर्नुहोस् ।

## जाँदा जाँदै *(Take Home Message)*

- संविधानको प्रस्तावना : आर्थिक समानता, समृद्धि, सामाजिक न्याय, समतामूलक समाज समाजवाद उन्मुख समृद्ध राष्ट्र निर्माण,
- मौलिक हक अन्तर्गत धारा १८ : राज्यले नागरिक बीच धर्म, वर्ण, जातजाति, लिङ्ग, आर्थिक विकासलगायत कुनै आधारमा भेदभाव नगर्ने,
- संविधानको अनुसूची - ८ मा रहेको सातौँ, दशौँ, पन्ध्रौँ र अठारौँ अधिकारहरू प्रत्यक्ष रूपमा स्थानीय आर्थिक विकाससँग सम्बन्धित रहेको,
- स्थानीय आर्थिक विकास एउटा रणनैतिक पद्दति हो जसले कुनै निश्चित क्षेत्र वा भूगोलमा आधारित भएर स्थानीय समुदायको स्वामित्व र व्यवस्थापनमा रोजगारीको सिर्जना र आर्थिक वृद्धिको काम गर्दछ ।
- स्थानीय आर्थिक विकास भनेको स्थानीय समुदायको संलग्नतामा स्थानीय स्रोतको अधिकतम उपयोग गरी रोजगारीको सिर्जना गर्दै महिला र पुरूष दुवैको जीवनस्तरमा गुणात्मक सुधार ल्याउने एक रणनीति हो ।
- स्थानीय आर्थिक विकास केवल आर्थिक वृद्धिमा मात्र सीमित छैन, यो त न्यायपूर्ण समाज निर्माणको आधार हो ।

## सङ्क्षेपीकरण

- आज दिनभरि के के विषयहरूमा छलफल भयो भनी सहभागीहरूलाई भन्न लगाउनुहोस् ।
- सहभागीहरूले कुनै विषय छुटाएमा सम्झाइदिनुहोस् ।
- दिनभरि भएका छलफलका आधारमा सम्झिनै पर्ने मुख्य मुख्य बुँदाहरू भन्नुहोस् ।

## पहिलो दिनको छलफलका मुख्य मुख्य बुँदाहरु

- कुनै पनि व्यक्ति तथा समाजका आर्थिक, भौतिक, सामाजिक, राजनीतिक तथा मानसिक अवस्थामा आउने क्रमिक र सकारात्मक परिवर्तनको अवस्थालाई विकास भन्न सकिन्छ ।
- मानवीय प्रयासबाट व्यक्ति र समाजमा आर्थिक, भौतिक, सामाजिक, तथा सांस्कृतिक क्षेत्रमा ल्याइने सकारात्मक परिवर्तन नै "विकास" हो । यो निरन्तर चलिरहने समष्टिगत र सकारात्मक परिवर्तनको प्रक्रिया हो ।
- स्थानीय आर्थिक विकास भनेको स्थानीय समुदायको संलग्नतामा स्थानीय स्रोतको अधिकतम उपयोग गरी रोजगारीको सिर्जना गर्दै महिला र पुरूष दुवैको जीवनस्तरमा गुणात्मक सुधार ल्याउने एक रणनीति हो ।
- स्थानीय आर्थिक विकास केवल आर्थिक वृद्धिमा मात्र सीमित छैन, यो त न्यायपूर्ण समाज निर्माणको आधार हो ।
- राष्ट्रिय दीर्घकालीन सोँचः "समृद्ध नेपाल सुखी नेपाली" हो भने यसका समृद्धिमा ४ ओटा र सुखका ६ ओटा गन्तव्यहरू निर्धारण गरिएको,
- संविधानको प्रस्तावनामा आर्थिक समानता, समृद्धि, सामाजिक न्याय, समतामूलक समाज उन्मुख समृद्ध राष्ट्र निर्माण गर्ने विषय उल्लेख गरिएको,
- मौलिक हक अन्तर्गत धारा १८ मा राज्यले नागरिक बीच धर्म, वर्ण, जातजाति, लिङ्ग, आर्थिक विकास लगायत कुनै आधारमा भेदभाव नगर्ने भनेको,
- संविधानको अनुसूची-८ मा रहेको सातौं, दशौं, पन्ध्रौं र अठारौं अधिकारहरू प्रत्यक्ष रूपमा स्थानीय आर्थिक विकाससँग सम्बन्धित रहेको ।

# सत्र योजना

| | | |
|---|---|---|
| प्रशिक्षणको नाम | स्थानीय आर्थिक विकास | |
| मोड्युल | विकास र विकास व्यवस्थापन | |
| सत्र नं. | ५ (क) | समय अवधि : ५० मिनेट |
| विषय/शीर्षक | उद्यम र उद्यमशीलता | |

**साधारण उद्देश्य :**

यस सत्रको अन्त्यमा सहभागीहरूले उद्यम र उद्यमशीलताको बारेमा बताउन सक्ने छन् ।

**निर्दिष्ट उद्देश्यहरू :**

यस सत्रको अन्त्यमा सहभागीहरूलेः

१. उद्यमको व्यावहारिक परिभाषा बताउन सक्ने छन् ।

२. उद्यमको ५ ओटा महत्त्वको सूची तयार पार्न सक्ने छन् ।

३. उद्यमशीलताको परिभाषा बताउन सक्ने छन् ।

४. सफल उद्यमीमा हुनुपर्ने ७ ओटा गुणहरूको सूची तयार गर्न सक्ने छन् ।

**सत्रका मुख्य विषयवस्तु :**

१. उद्यम

२. उद्यमशीलता

## सिकाइ क्रियाकलाप योजना

| शिक्षण- सिकाइ क्रियाकलाप | प्रशिक्षण विधि | अवधि (मिनेट) | शिक्षण- सिकाइ सामग्री |
|---|---|---|---|
| **(क्रियाकलाप : १) – ध्यानाकर्षण**<br>■ गुणरत्नमालाबाट साभार गरिएको तलको भनाइबाट सत्र सुरू गर्नुहोस् ।<br>**थालौँलानि बखत छँदै छ भनिक्यै भाखा नराख्ने गर ।**<br>**पुग्दैनन गरूडै पनि नउडिता त्यै पाँच वित्तै पर ॥**<br>**कहिले सक्नु ठुलो छ काम भनिक्यै मान्दै नमान्नु डर ।**<br>**पुग्छन् हेर हिँडिरहेर कमिला हज्जार कोषै पर ॥**<br>■ प्रस्तुत श्लोकको सार के होला भनी सहभागीहरूबाट विचार प्रस्तुत गर्नका लागि अनुरोध गर्नुहोस् ।<br>■ सहभागीहरूबाट आएका विचारहरूलाई समेट्दै कुनै पनि नयाँ वा सिर्जनशील काम सुरूवात गर्न समय कुर्नु पर्दैन । साथै निरन्तर लागि पर्नाले सफलता निश्चित छ भन्ने कुरालाई जोड्दै विचारका लागि सहभागीहरूलाई धन्यवाद दिनुहोस् । | आदर्श वाक्यको प्रस्तुति, व्याख्या र छलफल | ५ मि. | |

| | | | |
|---|---|---|---|
| ▪ जसरी सफलता प्राप्त गर्नका लागि निरन्तर लागि रहनु पर्दछ, यसैगरी स्थानीय आर्थिक विकासको लागि स्थानीय समुदायका प्रत्येक व्यक्ति उद्यमी बनी निरन्तर लागीपरेमा पक्कै पनि आर्थिक उन्नति र समृद्धि सम्भव छ भन्ने कुरालाई राख्दै अब व्यवसाय र यसको योजनाको सन्दर्भमा छलफल गरिने जानकारी गराउनुहोस् । | | | |
| **(क्रियाकलाप : २) – उद्यम/व्यवसायको अवधारणा र महत्त्व**<br>▪ सहभागीहरूलाई व्यवसाय भन्नाले के बुझ्नु हुन्छ भनी खुल्ला प्रश्न राख्नुहोस् ।<br>▪ सहभागीहरूबाट आएका विचारहरूलाई समेट्दै व्यवसायको परिभाषा पावरप्वाइन्टको माध्यमबाट प्रस्तुत गर्नुहोस् ।<br>▪ निर्वाहमुखी उत्पादनलाई व्यावसायिक बनाउनका लागि यससँग सम्बन्धित विषयमा जानकार हुनुपर्ने विषयलाई जोड्नुहोस् ।<br>▪ निर्वाहमुखी र व्यावसायिक उत्पादन झल्किने फोटोहरू प्रस्तुत गर्नुहोस् ।<br>▪ यसपछि उद्यम व्यवसायको महत्त्व के के होला भनी छलफल गर्दै महत्त्वका बुँदाहरू प्रस्तुत गर्नुहोस् ।<br>▪ प्रस्तुत विषयमा थप्नु वा प्रस्ट हुनुपर्ने केही भए राख्नका लागि सहभागीहरूलाई अनुरोध गर्नुहोस् । | मस्तिष्क मन्थन, लघु प्रवचन | १५ मि. | प्रस्तुति सामग्री सत्र-५(क) |
| **(क्रियाकलाप : ३) – उद्यम व्यवसायका प्रकारहरू**<br>▪ हामीले देखेको वा सञ्चालन गरेको उद्यम वा व्यवसायलाई कसरी वर्गीकरण गरिएको होला भनी खुल्ला प्रश्न राख्नुहोस् ।<br>▪ सहभागीहरूबाट आएको विचारहरूलाई समेटदै उद्यमलाई लगानी, प्रकृति र स्वामित्वको आधारमा वर्गीकरण गरिएको जानकारी गराउँदै प्रस्तुति गर्नुहोस् ।<br>▪ प्रस्तुतिको क्रममा स्थानीय तहबाट कुनै उद्यम व्यवसाय प्रवर्धनसम्बन्धी नीति कानुन वा कार्यक्रम बनेको छ भने अनुभव आदानप्रदान गर्नका लागि सहभागीहरूलाई अनुरोध गर्नुहोस् । स्थानीय अभ्यासलाई महत्त्व दिनुहोस् । | मस्तिष्क मन्थन, छलफल<br><br>लघु प्रवचन | १० मि. | |

| | | | |
|---|---|---|---|
| **(क्रियाकलाप : ४) – सफल उद्यमी/व्यवसायीका गुणहरू**<br>एउटा सफल उद्यमी वा व्यवसायीमा के के गुणहरू हुन जरूरी होला भनी सहभागीहरू माझ खुल्ला प्रश्न राख्नुहोस् ।<br>■ सहभागीहरूबाट आएका विचारलाई सम्मान गर्दै मेटाकार्डमा लेखिएको वा पावरप्वाइन्टमा तयार गरिएको गुणहरू प्रस्तुत गर्दै प्रत्येक गुणहरूको छोटो व्याख्या गर्नुहोस् । | मस्तिष्क मन्थन, लघु प्रवचन | १० मि. | |
| **(क्रियाकलाप : ५) – सत्रको मूल्याङ्कन**<br>सत्रको उद्देश्यहरू पूरा भयो भनी यकिन गर्नका लागि सहभागीहरूलाई तलका प्रश्नहरू सोध्नुहोस् ।<br>प्रश्न नं. १: उद्यम वा व्यवसाय भनेको के होला ?<br>प्रश्न नं. २: सफल उद्यमीमा हुनुपर्ने गुणहरू के के होलान् ?<br>प्रश्न नं. ३: उद्यम वा व्यवसायलाई के के को आधारमा वर्गीकरण गर्ने गरिन्छ ?<br>सहभागीहरूलाई उत्तरको लागि धन्यवाद दिँदै यस सत्रको मुख्य सन्देश प्रवाह गर्नुहोस् । | प्रश्नोत्तर | ५ मि. | |
| **(क्रियाकलाप : ६)** - यस सत्रमा छलफल गरिएका विषयमा प्रस्ट पार्नुपर्ने केही छ भने राख्नका लागि सहभागीहरूलाई अनुरोध गर्नुहोस् ।<br>सहभागीबाट कुनै विषयमा अन्यौलता भए प्रस्ट पार्दै यसपछि अर्को महत्त्वपूर्ण विषय व्यावसायिक योजना रहेको जानकारी गराउँदै यस सत्रलाई अन्त्य गर्नुहोस् ।<br>**अध्ययन सामग्री वितरण** | प्रवचन | ५ मि. | |

### जाँदा जाँदै *(Take Home Message)*

- नाफा गर्ने उद्देश्य राखी पूरै समय रोजगार भएर आफै वा कामदारहरू राखी व्यवस्थित रूपमा वस्तु उत्पादन तथा सेवामूलक काम गर्ने कार्यलाई व्यवसायमुखी उत्पादन भनिन्छ ।
- व्यवसाय भनेको ग्राहकलाई सन्तुष्टि प्रदान गरी नाफाआर्जन गर्नका लागि गरिने सम्पूर्ण व्यापारिक तथा औद्योगिक क्रियाकलाप हो ।
- स्थानीय स्तरमा पाइने स्रोत र साधनहरूको अधिकतम प्रयोग गरी आवश्यकताअनुसार लगानीमा नाफा कमाउने उद्देश्यले ग्राहकको आवश्यकतालाई ध्यानमा राखी वस्तु वा सेवा निरन्तर रूपमा उपलब्ध गराउने व्यवसायलाई लघुउद्यम भनिन्छ ।
- उद्यम गर्ने व्यक्तिलाई उद्यमी भनिन्छ । उद्यमशीलता भन्नाले उद्यम गर्ने व्यक्तिमा हुनुपर्ने सिप, दक्षता र क्षमता बुझिन्छ । यसका साथै त्यस व्यक्तिमा उत्साह, जाँगर, तत्परता, लगनशीलता र धैर्यता जस्ता उद्यमशीलताका गुणहरू हुनुपर्छ ।

# सत्र योजना

| | | |
|---|---|---|
| प्रशिक्षणको नाम | स्थानीय आर्थिक विकास | |
| मोड्युल | विकास र विकास व्यवस्थापन | |
| सत्र | ५ (ख) | समय अवधिः ४० मिनेट |
| विषय/शीर्षक | व्यावसायिक योजना | |

**साधारण उद्देश्य :**

यस सत्रको अन्त्यमा सहभागीहरूले व्यावसायिक योजना तयार गर्न सहयोग गर्न सक्षम हुने छन् ।

**निर्दिष्ट उद्देश्यहरू :**

यस सत्रको अन्त्यमा सहभागीहरूः

१. व्यावसायिक योजनाको अवधारणा र आवश्यकता बताउन सक्ने छन् ।

२. व्यावसायिक योजना तयार गर्न सहयोग गर्न सक्ने छन् ।

**सत्रका मुख्य विषयवस्तु :**

१. व्यावसायिक योजनाको अवधारणा

२. व्यावसायिक योजनाको खाका

## सिकाइ क्रियाकलाप योजना

| शिक्षण-सिकाइ क्रियाकलाप | प्रशिक्षण विधि | अवधि (मिनेट) | शिक्षण-सिकाइ सामग्री |
|---|---|---|---|
| **(क्रियाकलाप : १) - ध्यानाकर्षण**<br>▪ पावरप्वाइन्टको माध्यमबाट एउटा बाह्य व्यक्ति र गाउँलेबीच म कुन बाटो जाउँ भन्ने वार्तालाप भएको स्लाइड प्रस्तुत गर्दै सहभागीहरूको ध्यान आकर्षण गराउनुहोस् ।<br>▪ यसबाट योजनाको महत्त्व झल्काउँदै अब व्यावसायिक योजनाको विषयमा छलफल गरिने जानकारी गराउनुहोस् । | चित्र छलफल | ५ मि. | |
| **(क्रियाकलाप : २) - व्यावसायिक योजनाको अवधारणा र महत्त्व**<br>▪ सहभागीहरू बीच छलफललाई अगाडि बढाउँदै व्यावसायिक योजना भन्नाले के बुझ्नु हुन्छ भनी खुल्ला प्रश्न राख्नुहोस् ।<br>▪ सहभागीहरूबाट आएका विचारहरूलाई समेट्दै व्यावसायिक योजनाको परिभाषा भएको पावरप्वाइन्ट प्रस्तुत गर्नुहोस् ।<br>▪ प्रस्तुतिको क्रममा सहभागीहरूको विचार पनि लिँदै छलफललाई सहभागीमूलक बनाउनुहोस् । | मस्तिष्क मन्थन, लघु प्रवचन | १५ मि. | प्रस्तुति सामग्री सत्र-५(ख) |

| | | | |
|---|---|---|---|
| ■ यसपछि व्यावसायिक योजनाको आवश्यकता वा किन बनाउनुपर्छ होला भनी छलफल गर्दै महत्त्वका बुँदाहरू प्रस्तुत गर्नुहोस् ।<br>■ प्रस्तुत विषयमा थप्नु वा प्रस्ट हुनुपर्ने केही भए राख्नका लागि सहभागीहरूलाई अनुरोध गर्नुहोस् । | | | |
| **(क्रियाकलाप : ३) – व्यावसायिक योजनाको ढाँचा**<br>■ एउटा व्यावसायिक योजनामा के के विषयहरू समेटिनुपर्दछ होला भनी सहभागीहरूलाई विचार राख्न प्रोत्साहित गर्नुहोस् ।<br>■ सहभागीहरूबाट आएका विचारहरूलाई जोड्दै व्यावसायिक योजनामा समावेश गरिने विषयवस्तुहरू र यसमा समेटिने कुराहरूलाई व्याख्या गर्दै अन्तरक्रियात्मक छलफल चलाउनुहोस् । | मस्तिष्क मन्थन, लघु प्रवचन | १० मि. | |
| **(क्रियाकलाप : ४) – सत्रको मूल्याङ्कन**<br>सत्रको उद्देश्यहरू पूरा भयो भनी यकिन गर्नका लागि सहभागीहरूलाई तलका प्रश्नहरू सोध्नुहोस् ।<br>प्रश्न नं. १: व्यावसायिक योजना किन बनाउनुपर्दछ ?<br>प्रश्न नं. २: व्यावसायिक योजनामा समेटिनुपर्ने मुख्य विषयहरू के के होलान् ?<br>सहभागीहरूलाई उत्तरको लागि धन्यवाद दिँदै यस सत्रको मुख्य सन्देश प्रवाह गर्नुहोस् । | प्रश्नोत्तर | ५ मि. | |
| **(क्रियाकलाप : ५)** – दोस्रो दिनमा छलफल गरिएका समग्र विषयहरूको एक झलक प्रस्तुत गर्नुहोस् । दिनभरिको छलफलमा प्रस्ट पार्नुपर्ने केही छ भने राख्नका लागि सहभागीहरूलाई अनुरोध गर्नुहोस् । सहभागीबाट कुनै विषयमा अन्यौलता भए प्रस्ट पार्दै दोस्रो दिन कस्तो रह्यो भनी मुड चार्टको माध्यमबाट दैनिक समीक्षा गराउनुहोस् ।<br>**अध्ययन सामग्री वितरण** | प्रवचन | ५ मि. | |

## जाँदा जाँदै *(Take Home Message)*

- व्यवसायको सम्भाव्यता अध्ययन गरी उक्त व्यवसाय गर्ने निधो गरेपछि त्यस व्यवसायको लागि रुपरेखा अर्थात योजना तयार गर्नुपर्छ । कुनै पनि व्यवसायको लागि नाफामूलक सोँचाइ राखी त्यसको रुपरेखा बनाइन्छ भने त्यसलाई व्यावसायिक योजना भनिन्छ । यसरी योजनाबद्ध व्यवसाय गर्दा कति पुँजी लगानी गर्ने ? कति उत्पादन गर्ने ? कहाँ लगेर बेच्ने ? जस्ता सबै कुराहरूमा योजनाबद्ध रूपमा काम गर्न सकिन्छ ।

# सत्र योजना

| | | |
|---|---|---|
| प्रशिक्षणको नाम | स्थानीय आर्थिक विकास | |
| मोड्युल | स्थानीय आर्थिक विकास योजना | |
| सत्र | ६ | समय अवधिः ९० मिनेट |
| विषय/शीर्षक | स्थानीय आर्थिक विकास योजनाको अवधारणा, महत्त्व र चरणहरू, स्थानीय आर्थिक विकासका लागि वर्तमान अवस्था विश्लेषण र प्रमुख क्षेत्रहरू पहिचान | |

**साधारण उद्देश्य :**

यस सत्रको अन्त्यमा सहभागीहरूले स्थानीय आर्थिक विकास योजनाका बारेमा बताउन सक्ने छन् ।

**निर्दिष्ट उद्देश्य :**

यस सत्रको अन्त्यमा सहभागीहरूले :

१. स्थानीय आर्थिक विकास योजनाको अवधारणा व्याख्या गर्न सक्ने छन् ।

२. स्थानीय आर्थिक विकास योजना तर्जुमा प्रक्रिया बताउन सक्ने छन् ।

३. स्थानीय आर्थिक विकास योजनाका चरणहरूको सूची तयार पार्न सक्ने छन् ।

४. स्थानीय आर्थिक विकासका वर्तमान अवस्था विश्लेषण गर्न सक्ने छन् ।

५. स्थानीय आर्थिक विकासका सम्भावित आर्थिक क्रियाकलाप पहिचान गर्न सक्ने छन् ।

**सत्रका मुख्य विषयवस्तु :**

१. स्थानीय आर्थिक विकास योजनाको अवधारणा

२. स्थानीय आर्थिक विकास योजना प्रक्रिया

३. स्थानीय आर्थिक विकास योजनाका चरण

४. स्थानीय आर्थिक विकासका वर्तमान अवस्था विश्लेषण

५. स्थानीय आर्थिक विकासका सम्भावित आर्थिक क्रियाकलाप पहिचान

## सिकाइ क्रियाकलाप योजना

| शिक्षण- सिकाइ क्रियाकलाप | प्रशिक्षण विधि | अवधि (मिनेट) | शिक्षण- सिकाइ सामग्री |
|---|---|---|---|
| **(क्रियाकलाप : १) पहिलो दिनको पुनरावलोकन**<br>▪ पहिलो दिनको संयोजकलाई हिजो दिनभरिको क्रियाकलापहरूको प्रतिवेदन तथा समीक्षा प्रस्तुति कार्य गर्नका लागि समय दिनुहोस ।<br>▪ हिजो दिनभरि भएका छलफलका आधारमा सम्झिनै पर्ने मुख्य मुख्य बुँदाहरू फेरि पनि भन्नुहोस् ।<br>▪ कुनै विषयवस्तुमा अलमल वा थप प्रस्ट पार्नुपर्ने भए प्रस्ट पारी दिनुहोस् ।<br>▪ प्रशिक्षणको दोस्रो दिनको छलफल गरिने विषयवस्तुहरूको जानकारी दिनुहोस् । | प्रस्तुति, खुला छलफल | १५ मि. | |

| | | | |
|---|---|---|---|
| **(क्रियाकलाप : २) – स्थानीय आर्थिक विकास योजनाको अवधारणा**<br>▪ पुनरावलोकन पश्चात् सहभागीहरूको ध्यानाकर्षण गर्नका लागि कुनै सान्दर्भिक फोटो, पोस्टर, गित, भिडियो, कविता वा आदर्श वाक्यबाट सुरू गर्नुहोस् ।<br>▪ सहभाागीहरूलाई योजना भन्नाले के बुझ्नु हुन्छ भनी खुल्ला प्रश्न गर्नुहोस् ।<br>▪ सहभागीहरूबाट आएका उत्तरहरू टिपोट गर्नुहोस् ।<br>▪ उत्तरहरूलाई सन्दर्भ मिलाउँदै प्रस्तुति सामग्रीको सहयोगमा योजनाको अवधारणा, योजना चक्र तथा स्थानीय आर्थिक विकास योजनाका चरणहरू क्रमैसँग प्रस्तुत गर्नुहोस् ।<br>▪ प्रस्तुत गरिएका विषयमा सहभागीहरूलाई आफ्ना विचार राख्न लगाउनुहोस् ।<br>▪ सहभागीबाट आएका विचार र प्रस्तुतिको आधारमा निचोड प्रस्तुत गर्नुहोस् । | खुल्ला छलफल<br><br>प्रस्तुति | १५ मि. | स्थानीय आर्थिक विकास योजनाको अवधारणा, महत्त्व र चरणहरू समेटिएको प्रस्तुति सामग्री सत्र-६ |
| **(क्रियाकलाप : ३) – स्थानीय आर्थिक विकासका लागि अवस्था विश्लेषण**<br>▪ स्थानीय आर्थिक विकास कार्यलाई अगाडि बढाउनुअघि हामीलाई यसको सन्दर्भमा अहिलेको अवस्था के छ भनी थाहा पाउन जरूरी हुन्छ र यसको विश्लेषण गर्नुपर्दछ भनी सत्रको पृष्ठभूमि बताउनुहोस् ।<br>▪ अवस्था विश्लेषणको महत्त्व दर्शाउनका लागि माझीले डुङ्गा खियाएको कथा सुनाउनुहोस् ।<br>▪ यस कथाले हामीलाई अवस्था विश्लेषण नगरी काम गर्दा समय, स्रोत र परिश्रम खेर जाने पाठ सिकाएको भन्दै अब स्थानीय आर्थिक विकासको सन्दर्भमा हाम्रो अवस्था के छ भनी थाहा पाउन जरूरी हुने जानकारी गराउनुहोस् ।<br>▪ अवस्था विश्लेषणका लागि प्रयोग गर्न सकिने चेकलिस्ट प्रस्तुत गर्नुहोस् । | कथा वाचन | १० मि. | |

| | | | |
|---|---|---|---|
| **(क्रियाकलाप : ४) – स्थानीय आर्थिक विकासको वर्तमान अवस्था विश्लेषण तथा सम्भावित आर्थिक क्रियाकलापहरुको पहिचान**<br>▪ सहभागीहरूलाई वडाअनुसारको साना समूहमा विभाजन गर्नुहोस् ।<br>▪ वडास्तरमा सञ्चालन भइरहेका तथा हुन सक्ने आर्थिक क्रियाकलापहरूको बारेमा छलफल गरेर ब्राउनपेपरमा कम्तीमा १० ओटाको सूची तयार गर्न लगाउनुहोस् ।<br>▪ छलफल सकिए पछि, प्रत्येक समूहलाई आफूले तयार गरेको सूची हलको विभिन्न स्थानमा टाँस्न लगाउनुहोस् ।<br>▪ ग्यालरीवाक विधिअनुसार छलफल गराउनुहोस् ।<br>▪ ग्यालरीवाक विधिबाट आएका सल्लाह/सुझावसमेत समेटर सो सूचीलाई अन्तिम रूप दिन लगाउनुहोस् ।<br>▪ यस क्रियाकलापबाट आएको क्रियाकलापहरूलाई अर्को सत्रमा प्राथमिकीकरण गरिने भएकोले सुरक्षित राख्नुपर्ने जानकारी दिनुहोस् ।<br>▪ समूह कार्यको लागि ४० मिनेट समय निर्धारण भएको कुरा जानकारी गराउनुहोस् । | मस्तिष्क मन्थन, समूह अभ्यास प्रस्तुति | ४० मि. | |
| **(क्रियाकलाप : ५) – सत्रको मूल्याङ्कन**<br>सत्रको उद्देश्यहरू पूरा भयो भनी यकिन गर्नका लागि सहभागीहरूलाई तलका प्रश्नहरू सोध्नुहोस् :<br>प्रश्न नं. १: स्थानीय आर्थिक विकास योजना तर्जुमाका चरणहरू बताउनुहोस् ।<br>प्रश्न नं. २: अवस्था विश्लेषण गर्दा हेरिने विषयहरू के के हुन् ?<br>सहभागीहरूलाई उत्तरको लागि धन्यवाद दिँदै यस सत्रको मुख्य सन्देश प्रवाह गर्नुहोस् । | प्रश्नोत्तर | ५ मि. | |
| **(क्रियाकलाप : ६)** - यसपछि स्थानीय आर्थिक विकासको मुख्य क्षेत्रहरूको प्राथमिकता निर्धारण गर्ने तरीकाको विषयमा छलफल गरिने जानकारी गराउँदै यस सत्रको अन्त्य गर्नुहोस् ।<br>**अध्ययन सामग्री वितरण** | प्रवचन | ५ मि. | |

## सन्दर्भ सामग्री – कथा

एउटा माझी आफ्नो डुङ्गा खियाएर आफ्नो जीवनयापन गर्दै थियो र उसको घर पारी गाउँ जहाँ पुग्न डुङ्गा खियाएर एक घण्टा लाग्थ्यो । एक दिन आफ्नो काम सकेर हतार हतार घर जानलाई आफ्नो डुङ्गा खियाउन लाग्यो । तीनचार घण्टासम्म डुङ्गा खियाउँदा पनि आफनो घर नपुगेपछि झन्नै मच्ची मच्ची डुङ्गा खियाउन लाग्यो । तर पनि घर नपुगेपछि यसो पछाडि हेरेको त जहींको तहीं रहेछ । माझीले आफ्नो डुङ्गा खियाउन अघि डुङ्गा बाँधेको डोरी नै नखोली डुङ्गा चलाएको रहेछ र माझीले दिक्क मान्दै अहिलेसम्मको आफ्नो परिश्रम र समय खेर गएकोमा आफैलाई धिक्कारेको थियो ।)

(साभार- दृष्टान्त महासागर)

### सहजकर्तालाई सुझाव

१. आर्थिक क्रियाकलापहरूको पहिचानको लागि पालिकाले पहिले नै तयार गरेको भएमा सो कुरालाई आधार मानेर छलफल गराउने । यदि त्यस प्रकारको कार्य गरिएको छैन भने, पालिकाले तयार पारेको पार्श्वचित्र, आवधिक योजना वा विषयगत योजनालाई आधार लिने । सो योजनामा नसमेटिएका विषयवस्तु पहिचान गर्न लगाउने ।

### जाँदा जाँदै *(Take Home Message)*

- स्थानीय आर्थिक विकासको अवस्था विश्लेषण गर्दा आर्थिक र सामाजिक महत्त्वपूर्ण पक्षहरू हुन् र यसको सन्दर्भमा अवस्था के छ भन्ने जानकार भएमा मात्र स्थानीय आर्थिक विकासका गतिविधि प्रभावकारी बनाउन सकिन्छ ।
- आर्थिक समाजिक पक्षको विश्लेषण गर्दा स्थानीय तह, प्रदेश र सङ्घीय तहबिचको तुलनात्मक अवस्था हेर्न जरूरी हुन्छ ।

# सत्र योजना

| | | |
|---|---|---|
| प्रशिक्षणको नाम | स्थानीय आर्थिक विकास | |
| मोड्युल | स्थानीय आर्थिक विकास योजना | |
| सत्र नं. | ७ (क) | समय अवधिः ३० मिनेट |
| विषय/शीर्षक | सरोकारवालाको पहिचान र विश्लेषण | |

**साधारण उद्देश्य :**

यस सत्रको अन्त्यमा सहभागीहरूले स्थानीय तहमा रहेका स्थानीय आर्थिक विकाससँग सम्बन्धित सरोकारवालाहरूको पहिचान तथा विश्लेषण गर्न सक्ने छन् ।

**निर्दिष्ट उद्देश्य :**

यस सत्रको अन्त्यमा सहभागीहरू :

१. स्थानीय तहमा आर्थिक विकासमा सहयोग गर्न सक्ने सम्भावित सरोकारवालाहरूको सूची तयार पार्न सक्ने छन् ।

२. आर्थिक विकासका क्रियाकलापहरूमा सरोकारवालाहरूले हाल उपलब्ध गराइरहेका सेवा/सुविधाको सूची तयार गर्न सक्ने छन् ।

**सत्रका मुख्य विषयवस्तु**

१. स्थानीय तहमा सम्भावित सरोकारवालाहरूको पहिचान

२. सरोकारवालहरूको विश्लेषण

## सिकाइ क्रियाकलाप योजना

| शिक्षण- सिकाइ क्रियाकलाप | प्रशिक्षण विधि | अवधि (मिनेट) | शिक्षण- सिकाइ सामग्री |
|---|---|---|---|
| **(क्रियाकलाप : १) - सरोकारवाला पहिचान र विश्लेषण**<br>■ सबै सहभागीलाई मेटाकार्ड र मार्कर वितरण गर्नुहोस् ।<br>■ स्थानीय आर्थिक विकासका सरोकारवालाहरूको को हुन सक्छन् ? भनी प्रश्न राख्नुहोस् ।<br>■ एउटा कार्डमा एउटा सरोकारवाला संस्था वा व्यक्तिको नाम लेख्नका लागि अनुरोध गर्नुहोस् ।<br>■ सहभागीहरूले लेखिसके पछि क्रमैसँग भन्न लगाउँदै मेटाकार्ड सङ्कलन गर्नुहोस् ।<br>■ संकलित मेटाकार्ड समान प्रकृतिका कार्ड मिलाउँदै पिनबोर्डमा टाँस्दै जानुहोस् ।<br>■ सहभागीले भनेका संस्था वा व्यक्ति सरोकारवाला नहुन पनि सक्दछन्, त्यस्तोलाई सहभागीसँग थप छलफल गरेर हटाउनुहोस् । | मस्तिष्क मन्थन | २० मि. | सरोकारवालाको पहिचान र विश्लेषण समेटिएको प्रस्तुति सामग्री सत्र-७ (क) |

| | | | |
|---|---|---|---|
| ▪ सहभागीले भन्न छुटाएका केही महत्त्वपूर्ण सरोकारवाला भएमा थप्नुहोस् ।<br>▪ त्यसपछि ती छनौट भएका सरोकारवालाहरूले खेल्ने भूमिकाअनुसार अलग अलग टाँस्दै खुल्ला छलफल गराउनुहोस् ।<br>▪ विभिन्न सरोकारवालाले खेल्ने भूमिकाहरू पहिले नै मेटाकार्डमा लेखी तयारी अवस्थामा राख्नुहोस् ।<br>▪ यसरी छलफल गरिएका सबै बुँदाहरू टिपोट गर्नुहोस् ।<br>▪ यो छलफलको निचोड स्थानीय आर्थिक विकास योजना तर्जुमा गर्नका लागि सहयोगी हुने कुरा बताउँदै छलफल अन्त्य गर्नुहोस् । | | | |
| **(क्रियाकलाप : २) – सत्रको मूल्याङ्कन**<br>सत्रको यस खण्डको उद्देश्यहरू पूरा भए भनी यकिन गर्नका लागि सहभागीहरूलाई तलका प्रश्नहरू सोध्नुहोस्ः<br>प्रश्न नं. १ः हाम्रो स्थानीय तहमा आर्थिक विकासका लागि मुख्य मुख्य सरोकारवालाहरू को को रहेछन् ?<br>प्रश्न नं. २ः सरोकारवाला विश्लेषणबाट आएका जानकारीहरू के का लागि उपयोगी हुन सक्छ ? कुनै ३ ओटा बताउनुहोस् ।<br>सहभागीहरूलाई उत्तरको लागि धन्यवाद दिँदै यस सत्रको यस खण्डको मुख्य सन्देश प्रवाह गर्नुहोस् । | प्रश्नोत्तर | ५ मि. | |
| **(क्रियाकलाप : ३)** – यसपछि स्थानीय आर्थिक विकासको प्रमुख क्षेत्रहरूको प्राथमिकीकरण प्रक्रियाको बारेमा छलफल गरिने जानकारी गराउँदै यस सत्रको यस खण्डको अन्त्य गर्नुहोस् ।<br>**अध्ययन सामग्री वितरण** | प्रवचन | ५ मि. | |

# सत्र योजना

| | | |
|---|---|---|
| प्रशिक्षणको नाम | स्थानीय आर्थिक विकास | |
| मोड्युल | स्थानीय आर्थिक विकास योजना | |
| सत्र | ७ (ख) | समय अवधि: ६० मिनेट |
| विषय/शीर्षक | स्थानीय आर्थिक विकासका लागि आर्थिक क्रियाकलापहरूको प्राथमिकीकरण | |

**साधारण उद्देश्य :**

यस सत्रको अन्त्यमा सहभागीहरूले स्थानीय तहमा रहेका सम्भावित आर्थिक क्रियाकलापहरूको प्राथमिकीकरण गर्न सक्ने छन् ।

**निर्दिष्ट उद्देश्य :**

यस सत्रको अन्त्यमा सहभागीहरू:

१. स्थानीय तहमा उत्पादन र सेवाका सम्भावित क्षेत्रहरूसँग सम्बन्धित आर्थिक क्रियाकलापको स्वतन्त्र सूची तयार पार्न सक्ने छन् ।

२. स्थानीय तहमा आर्थिक विकास गर्नका लागि सम्भावित आर्थिक क्रियाकलापको प्राथमिकीकरण गर्न सक्ने छन् ।

**सत्रका मुख्य विषयवस्तु :**

१. स्थानीय तहमा सम्भावित उत्पादन र सेवाका आर्थिक क्रियाकलापको स्वतन्त्र सूची ।

२. सूचीमा रहेका क्षेत्रहरूलाई बहु आधार मेट्रिक्स (Multi-criteria Metrix) बाट प्राथमिकीकरण ।

## सिकाइ क्रियाकलाप योजना

| शिक्षण-सिकाइ क्रियाकलाप | प्रशिक्षण विधि | अवधि (मिनेट) | शिक्षण- सिकाइ सामग्री |
|---|---|---|---|
| **(क्रियाकलाप : १) – ध्यानाकर्षण**<br>■ सहभागीहरू माझ यहाँ उपस्थित हामीहरू मध्ये सबैभन्दा राम्रो वा उत्कृष्ट को हो भनी रमाइलोसँग खुल्ला प्रश्न राख्नुहोस् ।<br>■ सहभागीहरूका विचारहरूलाई रमाइलोसँग प्रसङ्ग मिलाउँदै के एकैपटक हामी कसैलाई राम्रो वा उत्कृष्ठ भन्न सक्छौं होला भनी सहभागीहरू माझ प्रतिप्रश्न राख्दै यसका लागि आधार हुनुपर्ने रहेछ भन्ने कुराको जानकारी गराउनुहोस् ।<br>■ त्यसपछि दुई जना सहभागीहरूलाई अगाडि आउनका लागि अनुरोध गर्नुहोस् र उहाँहरू दुई जनामध्ये को राम्रो वा उत्कृष्ट हुनुहुन्छ भनी सहभागीहरू माझ रमाइलो पाराले खुल्ला प्रश्न राख्नुहोस् । | खेल | ५ मि. | |

| | | | |
|---|---|---|---|
| ▪ सहभागीहरूबाट नै उचाइ, मोटाइ, शिक्षा आदि जस्ता आधार मानेर दुई बीच तुलना गर्नुपर्दछ भन्ने प्रसङ्ग आउन सक्छ वा सो प्रसङ्गलाई जोड्दै हामी यसैगरी हाम्रो स्थानीय तहमा आर्थिक विकास गर्न सकिने सम्भावित क्षेत्रहरू (उत्पादन र सेवा) मध्ये सबैभन्दा उपयुक्त कुन हुन्छ भन्ने पत्ता लगाउनका लागि पहिलो अभ्यासका आधारमा जोडी स्तरीकरण विधिको प्रयोग र अभ्यास गरिने जानकारी गराउनुहोस् । | | | |
| **(क्रियाकलाप : २) - आर्थिक विकासका सम्भावित उत्पादन र सेवाहरूको बहु आधार मेट्रिक्सको प्रयोगबाट प्राथमिकीकरण**<br>▪ सत्र नं. ६ मा पहिचान गरिएका क्षेत्रहरू सबैमा एकैपटक काम गर्न विभिन्न कारणले गर्दा सम्भव नहुनु सक्छ, त्यसैकारणले गर्दा यस सूचीलाई प्राथमिकीकरण गर्नुपर्ने हुन्छ । प्राथमिकीकरण गर्नका लागि विभिन्न विधि/औजार प्रयोग गर्न सकिन्छ । हाम्रो सन्दर्भमा स्तरीकरण विधिको बारेमा छलफल गरिने जानकारी गराउनुहोस् ।<br>▪ स्वतन्त्र सूचीमा आएका स्थानीय आर्थिक विकासका उत्पादनमूलक र सेवामूलक क्षेत्रहरूलाई सबैले देख्ने ठाउँमा टाँस गरी राख्नुहोस् ।<br>▪ स्वतन्त्र सूचीमा रहेका विषयहरूलाई समेटी स्तरीकरण गर्ने खाकामा एकपट्टि पहिचान गरिएका सूची लेख्ने र अर्कोतर्फ राजनैतिक/कानुनी, आर्थिक, सामाजिक, प्राविधिक र वातावरणीय पक्ष र त्यस अन्तरगतका आधारहरू लेख्नुपर्ने कुरा बताउनुहोस् ।<br>▪ ती आधारहरूको आधारमा प्रत्येक क्रियाकलापलाई अङ्क दिँदै पावरप्वाइन्टबाट मुख्य तीन ओटा क्षेत्रहरूको उदाहरण प्रस्तुत गरी सहभागीहरूलाई प्रस्ट पार्नुहोस् ।<br>▪ यसका लागि उत्पादनमूलक र सेवामूलक पक्षहरूको स्तरीकरणबाट प्राथमिकतामा परेका मुख्य तीन ओटा क्षेत्रहरू के के रहेछन् भनी जानकारी आदानप्रदान गराउनुहोस् ।<br>▪ प्रस्तुतिको क्रममा थप्नु पर्ने भए प्रस्ट पार्नुहोस् । | लघु प्रवचन<br><br>ठुलो समूहमा अभ्यास | १५ मि. | आर्थिक क्रियाकलापहरूको प्राथमिकीकरण समेटिएको प्रस्तुति सामग्री<br>सत्र-७ (ख) |

| | | | |
|---|---|---|---|
| **(क्रियाकलाप : ३) – प्राथमिकीकरण अभ्यास**<br>▪ सहभागीहरूलाई आआफ्नो वडागत रूपमा समूहमा बस्नका लागि अनुरोध गर्नुहोस् ।<br>▪ प्रत्येक वडागत समूहमा कर्मचारीको प्रतिनिधित्व सुनिश्चित गर्नुहोस् ।<br>▪ वडागत समूहमा सत्र ६ मा पहिचान गरिए झैँ आ-आफ्नो वडास्तरमा गर्न सकिने स्थानीय आर्थिक गतिविधिहरू पहिचान गर्ने र ती पहिचान गरिएका गतिविधिहरूलाई राजनैतिक, आर्थिक, सामाजिक, प्राविधिक, वातावरणीय र कानुनी पक्षको आधारमा प्राथमिकीकरण गर्ने अभ्यास गर्नका लागि अनुरोध गर्नुहोस् ।<br>▪ समूह छलफलको लागि ३० मिनेटको समय दिनुहोस् ।<br>▪ समूह छलफलको दौरानमा आवश्यक सहयोग दिनुहोस् ।<br>▪ सबै समूहकार्य प्रशिक्षण हलको भित्तामा टाँस्न सहयोग गर्नुहोस् ।<br>▪ क्रमैसँग सबै ६ ओटै समूहलाई एकअर्काको समूह कार्यको नतिजा अध्ययन गर्नका लागि आवश्यक सहजीकरण गर्नुहोस ।<br>▪ थप्नु पर्ने भए प्रस्ट पार्नुहोस् । | सानो समूह अभ्यास<br><br>ग्यालरीवाक | ३० मि. | |
| **(क्रियाकलाप : ४) – सत्रको मूल्याङ्कन**<br>सत्रको उद्देश्यहरू पूरा भयो भनी यकिन गर्नका लागि सहभागीहरूलाई तलका प्रश्नहरू सोध्नुहोस्ः<br>प्रश्न नं. १ः हाम्रो स्थानीय तहमा आर्थिक विकासका लागि गर्नुपर्ने मुख्य उत्पादनमूलक कार्य वा क्षेत्रहरू के के रहेछन् ?<br>प्रश्न नं. २ः स्थानीय आर्थिक विकासका लागि समूह छलफलमा प्राथमिकतामा परेको मुख्य तीन ओटा सेवामूलक कार्यहरू के के रहेछन् ?<br>सहभागीहरूलाई उत्तरको लागि धन्यवाद दिँदै यस सत्रको मुख्य सन्देश प्रवाह गर्नुहोस् । | प्रश्नोत्तर | ५ मि. | |
| **(क्रियाकलाप : ५)** - यसपछिको सत्रमा उद्यम र उद्यमशीलता सम्बन्धी विषयमा छलफल गरिने जानकारी गराउँदै यस सत्रको अन्त्य गर्नुहोस् ।<br>**अध्ययन सामग्री वितरण** | प्रवचन | ५ मि. | |

### जाँदा जाँदै *(Take Home Message)*

- स्थानीय तह र स्थानीय तहको पनि भूगोल विशेषमा स्थानीय आर्थिक विकासको लागि सम्भावित उत्पादनमूलक, सेवामूलक वा अन्य कार्यहरू के के छन् भन्ने विषयमा जानकार भई स्थानीय आर्थिक विकासको रणनीति अवलम्बन गरिनुपर्दछ ।
- उपयुक्त सम्भावनाको खोजी गर्नका लागि स्वतन्त्र सूची बनाउने र यसरी आएका क्षेत्र वा कार्यलाई जोडी स्तरीकरणको माध्यमबाट प्राथमिकीकरण गर्नाले उपयुक्त कार्य वा क्षेत्रहरू पहिचान गर्न सहजता प्रदान गर्दछ ।
- यसरी पहिचान गरिएका स्थानीय आर्थिक विकासका क्षेत्रहरूमा स्थानीय सरकारले योजना र बजेट विनियोजन गरी कार्यान्वयन गर्दा स्थानीय आर्थिक विकास कार्य अगाडि बढ्दछ ।
- स्थानीय सरकारसँग आफ्नो भूगोल, जनता र त्यहाँका सम्पूर्ण आर्थिक, सामाजिक लगायतका क्षेत्रको तथ्याङ्कहरू हुन जरूरी हुन्छ र यसका लागि स्थानीय सरकारले डाटा बैङ्क बनाउनुपर्दछ ।

# सत्र योजना

| | | |
|---|---|---|
| प्रशिक्षणको नाम | स्थानीय आर्थिक विकास | |
| मोड्युल | स्थानीय आर्थिक विकास योजना | |
| सत्र | ८ | समय अवधि: ९० मिनेट |
| विषय/शीर्षक | स्थानीय आर्थिक विकास योजना तर्जुमा | |

**साधारण उद्देश्य :**

यस सत्रको अन्त्यमा सहभागीहरूले स्थानीय आर्थिक विकास योजनाको बारेमा बताउन सक्ने छन् ।

**निर्दिष्ट उद्देश्य :**

यस सत्रको अन्त्यमा सहभागीहरू :

१. स्थानीय आर्थिक विकास योजनाको खाकाअनुसार योजनामा राखिने विषयवस्तुहरूको सूची तयार गर्न सक्ने छन् ।

**सत्रका मुख्य विषयवस्तु :**

१. स्थानीय आर्थिक विकास योजनामा समावेश गरिने विषयवस्तुहरू

२. स्थानीय आर्थिक विकास योजनाको खाका

## सिकाइ क्रियाकलाप योजना

| शिक्षण- सिकाइ क्रियाकलाप | प्रशिक्षण विधि | अवधि (मिनेट) | शिक्षण- सिकाइ सामग्री |
|---|---|---|---|
| **(क्रियाकलाप : १) – ध्यानाकर्षण**<br>▪ स्थानीय तहमा आर्थिक विकास गर्नका लागि समग्र पालिका टिम र जनताहरू लाग्नुपर्ने विषयलाई महत्त्व दिँदै बजेट उही कथाको छोटो दृश्य सामग्री देखाउनुहोस् ।<br>▪ सहभागीहरूले पहिले नै हेरिसक्नुभएको भए यसले के सन्देश दियो भन्दै विषयमा केन्द्रित गर्नका लागि ध्यानाकर्षण गराउनुहोस् ।<br>▪ यस दृश्य सामग्रीले समग्र पालिकाले आर्थिक विकासको साझा सपना देखेर अगाडि बढ्न सके मात्र आर्थिक समृद्धि गर्न सकिने र यसका लागि समग्र पालिकाको आर्थिक विकास योजना तयार गर्नुपर्ने जानकारी गराउँदै यस विषयमा छलफल गरिने जानकारी गराउनुहोस् । | दृष्य सामग्री र छलफल | १५ मि. | सामग्री नं. १० बजेट उही कथा दुई नामक श्रव्य-दृश्य सामग्री |

| | | | |
|---|---|---|---|
| **(क्रियाकलाप : २) – स्थानीय आर्थिक विकास योजना**<br>■ हामीले भिडियोमा हेरेको जस्तै एउटा स्थानीय तहको विकासको साझा सपना बनाएर सो प्राप्तिको लागि सबै जना लागि पर्दा सफल भए जस्तै हामीले पनि आर्थिक विकासका लागि एउटा साझा सपनासहितको आर्थिक विकास योजना बनाउन पर्ला की भनी छलफल अगाडि बढाउनुहोस् ।<br>■ स्थानीय तहको आर्थिक विकास गर्नका लागि एउटा साझा सोँच, रणनीतिका र कार्ययोजना बनाई अघि बढ्नुपर्ने भएकाले पालिकास्तरीय आर्थिक विकास योजना तयार गर्नुपर्ने कुरा बताउनुहोस् ।<br>■ स्थानीय आर्थिक विकास योजनामा के के विषयहरूलाई समेटिनु पर्ला भनी सहभागीहरूको विचार लिनुहोस् ।<br>■ सहभागीहरूबाट आएका विचार र यसमा थप्नुपर्ने भए आर्थिक विकास योजनामा समेटिने मुख्य विषय शीर्षकहरूलाई पावरप्वाइन्टको माध्यमबाट प्रस्तुत गर्नुहोस् ।<br>■ सम्पूर्ण विषय शीर्षकलाई व्याख्या गर्दै यसमा अभ्यास गर्नुपर्ने जानकारी गराउनुहोस् ।<br>■ यसमा राखिएका धेरै विषयहरूमा हामीले अघिल्ला दुईदिनमा छलफल गरिसकिएकोले त्यसका निष्कर्षहरू समेत यसमा समेटिनु पर्ने कुरालाई सम्झाउँदै यसमा कुनै विषय छुटेको भए थप्नका लागि अनुरोध गर्नुहोस् । | मस्तिष्क मन्थन, लघु प्रवचन | ५० मि. | स्थानीय आर्थिक विकास योजना तर्जुमा प्रस्तुति सामग्री<br>सत्र-८ |
| **(क्रियाकलाप : ३) – सत्रको मूल्याङ्कन**<br>सत्रको उद्देश्यहरू पूरा भयो भनी यकिन गर्नका लागि सहभागीहरूलाई तलका प्रश्नहरू सोध्नुहोस्:<br>प्रश्न नं. १ः स्थानीय आर्थिक विकास योजनामा समावेश गरिने विषयहरू के के हुन् ?<br>सहभागीहरूलाई उत्तरको लागि धन्यवाद दिँदै यस सत्रको मुख्य सन्देश प्रवाह गर्नुहोस् । | प्रश्नोत्तर | ५ मि. | |
| **(क्रियाकलाप : ४)** – सहभागीबाट कुनै विषयमा अन्यौलता भए प्रस्ट पार्दै यसपछि स्थानीय आर्थिक विकास योजनाका तर्जुमा विषयमा अभ्यास गरिने जानकारी साथ यस सत्रको समापन गर्नुहोस् ।<br>**अध्ययन सामग्री वितरण** | प्रवचन | ५ मि. | |

| | | | |
|---|---|---|---|
| **(क्रियाकलाप : ५) – सङ्क्षेपीकरण**<br>■ आज दिनभरि के के विषयहरूमा छलफल भयो भनी सहभागीहरूलाई भन्न लगाउनुहोस ।<br>■ सहभागीहरूले कुनै विषय छुटाएमा सम्झाइ दिनुहोस ।<br>■ दिनभरि भएका छलफलका आधारमा सम्झिनै पर्ने मुख्य मुख्य बुँदाहरू भन्नुहोस् । | छलफल | १५ मि. | |

**जाँदा जाँदै *(Take Home Message)***

- प्रत्येक स्थानीय तहले आफनो जनताको आर्थिक अभिवृद्धि गर्नका लागि स्थानीय सरकारले आफ्नो स्थानीय आर्थिक विकास योजना तयार गर्नुपर्दछ ।
- स्थानीय आर्थिक विकास योजना तयार गर्दा सबै पक्ष (जनप्रतिनिधि, कर्मचारी, सामाजिक र आर्थिक क्षेत्रमा संलग्न संस्था, स्थानीय व्यापारी र लगानीकर्ता, वित्तीय क्षेत्रमा संलग्न संस्था, समुदायका अगुवालगायत अन्य सम्बन्धित संस्था वा व्यक्ति) लाई अनिवार्य सहभागी गराउनुपर्दछ ।
- आर्थिक गतिविधि सम्बन्धी सम्पूर्ण तथ्याङ्कहरूको सङ्कलन र विश्लेषण गरी एउटा आधाररेखा तयार गरी आर्थिक विकासका गतिविधिहरू योजनाबद्ध रूपले अगाडि बढाउनुपर्छ । साथै नियमित समयतालिकाअनुसार आर्थिक गतिविधिलाई अनुगमन र मूल्याङ्कन गरिनुपर्दछ ।

**दोस्रो दिनको छलफलका मुख्य मुख्य बुँदाहरू**

- स्थानीय आर्थिक विकास कार्यको थालनी गर्नुअघि अहिलेको अवस्था के छ भनी विश्लेषण गरिनुपर्दछ ।
- आर्थिक क्रियाकलापको प्राथमिकीकरण गर्नका लागि बहु आधार मेट्रिक्स विधि एक महत्त्वपूर्ण विधि हो र यसले राजनीतिक, आर्थिक, सामाजिक, प्राविधिक, वातावरणीय र कानुनी विषयहरूलाई समेट्दछ ।
- स्थानीय तह र स्थानीय तहको पनि भूगोल विशेषमा स्थानीय आर्थिक विकासको लागि सम्भावित उत्पादनमूलक, सेवामूलक वा अन्य कार्यहरू के के छन् भन्ने विषयमा जानकार भई स्थानीय आर्थिक विकासको रणनीति अवलम्बन गरिनुपर्दछ ।
- स्थानीय सरकारसँग आफ्नो भूगोल, जनता र त्यहाँका सम्पूर्ण आर्थिक, सामाजिक लगायतका क्षेत्रको तथ्याङ्कहरू हुन जरूरी हुन्छ र यसका लागि स्थानीय सरकारले डाटा बैङ्क बनाउनुपर्दछ ।
- व्यवसाय भनेको ग्राहकलाई सन्तुष्टि प्रदान गरी नाफाआर्जन गर्नका लागि गरिने सम्पूर्ण व्यापारिक तथा औद्योगिक क्रियाकलाप हो ।
- स्थानीय स्तरमा पाइने स्रोत र साधनहरूको अधिकतम प्रयोग गरी आवश्यकताअनुसार लगानीमा नाफा कमाउने उद्देश्यले ग्राहकको आवश्यकतालाई ध्यानमा राखी वस्तु वा सेवा निरन्तर रूपमा उपलब्ध गराउने व्यवसायलाई लघुउद्यम भनिन्छ ।
- उद्यम गर्ने व्यक्तिलाई उद्यमी भनिन्छ । उद्यमशीलता भन्नाले उद्यम गर्ने व्यक्तिमा हुनुपर्ने सिप, दक्षता र क्षमता बुझिन्छ । यसका साथै त्यस व्यक्तिमा उत्साह, जाँगर, तत्परता, लगनशीलता र धैर्यता जस्ता उद्यमशीलताका गुणहरू हुनुपर्छ ।
- कुनै पनि व्यवसायको लागि नाफामूलक सोँचाइ राखी त्यसको रुपरेखा बनाइन्छ भने त्यसलाई व्यावसायिक योजना भनिन्छ ।

# सत्र योजना

| | | |
|---|---|---|
| प्रशिक्षणको नाम | स्थानीय आर्थिक विकास | |
| मोड्युल | स्थानीय आर्थिक विकास योजना | |
| सत्र | ९ र १० | समय अवधि: १८० मिनेट |
| विषय/शीर्षक | वडास्तरीय स्थानीय आर्थिक विकास योजनामा तर्जुमा | |

**साधारण उद्देश्य :**

यस सत्रको अन्त्यमा सहभागीहरूले वडास्तरीय स्थानीय आर्थिक विकास योजना (मस्यौदा) तयार गर्न सक्ने छन् ।

**निर्दिष्ट उद्देश्य :**

यस सत्रको अन्त्यमा सहभागीहरूले:

१. वडास्तरीय स्थानीय आर्थिक विकास योजना (मस्यौदा) तयार गर्न सक्ने छन् ।

**सत्रका मुख्य विषयवस्तु :**

१. वडास्तरीय स्थानीय आर्थिक विकास योजना

## सिकाइ क्रियाकलाप योजना

| शिक्षण- सिकाइ क्रियाकलाप | प्रशिक्षण विधि | अवधि (मिनेट) | शिक्षण-सिकाइ सामग्री |
|---|---|---|---|
| **(क्रियाकलाप : १) – दैनिक पुनरावलोकन**<br>■ आजको प्रतिवेदकलाई हिजो दिनभरि छलफल गरेका विषयवस्तुको प्रतिवेदन पेस गर्न लगाउनुहोस् ।<br>■ हिजो दिनभरि भएका छलफलका आधारमा सम्झिनै पर्ने मुख्य मुख्य बुँदाहरू फेरि पनि भन्नुहोस् ।<br>■ कुनै विषयवस्तुमा अलमल छ भने प्रस्ट पारी दिनुहोस् । | प्रतिवेदन | १५ मि. | |
| **(क्रियाकलाप : २) – ध्यानाकर्षण**<br>■ सहभागीहरूको ध्यानाकर्षण गर्नका लागि कुनै सान्दर्भिक फोटो, पोस्टर, गित, भिडियो, कविता वा आदर्श वाक्यबाट सुरू गर्नुहोस ।<br>■ तेस्रो दिनको कार्यक्रम र कुन कुन विषयमा छलफल हुन्छ बताउनुहोस् ।<br>■ अघिल्लो सत्रमा प्रस्तुत गरिएको स्थानीय तहको आर्थिक विकास योजनाको तेश्रो र चौथो नम्बरमा के के विषयहरू रहेको थियो होला भनी सहभागीहरूलाई विषय केन्द्रित गराउनुहोस् ।<br>■ अब स्थानीय आर्थिक विकास योजनाको बाँकी विषयहरूमा अभ्यास गरिने जानकारी गराउनुहोस् । | लघु प्रवचन, छलफल | ५ मि. | |

| | | | |
|---|---|---|---|
| **(क्रियाकलाप : ३) – स्थानीय आर्थिक विकास योजनाको अभ्यास**<br>■ समूह छलफलका लागि अगाडि बनेको वडागत समूहमा बस्न अनुरोध गर्नुहोस् ।<br>■ प्रत्येक समूहलाई आर्थिक विकास योजनाको फाराम दिई सोही फारामअनुसार सूचकसहितको वडागत आर्थिक विकासको योजना छलफल गरी तयार गर्नका लागि अनुरोध गर्नुहोस् ।<br>■ समूह कार्यको नतिजा लेख्नका लागि प्रत्येक समूहलाई ब्राउन पेपर दिई त्यसमा तयार गर्न लगाउनुहोस् ।<br>■ समूह कार्य गर्नुपर्ने बुँदाहरूलाई प्रस्ट पार्दै समूह छलफलमा आवश्यकताअनुसार सहयोग गर्नुहोस् । साथै समूह छलफलको क्रममा छलफल बाहिर जान सक्ने भएकोले समूह कार्यको नियमित अनुगमन गर्नुहोस् ।<br>■ समूह कार्य प्रस्तुत गर्नका लागि ग्यालरीवाक विधि प्रयोग गर्नुहोस् ।<br>■ प्रस्तुति सकिए पछि स्पष्ट नभएका वा थप जानकारी गराउनुपर्ने भए स्पष्ट पार्नुहोस् ।<br>■ स्थानीय आर्थिक विकास योजनामा आवश्यक सूचक सहितको ठोस कार्ययोजना बनाई कार्यान्वन गर्नुपर्ने जानकारी गराउनुहोस् । | समूह अभ्यास | ९० मि. | वडास्तरीय स्थानीय आर्थिक विकास योजनामा तर्जुमा प्रस्तुति सामग्री सत्र-९ र १० |
| **(क्रियाकलाप : ४) – मस्यौदा योजना प्रस्तुति**<br>■ वडागत रूपमा तयार गरिएको स्थानीय आर्थिक विकास योजना अभ्यास क्रमैसँग प्रस्तुत गर्न लगाउनुहोस् ।<br>■ प्रत्येक वडाको योजना प्रस्तुति पछि आवश्यकता अनुसार खुल्ला छलफल गराउने र पृष्ठपोषण लिनेदिने कार्यको सहजीकरण गर्नुहोस् । | | ६० मि. | |
| **(क्रियाकलाप : ५) – सत्र मूल्याङ्कन**<br>सत्रको उद्देश्यहरू पूरा भयो भनी यकिन गर्नका लागि सहभागीहरूलाई तलका प्रश्नहरू सोध्नुहोस् :<br>प्रश्न नं. १: स्थानीय आर्थिक विकास योजनामा समेटिने विषयहरू के के हुन् ?<br>सहभागीहरूलाई उत्तरको लागि धन्यवाद दिँदै यस सत्रको मुख्य सन्देश प्रवाह गर्नुहोस् । | प्रश्नोत्तर | ५ मि. | |

| | | | |
|---|---|---|---|
| **(क्रियाकलाप : ६)** - सहभागीबाट कुनै विषयमा अन्यौलता भए प्रस्ट पार्दै यस सत्रसँगै यस प्रशिक्षणको विषयवस्तुमाथिको छलफल अन्त्य भएको जानकारी गराउँदै यसपछि समग्र प्रशिक्षण समीक्षा र कार्ययोजना निर्माण गरिने जानकारी साथ यस सत्रको समापन गर्नुहोस् ।<br>**अध्ययन सामग्री वितरण** | प्रवचन | ५ मि. | |

### जाँदा जाँदै *(Take Home Message)*

- स्थानीय आर्थिक विकास योजनामा आर्थिक विकासको परिकल्पना, लक्ष्य, रणनीति, प्राथमिकताका क्षेत्रहरू निश्चित गरिएको हुनुपर्दछ ।
- आर्थिक विकासका लागि सञ्चालित कार्यक्रमहरूको नियमित रूपमा अनुगमन र समीक्षा हुनुपर्दछ ।
- पालिकास्तरीय आर्थिक विकास कार्यान्वयन संरचना निर्माण गरी सक्रियताको साथ सम्बन्धित संस्था र व्यक्तिहरूसँग समन्वय गर्दै आर्थिक विकासको गतिविधिलाई सञ्चालन गर्नुपर्दछ ।

# सत्र योजना

| | | |
|---|---|---|
| प्रशिक्षणको नाम | स्थानीय आर्थिक विकास | |
| मोड्युल | स्थानीय आर्थिक विकास योजना | |
| सत्र | ११ | समय अवधिः ९० मिनेट |
| विषय/शीर्षक | स्थानीय तहस्तरीय स्थानीय आर्थिक विकास योजना निर्माण | |

**साधारण उद्देश्य :**

यस सत्रको अन्त्यमा सहभागीहरूले स्थानीय तहस्तरीय स्थानीय आर्थिक विकास योजना तयार गर्न सक्ने छन् ।

**निर्दिष्ट उद्देश्यहरूः**

यस सत्रको अन्त्यमा सहभागीहरूलेः

१. स्थानीय तहस्तरीय स्थानीय आर्थिक विकास योजना (मस्यौदा) तयार गर्न सक्ने छन् ।

**सत्रका मुख्य विषयवस्तु :**

१. स्थानीय तहस्तरीय स्थानीय आर्थिक विकास योजना

## सिकाइ क्रियाकलाप योजना

| शिक्षण- सिकाइ क्रियाकलाप | शिक्षण विधि | अवधि (मिनेट) | शिक्षण- सिकाइ सामग्री |
|---|---|---|---|
| **(क्रियाकलाप : १) - ध्यानाकर्षण**<br>▪ अघिल्लो सत्रमा तयार गरिएको वडास्तरीय आर्थिक विकास योजनाको आधारमा पालिकास्तरीय आर्थिक विकास योजना तयार गरिने छ भनी सहभागीहरूलाई विषय केन्द्रित गराउनुहोस् ।<br>▪ अब वडागत रूपमा प्रस्तुत स्थानीय आर्थिक विकास योजनाको आधारमा पालिकास्तरीय योजनाको अभ्यास गरिने जानकारी गराउनुहोस् । | लघु प्रवचन | ५ मि. | |
| **(क्रियाकलाप : २) - पालिकास्तरीय स्थानीय आर्थिक विकास योजनाको अभ्यास**<br>▪ अघिल्लो सत्रमा प्रस्तुत गरिएका वडास्तरीय स्थानीय विकास योजनालाई एकै ठाउँमा जम्मा गर्न लगाउनुहोस् ।<br>▪ पालिकाको एक जना कर्मचारीलाई कम्प्युटरमा पालिका-स्तरीय योजनाको खाकामा काम गर्न लगाउनुहोस् ।<br>▪ स्थानीय आर्थिक विकास योजनाको लक्ष्य, उद्देश्य, रणनीति आदि जस्ता योजनाका आधारभूत कुराहरू समूहमा छलफल गरी टुङ्गो लगाउन भन्नुहोस् । | समूह अभ्यास, प्रस्तुति र छलफल | ६० मि. | स्थानीय तहस्तरीय स्थानीय आर्थिक विकास योजना प्रस्तुति सामग्री सत्र-११ |

| | | | |
|---|---|---|---|
| ▪ आर्थिक विकास योजनाको फाराम दिई सोही फाराम अनुसार सूचक सहितको वडागत आर्थिक विकासको योजनाका आधारमा पालिकास्तरीय योजना तयार गर्नका लागि अनुरोध गर्नुहोस् ।<br>▪ स्थानीय आर्थिक विकास योजनामा आवश्यक सूचक सहितको ठोस कार्ययोजना बनाई कार्यान्वन गर्नुपर्ने जानकारी गराउनुहोस् । | | | |
| **(क्रियाकलाप : ३) – मस्यौदा योजना प्रस्तुति**<br>▪ वडागत योजनाका आधारमा तयार गरिएको पालिकास्तरीय स्थानीय आर्थिक विकास योजनालाई सहमतिका लागि प्रस्तुत गर्न लगाउनुहोस् । | प्रस्तुति | १५ मि. | |
| **(क्रियाकलाप : ४) – सत्रको मूल्याङ्कन**<br>सत्रको उद्देश्यहरू पूरा भयो भनी यकिन गर्नका लागि सहभागीहरूलाई तलका प्रश्नहरू सोध्नुहोस् :<br>प्रश्न नं. १ः पालिकास्तरीय स्थानीय आर्थिक विकास योजनामा समेटिने विषयहरू कुनै छुटे कि सोध्नुहोस् ?<br>सहभागीहरूलाई उत्तरको लागि धन्यवाद दिँदै यस सत्रको मुख्य सन्देश प्रवाह गर्नुहोस् । | प्रश्नोत्तर | ५ मि. | |
| **(क्रियाकलाप : ५)** – सहभागीबाट कुनै विषयमा अन्यौलता भए प्रस्ट पार्दै यस सत्रसँगै यस प्रशिक्षणको विषयवस्तुमाथिको छलफल अन्त्य भएको जानकारी गराउँदै यसपछि समग्र प्रशिक्षण समीक्षा र कार्ययोजना निर्माण गरिने जानकारी साथ यस सत्रको समापन गर्नुहोस् ।<br>**अध्ययन सामग्री वितरण** | प्रवचन | ५ मि. | |

### जाँदा जाँदै *(Take Home Message)*

- स्थानीय आर्थिक विकास योजनामा आर्थिक विकासको परिकल्पना, लक्ष्य, रणनीति, प्राथमिकताका क्षेत्रहरू निश्चित गरिएको हुनुपर्दछ ।
- आर्थिक विकासका लागि सञ्चालित कार्यक्रमहरूको नियमित रूपमा अनुगमन र समीक्षा हुनुपर्दछ ।
- पालिक स्तरीय आर्थिक विकास कार्यान्वयन संरचना निर्माण गरी सक्रियताको साथ सम्बन्धित संस्था र व्यक्तिहरूसँग समन्वय गर्दै आर्थिक विकासको गतिविधिलाई सञ्चालन गर्नुपर्दछ ।

# सत्र योजना

| | | |
|---|---|---|
| प्रशिक्षणको नाम | स्थानीय आर्थिक विकास | |
| मोड्युल | स्थानीय आर्थिक विकास योजना | |
| सत्र | १२ (क) | समय अवधिः ५० मिनेट |
| विषय/शीर्षक | स्थानीय आर्थिक विकास योजना कार्यान्वयन कार्ययोजना निर्माण, प्रशिक्षण सङ्क्षेपीकरण | |

**साधारण उद्देश्य :**

यस सत्रको अन्त्यमा सहभागीहरूले पालिकास्तरीय स्थानीय आर्थिक विकास योजना कार्यान्वयन कार्ययोजना निर्माण गर्न सक्ने छन् ।

**निर्दिष्ट उद्देश्यह :**

यस सत्रको अन्त्यमा सहभागीहरूले :

- पालिकास्तरीय स्थानीय आर्थिक विकास योजना कार्यान्वयन कार्ययोजना निर्माण गर्न सक्ने छन् ।
- प्रशिक्षण अवधिभर छलफल भएका मुख्य मुख्य विषयवस्तुहरू बताउन सक्ने छन् ।

**सत्रका मुख्य विषयवस्तु :**

१. पालिकास्तरीय स्थानीय आर्थिक विकास योजना कार्यान्वयन कार्ययोजना

२. प्रशिक्षण सङ्क्षेपीकरण

## सिकाइ क्रियाकलाप योजना

| शिक्षण- सिकाइ क्रियाकलाप | प्रशिक्षण विधि | अवधि (मिनेट) | शिक्षण- सिकाइ सामग्री |
|---|---|---|---|
| **(क्रियाकलाप : १) – ध्यानाकर्षण**<br>■ पालिकस्तरीय स्थानीय आर्थिक विकास योजनाको मस्यौदा तयार भइसकेकोले अब उक्त मस्यौदा योजनालाई अन्तिम रूप दिई स्थानीय आर्थिक विकास योजना कार्यान्वयनको कार्ययोजना तयार गर्नुपर्ने हुनाले यो सत्रमा उक्त कार्य योजना तयार गरिने कुरा जानकारी गराउनुहोस् ।<br>■ स्थानीय आर्थिक विकस योजना कार्यान्वयनको कार्ययोजना निर्माणपश्चात् प्रशिक्षणको समापन गरिने जानकारी गराउनुहोस् । | लघु प्रवचन | ५ मि. | |

| | | | |
|---|---|---|---|
| **(क्रियाकलाप : २) – पालिकास्तरीय स्थानीय आर्थिक विकास योजना कार्यान्वयन कार्ययोजना निर्माण**<br>▪ यस तीन दिने प्रशिक्षणमा छलफल भएका विषयवस्तु, सिकाइ आदानप्रदानलाई आफ्नो पालिकामा अनुशरण वा आर्थिक विकासको गतिविधिलाई योजनाबद्ध अगाडि बढाउनका लागि पालिका स्तरीय कार्ययोजना बनाउन अनुरोध गर्नुहोस् ।<br>▪ कार्ययोजनामा क्रियाकलाप, क्रियाकलाप गरिने स्थान वा ठाउँ, कार्यसम्पन्न गरिने मिति, जिम्मेवारी, सहयोगी, आवश्यक बजेट जस्ता कुराहरू उल्लेख गरिएको योजना खाका प्रस्तुत गर्नुहोस् । | समूह अभ्यास छलफल र प्रस्तुति | १५ मि. | कार्ययोजना खाका प्रस्तुति सामग्री सत्र-१२(क) |
| **(क्रियाकलाप : ३) –पालिकास्तरीय स्थानीय आर्थिक विकास योजना कार्यान्वयन कार्ययोजनाको प्रस्तुति**<br>▪ समूहमा तयार गरिएको स्थानीय आर्थिक विकास योजना कार्यान्वयन कार्ययोजनालाई स्थानीय तहका प्रमुख, उप प्रमुख र प्रमुख प्रशासकीय अधिकृतको रोहवरमा प्रस्तुत गर्न लगाउनुहोस् र सबैको सहमति पछि ताली बजाएर पारित गर्न लगाउनुहोस् ।<br>▪ उक्त योजनालाई आगामी कार्यपालिका बैठकबाट अनुमोदन गर्नुपर्ने जानकारी गराउनुहोस् । | प्रस्तुति र छलफल | १० मि. | |
| **(क्रियाकलाप : ४) – सत्रको मूल्याङ्कन**<br>सत्रको उद्देश्यहरू पूरा भयो भनी यकिन गर्नका लागि सहभागीहरूलाई तलका प्रश्नहरू सोध्नुहोस् :<br>प्रश्न नं. १: यस सत्रमा गरिएका दुईओटा कार्यहरू के के हुन् ?<br>सहभागीहरूलाई उत्तरको लागि धन्यवाद दिँदै यस सत्रको मुख्य सन्देश प्रवाह गर्नुहोस् । | प्रश्नोत्तर | ५ मि. | |

| | | | |
|---|---|---|---|
| **(क्रियाकलाप : ५) – समग्र प्रशिक्षणको सङ्क्षेपीकरण**<br>▪ यस तीन दिने प्रशिक्षणको समग्र समीक्षा गर्नका लागि सहभागीहरूलाई तीन ओटा समूहमा विभाजन गर्नुहोस् ।<br>▪ एउटा समूहले तीन दिनको प्रशिक्षणबाट प्राप्त ज्ञान (छलफल गरिएको विषयवस्तु, प्रयोग गरिएको विधि र प्रक्रिया), दोस्रो समूहले सीप (अभ्यास गरिएका र प्राप्त गरिएका सिपहरू) र तेस्रो समूहले प्रशिक्षण अवधिमा एकदमै मनमा छोएका विषय वा प्रसङ्गहरू समूहगत छलफलबाट ल्याउनका लागि अनुरोध गर्नुहोस् ।<br>▪ समूह छलफलको निष्कर्ष पालैपालो प्रस्तुत गर्न अनुरोध गर्नुहोस् ।<br>▪ प्रस्तुतिको क्रममा केही छुटेको भए सहभागीहरू र आफूबाट थप गर्नुहोस् । | समूह छलफल र प्रस्तुति | १० मि. | |
| **(क्रियाकलाप : ६)** – सहभागीबाट कुनै विषयमा अन्यौलता भए प्रस्ट पार्दै यस सत्रसँगै यस प्रशिक्षणको विषयवस्तुमाथिको छलफल अन्त्य भएको जानकारी गराउँदै यसपछि प्रशिक्षणपश्चात् परीक्षण, प्रशिक्षण समीक्षा र समापन गरिने जानकारी साथ यस सत्रको समापन गर्नुहोस् । | प्रवचन | ५ मि. | |

## जाँदा जाँदै *(Take Home Message)*

- यस प्रशिक्षणको दौरानमा स्थानीय आर्थिक विकासका लागि तयार भएको पालिकागत कार्ययोजना कार्यान्वयन गर्न सहभागीहरूबाट विशेष भूमिका खेल्नुपर्दछ ।
- कार्ययोजनामा तोकिएको जिम्मेवारीअनुसार कार्य सम्पन्न भए नभएको निश्चित अवधिमा समीक्षा गरिनुपर्दछ ।
- यस प्रशिक्षण अवधिमा छलफल गरिएका मुख्य विषयहरू निम्न रहेको थिए:
  - विकास र यसको परिवर्तित अवस्था
  - स्थानीय आर्थिक विकासको अवधारणा र महत्त्व
  - आर्थिक विकासका लागि राज्य, प्रदेश र स्थानीय तहको भूमिका र भएका पहलहरू
  - स्थानीय आर्थिक विकासको अवस्था विश्लेषण
  - स्थानीय आर्थिक विकासको योजना निर्माण

# सत्र योजना

| | | |
|---|---|---|
| प्रशिक्षणको नाम | स्थानीय आर्थिक विकास | |
| मोड्युल | स्थानीय आर्थिक विकास योजना | |
| सत्र | १२ (ख) | समय अवधिः ४० मिनेट |
| विषय/शीर्षक | प्रशिक्षण मूल्याङ्कन तथा समापन | |

**साधारण उद्देश्य :**

यस सत्रमा प्रशिक्षणको औपचारिक समापन हुने छ ।

**निर्दिष्ट उद्देश्य :**

यस सत्रमा :

१. सहभागीहरू प्रशिक्षण पश्चात्को परीक्षणमा सहभागी हुने छन् ।

२. सहभागीहरू प्रशिक्षणको अन्तिम मूल्याङ्कनमा सहभागी हुने छन् ।

३.प्रशिक्षणको औपचारिक समापन हुने छ ।

**सत्रका मुख्य विषयवस्तु :**

१. प्रशिक्षणपश्चात् परीक्षण

२. अन्तिम मूल्याङ्कन

३. औपचारिक समापन

## सिकाइ क्रियाकलाप योजना

| शिक्षण- सिकाइ क्रियाकलाप | प्रशिक्षण विधि | अवधि (मिनेट) | शिक्षण- सिकाइ सामग्री |
|---|---|---|---|
| **(क्रियाकलाप : १) - ध्यानाकर्षण**<br>■ तीन दिने प्रशिक्षणको अन्तिम चरणमा आइपुगेको र यस प्रशिक्षणको अन्तिम यस सत्रमा प्रशिक्षण पश्चात्को परीक्षण र समग्र प्रशिक्षण मूल्याङ्कनसहित समापन गरिने जानकारी गराउँदै सहभागीहरूको ध्यानआकर्षण गराउनुहोस् । | प्रस्तुति | ५ मि. | प्रशिक्षण समापन प्रस्तुति सामग्री सत्र-१२(ख) |
| **(क्रियाकलाप : २) - प्रशिक्षणपश्चात् परीक्षण**<br>■ यस तीन दिने प्रशिक्षणको सुरूवातमा प्रशिक्षणको विषयवस्तुप्रतिको बुझाइ मापन गर्नका लागि गरिएको प्रशिक्षण पूर्व परीक्षणको स्मरण गराउनुहोस् ।<br>■ सोही प्रश्नावलीमा अब प्रशिक्षणपश्चात् पनि परीक्षण गर्न लागिएको जानकारी गराउनुहोस् ।<br>■ प्रशिक्षणपश्चात् परीक्षण प्रश्नावली वितरण गरी १० मिनेटभित्रमा उक्त प्रश्नावलीको उत्तर लेखिदिनका लागि अनुरोध गर्नुहोस् ।<br>■ सहभागीले उत्तर लेखिसकेपछि प्रश्नावलीहरू सङ्कलन गर्दै यस कार्य गर्नुभएकोमा सहभागीहरूलाई धन्यवाद दिनुहोस् । | व्यक्तिगत कार्य | ५ मि. | प्रशिक्षणपश्चात् परीक्षण फाराम(सहभागीको सङ्ख्या अनुसार) |

| | | | |
|---|---|---|---|
| **(क्रियाकलाप : ३) – प्रशिक्षण अन्तिम मूल्याङ्कन**<br>■ प्रशिक्षणको अन्तिम मूल्याङ्कनका लागि तयार गरिएको फाराम वितरण गर्नुहोस् ।<br>■ अन्तिम मूल्याङ्कन गर्नका लागि अनुरोध गर्नुहोस् र यसमा नाम लेख्न अनिवार्य छैन तर लेख्न इच्छा छ भने लेख्न सक्नुहुने जानकारी दिनुहोस् ।<br>■ यसका लागि ५ मिनेट समय भएको जानकारी गराउँदै कार्य गर्न अनुरोध गर्नुहोस् ।<br>■ सहभागीहरूबाट भरिएको समग्र अन्तिम मूल्याङ्कन फाराम सङ्कलन गर्नुहोस् र सहभागीहरूलाई धन्यवाद दिँदै उक्त फारामहरू सुरक्षित खाममा राख्नुहोस् । | व्यक्तिगत कार्य | ५ मि. | अन्तिम मूल्याङ्कन फाराम |
| **(क्रियाकलाप : ४) – प्रशिक्षण समापन**<br>■ तीन दिने प्रशिक्षणको समापनका लागि एउटा छुट्टै योजना बनाई सोही अनुसार गर्नुहोस् । यसका लागि आयोजकलाई कार्यक्रम सञ्चालन गर्न अनुरोध गर्नुहोस् । स्थानीय परिवेशलाई ध्यान दिँदै समापन कार्यक्रममा सहभागीहरू मध्येबाट कम्तीमा दुई जनाको विचार लिन सुनिश्चित गर्नुहोस् ।<br>■ अतिथिबाट समापन मन्तव्यसहित प्रशिक्षणको औपचारिक समापन गर्न लगाउनुहोस् । | औपचारिक कार्यक्रम | २० मि. | |
| **(क्रियाकलाप : ५)** - सबै जना समेटिएको सामूहिक फोटो लिने जानकारी गराउनुहोस् । | | ५ मि. | |

## सहजकर्तालाई सुझाव

१. प्रशिक्षण समापनको क्रममा सहभागीहरूको ध्यान घर जान वा अन्य काम गर्न हतारिने भएकोले प्रस्तुतिलाई प्रभावकारी बनाउनु पर्दछ ।

२. प्रशिक्षणको प्रत्येक अन्तिम क्षणलाई अझ महत्त्वपूर्ण छ भन्ने आभास सहभागीहरूलाई गराउँदै जानुपर्दछ ।

३. सहभागीहरूबाट भराइएको सम्पूर्ण फारामहरू सङ्कलन गरी सुरक्षित राख्नुहोस् ।

४. प्रशिक्षण पूर्व र पश्चात् परीक्षणको नतिजा सार्वजनिक गर्नुपर्दछ ।

## तेस्रो दिनको छलफलका मुख्य मुख्य बुँदाहरू

- हरेक वडाको अलग अलग वडास्तरीय स्थानीय आर्थिक विकास योजना तयार गर्नु पर्दछ ।
- वडास्तरीय योजना तयार गर्दा वडाका वर्तमान आर्थिक क्रियाकलापहरूको विश्लेषण गरी संभावित आर्थिक क्रियाकलापको पहिचान गर्नु पर्दछ ।
- वडास्तरीय आर्थिक विकास योजनाको आधारमा पालिकास्तरीय आर्थिक विकास योजना तर्जुमा गर्नु पर्दछ ।
- पालिकास्तरीय आर्थिक विकास योजना तयार गर्दा लक्ष्य, उद्देश्य, रणनीति, कार्यान्वयन योजना आवश्यक श्रोत साधन आदिको निर्क्यौल गर्नु पर्दछ ।

# भाग-४

# प्रस्तुतीकरण सामग्री

# (पावरप्वाइन्ट स्लाइड)

# स्थानीय आर्थिक विकास प्रशिक्षण

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार
१

# सत्र १ - शुभारम्भ

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार
२

## सत्रका उद्देश्य

साधारण उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरूले प्रशिक्षणका उद्देश्य बताउन सक्ने छन् ।

निर्दिष्ट उद्देश्यः

यस सत्रको अन्त्यमा सहभागीहरूः

१. एकआपसमा परिचित हुने छन् ।
२. प्रशिक्षण अवधिमा छलफल गरिने मुख्य विषयवस्तुहरू बताउन सक्ने छन् ।
३. प्रशिक्षण पूर्व परीक्षण कार्यमा सहभागी हुने छन् ।
४. प्रशिक्षणको समग्र उद्देश्य बताउन सक्ने छन् ।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार
३

## सत्रका मुख्य विषयवस्तु

- प्रशिक्षण शुभारम्भ
- परिचय
- अपेक्षा सङ्कलन
- प्रशिक्षण व्यवस्थापन
- प्रशिक्षण पूर्व परीक्षण
- प्रशिक्षणका उद्देश्य

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार
४

## प्रशिक्षण शुभारम्भ



गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार

५

## परिचय

नाम:
पद:
ठेगाना:
रुचि:

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार

६

## अपेक्षा सङ्कलन

- सहभागीहरूले एक एकवटा मेटाकार्ड लिने ।
- यस प्रशिक्षणबाट सिक्न चाहेको एउटा मुख्य विषय मेटाकार्डमा मार्करले ठुलो अक्षरमा लेख्ने ।
- एउटा कार्डमा एउटा मात्र अपेक्षा लेख्ने ।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार

७

## प्रशिक्षण व्यवस्थापन

- दैनिक जिम्मेवारी
- समय तालिका
- समूह मान्यता

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार

८

## दैनिक जिम्मेवारी बाँडफाँट

| दिन | व्यवस्थापक | प्रतिवेदक | मूल्याङ्कनकर्ता |
|---|---|---|---|
| पहिलो | | | |
| दोस्रो | | | |
| तेस्रो | | | |

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार
९

## प्रतिवेदकको भूमिका

- दिनभर छलफल भएका क्रियाकलापहरू नोट गर्ने ।
- नोट गरेका कुराहरूलाई प्रतिवेदनको रूपमा तयार पार्ने ।
- भोलिपल्ट बिहान सत्रको प्रारम्भमा प्रस्तुत गर्ने ।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार
१०

## प्रतिवेदकका लागि मार्गदर्शन

- सत्र र सत्रका विषयवस्तु समेट्ने,
- छलफलका मुख्य मुख्य बुँदाहरू नछुटाउने,
- मुख्य सिकाइ उल्लेख गर्ने,
- सुझाव केही भए उल्लेख गर्ने,

*नोटः प्रस्तुतिका लागि विभिन्न विधिहरू जस्तै, गीत, कविता, लघु प्रवचन, हाजिरीजवाफ आदिको प्रयोग गर्न सकिने ।*

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार
११

## समय तालिका

| क्रियाकलाप | समय |
|---|---|
| सुरुवात | |
| पहिलो सत्र | |
| दोस्रो सत्र | |
| विश्राम | |
| तेस्रो सत्र | |
| चौथो सत्र | |
| समापन | |

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार
१२

## समूह मान्यता

तालिमलाई व्यवस्थित र सिकाइमूलक बनाउनका लागि सबैले पालना गर्नुपर्ने नियमहरु:

- समयमा उपस्थित हुने
- विषय केन्द्रित छलफल गर्ने
- मोबाइल सके बन्द गर्ने, नसकिए साइलेन्ट मोडमा राख्ने
- भित्र, बाहिर कम गर्ने
- अन्य

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार

१३

## व्यवस्थापकीय जानकारी

- सहभागीले पाउने सेवा सुविधा
- जिम्मेवारी

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार

१५

## प्रशिक्षण पूर्व परीक्षण

- प्रश्न पत्र अध्ययन गर्ने,
- आफूलाई ठिक लागेको कुनै एक उत्तरमा (✓) चिह्न लगाउने,
- सकेपछि बुझाउने,

*नोटः आफूलाई राम्रो जानकारी नभएको प्रश्न छोड्न पनि सकिने ।*

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार

१४

## प्रशिक्षणका उद्देश्य

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार

१६

## प्रशिक्षणको अपेक्षित परिणाम (Level 4 Goal)

- स्थानीय तहमा उत्पादन वृद्धिमार्फत् आय आर्जन बढेको हुने छ ।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार
१७

## प्रशिक्षणको लक्ष्य (Level 3 Goal)

- स्थानीय तहमा स्थानीय आर्थिक विकास कार्यविधिअनुसार आर्थिक विकासका क्रियाकलापहरू सञ्चालन भएका हुने ।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार
१८

## प्रशिक्षणको साधारण उद्देश्य

- प्रशिक्षणको अन्त्यमा सहभागीहरूले आफ्नो स्थानीय तहको आर्थिक विकास योजना मस्यौदा तयार गर्न सक्ने छन् ।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार
१९

## प्रशिक्षणका निर्दिष्ट उद्देश्य

प्रशिक्षणको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

- स्थानीय आर्थिक विकासको अवधारणा र महत्वहरू बताउन,
- आर्थिक विकासका राष्ट्रिय लक्ष्यहरू बताउन,
- गण्डकी प्रदेशको समृद्धिका संवाहकहरूको सूची तयार पार्न,
- आर्थिक विकासका लागि स्थानीयको अधिकार क्षेत्रहरूको ब्याख्या गर्न,
- आर्थिक विकासका लागि स्थानीय तहमा रहेका विद्यमान संरचना, तयार भएका नीति र कार्यक्रमहरू पहिचान गर्न,
- स्थानीय आर्थिक विकासका लागि सरोकारवालाहरूको सूची तयार गर्न,

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार
२०

## प्रशिक्षणका निर्दिष्ट उद्देश्य......

- वर्तमान आर्थिक क्रियाकलापको सूची तयार पार्न,
- सम्भावित आर्थिक क्रियाकलाप पहिचान गर्न,
- व्यावसायिक योजनाका मुख्य मुख्य पक्षहरू व्याख्या गर्न,
- स्थानीय आर्थिक विकासका प्रमुख क्षेत्रहरू प्राथमिकीकरण गर्न,
- व्यावसायिक योजनाका मुख्य मुख्य पक्षहरू व्याख्या गर्न,
- आर्थिक विकासका लागि स्थानीय तहस्तरीय योजना निर्माण गर्न ।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार

२१

## प्रशिक्षण योजना

| दिन | बिहानी सत्र | दिवा सत्र |
|---|---|---|
| पहिलो | सत्र १<br>शुभारम्भ, परिचय, प्रशिक्षणको औचित्य तथा उद्देश्य, प्रशिक्षण व्यवस्थापन समिति चयन, प्रशिक्षण पूर्व परीक्षण, व्यवस्थापकीय जानकारी<br>सत्र २<br>विकास अवधारणा र विकासको सोचमा आएका परिवर्तनहरू | सत्र ३<br>संघ र प्रदेशको दीर्घकालीन सोच, लक्ष्य र उद्देश्यहरू<br>सत्र ४<br>स्थानीय आर्थिक विकास |
| दोस्रो | सत्र ५<br>स्थानीय आर्थिक विकास योजना, अवधारणा, महत्व र चरणहरू, स्थानीय आर्थिक विकासका लागि वर्तमान अवस्था विश्लेषण र प्रमुख क्षेत्रहरू पहिचान<br>सत्र ६<br>सरोकारवाला विश्लेषण : प्रक्रिया र विधि, स्थानीय आर्थिक विकासको प्रमुख क्षेत्रहरू प्राथमिकीकरण | सत्र ७<br>उद्यम र उद्यमशीलता, व्यवसायिक योजनाको अवधारणा र खाका<br>सत्र ८<br>स्थानीय आर्थिक विकास योजना तर्जुमा |
| तेस्रो | सत्र ९<br>वडास्तरीय स्थानीय आर्थिक विकास योजना तर्जुमा (अभ्यास)<br>सत्र १०<br>वडास्तरीय स्थानीय आर्थिक विकास योजना तर्जुमा अभ्यास (क्रमशः) र प्रस्तुति | सत्र ११<br>स्थानीय तहस्तरीय स्थानीय आर्थिक विकास योजना निर्माण<br>सत्र १२<br>स्थानीय आर्थिक विकास योजना कार्यान्वयन कार्ययोजना निर्माण प्रशिक्षण सङ्क्षेपीकरण तथा समीक्षा, प्रशिक्षणपश्चात् परीक्षण, अन्तिम मूल्याङ्कन, समापन |

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार

२२

## प्रशिक्षण दैनिक तालिका

| दिन | समय | क्रियाकलाप | कैफियत |
|---|---|---|---|
| पहिलो | ८:३० - ०९:०० | रजिष्ट्रेशन, खाजा | |
| | ९:०० - १०:३० | शुभारम्भ, परिचय, प्रशिक्षणको औचित्य तथा उद्देश्य, प्रशिक्षण व्यवस्थापन समिति चयन, प्रशिक्षण पूर्व परीक्षण, व्यवस्थापकिय जानकारी | |
| | १०:३० - १०:४५ | चिया/ब्रेक | |
| | १०:४५ - १२:१५ | विकास अवधारणा र विकासको सोचमा आएका परिवर्तनहरू | |
| | १२:१५ - ०१.१५ | खाना | |
| | १:१५ - ०२:४५ | संघ र प्रदेशको दीर्घकालिन सोच, लक्ष्य र उद्देश्यहरू | |
| | २:४५ - ०३:०० | चिया/ विश्राम | |
| | ०३:०० - ०४:३० | स्थानीय आर्थिक विकास | |
| | ०४:३० - ०५.०० | दैनिक सङ्क्षेपीकरण | |
| | | | |
| दोस्रो | ९:०० - ०९.१५ | अघिल्लो दिनको पुनरावलोकन | |
| | ९:१५ - १०:४५ | स्थानीय आर्थिक विकास योजना, अवधारणा, महत्व र चरणहरू, स्थानीय आर्थिक विकासका लागि वर्तमान अवस्था विश्लेषण र प्रमुख क्षेत्रहरू पहिचान | |
| | १०:४५ - ११:०० | चिया/विश्राम | |
| | ११:०० - १२:३० | सरोकारवाला विश्लेषण : प्रक्रिया र विधि<br>स्थानीय आर्थिक विकासको प्रमुख क्षेत्रहरू प्राथमिकिकरण | |
| | १२:३० - ०१:३० | खाना | |
| | ०१:३० - ०३:०० | उद्यम र उद्यमशिलता, व्यवसायिक योजनाको अवधारणा र खाका | |
| | ०३:०० - ०३:१५ | चिया/विश्राम | |
| | ०३:१५ - ०४:४५ | स्थानीय आर्थिक विकास योजना तर्जुमा | |
| | ०४:४५ - ०५:०० | दैनिक सङ्क्षेपीकरण | |
| | | | |
| तेस्रो | ०९:०० - ०९:१५ | अघिल्लो दिनको पुनरावलोकन | |
| | ०९:१५ - १०:४५ | वडास्तरीय स्थानीय आर्थिक विकास योजना तर्जुमा ( अभ्यास) | |
| | १०:४५ - ११:०० | चिया/ विश्राम | |
| | ११:०० - १२:३० | वडास्तरीय स्थानीय आर्थिक विकास योजना तर्जुमा अभ्यास (क्रमशः) र प्रस्तुती | |
| | १२:३० - ०१:३० | खाना | |
| | ०१:३० - ०३:०० | स्थानीय तहस्तरीय स्थानीय आर्थिक विकास योजना निर्माण | |
| | ०३:०० - ०३:१५ | चिया/विश्राम | |
| | ०३:१५ - ०४:४५ | स्थानीय आर्थिक विकास योजना कार्यान्वयन कार्ययोजना निर्माण, प्रशिक्षण सङ्क्षेपीकरण तथा समिक्षा, प्रशिक्षण पश्चात परीक्षण, अन्तिम मूल्याङ्कन | |
| | ०४:४५ - ०५:०० | प्रशिक्षण समापन | |
| | | | |

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार

२३

## प्रशिक्षण अवधिमा छलफल गरिने विषयहरू

- विकास अवधारणा र विकासको सोचमा आएका परिवर्तनहरू,
- संघ र प्रदेशको दीर्घकालीन सोच, लक्ष्य र उद्देश्यहरू,
- स्थानीय आर्थिक विकास,
- स्थानीय आर्थिक विकास योजनाको अवधारणा, महत्व र चरणहरू,
- स्थानीय आर्थिक विकासका लागि वर्तमान अवस्था विश्लेषण र प्रमुख क्षेत्रहरू पहिचान,
- सरोकारवाला विश्लेषण : प्रक्रिया र विधि ।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार

२४

## प्रशिक्षण अवधिमा छलफल गरिने विषयहरू

- स्थानीय आर्थिक विकासको प्रमुख क्षेत्रहरू प्राथमिकीकरण,
- उद्यम र उद्यमशीलता, व्यावसायिक योजनाको अवधारणा र खाका,
- स्थानीय आर्थिक विकास योजना तर्जुमा,
- वडास्तरीय स्थानीय आर्थिक विकास योजना तर्जुमा,
- स्थानीय तहस्तरीय स्थानीय आर्थिक विकास योजना निर्माण,
- स्थानीय आर्थिक विकास योजना कार्यान्वयन कार्ययोजना निर्माण ।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार

२५

## प्रशिक्षणका विधि

- लघु प्रवचन, मस्तिष्क मन्थन,
- श्रव्य दृश्य, प्रश्नोत्तर,
- समूह छलफल, अभ्यास तथा प्रस्तुतीकरण,
- मामिला अध्ययन,
- खेल आदि ।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार

२६

# स्थानीय आर्थिक विकास प्रशिक्षण

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार

१

## सत्र : २
## विकास अवधारणा र विकासको सोचमा आएका परिवर्तनहरू

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार

२

## सत्रका उद्देश्य

साधारण उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरूले :

१. विकासको अवधारणा व्याख्या गर्न सक्ने छन् ।

निर्दिष्ट उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरूले :

१. विकासलाई परिभाषित गर्न सक्ने छन् ।

२. विकासको अवधारणामा आएको परिवर्तनलाई व्याख्या गर्न सक्ने छन् ।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार

३

## सत्रका मुख्य विषयवस्तु

१. विकासको अवधारणा

२. विकासको अवधारणामा आएको परिवर्तन

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार

४

## आदर्श वाक्य

सयमा दश पाँच धनीमा गनिनु,
अरुले तिनको करिया बनिनु ।
विधिको यदि यै छ विधान भने,
अब त्यो विधिको पनि आयु पुग्यो ॥

- महानन्द सापकोटा

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार
५

## विकास भनेको के हो ?

- सकारात्मक र गुणात्मक परिवर्तनको अवस्थालाई नै सरल अर्थमा विकास भन्न सकिन्छ ।
- विकास भन्नाले आर्थिक वृद्धि मात्र नभई सामाजिक, सांस्कृतिक तथा संस्थागत उन्नति नै विकास हो । (युएनडिपी)
- विकास भनेको योजनाबद्ध क्रियाकलाप हो जसले समाजको कल्याणको अभिवृद्धि गर्ने सिलसिलामा वर्तमानको मात्र नभई अनन्तसम्मको बाटो पहिचान गर्दछ ।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार
६

## विकास भनेको.....

मानवीय प्रयासबाट

***समाजमा रहेका सबै खाले व्यक्ति र समुदायको जीवनमा दीगो र समतामूलक रूपमा गुणात्मक सुधार ल्याउनका लागि***

प्राकृतिक सम्पत्ति, आर्थिक सम्पत्ति, भौतिक सम्पत्ति, सामाजिक सम्पत्ति र मानवीय सम्पत्तिमा पहुँच बढाउने र त्यसको सही सदुपयोग गर्ने क्षमता वृद्धि भएको नै

**विकास** हो ।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार
७

## नेपालको सन्दर्भमा विकास अवधारणाको विकासक्रम : संक्षिप्त इतिहास

- जनताका लागि विकास (२००७-२०२७ साल ) - (Development for People)
- जनताको माध्यमबाट विकास (२०२७-२०३७ साल) - (Development through the People)
- जनतासँग मिलेर विकास (२०३७-२०४७ साल) - (Development with the People)

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार
८

## नेपालको सन्दर्भमा विकास अवधारणाको विकासक्रम...

- विकासका लागि जनसशक्तीकरण (२०४७-२०५७ साल) - (People Empowerment for Development)
- अधिकारमुखी विकास (२०५७-२०६७) - (Right based Development)
- समावेशी र दिगो विकास विकास (२०६७ देखि यता) - (Inclusion and Sustainable Development)

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

९

## Amartya Sen

- विकास जनताले उपभोग गर्ने 'वास्तविक स्वतन्त्रताको विस्तार' र 'व्यक्ति आफूले छनौट गरेको जीवन बाँच्न पाउने अवस्थाको सिर्जना' हो ।
- गरिबीलाई आर्थिक गरिबीको साथसाथै क्षमताको गरिबीका रूपमा हेर्नुपर्ने तर्क र व्यक्तिको 'आत्मसम्मान' र 'छनौटको अवसरमा बिस्तार' विकासको लक्ष्यको रूपमा व्याख्या ।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

१०

## विकासको साझा सहकार्यका माध्यमहरू

- सार्वजनिक निजी साझेदारी, विश्वव्यापीकरणका मान्यताहरूको अनुसरण
- आर्थिक उदारीकरण
- निजीकरण
- बहुस्तरीय शासन
- शासन प्रणालीको प्रजातान्त्रीकरण

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

११

# स्थानीय आर्थिक विकास प्रशिक्षण

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार

१

## सत्र : ३
## सङ्घ र प्रदेशको दीर्घकालीन सोच, लक्ष्य र उद्देश्यहरू

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार

२

## सत्रका उद्देश्य

साधारण उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरूले :

- नेपालको राष्ट्रिय लक्ष्य तथा समृद्धिका गन्तव्यहरू बताउन सक्ने छन् ।
- गण्डकी प्रदेशको समृद्धिका गन्तव्य तथा संवाहकहरू व्याख्या गर्न सक्ने छन् ।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार

३

## निर्दिष्ट उद्देश्य

१. नेपाल सरकारको दीर्घकालिन सोचअनुसार समृद्धि र सुख प्राप्तिका पाँच कोसेढुङ्गाहरू (Mile-stones) व्याख्या गर्न सक्ने छन् ।
२. गण्डकी प्रदेशले निर्धारण गरेको दीर्घकालीन सोच बताउन सक्ने छन् ।
३. गण्डकी प्रदेशको समृद्धिका ७ ओटा संवाहकहरूको सूची तयार पार्न सक्ने छन् ।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार

४

## सत्रका मुख्य विषयवस्तु

- नेपालको राष्ट्रिय लक्ष्य, समृद्धि र सुख प्राप्तिका कोसेढुङ्गाहरू
- गण्डकी प्रदेश समृद्धिका मुख्य संवाहकहरू

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार
५

## राष्ट्रिय लक्ष्य

**समृद्ध नेपाल, सुखी नेपाली**

**“समुन्नत, स्वाधीन र समाजवाद उन्मुख अर्थतन्त्र सहितको समान अवसर प्राप्त, स्वस्थ, शिक्षित, मर्यादित र उच्च जीवनस्तर भएका सुखी नागरिक बसोबास गर्ने मुलुक”**

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार
६

## राष्ट्रिय लक्ष्य




गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार
७

## समृद्ध नेपाल, सुखी नेपालीको चरण

| चरण | योजना | अवधि | विकासका उपलब्धी |
|---|---|---|---|
| पहिलो | पन्ध्रौं योजना | ५ वर्ष | समृद्धि र सुखको आधार निर्माण |
| दोस्रो | सोह्रौं योजना<br>सत्रौं योजना | १० वर्ष | समृद्धि र सुखको तीव्रता (दीगो विकास लक्ष्य प्राप्ति) |
| तेस्रो | अठारौं योजना<br>उन्नाइसौं योजना | १० वर्ष | समृद्धि र सुखको दीगोपन |

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार
८

## दीर्घकालीन सोचको मार्गचित्र



गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार

९

## राष्ट्रिय उद्देश्य

१. समृद्धिको आधार निर्माण गर्नु,

२. नागरिकलाई परिष्कृत र मर्यादित जीवनयापनको अनुभूति गराउनु र

३. देशको स्वाभिमान, स्वतन्त्रता र राष्ट्रिय हितको संरक्षण गर्नु

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार

१०

## राष्ट्रिय रणनीति

१. तीव्र, दिगो र रोजगारमूलक आर्थिक वृद्धि गर्ने,
२. सुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवा र शिक्षाको सुनिश्चितता गर्ने,
३. आन्तरिक तथा अन्तरदेशीय अन्तरआबद्धता एवम् दिगो सहर/बस्ती विकास गर्ने,
४. उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने,
५. पूर्ण, दिगो र उत्पादनशील सामाजिक सुरक्षा तथा संरक्षण प्रदान गर्ने,

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार

११

## राष्ट्रिय रणनीति

६. गरिबी निवारण र आर्थिक सामाजिक समानता सहितको न्यायपूर्ण र गतिशील समाज निर्माण गर्ने,
७. प्राकृतिक स्रोतको संरक्षण र परिचालन तथा विपद् उत्थानशीलताको विकास गर्ने र
८. सार्वजनिक सेवाको सुदृढीकरण, प्रादेशिक सन्तुलन र राष्ट्रिय एकता संवर्धन गर्ने ।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार

१२

## समृद्धिका गन्तव्य (गन्तव्य सङ्ख्या-१२)

| | |
|---|---|
| १. सर्वसुलभ तथा आधुनिक पूर्वाधार र सघन अन्तरआबद्धता | ○ सर्वसुलभ, सुरक्षित र आधुनिक यातायात<br>○ पूर्वाधारमा पहुँच तथा आबद्धता |
| २. मानव पुँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग | ○ स्वस्थ र लामो आयु भएका नेपाली<br>○ गुणस्तरीय, रोजगारमूलक तथा जीवनोपयोगी शिक्षा प्राप्त नागरिक<br>○ उत्पादनशील र मर्यादित रोजगारी |

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन कार्यान्वयनमा सुधार
१३

## समृद्धिका गन्तव्य (गन्तव्य सङ्ख्या-१२)

| | |
|---|---|
| ३. उच्च र दिगो उत्पादन तथा उत्पादकत्व | ○ अर्थतन्त्रमा क्षेत्रगत योगदान<br>○ स्वच्छ ऊर्जाको उत्पादन तथा उपभोग<br>○ व्यापार सन्तुलन<br>○ राष्ट्रिय तथा क्षेत्रगत उत्पादकत्व |
| ४. उच्च र समतामूलक राष्ट्रिय आय | ○ औद्योगिक राष्ट्र स्तरको उच्च आय<br>○ गरिबीको अन्त्य<br>○ राष्ट्रिय आम्दानीमा तल्लो ४० प्रतिशत जनसङ्ख्याको हिस्सा |

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन कार्यान्वयनमा सुधार
१४

## सुखका गन्तव्य (गन्तव्य सङ्ख्या-२२)

| | |
|---|---|
| १. परिस्कृत तथा मर्यादित जीवन | ○ नागरिक स्वस्थता तथा सन्तुष्टि<br>○ सुरक्षित तथा सुविधासम्पन्न आवास<br>○ भौतिक तथा आधुनिक सम्पत्ति माथिको समतामूलक पहुँच वा स्वामित्व |
| २. सुरक्षित, सभ्य र न्यायपूर्ण समाज | ○ विभेद, हिंसा र अपराधमुक्त समाज<br>○ सामाजिक सांस्कृतिक विविधता प्रवर्धन<br>○ संरक्षण<br>○ सामाजिक सुरक्षा तथा संरक्षण |

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन कार्यान्वयनमा सुधार
१५

## सुखका गन्तव्य (गन्तव्य सङ्ख्या-२२)

| | |
|---|---|
| ३. स्वस्थ र सन्तुलित पर्यावरण | ○ प्रदूषणमुक्त र स्वच्छ वातावरण<br>○ जैविक विविधता संरक्षण र पर्यावरणीय सन्तुलन<br>○ जलवायु परिवर्तन अनुकूलनशीलता<br>○ विपद् उत्थानशील समाज र अर्थतन्त्र |
| ४. सुशासन | ○ कानुनी शासन<br>○ सार्वजनिक सदाचार<br>○ पारदर्शिता र जवाफदेहिता |

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन कार्यान्वयनमा सुधार
१६

## सुखका गन्तव्य (गन्तव्य सङ्ख्या-२२)

| | |
|---|---|
| ५. सबल लोकतन्त्र | ○ सुदृढ सङ्घीय शासन प्रणाली<br>○ शान्ति र स्थिरता<br>○ स्वच्छ, स्वतन्त्र र कम खर्चिलो निर्वाचन<br>○ मौलिक हकको प्रत्याभूति<br>○ नागरिक सहभागिता |
| ६. राष्ट्रिय एकता, सुरक्षा र सम्मान | ○ नेपालीत्वको उच्च भावना<br>○ उच्च सामाजिक सद्भाव<br>○ मानव तथा अन्य सुरक्षा<br>○ अत्यावश्यक वस्तु र सेवामा आत्मनिर्भरता |

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार
१७

## रुपान्तरणका संवाहकहरू

- गुणस्तरीय पर्यटन सेवाको विकास र बिस्तार
- आधुनिक, दिगो र व्यवस्थित सहरीकरण
- प्रादेशिक र स्थानीय अर्थतन्त्र
- सामाजिक संरक्षण र सुरक्षा
- शासकीय सुधार र सुशासन

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार
१९

## रुपान्तरणका संवाहकहरू

- यातायात, सूचना तथा सञ्चार प्रविधि पूर्वाधार र बृहत् सञ्जालीकरण
- गुणस्तरीय मानव पुँजी निर्माण, उद्यमशीलता र पूर्ण उपयोग
- जलविद्युत् तथा हरित अर्थतन्त्र
- उत्पादन, उत्पादकत्व तथा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार
१८

## रोजगार र स्थानीय आर्थिक विकासलाई टेवा पुऱ्याउने सरकारका कार्यक्रमहरू

- प्रधानमन्त्री रोजगार कार्यक्रम
- युवा स्वरोजगार कार्यक्रम
- विदेशबाट फर्केका युवाहरूको सिप प्रमाणीकरण गरी व्यवसाय गर्न दश लाखसम्मको ऋण
- महिला उद्यमशीलता विकास कोषमार्फत् १५ लाखसम्म परियोजनामा आधारित ऋण ६ प्रतिशत ब्याज अनुदानको व्यवस्था
- दलित समुदाय व्यवसाय कर्जा : सामूहिक जमानीमा प्रति समूह रु १० लाखसम्म ऋण र ५ प्रतिशत ब्याज अनुदानको व्यवस्था

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार
२०

## रोजगार र स्थानीय आर्थिक विकासलाई टेवा पुऱ्याउने सरकारका कार्यक्रमहरू

- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
- राष्ट्रपति महिला उत्थान कार्यक्रम
- शैक्षिक प्रमाण पत्र धितो राखी युवालाई ५ प्रतिशतमा ७ लाखसम्म ऋणको व्यवस्था
- भू-चक्लाबन्दीमार्फत् सामूहिक, सहकारी र करार खेतीलाई प्रोत्साहन गर्न जमिन एकीकरण गरी व्यावसायिक खेती, पशुपक्षी पालन, जडिबुटी खेतीका लागि अनुदान, प्राविधिक सहयोग र मेसीन औजार आयातमा कर छुट सहुलियत

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार

२१

## रोजगार र स्थानीय आर्थिक विकासलाई टेवा पुऱ्याउने सरकारका कार्यक्रमहरू

- कृषि क्षेत्रमा प्राविधिक जनशक्ति आपूर्ति गर्न एक स्थानीय तहमा कम्तीमा एक प्राविधिक उपलब्ध गराउने व्यवस्था
- स्थानीय तहमा सामुदायिक वन उपभोक्ता समूहसँगको सहकार्यमा वनमा आधारित उद्यमको विकास
- सहकारीको क्षेत्रगत दायरा फराकिलो पार्दै उद्योग, पर्यटन, ऊर्जा, आवास, शिक्षा, स्वास्थ्य क्षेत्रमा सहकारीको उपस्थिति बढाउन व्यवस्था
- सहकारी संस्थाहरूले प्रवर्धन गर्ने कृषि तथा वनजन्य र साना तथा घरेलु उद्योगका लागि अनुदान र कर सहुलियत

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार

२२

## रोजगार र स्थानीय आर्थिक विकासलाई टेवा पुऱ्याउने सरकारका कार्यक्रमहरू

- बन्द र रुग्ण उद्योगहरूलाई सम्भाव्यताको आधारमा सहकारी र निजी क्षेत्रको साझेदारीमा सञ्चालन गर्ने व्यवस्था
- स्वदेशी कपडा उद्योगको उत्पादनलाई प्रोत्साहन गर्न मूल्य अभिवृद्धि करमा दर्ता भएका कपडा उद्योगहरूले उपयोग गर्ने विद्युत् महसुलमा ५० प्रतिशत छुट
- स्थानीय तहहरुले आफ्नै पहलमा विभिन्न कार्यक्रमहरूको व्यवस्था (अध्यक्ष रोजगार कार्यक्रम, उपमेयर महिला उद्यमशीलता कार्यक्रम आदि) ।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार

२३

## गण्डकी प्रदेश सरकारको दीर्घकालीन सोंच लक्ष्य र उद्देश्यहरू

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार

२४

## दीर्घकालीन सोच

"समृद्ध प्रदेश र सुखी नागरिक"

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार
२५

## लक्ष्य

"उच्च उत्पादन, मर्यादित जीवन, समावेशी, सभ्य, न्यायपूर्ण र सुशासनयुक्त आधुनिक समाज भएको समृद्ध प्रदेश"

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार
२६

## उद्देश्यहरू

१. उत्पादन र उत्पादकत्व वृद्धि गर्दै समाजवाद उन्मुख आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्ने,
२. पर्यटन, ऊर्जा, कृषि, उद्योग, पूर्वाधार र मानव संसाधनका पूर्ण विकास तथा दिगो, समतामूलक र फराकिलो उच्च आर्थिक वृद्धि हासिल गर्ने,
३. गुणस्तरीय स्वास्थ्य, शिक्षा, खानेपानी, सरसफाइ, वातावरण, सामाजिक समता र सुरक्षामा पहुँच र सुशासनको अनुभूति सबै नागरिकलाई गराउनमा जोड दिने ।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार
२७

## प्रदेश समृद्धिका मुख्य सम्बाहकहरू

१. पर्यटन
२. ऊर्जा
३. कृषि
४. उद्योग
५. पूर्वाधार
६. मानव संसाधन विकास (शिक्षा र स्वास्थ्य)
७. सुशासन

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार
२८


प्रदेश समृद्धिका पाँच मुख्य सहयोगी क्षेत्रहरू
१. प्राकृतिक सौन्दर्य
२. जैविक विविधता
३. सामाजिक विविधता बीच एकता
४. सांस्कृतिक सम्पन्नता, सहअस्तित्व र पहिचान
५. जनसाङ्ख्यिक लाभ
गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
२५

# स्थानीय आर्थिक विकास प्रशिक्षण

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार
१

## सत्रका उद्देश्य

साधारण उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरूले स्थानीय आर्थिक विकासको अवधारणा व्याख्या गर्न सक्ने छन् ।

निर्दिष्ट उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरूले:

१. स्थानीय आर्थिक विकासलाई परिभाषित गर्न सक्ने छन् ।

२. स्थानीय आर्थिक विकासको महत्वको सूची तयार पार्न सक्ने छन् ।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार
३

## सत्र : ४
## स्थानीय आर्थिक विकासको अवधारणा

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार
२

## स्थानीय आर्थिक विकासको पृष्ठभूमि

- विश्वव्यापी रुपमा गरिबी न्यूनीकरण र आर्थिक समानताका लागि विभिन्न अभ्यासहरू हुँदै आए पनि सोचेअनुसारको उपलब्धि हासिल हुन नसकेको ।
- विभिन्न राजनीतिक परिवर्तनका आन्दोलनहरू हुँदै व्यवस्था परिवर्तन भए पनि गरिब र विपन्न वर्गको अवस्था परिवर्तन हुन नसकेको ।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार
४

## स्थानीय आर्थिक विकासको पृष्ठभूमि

- राज्य व्यवस्थामा आएको परिवर्तन र विकासका विभिन्न मोडेलहरुको प्रयोग भए पनि अहिले पनि नेपालको कुल जनसंख्याको करिब २८ प्रतिशत जनता बहुआयामिक गरिबी र १५ प्रतिशत जनता आर्थिक गरिबीको अवस्थामा रहनु ।
- ग्रामीण क्षेत्रको ठुलो हिस्सा अझै पनि निर्वाहमुखी कृषिमा निर्भर हुनुका साथै जोखिमपूर्ण अवस्थामा रहनु ।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार

५

## स्थानीय आर्थिक विकासको पृष्ठभूमि

- क्षेत्रीय, वर्गीय, जातीय, लैङ्गिक असमानताका विषयमा राजनीतिक मुद्दा उठाएर भएका विभिन्न आन्दोलन सफल भएपनि अझै यी असमानताहरु हट्न नसक्नु ।
- अझै पनि ग्रामीण क्षेत्रमा बसोबास गर्ने विपन्न र गरिबवर्ग विभिन्न किसिमका सङ्कटासन्नताका अवस्थाहरूको सिर्जनाका कारण गरिबीको रेखामुनि झर्ने र सामान्य अवस्था हुँदा रेखामाथि आउने भइरहनु ।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार

६

## स्थानीय आर्थिक विकासको पृष्ठभूमि

- गरिब र विपन्नवर्गलाई विश्वव्यापीकरणले ल्याएको लहरले नयाँ अवसरहरू सिर्जना गर्न नसक्नु साथै विकेन्द्रीकरणको प्रयास स्वरूप चालिएका शासकीय सुधारका कामहरूले जनजीवनमा सकारात्मक प्रभावहरू देखाउन नसक्नु ।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार

७

## स्थानीय आर्थिक विकासको पृष्ठभूमि

उत्पादनमा आत्मनिर्भर भई आयातलाई प्रतिस्थापन गर्ने र आर्थिक सबलता हुँदै जाने भएकोले यो नै एक उपयुक्त विकल्पको रूपमा स्थानीय आर्थिक विकासको अवधारणा अगाडि आएको ।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार

८

## स्थानीय आर्थिक विकास

कुनै निश्चित क्षेत्र वा भूगोलमा आधारित भएर स्थानीय समुदायको स्वामित्व र व्यवस्थापनमा रोजगारी सिर्जना गर्दै आर्थिक उपार्जनका लागि गरिने एक सहभागितामूलक प्रक्रिया ।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार

९

## स्थानीय आर्थिक विकास.....

एक सहभागितामूलक प्रक्रिया हो जसले स्थानीय तहमा सरकारी, निजी तथा समुदायको साझेदारीमा आर्थिक उन्नतिको कार्य गर्दै सामाजिक घनिष्ठता (Cohesion) बढाउनुका साथै स्थानीय क्षेत्रका मानिसहरुमा सिप वृद्धि, संस्थागत क्षमता विकास गर्दै दिगो विकासको जग बसाउने काम गर्दछ ।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार

१०

## आर्थिक विकासको सन्दर्भमा नेपालको अवस्था

| सूचकहरु | नेपालको अवस्था | विश्वमा नेपालको स्थान | कैफियत |
|---|---|---|---|
| आर्थिक बृद्धि | ५.२% | १९९ औं | दक्षिण एसियामा सबै भन्दा कम |
| युवा बेरोजगारीको दर | २.४२ % | | |
| कुल बेरोजगारीको दर | १.४७ % | | |
| भ्रष्टाचारी मूलुक्को सूचकाङ्क | २३.५९ | ११३ औं | एसियामा ३४ औं |
| विश्वका भूखमरी भएका मुलुकको सूचकाङ्क | २०.२३ | १०९ औं | |
| विश्व शान्तिको सूचकाङ्क | २.००३ | ७६ औं | दक्षिण एसियामा तेस्रो |
| प्रजातन्त्रको सूचकाङ्क | ०.५ | ९२ औं | |
| व्यवसायिक वातावरणको सूचकाङ्क | ६३.२ | १५७ औं | |
| समावेसी विकास सूचकाङ्क | | २७ औं | |
| उदाउँदो अर्थतन्त्र भएको देशको सूचीमा | | २२ औं | |

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार

११

## स्थानीय आर्थिक विकासको महत्व

- स्थानीय तहले आफ्नो परिवेश, प्राकृतिक तथा मानव स्रोतको अवस्था पहिल्याउँदै आफ्नो विकासको मोडेल पनि मौलिक ढङ्गले आफै तयार गरी हरेक व्यक्ति, परिवार र सिङ्गो समाजलाई समृद्ध बनाउन,
- **स्थानीय स्रोत साधनको अधिकतम प्रयोग गर्न र आयात घटाउन,**
- स्थान विशेषमा उपलब्ध स्रोत, साधन र प्रतिस्पर्धी क्षमताका वस्तुहरूको पहिचान गर्दै तिनको कार्यान्वयनबाट उत्पादन र सेवाको विस्तार गरी समृद्धि प्राप्त गर्न ।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार

१२

# स्थानीय आर्थिक विकास प्रशिक्षण

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

१३

## पहिलो दिन छलफल गरिएका विषयहरुको मुख्य बुँदाहरू

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

१४

## सङ्क्षेपीकरण

- कुनै पनि व्यक्ति तथा समाजका आर्थिक, भौतिक, सामाजिक, राजनीतिक तथा मानसिक अवस्थामा आउने क्रमिक र सकारात्मक परिवर्तनको अवस्थालाई विकास भन्न सकिन्छ ।
- मानवीय प्रयासबाट व्यक्ति र समाजमा आर्थिक, भौतिक, सामाजिक, तथा सांस्कृतिक क्षेत्रमा ल्याइने सकारात्मक परिवर्तन नै “विकास” हो । यो निरन्तर चलिरहने समष्टिगत र सकारात्मक परिवर्तनको प्रक्रिया हो ।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

१५

## सङ्क्षेपीकरण ....

- स्थानीय आर्थिक विकास भनेको स्थानीय समुदायको संलग्नतामा स्थानीय श्रोतको अधिकतम उपयोग गरी रोजगारीको सिर्जना गर्दै महिला र पुरुष दुवैको जीवनस्तरमा गुणात्मक सुधार ल्याउने एक रणनीति हो ।
- स्थानीय आर्थिक विकास केवल आर्थिक वृद्धिमा मात्र सीमित छैन, यो त न्यायपूर्ण समाज निर्माणको आधार हो ।
- राष्ट्रिय दीर्घकालीन सोचः समृद्ध नेपाल सुखी नेपाली हो भने यसका समृद्धिमा ४ ओटा र सुखका ६ ओटा गन्तव्यहरू निर्धारण गरिएको छ ।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

१६

## सङ्क्षेपीकरण ....

- संविधानको प्रस्तावनामा आर्थिक समानता, समृद्धि, सामाजिक न्याय, समतामूलक समाज उन्मुख समृद्ध राष्ट्र निर्माण गर्ने विषय उल्लेख गरिएको ।
- मौलिक हक अन्तर्गत धारा १८ मा राज्यले नागरिक बिच धर्म, वर्ण, जातजाति, लिङ्ग, आर्थिक विकास लगायत कुनै आधारमा भेदभाव नगर्ने भनेको ।
- संविधानको अनुसूची-८ मा रहेको सातौं, दशौं, पन्धौं र अठारौं अधिकारहरू प्रत्यक्ष रूपमा स्थानीय आर्थिक विकाससँग सम्बन्धित रहेको ।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन कार्यसम्पादनमा सुधार

१७

## स्थानीय आर्थिक विकास प्रशिक्षण

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार

१

## सत्र : ५ (क)
## उद्यम र उद्यमशीलता

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार

२

## सत्रका उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरूले उद्यम र उद्यमशीलताको बारेमा बताउन सक्ने छन्।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार

३

## सत्रका उद्देश्य

निर्दिष्ट उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरूले:

१. उद्यमको व्यवहारिक परिभाषा बताउन सक्ने छन्।
२. उद्यमको ५ ओटा महत्वको सूची तयार पार्न सक्ने छन्।
३. उद्यमशीलताको परिभाषा बताउन सक्ने छन्।
४. सफल उद्यमीमा हुनुपर्ने ७ वटा गुणहरूको सूची तयार गर्न सक्ने छन्।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार

४

## सत्रका मुख्य विषयवस्तु

१. उद्यम र उद्यमशीलता



## आदर्श वाक्य

थालौंला नि बखत छँदै छ भनिक्यै भाखा नराख्ने गर ।
पुग्छन् हेर हिँडिरहेर कमिला हज्जार कोषै पर ॥
कहिले सक्नु ठुलो छ काम भनिक्यै मान्दै नमान्नु डर ।
पुग्दैनन गरुडै पनि नउडिता त्यै पाँच वित्तै पर ॥

गुणरत्नमाला



## उद्यम व्यवसाय

नाफा आर्जन गर्न वा पैसा कमाउने उद्देश्यले वस्तु वा सेवा उत्पादन गरी उपलब्ध गराउने क्रियाकलापलाई नै सरल भाषामा उद्यम वा व्यवसाय भनिन्छ ।



## उद्यम व्यवसाय.....

- उद्यमले नाफा कमाउन वा आयआर्जनका लागि मात्र नभै ग्राहकको सन्तुष्टी पनि समेट्नुपर्दछ ।

त्यसैले,

- उद्यम वा व्यवसाय भनेको ग्राहकलाई सन्तुष्टि प्रदान गरी आयआर्जनका साथै नाफा आर्जन गर्नका लागि गरिने सम्पूर्ण व्यापारिक तथा औद्योगिक क्रियाकलाप हो ।

## निर्वाहमुखी उत्पादन वा व्यवसाय



गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार

९

## व्यवसायमुखी उत्पादन



गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार

१०

## व्यवसायमुखी उत्पादन



गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार

११

## व्यवसायमुखी उत्पादन



गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार

१२

## उद्यम व्यवसायको महत्व

- रोजगारीको अवसर प्रदान गर्ने
- पारिवारिक आयमा वृद्धि गर्ने
- राष्ट्रिय उत्पादनमा अभिवृद्धि गर्ने
- स्थानीय स्रोत तथा साधनको प्रयोग गर्ने
- विदेशी मुद्रा आर्जन गर्ने आदि ।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार

१३

## उद्यम व्यवसायको वर्गीकरण

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार

१४

## सिप, स्रोत र लगानीको आधारमा

- घरेलु उद्योग: श्रममूलक, देशको परम्परा कला संस्कृतिसंग सम्बन्धित र स्थानीय कच्चा पदार्थ परिचालन गर्ने परम्परागत किसिमका उद्योगहरू
- साना उद्योग: ३ करोड रुपैयाँसम्म स्थित पुँजी भएका उद्योगहरू

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार

१५

## सीप, स्रोत र लगानीको आधारमा

- मझौला उद्योग : ३ करोडभन्दा माथि र १० करोडसम्मको स्थिर पुँजी भएका उद्योगहरू
- ठुला उद्योग : १० करोड रुपैयाँभन्दा माथि स्थिर पुँजी भएका उद्योगहरू

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार

१६

## उत्पादनको प्रकृतिको आधारमा

- उत्पादनमूलक उद्योग: कोरा वा अर्ध प्रशोधित वस्तु वा खेर गइरहेको वस्तुको प्रयोग वा प्रशोधन गरी मालसामान उत्पादन गर्ने
- ऊर्जामूलक उद्योग: जलस्रोत, वायु, सौर्यशक्ति, कोइला, प्राकृतिक तेल, बायोग्याँस वा अन्य स्रोतबाट ऊर्जा पैदा गर्ने उद्योग

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

१७

## उत्पादनको प्रकृतिको आधारमा

- कृषि तथा वनजन्य उद्योग: कृषि वा वन पैदावरमा आधारित उद्योगहरू
- खनिज उद्योग: खनिज उत्खनन वा प्रशोधन सम्बन्धी उद्योग
- पर्यटन उद्योग: पर्यटन आवास, होटल, रेष्टुरा, रिसोर्ट, ट्राभल एजेन्सी, आरोहरण जस्ता व्यवसायहरू

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

१८

## उत्पादनको प्रकृतिको आधारमा

- सेवा उद्योग : कार्यशाला, छापाखान, परामर्श सेवा, चलचित्र उद्योग, सार्वजनिक परिवहन, हवाई सेवा, शीतभण्डार जस्ता उद्योगहरू
- निर्माण उद्योग : सडक, पुल, टनेल तथा औद्योगिक व्यापारिक एवम् आवास क्षेत्र निर्माण सम्बन्धी उद्योग

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

१९

## स्वामित्वको आधारमा

- एकलौटी व्यवसाय: एक जना व्यक्तिको लगानी तथा स्वामित्वमा सञ्चालन भएको व्यवसाय
- साझेदारी व्यवसाय: दुई वा दुईभन्दा बढी व्यक्तिहरु मिली नाफा नोक्सान व्यहोर्ने कबुलियतनामा गरी साझेदारी ऐन २०२० अन्तर्गत दर्ता गरी स्थापना भएका व्यवसाय
- कम्पनी: कम्पनी ऐन अन्तर्गत स्थापना भएको लिमिटेड कम्पनीहरू

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

२०

## सफल उद्यमी वा व्यवसायीमा हुनुपर्ने गुणहरू

- सृजनशील र सकारात्मक सोच भएको,
- स्थानीय स्तरमा के कस्ता स्रोत र साधनहरु छन् तिनको पहिचान गर्नसक्ने,
- पहिचान गरेका स्रोत र साधनहरुमा आधारित व्यवसायहरू संचालन गर्नसक्ने,
- कुनै समस्या आएमा धैर्यताका साथ त्यसको सामना गर्न सक्ने,
- नयाँ सोच, धारणा एवम् प्रविधिको जानकारी लिन सक्ने,
- व्यवसायको लागि आवश्यक रकम जुटाउन सक्ने ।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार

२१

## सफल उद्यमी वा व्यवसायीमा हुनुपर्ने गुणहरू......

- उत्पादित वस्तुलाई बजारसम्म लगेर बेच्न तत्पर हुन सक्ने,
- व्यवसाय गर्दा आउन सक्ने जोखिम लिन सक्ने,
- व्यावसायिक योजना बनाई सोहीअनुसार काम गर्न सक्ने,
- विभिन्न व्यापारिक व्यक्ति र संघ संस्थाहरूसँग समन्वय गर्न सक्ने,
- चुनौति बहन गर्न सक्ने,
- कार्यबोझ लिन तयार,
- आफ्नो दैनिकीमा लचकता ल्याउन सक्ने ।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार

२२

## उद्यमशीलता प्रवर्धनका लागि स्थानीय सरकारको भूमिका

- हाल सञ्चालित व्यवसाय र सम्भावित व्यवसायहरूको अध्ययन गर्ने,
- बजार सर्वेक्षण गर्ने,
- व्यवसायीहरुको सङ्ख्या र आगामी दिनमा व्यवसाय गर्न तयार सिपयुक्त व्यवसायीहरुको सङ्ख्या निर्धारण (विदेशबाट फर्केका सिप भएका व्यवसायीहरूसमेत) गर्ने ।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार

२३

## उद्यमशीलता प्रवर्धनका लागि स्थानीय सरकारको भूमिका

- स्थानीय आर्थिक विकास कोषको स्थापना गर्ने ।
- स्थानीय तहमा कार्यरत सहयोगी संस्था, सहकारी, निजी व्यवसायीहरूसँगको छलफलबाट छनोट भएका व्यवसायहरुमा लगानी गर्न उत्प्रेरित गर्ने ।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार

२४

# स्थानीय आर्थिक विकास प्रशिक्षण

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार

१

## सत्र : ५(ख)
## व्यावसायिक योजना

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार

२

## सत्रका उद्देश्य

साधारण उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरूले व्यावसायिक योजना तयार गर्न सक्ने छन् ।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार

३

## सत्रका उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरूले:

१. व्यावसायिक योजनाको अवधारणा र आवश्यकता बताउन सक्ने छन् ।

२. व्यावसायिक योजना तयार गर्न सक्ने छन् ।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार


४

## मुख्य मुख्य विषयवस्तु

१. व्यावसायिक योजनाको अवधारणा
२. व्यावसायिक योजनाको खाका

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

५




गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

६

## व्यावसायिक योजना

व्यवसायलाई व्यवस्थित र योजनाबद्ध रूपमा सञ्चालन गर्नका लागि बनाइने योजना ।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

७

## व्यावसायिक योजना

कुनै पनि व्यवसाय स्थापना गरी सञ्चालन गर्नको लागि आवश्यक सम्पूर्ण पक्षहरू (बजार, उत्पादन, खर्च तथा वित्त सम्बन्धी सम्पूर्ण पक्षहरू) लाई समावेश गरी तयार गरिने योजना ।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

८




गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

९

## व्यावसायिक योजनाः निम्न प्रश्नहरूको उत्तर खोज्ने दस्तावेज

- कुन वस्तु/सेवा उत्पादन गर्ने हो ?
- कस्तो गुणस्तरको वस्तु/सेवा उत्पादन गर्ने हो ?
- वस्तु/सेवाको बजार क्षेत्र कहाँ हो ?
- बजार माग कस्तो छ ?
- कस्ता उमेर समूहका बासिन्दाहरुको बाहुल्यता रहेको छ ?
- कति परिमाणमा उत्पादन गर्ने हो ?

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

१०

## व्यावसायिक योजनाः निम्न प्रश्नहरूको उत्तर खोज्ने दस्तावेज

- मेसिन उपकरण के कति चाहिन्छ ?
- के कस्ता दक्षताका कति कामदार चाहिन्छ ?
- खर्चहरू के कति लाग्ला ?
- कति पुँजी आवश्यक पर्छ ?
- लगानीको कति प्रतिफल पाउन सकिन्छ ?

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

११

## व्यावसायिक योजना कस्का लागि ?

- उद्यमी आफ्नै लागि
- सम्बन्धित कार्यालयहरूमा दर्ता गर्नु परेमा
- बैङ्कबाट ऋण लिनु परेमा
- साझेदार भएमा साझेदारहरूको लागि

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

१२

## व्यावसायिक योजनामा समेटिने विषयहरू

परिचय :

बजार योजना:

(क) उत्पादन गर्ने वस्तु/सेवा

(ख) व्यवसाय स्थापना गर्ने ठाउँ

(ग) लक्षित बजार क्षेत्र

(घ) उत्पादन/बिक्री लक्ष्य

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार

१३

## व्यावसायिक योजनामा समेटिने विषयहरू

उत्पादन योजना:

(क) उत्पादन प्रक्रिया/विधि

(ख) आवश्यक स्थिर सम्पत्ति

स्थिर सम्पत्तिमा ह्रासकट्टी:

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार

१४

## व्यावसायिक योजनामा समेटिने विषयहरू

खर्च योजना:

(क) कच्चा पदार्थ आवश्यकता र त्यसको लागत

(ख) आवश्यक कामदार लागत

(ग) अन्य शीर्षभार खर्च

(घ) प्रति इकाइ लागत

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार

१५

## व्यावसायिक योजनामा समेटिने विषयहरू

वित्तीय योजना:

(क) आवश्यक कूल पुँजी: स्थिर पुँजी+उत्पादन अधिको खर्च+ चालु पुँजी

स्थिर पुँजी- घर कारखाना, मेसिन, औजार, फर्निचर आदि स्थिर सम्पत्ति खरिद गर्न आवश्यक लगानी वा रकम

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार

१६

## व्यावसायिक योजनामा समेटिने विषयहरू

वित्तीय योजनाः

(क) आवश्यक कूल पुंजीः स्थिर पुंजी+उत्पादन अघिको खर्च+ चालु पुँजी

उत्पादन अघिको खर्च- उत्पादन सुरु गर्नु अघि लाग्ने विविध खर्चहरू जस्तै - तालिम खर्च, बजार अनुसन्धान खर्च, दर्ता खर्च, नमुना उत्पादन खर्च

चालु पुँजी- व्यवसायलाई सुचारु रुपले सञ्चालन गर्न हर समय आवश्यक पर्ने नगद वा अन्य वस्तुगत पुँजी)

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

१७

## व्यावसायिक योजनामा समेटिने विषयहरू

चालु पुँजीः अन्तर्गत कच्चा पदार्थ मौज्दात, तयारी वस्तुको मौज्दात, अर्ध तयारी वस्तुको मौज्दात, उधारो बिक्री, नगद पर्दछन् ।

पुँजीको स्रोत : (आवश्यक कुल पुँजी, पुँजी जुटाउने उपाय, ऋण लिने भए धितो राखिने विवरण)

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

१८

## व्यावसायिक योजनामा समेटिने विषयहरू

बिक्री मूल्य निर्धारण :

पहिलो वर्षको नाफा नोक्सान हिसाब :

पारबिन्दु :

लगानीमा प्रतिफल :

निष्कर्ष :

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

१९

# स्थानीय आर्थिक विकास प्रशिक्षण

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार
१

## सत्र : ६
## स्थानीय आर्थिक विकास योजनाको अवधारणा, महत्व र चरणहरू, स्थानीय आर्थिक विकासका लागि वर्तमान अवस्था विश्लेषण र प्रमुख क्षेत्रहरू पहिचान

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार
२

## सत्रका उद्देश्य

साधारण उद्देश्य

- स्थानीय आर्थिक विकास योजनाका बारेमा बताउन सक्ने छन् ।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार
३

## सत्रका उद्देश्य

**निर्दिष्ट उद्देश्य**

- स्थानीय आर्थिक विकास योजनाको अवधारणा व्याख्या गर्न सक्ने छन् ।
- स्थानीय आर्थिक विकास योजना तर्जुमा प्रक्रिया बताउन सक्ने छन् ।
- स्थानीय आर्थिक विकास योजनाका चरणहरूको सूची तयार पार्न सक्ने छन् ।
- स्थानीय आर्थिक विकासका वर्तमान अवस्था विश्लेषण गर्न सक्ने छन् ।
- स्थानीय आर्थिक विकासका सम्भावित आर्थिक क्रियाकलाप पहिचान गर्न सक्ने छन् ।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार
४

## सत्रका विषयवस्तु

१. स्थानीय आर्थिक विकास योजनाको अवधारणा
२. स्थानीय आर्थिक विकास योजना प्रक्रिया
३. स्थानीय आर्थिक विकास योजनाका चरण
४. स्थानीय आर्थिक विकासको वर्तमान अवस्था विश्लेषण
५. स्थानीय आर्थिक विकासका सम्भावित आर्थिक क्रियाकलापको पहिचान

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान ५

## माझीले डुङ्गा खियाएको कथा



गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान ६


## योजना भनेको केहो ?

कुनै पनि कुरालाई व्यवस्थित ढङ्गले सञ्चालन गरेर उचित फल पाउनको लागि कामको थालनी गर्नु अगाडि निम्नलिखित कुरा यकिन गरी प्रष्ट र लिखित रूपमा प्रमाणित गर्ने प्रक्रिया:

- कुन काम गर्ने ? कसरी गर्ने ? किन गर्ने ? कहिले गर्ने ? कहाँ गर्ने ? ककसले जिम्मेवारी लिने ?
- त्यो काम फत्ते गर्न कति रकम र सामग्री लाग्छ ?
- त्यो रकम तथा सामग्री कहाँबाट जुटाउने ?
- काम भयो कि भएन भनी कसरी अनुगमन गर्ने ?

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान ७

## योजना चक्र




गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान ८

## स्थानीय आर्थिक विकासको रणनीतिक योजना




## स्थानीय आर्थिक विकास योजनाका चरण




## स्थानीय आर्थिक विकास योजनाका चरण

| चरण | गर्नुपर्ने कार्यहरू | अवलम्बन गर्न सकिने विधिहरू | जिम्मेवारी |
|---|---|---|---|
| १. आर्थिक क्रियाकलापहरूको वर्तमान अवस्थाको विश्लेषण | स्थानीय तहको आर्थिक अवस्था, आर्थिक तथ्यांकहरू, सम्भावना र आईपर्ने चुनौतीहरूको विश्लेषण | सर्भे तथा अन्य सहभागितामूलक तरिका तथा द्वितीय स्रोतबाट जानकारी सङ्कलन र विश्लेषण | स्थानीय तहका प्रतिनिधिहरू, कर्मचारी र विषयविज्ञ |
| २. सम्भावित आर्थिक क्रियाकलापहरूको पहिचान | आर्थिक रुपमा सम्भावना भएको, प्राविधिक रुपमा उपयुक्त, सामाजिक रुपमा स्विकार्य र भौगोलिक/ प्राकृतिक रुपमा सुहाउँदो स्थानीय तहमा गर्न सकिने आर्थिक क्रियाकलापहरूको पहिचान | छलफल र स्वतन्त्र सूची | स्थानीय तहका प्रतिनिधिहरू, कर्मचारी र विषयविज्ञ |
| ३. मुख्य आर्थिक क्रियाकलापहरूको छनोट | स्वतन्त्र सूचीहरूबाट मुख्य आर्थिक क्रियाकलापहरको छनोट | एस्वोट विश्लेषण<br>जोडी स्तरीकरण | स्थानीय तहका प्रतिनिधिहरू, कर्मचारी र विषयविज्ञ |
| ४. स्थानीय आर्थिक विकास योजना निर्माण | परिकल्पना र लक्ष्य सहितको स्थानीय आर्थिक विकास योजनाको खाकामा योजना तयार | छलफल, सरोकारवाल विश्लेषण, स्रोत र साधनको आँकलन र वजार सर्भेक्षण | स्थानीय तहका प्रतिनिधिहरू, कर्मचारी र विषय विज्ञ |
| ५. स्थानीय आर्थिक विकास योजनाको कार्यान्वयन | क्षेत्रगत र स्थानगत योजना सञ्चालन | योजना कार्यान्वयन निर्देशिका तयार र जिम्मेवारी सहित कार्य संचालन | योजनाका लाभान्वित वर्ग, सम्बन्धित वडाका जनप्रतिनिधि, कर्मचारी |
| ६. स्थानीय आर्थिक विकास योजना कार्यान्वयनको समीक्षा | संचालित योजनाको अनुगमन, उपलब्धी मापन र समीक्षा | अनुगमन र उपलब्धी मापनका चेकलिष्ट र लाभग्राहीसँग अन्तक्रिया, छलफल | लाभान्वित वर्ग, जनप्रतिनिधि, विज्ञ |

११

## स्थानीय आर्थिक विकासका लागि वर्तमान अवस्था विश्लेषण र प्रमुख क्षेत्रहरू पहिचान

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

अवतहरुमा परिवर्तन, कार्यसम्पादनमा सुधार

१२

## स्थानीय आर्थिक विकासका सम्भावित क्रियाकलापहरूको पहिचान गर्दा ध्यान दिनुपर्ने विषयहरू

| | |
|---|---|
| (१) आर्थिक रूपमा सम्भाव्य | (५) प्राविधिक रूपमा उपयुक्त |
| (२) सामाजिक रूपमा स्वीकार्य | (६) भौगोलिक, प्राकृतिक र वातावरणीय रूपमा सुहाँउदो |
| (३) जनशक्तिको उपलब्धता | (७) कच्चा पदार्थको उपलब्धता |
| (४) आवश्यक भौतिक पूर्वाधारको अवस्था | (८) सरकारी नीतिको अनुकूल |

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

व्यवहारमा परिवर्तन कार्यसम्पादनमा सुधार

१३

## साथै सम्भावित आर्थिक क्रियाकलाप छनोट गर्दा ध्यान दिनुपर्ने कुराहरू

छिटो आम्दानीमा केन्द्रित हुने

वा

दीर्घकालीन आयका क्षेत्रमा केन्द्रित हुने

वा

भइरहेका आर्थिक क्रियाकलापको केन्द्रित गर्ने

वा

नयाँ आर्थिक क्रियाकलापको थालनी गर्ने

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

व्यवहारमा परिवर्तन कार्यसम्पादनमा सुधार

१४

# स्थानीय आर्थिक विकास तालिम

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार
१

## सत्र – ७ (क)
## सरोकारवालहरूको पहिचान तथा विश्लेषण

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार
२

## सत्रका उद्देश्य

साधारण उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरूले स्थानीय तहमा रहेका स्थानीय आर्थिक विकाससँग सम्बन्धित सरोकारवालहरूको पहिचान तथा विश्लेषण गर्न सक्नेछन् ।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार
३

## सत्रका उद्देश्य

निर्दिष्ट उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरूले:

१. स्थानीय तहमा आर्थिक विकास गर्नका लागि सम्भावित सरोकारवालाहरूको सूची तयार पार्न सक्नेछन् ।

२. आर्थिक विकासका क्रियाकलापहरूमा सरोकारवालाहरूले हाल उपलब्ध गराई रहेका सेवा/सुविधाको सूची तयार गर्न सक्नेछन् ।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार
४

## सत्रका मुख्य विषयवस्तुहरू

१. स्थानीय तहमा सम्भावित सरोकारवालाहरूको पहिचान

२. सरोकारवालाहरूको विश्लेषण

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

५

## छलफल

- पालिका तहमा आर्थिक विकासका क्रियाकलापहरूमा संलग्न भएका र भविष्यमा हुन सक्ने वा गराइन सक्ने कुन कुन संस्था, निकाय तथा व्यक्तिहरू होलान ?
- हाल उपलब्ध गराई रहेका सेवा/सुविधा तथा भविष्यमा उपलब्ध गराउन सक्ने सेवा/सुविधा के के होलान ?

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

६

## सरोकारवालहरूको विश्लेषण मेट्रिक्स

| आर्थिक क्रियाकलापमा आवश्यक कुराहरू | परिचालन गर्न सकिने सरोकारवालाहरू |
|---|---|
| ऋण तथा आर्थिक सहयोग लिन सकिने | |
| प्राविधिक सेवा लिन सकिने | |
| बजार व्यवस्थापनमा सहयोगी | |
| मल, बिउ, औजारका सप्लायर | |
| आवश्यक कानुनी मान्यता प्रदान गर्ने | |
| तालिम तथा प्रक्रिया सहजीकरण गरिदिने | |

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

७

# स्थानीय आर्थिक विकास तालिम

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

१

---

## सत्रका उद्देश्य

साधारण उद्देश्य

सत्रको अन्त्यमा सहभागीहरूले स्थानीय तहमा रहेका सम्भावित आर्थिक क्रियाकलापहरूको पहिचान र प्राथमिकीकरण गर्न सक्ने छन् ।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

३

---

## सत्र : ७ (ख)
## स्थानीय आर्थिक विकासका लागि आर्थिक क्रियाकलापहरुको प्राथमिकीकरण

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

२

---

## सत्रका उद्देश्य

निर्दिष्ट उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरूले:

१. स्थानीय तहमा सम्भावित उत्पादन र सेवाका क्षेत्रहरूसँग सम्बन्धित आर्थिक क्रियाकलापको स्वतन्त्र सूची तयार पार्न सक्ने छन् ।

२. स्थानीय तहमा आर्थिक विकास गर्नका लागि सम्भावित आर्थिक क्रियाकलापको प्राथमिकीकरण गर्न सक्ने छन् ।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

४

## सत्रका मुख्य विषयवस्तुहरू

१. स्थानीय तहमा सम्भावित उत्पादन र सेवाका आर्थिक क्रियाकलापको स्वतन्त्र सूची ।

२. सूचीमा रहेका क्षेत्रहरूलाई बहु आधार मेट्रिक्स (Multi-criteria Metrix) बाट प्राथमिकीकरण ।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

५

## PESTEL विधि

| | |
|---|---|
| P | Political |
| E | Economic |
| S | Social |
| T | Technical |
| E | Environmental |
| L | Legal |

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

६

## राजनीतिक तथा कानुनी आधारका लागि हेर्नुपर्ने कुराहरू

- यो क्रियाकलाप स्थानीय सरकार वा कुनै सहयोगी निकायको आयोजनाभित्र पर्ने नीति अन्तर्गत पर्छ ?
- यस क्रियाकलापलाई स्थानीय सङ्घ संस्थासँगको साझेदारीको आधारमा कार्यान्वयन गर्न सकिन्छ ?
- स्थानीय सरकारको अधिकार क्षेत्रभित्र पर्छ ? विद्यमान कानुन नीति नियमले यो क्रियाकलाप गर्न बाधा पर्दैन ?

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

७

## आर्थिक अवस्था विश्लेषण (E) गर्दा हेर्नुपर्ने विषयहरू

- के यो क्रियाकलाप सञ्चालन र कार्यान्वयन गर्न यसका लागि चाहिने लागत जुट्ने सम्भावना छ ?
- यस क्रियाकलापमा आशा गरे अनुसारको उपलब्धी प्राप्तिको तुलनामा लाग्ने लागतको अनुपात ठिक छ ?
- के यो क्रियाकलापले प्राकृतिक स्रोत सम्पदाबाट हामीलाई हाल प्राप्त भइरहेको आम्दानीमा झन् खराब असर पार्दैन ?

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

८

## सामाजिक अवस्था विश्लेषण (S) गर्दा हेर्नुपर्ने विषयहरू

- के यो क्रियाकलाप समुदायले महसुस गरेको आवश्यकता र बजारको सम्भावनामा आधारित छ ?
- के सबैले क्रियाकलापमा लाग्ने लागत, स्रोत साधनमा समुदायको पनि सहभागिता हुनसक्छ ?
- यो क्रियाकलाप स्थानीय सामाजिक रीतिरिवाज, संस्कृतिको दृष्टिकोणबाट कत्तिको दिगो हुन्छ ?

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान ९

## प्राविधिक अवस्था विश्लेषण (T) गर्दा हेर्नुपर्ने विषयहरु

- के हामीले प्रस्ताव गरे अनुरुपनै यी क्रियाकलापहरू सञ्चालन र कार्यान्वयन गर्न प्राविधिक रूपले सम्भावना छ ?
- के स्थानीय स्तरमा त्यस्ता क्रियाकलापहरू सञ्चालन गर्ने सम्बन्धित पक्षका प्राविधिक सिप, दक्षता भएका व्यक्ति छन् ?
- हामीले सञ्चालन गर्न खोजेका क्रियाकलापहरू अहिले पनि सञ्चालन भएका छन् ? त्यस्ता क्रियाकलापहरूको सञ्चालन निर्माण त्यसको समुचित प्रयोग तथा भविष्यमा गरिनुपर्ने मर्मत सम्भार र व्यवस्थापन सहज छ ?

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान १०

## वातावरणीय अवस्था विश्लेषण (E) गर्दा हेर्नुपर्ने विषयहरु

- के यो क्रियाकलापले प्राकृतिक स्रोत सम्पदाको प्रभावकारी रूपमा भावी पुस्तासम्म दीगो रुपमा प्रयोगमा पहुँच र नियन्त्रण रहन्छ ?
- के यो क्रियाकलाप सञ्चालनबाट भविष्यमा प्रकृतिक प्रकोप तथा अन्य जोखिमहरू उत्पन्न भएमा व्यवस्थापन र नियन्त्रण सहजै गर्न सकिन्छ ?
- के यो क्रियाकलापबाट पाइने फाइदा त्यसबाट उत्पन्न जोखिमहरूलाई व्यवस्थापन र नियन्त्रण गर्न लाग्ने लागतभन्दा बढी छ ?

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान ११

## समूह कार्य

| क्रसं. | आर्थिक क्रियाकलाप | आधारहरु | | | | | जम्मा (१५) | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|---|
| | | आर्थिक (१-३) | राजनीतिक /कानुनी (१-३) | सामाजिक (१-३) | वातावरणीय (१-३) | प्राविधिक (१-३) | | |
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान १२

## स्थानीय आर्थिक विकास प्रशिक्षण

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार
१

---

## सत्र : ८
## स्थानीय आर्थिक विकास योजना तर्जुमा

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार
२

---

### सत्रका उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरूले स्थानीय आर्थिक विकास योजनाको बारेमा बताउन सक्ने छन् ।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार
३

---

### सत्रका उद्देश्य

निर्दिष्ट उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरूले:

१. स्थानीय आर्थिक विकास योजनाको खाकाअनुसार योजनामा राखिने विषयवस्तुहरूको सूची तयार गर्न सक्ने छन् ।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार
४

## सत्रका मुख्य विषयवस्तु


१. स्थानीय आर्थिक विकास योजनामा समावेश गरिने विषयवस्तुहरू

२. स्थानीय आर्थिक विकास योजनाको खाका

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

५

## योजना चक्र




गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

६

## स्थानीय आर्थिक विकास योजनाको खाका

१. पृष्ठभूमि

२. स्थानीय आर्थिक विकासका लागि भएका प्रयासहरू र प्राप्त सिकाइहरू

- अवस्था विश्लेषण (राजनीतिक, आर्थिक, सामाजिक, प्राविधिक, वातावरणीय र नीतिगत अवस्थाहरू)
- विगतका वर्षहरूमा सञ्चालन गरिएका स्थानीय आर्थिक विकास सम्बन्धी कार्यक्रमहरू

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

७

## स्थानीय आर्थिक विकास योजनाको खाका.....

- आर्थिक विकासका लागि तयार गरिएको पालिकास्तरीय नीति र संरचना
- विनियोजन गरिएका वार्षिक बजेटहरुको विश्लेषण
- प्राप्त उपलब्धीहरू (लाभान्वित सङ्ख्या, सेवा प्रदान गरिएको सङ्ख्या, पूर्वाधार निर्माण, दक्ष जनशक्ति, बिक्री वितरण, अर्जित रकम, सम्पर्क र समन्वय गरिएका निकायहरू
- अवलम्बन गरिएका अनुगमन र मूल्याङ्कन पद्दति
- अनुगमन, मूल्याङ्न र समग्र अवस्थाबाट प्राप्त सिकाइहरू (सुधार गर्नुपर्ने विषयहरू)

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

८

## स्थानीय आर्थिक विकास योजनाको खाका.....

३. स्थानीय आर्थिक विकासको दुरगामी सोच

- परिकल्पना (Vision)
- मूल्य मान्यता (Values)
- त्रिवर्षीय लक्ष्य

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

९

## स्थानीय आर्थिक विकास योजनाको खाका.....

| क्र सं | आर्थिक क्रियाकलापको नाम | लगानी परिमाणको लक्ष्य | अपेक्षित उत्पादन लक्ष्य |
|---|---|---|---|
| १ | दूध उत्पादनको लागि पशुपालन | रु. २० लाख | मासिक १० लि. दूध |
| २ | | | |
| ३ | | | |
| ४ | | | |

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

१०

## स्थानीय आर्थिक विकास योजनाको खाका.....

४. स्थानीय आर्थिक विकासका लागि अवलम्बन गरिने मुख्य रणनीति

क.

ख.

ग.

घ.

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

११

## स्थानीय आर्थिक विकास योजनाको खाका.....

५. स्थानीय आर्थिक विकास समन्वय समिति गठन र परिचालन

६. स्थानीय आर्थिक विकासका प्राथमिकताका क्षेत्र र कार्यक्रमहरू (उत्पादन, सेवा र अन्य आर्थिक विकासका क्षेत्रहरू)

| प्राथमिकता प्राप्त वस्तु | प्राथमिकता P1, P2 P3 |
|---|---|
| दुग्ध उत्पादनको लागि पशुपालन | P1 |
| तरकारी खेत | P2 |
| मासु उत्पादनको लागि पशुपालन | |
| | |

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

१२

## स्थानीय आर्थिक विकास योजनाको खाका.....

७. सहयोगी निकायहरू (सङ्घीय तह, प्रादेशिक तह र जिल्लालगायत स्थानीय तहमा रहेका)

८. स्थानीय तहको आर्थिक विकासका लागि सूचकमा आधारित लगानी र उत्पादन परिमाण योजना

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन कार्यसम्पादनमा सुधार

१३

### ९. स्थानीय आर्थिक विकास योजनाको लगानी र उत्पादन योजना

| क्रस | आर्थिक क्रियाकलापको नाम (नमुनाको लागि) | लगानी परिमाण र लागत | | | अपेक्षित उत्पादन परिमाण | | | अपेक्षित आम्दानी लक्ष्य (तीनवर्षको) | लक्ष्य प्राप्तिमा योगदान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | | |
| १ | हरियो तरकारी खेती | २०० रोपनी, रु. १० लाख | | | ५० क्विन्टल | | | २५ लाख | ५% |
| २ | आलु | | | | | | | | |
| ३ | अदुवा | | | | | | | | |
| ४ | सुन्तला | | | | | | | | |
| ५ | केरा | | | | | | | | |
| ६ | तेलहन | | | | | | | | |
| ७ | पशुपालन/दूध | | | | | | | | |
| ८ | पशुपालन/मासु | | | | | | | | |
| ९ | बाख्रा | | | | | | | | |
| १० | अन्य | | | | | | | | |

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन कार्यसम्पादनमा सुधार

१४

### ९. स्थानीय आर्थिक विकास योजनाको लगानी स्रोत

| क्रस | आर्थिक क्रियाकलापको नाम (नमूनाको लागि) | लगानीको स्रोत | | | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | स्थानीय तह | नीजि क्षेत्र | सहकारी | स्थानीय उपभोक्ता | | |
| १ | हरियो तरकारी खेती | ४ लाख | २ लाख | ३ लाख | १ लाख | १० लाख | |
| २ | आलु | | | | | | |
| ३ | अदुवा | | | | | | |
| ४ | सुन्तला | | | | | | |
| ५ | केरा | | | | | | |
| ६ | तेलहन | | | | | | |
| ७ | पशुपालन/दूध | | | | | | |
| ८ | पशुपालन/मासु | | | | | | |
| ९ | बाख्रा | | | | | | |
| १० | अन्य | | | | | | |

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन कार्यसम्पादनमा सुधार

१५

### १०. स्थानीय आर्थिक विकास कार्यान्वयन कार्ययोजना

| क्र.स. | आर्थिक क्रियाकलापको नाम (नमुनाको लागि) | परियोजना स्थल | समयावधि | जिम्मेवार निकाय | सरोकारवाला | अनुमानित बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | हरियो तरकारी खेती | | | | | | |
| २ | आलु | | | | | | |
| ३ | अदुवा | | | | | | |
| ४ | सुन्तला | | | | | | |
| ५ | केरा | | | | | | |
| ६ | तेलहन | | | | | | |
| ७ | पशुपालन/दूध | | | | | | |
| ८ | पशुपालन/मासु | | | | | | |
| ९ | बाख्रा | | | | | | |
| १० | अन्य | | | | | | |

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन कार्यसम्पादनमा सुधार

१६

## ११. स्थानीय आर्थिक विकास कार्यान्वयनको अनुगमन

| कार्यक्रम | अनुगमनका लागि मापनको सूचक | समयावधी | अनुगमनको विधि र तरिका | अनुगमन कर्ता |
|---|---|---|---|---|
| हरियो तरकारी उत्पादन | - हरियो तरकारी लगाएको स्थान<br>- तरकारी खेती गरिएको क्षेत्रफल<br>- बिक्री गरिएको विवरण | तीन महिना | - स्थलगत अनुगमन<br>- किसानहरूसँग छलफल<br>- होलसेल खरिदकर्तासँग अन्तर्वार्ता | गाउँपालिकाका पदाधिकारी र कृषि शाखाका प्रतिनिधि |
| | | | | |
| | | | | |
| | | | | |

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार

१७

# स्थानीय आर्थिक विकास प्रशिक्षण

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

१

## सत्र : ९ र १०
## वडास्तरीय स्थानीय आर्थिक विकास योजना तर्जुमा

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

२

### सत्रका उद्देश्य

साधारण उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरूले वडास्तरीय स्थानीय आर्थिक विकास योजना (मस्यौदा) तयार गर्न सक्ने छन् ।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

३

### सत्रका उद्देश्य

निर्दिष्ट उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरूले:

१. वडास्तरीय स्थानीय आर्थिक विकास योजना (मस्यौदा) तयार गर्न सक्ने छन् ।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

४

## सत्रका मुख्य विषयवस्तु

१. वडास्तरीय स्थानीय आर्थिक विकास योजना

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन कार्यसम्पादनमा सुधार
५

## वडास्तरीय स्थानीय आर्थिक विकास योजनाको खाका.....

स्थानीय आर्थिक विकासका प्राथमिकताका क्षेत्र (उत्पादन, सेवा र अन्य आर्थिक विकासका क्षेत्रहरु)

| क्रसं. | प्राथमिकता प्राप्त वस्तु | प्राथमिकता P1, P2 P3 |
|---|---|---|
| १ | नगदेबाली उत्पादन (अदुवा, आलु) | P1 |
| २ | तरकारी खेती | P3 |
| ३ | मासु उत्पादनको लागि पशुपालन | P2 |
| | आवश्यकताअनुसार थप्दै जाने | |

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन कार्यसम्पादनमा सुधार
६

## वडास्तरीय स्थानीय आर्थिक विकास योजनाको खाका.....

लगानी तथा उत्पादन विवरण

| क्रस | आर्थिक क्रियाकलापको नाम (नमुनाको लागि) | लगानी परिमाण र लागत | | | अपेक्षित उत्पादन परिमाण | | | अपेक्षित आम्दानी लक्ष्य (तीनवर्षको) | लक्ष्य प्राप्तिमा योगदान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | | |
| १ | हरियो तरकारी खेती | रु. ३० लाख | रु १० लाख | रु १० लाख | ५०० क्विन्टल | ७०० क्वी. | ९०० क्वी. | रु ५० लाख | ५% |
| २ | आलु | | | | | | | | |
| ३ | अदुवा | | | | | | | | |
| ४ | सुन्तला | | | | | | | | |
| ५ | केरा | | | | | | | | |
| ६ | तेलहन | | | | | | | | |
| ७ | पशुपालन/दूध | | | | | | | | |
| ८ | अन्य *आवश्यकता अनुसार थप्दै जाने* | | | | | | | | |

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन कार्यसम्पादनमा सुधार
७

## वडास्तरीय स्थानीय आर्थिक विकास योजनाको खाका.....

स्थानीय आर्थिक विकास योजनाको बजेट

| क्रस | आर्थिक क्रियाकलापको नाम (नमुनाको लागि) | लगानीको स्रोत | | | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | स्थानीय तह | निजी क्षेत्र | सहकारी | स्थानीय उपभोक्ता | | |
| १ | हरियो तरकारी खेती | २० लाख | १५ लाख | १० लाख | ५ लाख | ५० लाख | |
| २ | आलु | | | | | | |
| ३ | अदुवा | | | | | | |
| ४ | सुन्तला | | | | | | |
| ५ | केरा | | | | | | |
| ६ | तेलहन | | | | | | |
| ७ | पशुपालन/दूध | | | | | | |
| ८ | अन्य | | | | | | |

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन कार्यसम्पादनमा सुधार
८

## वडास्तरीय स्थानीय आर्थिक विकास योजनाको खाका.....

### स्थानीय आर्थिक विकास कार्यान्वयन कार्ययोजना

| क.स | आर्थिक क्रियाकलापको नाम (नमुनाको लागि) | परियोजना स्थल (वडा नं. टोल आदि) | समयावधि | कार्यान्वयनको लागि जिम्मेवार निकाय | लाभान्वित परिवार | अनुमानित बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | हरियो तरकारी खेती | | | | | | |
| २ | आलु | | | | | | |
| ३ | अदुवा | | | | | | |
| ४ | सुन्तला | | | | | | |
| ५ | केरा | | | | | | |
| ६ | तेलहन | | | | | | |
| ७ | पशुपालन/दूध | | | | | | |
| ८ | अन्य | | | | | | |

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन कार्यसम्पादनमा सुधार

९

## वडा स्तरीय कार्ययोजनाको खाका

| क.सं. | क्रियाकलाप | सम्पन्न गरिने मिति | अनुमानित बजेट | मुख्य जिम्मेवारी | सहयोग |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| | | | | | |

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन कार्यसम्पादनमा सुधार

१०

# स्थानीय आर्थिक विकास प्रशिक्षण

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

१

## सत्र : ११
## पालिकास्तरीय स्थानीय आर्थिक विकास योजना तर्जुमा

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

२

## सत्रका उद्देश्य

साधारण उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरूले पालिकास्तरीय स्थानीय आर्थिक विकास योजना (मस्यौदा) तयार गर्न सक्ने छन् ।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

३

## सत्रका उद्देश्य

निर्दिष्ट उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरूले:

१. **स्थानीय आर्थिक विकास योजनामा समावेश गरिने विषयवस्तुको सिलसिलेवार रूपमा सूची तयार पार्न सक्ने छन् ।**
२. पालिकास्तरीय स्थानीय आर्थिक विकास योजना (मस्यौदा) तयार गर्न सक्ने छन् ।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

४

## सत्रका मुख्य विषयवस्तु

१. पालिकास्तरीय स्थानीय आर्थिक विकास योजना

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन कार्यसम्पादनमा सुधार

५

# पालिकास्तरीय स्थानीय आर्थिक विकास योजना

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन कार्यसम्पादनमा सुधार

६

## पालिकास्तरीय स्थानीय आर्थिक विकास योजना (नमुना)

१. पृष्ठभूमी
२. स्थानीय आर्थिक विकासका लागि भएका प्रयासहरू र प्राप्त सिकाइहरू
३. स्थानीय आर्थिक विकासको दूरगामी सोँच
४. स्थानीय आर्थिक विकासको लक्ष्य
५. स्थानीय आर्थिक विकासका लागि अवलम्बन गरिने मुख्य रणनीति
६. स्थानीय आर्थिक विकासका प्राथमिकताका क्षेत्र
७. लगानी तथा उत्पादन विवरण
८. स्थानीय आर्थिक विकास योजनाको लगानी विवरण
९. स्थानीय आर्थिक विकास कार्यान्वयन कार्ययोजना
१०. स्थानीय आर्थिक विकास कार्यान्वयनको अनुगमन आदि ।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन कार्यसम्पादनमा सुधार

७

## स्थानीय आर्थिक विकास योजनाको खाका (नमुना)

१. पृष्ठभूमी:

स्थानीय तहमा विकासका योजना तर्जुमा र कार्यान्वयनको सङ्क्षिप्त इतिहास सहित यो (स्थानीय आर्थिक विकास योजना) योजना कुन परिस्थितिमा तयार गरिएको हो ? स्थानीय तहमा एकीकृत योजना तर्जुमा र कार्यान्वयन हुँदाहुँदै यो आर्थिक विकास योजना किन जरुरी भयो ? यसको प्रभावकारी कार्यान्वयनबाट के अपेक्षा उपलव्धी राखिएको छ जुन परम्परागत रुपमा तर्जुमा र कार्यान्वयन गरिएका एकीकृत योजनाहरूले दिन सकेनन् भन्ने कुराको प्रष्ट जवाफ आउने गरी २ अनुच्छेद जति उल्लेख गर्ने ।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन कार्यसम्पादनमा सुधार

८

## स्थानीय आर्थिक विकास योजनाको खाका.....

२. स्थानीय आर्थिक विकासका लागि भएका प्रयासहरू र प्राप्त सिकाइहरू

- अवस्था विश्लेषण (वर्तमान अवस्थामा प्रदेशको तथा पालिका तहको राजनीतिक, सामाजिक, प्राविधिक, वातावरणीय र नीतिगत अवस्थाहरूको सङ्क्षिप्तमा उल्लेख गर्ने )
- विगतका वर्षहरूमा सञ्चालन गरिएका स्थानीय आर्थिक विकास सम्बन्धी क्रियाकलापहरू (सङ्घीय, प्रदेश, पालिका तथा निजी, सहकारी र गैरसरकारी क्षेत्रबाट के के क्रियाकलापहरू सञ्चालन भएका थिए र तिनको हालको स्थिति के कस्तो छ भन्ने कुरा तथ्याङ्कसहित सङ्क्षिप्तमा उल्लेख गर्ने ।)
- ती आर्थिक क्रियाकलापबाट प्राप्त उपलब्धिहरू (लाभान्वित सङ्ख्या, सेवा प्रदान गरिएको सङ्ख्या, पूर्वाधार निर्माण, दक्ष जनशक्ति, बिक्री वितरण, आर्जित रकम, सम्पर्क र समन्वय गरिएका निकायहरू उल्लेख गर्ने ।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन कार्यसम्पादनमा सुधार

९

## स्थानीय आर्थिक विकास योजनाको खाका.....

**प्रयासहरू र प्राप्त सिकाइहरू.......**

- आर्थिक विकासका लागि तयार गरिएको पालिका स्तरीय नीति र संरचना
- विनियोजन गरिएका वार्षिक बजेटहरूमा आर्थिक विकासको लागि विनियोजित बजेटको विश्लेषण
- हालसम्म गरिएको अनुगमन, मूल्याङ्कन र समग्र अवस्थाबाट प्राप्त सिकाइहरू (सुधार गर्नुपर्ने विषयहरू समेत उल्लेख गर्ने)

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन कार्यसम्पादनमा सुधार

१०

## स्थानीय आर्थिक विकास योजनाको खाका.....

३. स्थानीय आर्थिक विकासको दूरगामी सोँच

- परिकल्पना (Vision)
- मूल्य मान्यता (Values)

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन कार्यसम्पादनमा सुधार

११

## स्थानीय आर्थिक विकास योजनाको खाका.....

४. स्थानीय आर्थिक विकासको लक्ष्य ( यस योजना कति अवधिको बनाइएको हो त्यस अवधिको अन्त्यमा पूरा हुने खालको लक्ष्य बनाइनु पर्दछ ।)

| क्र. सं. | लक्ष्य* | लक्ष्य प्राप्तिका सूचकहरू | सूचक पहिचान गर्ने स्रोतहरू (Source of Information) | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

*नोटः लक्ष्य तयार गर्दा आम्दानीमा वृद्धि, नियमित रोजगार व्यक्तिको सङ्ख्या वृद्धि, उत्पादन र बजारीकरणमा वृद्धि, संस्थागत ऋण तथा वित्तीय पहुँचमा वृद्धि जस्ता उपलब्धि प्राप्त हुने कुरा झल्कने हुनु पर्दछ । जस्तोः पालिकामा न्यून आय भएका १०० परिवारको प्रति परिवार औसत वार्षिक आम्दानी वृद्धि गरी प्रति परिवार २,५०,०००.०० सम्म पुर्‍याउने ।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन कार्यसम्पादनमा सुधार

१२

## स्थानीय आर्थिक विकास योजनाको खाका.....

५. स्थानीय आर्थिक विकासका लागि अवलम्बन गरिने मुख्य रणनीति

क.

ख.

ग.

घ.

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार

१३

## स्थानीय आर्थिक विकास योजनाको खाका.....

६. स्थानीय आर्थिक विकासका प्राथमिकताका क्षेत्र (उत्पादन, सेवा र अन्य आर्थिक विकासका क्षेत्रहरू)

| क्रसं. | प्राथमिकता प्राप्त वस्तु | प्राथमिकता P1, P2 P3 |
|---|---|---|
| | नगदेवाली उत्पादन (अदुवा, आलु) | P1 |
| १ | तरकारी खेती | P3 |
| २ | मासु उत्पादनको लागि पशुपालन | P2 |
| ३ | आवश्यकता अनुसार थप्दै जाने | |

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार

१४

## स्थानीय आर्थिक विकास योजनाको खाका.....

७. लगानी तथा उत्पादन विवरण (पालिकाका सबैवडाबाट प्राप्त योजनाको एकमुस्ट जोडेर उल्लेख गर्ने ) यहाँ तीन वर्षे योजनाको खाका दिइएको छ यसैगरी पञ्चवर्षीय योजना पनि बनाउन सकिन्छ ।

| क्रस | आर्थिक क्रियाकलापको नाम (नमूनाको लागि) | लगानी परिमाण र लागत | | | अपेक्षित उत्पादन परिमाण | | | अपेक्षित आम्दानी लक्ष्य (तीनवर्षको) | लक्ष्य प्राप्तिमा योगदान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | | |
| १ | हरियो तरकारी खेती | रु. ३० लाख | रु १० लाख | रु १० लाख | ५०० क्विन्टल | ७०० क्वी. | ९०० क्वी. | रु ५० लाख | ५% |
| २ | आलु | | | | | | | | |
| ३ | अदुवा | | | | | | | | |
| ४ | सुन्तला | | | | | | | | |
| ५ | केरा | | | | | | | | |
| ६ | तेलहन | | | | | | | | |
| ७ | पशुपालन/दूध | | | | | | | | |
| ८ | अन्य *आवश्यकता अनुसार थप्दै जाने* | | | | | | | | |

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार

१५

## स्थानीय आर्थिक विकास योजनाको खाका.....

८. स्थानीय आर्थिक विकास योजनाको बजेट (पालिकाका सबैवडाबाट प्राप्त योजनाको एकमुस्ट जोडेर उल्लेख गर्ने ) यो तीन वर्षको एकमुस्ट हो ।

| क्रस | आर्थिक क्रियाकलापको नाम (नमूनाको लागि) | लगानीको स्रोत | | | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | स्थानीय तह | नीजि क्षेत्र | सहकारी | स्थानीय उपभोक्ता | | |
| १ | हरियो तरकारी खेती | २० लाख | १५ लाख | १० लाख | ५ लाख | ५० लाख | |
| २ | आलु | | | | | | |
| ३ | अदुवा | | | | | | |
| ४ | सुन्तला | | | | | | |
| ५ | केरा | | | | | | |
| ६ | तेलहन | | | | | | |
| ७ | पशुपालन/दूध | | | | | | |
| ८ | अन्य | | | | | | |

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार

१६

## स्थानीय आर्थिक विकास योजनाको खाका.....

९. स्थानीय आर्थिक विकास कार्यान्वयन कार्ययोजना

| क.स | आर्थिक क्रियाकलापको नाम (नमूनाको लागि) | परियोजना स्थल (वडा नं. टोल आदि) | समयावधि | कार्यान्वयनको लागि जिम्मेवार निकाय | लाभान्वीत परिवार | अनुमानित बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | हरियो तरकारी खेती | | | | | | |
| २ | आलु | | | | | | |
| ३ | अदुवा | | | | | | |
| ४ | सुन्तला | | | | | | |
| ५ | केरा | | | | | | |
| ६ | तेलहन | | | | | | |
| ७ | पशुपालन/दूध | | | | | | |
| ८ | अन्य | | | | | | |

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

१७

## स्थानीय आर्थिक विकास योजनाको खाका.....

१०. स्थानीय आर्थिक विकास कार्यान्वयनको अनुगमन

| कार्यक्रम | अनुगमनका लागि मापनको सूचक | समयावधी | अनुगमनको विधि र तरिका | अनुगमन कर्ता |
|---|---|---|---|---|
| हरियो तरकारी उत्पादन | - हरियो तरकारी लगाएको स्थान<br>- तरकारी खेती गरिएको क्षेत्रफल<br>- बिक्री गरिएको विवरण | .......महिना | - स्थलगत अनुगमन<br>- किसानहरूसँग छलफल<br>- होलसेल खरिदकर्तासँग अन्तर्वार्ता | गाउँपालिकाका पदाधिकारी र कृषि शाखाका प्रतिनिधि |
| | | | | |
| | | | | |
| | | | | |

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

१८

# स्थानीय आर्थिक विकास प्रशिक्षण

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

१

---

## सत्र : १२ (क)
## स्थानीय आर्थिक विकास योजना कार्यान्वयन कार्ययोजना निर्माण, प्रशिक्षण सङ्क्षेपीकरण

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

२

---

## सत्रका उद्देश्य

साधारण उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरूले पालिकास्तरीय स्थानीय आर्थिक विकास योजना कार्यान्वयन कार्ययोजना निर्माण गर्न सक्ने छन् ।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

३

---

## सत्रका उद्देश्य

निर्दिष्ट उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरूले :

१. पालिकास्तरीय स्थानीय आर्थिक विकास योजना कार्यान्वयन कार्ययोजना निर्माण गर्न सक्ने छन् ।

२. प्रशिक्षण अवधिभर छलफल भएका मुख्य मुख्य विषयवस्तुहरू बताउन सक्ने छन् ।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

४

## सत्रका मुख्य विषयवस्तु

१. पालिकास्तरीय स्थानीय आर्थिक विकास योजना कार्यान्वयन कार्ययोजना
२. प्रशिक्षण सङ्क्षेपीकरण

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन कार्यसम्पादनमा सुधार

५

# स्थानीय आर्थिक विकास योजना कार्यान्वयन कार्ययोजना

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन कार्यसम्पादनमा सुधार

६

...........पालिका, ......

स्थानीय आर्थिक विकास योजना कार्यान्वयन कार्ययोजना                मितिः

| क्र. सं. | क्रियाकलाप | समयावधि | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|
| १. | | | | |
| २ | | | | |
| ३. | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |

७

स्थानीय आर्थिक विकास योजना कार्यान्वयन कार्ययोजना (नमूना)

| क्र. सं. | क्रियाकलाप | समयावधि | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|
| क. | स्थानीय आर्थिक विकास योजना तर्जुमा कार्यान्वयन कार्ययोजना गाउँपालिकाबाट अनुमोदन | चैत्र पहिलो हप्ता | गाउँ / नगर कार्यपालिका | |
| ख. १ | तालिममा तयार भएका वडागत स्थानीय आर्थिक विकास योजनालाई संकलन गर्ने, कम्प्युटर प्रविष्ट गरी दोस्रो मस्यौदा तयारीका लागि सम्बन्धित वडामा पठाउने | चैत्र दोस्रो हप्ता | गाउँ / नगर कार्यपालिका | |
| २. | गाउँपालिका तहमा स्थानीय आर्थिक विकास योजना तर्जुमा र कार्यविधि तयार गर्ने | जेठ मसान्त सम्म | गाउँ / नगर कार्यपालिका | |
| ३ | तालिममा छनोट गरिएका वडागत आर्थिक क्रियाकलापहरूको लागि आधारभूत तथ्याङ्क सङ्कलन गर्ने | वैशाख पहिलो हप्ता | वडा सचिवहरू | |
| ४ | तालिममा तयार गरिएका वडागत स्थानीय आर्थिक विकास योजनामा आधारभूत तथ्याङ्क समावेश गरी दोस्रो मस्यौदा तयार गर्ने | जेठ दोस्रो हप्ता सम्म | वडा सचिवहरू | |
| ५ | आधारभूत तथ्याङ्कसहित तयार भएको वडागत स्थानीय आर्थिक विकास योजनाको दोस्रो मस्यौदालाई वडा समितिमा छलफल गर्ने | जेठ तेस्रो हप्ता सम्म | वडा सचिवहरू | |

८

स्थानीय आर्थिक विकास योजना तर्जुमा कार्यान्वयन कार्ययोजना (नमूना)

| क्र. सं. | क्रियाकलाप | समयावधि | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|
| ६ | वडा समितिले पारित गरेको वडागत स्थानीय आर्थिक विकास योजनाको दोस्रो मस्यौदालाई गाउँ कार्यपालिकामा पेश गर्ने | जेठ मसान्त | वडा कार्यालयहरु | |
| ७ | वडागत रूपका वनाइ पेस भएका आर्थिक विकासका योजना सङ्कलन गर्ने र गाउँपालिका स्तरीय एकीकृत स्थानीय आर्थिक विकास योजना मस्यौदा तयारी गर्ने | असार पहिलो हप्ता | योजना तर्जुमा समिति | |
| ८ | गाउपालिका स्तरीय एकीकृत स्थानीय आर्थिक विकास योजनालाई गाउँ कार्यपालिकामा छलफल र कार्यपालिकाबाट अनुमोदन | असार १० गते अघि | कार्यपालिका | |
| ९ | गाउँ कार्यपालिकाबाट अनुमोदित एकीकृत स्थानीय आर्थिक विकास योजनालाई गाउँपालिकाको आवधिक विकास योजनामा समावेश गर्ने | ....... गाउँ/ नगरसभा | प्रशासकीय अधिकृत | |
| १० | एकीकृत स्थानीय आर्थिक विकास योजनालाई गाउँपालिकाको वार्षिक विकास कार्यक्रममा समावेस गर्ने | ....... गाउँ/ नगरसभा | प्रशासकीय अधिकृत | |
| ११ | एकीकृत स्थानीय आर्थिक विकास योजनाको कार्यान्वयन गर्ने | आगामी आ व ०७८।०७९ | गाउँपालिका | |

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
आचारमा परिवर्तन, कार्यसम्पादनमा सुधार

९

# प्रशिक्षण सङ्क्षेपीकरण

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
आचारमा परिवर्तन, कार्यसम्पादनमा सुधार

१०

## प्रशिक्षण संक्षेपिकरण – समूह छलफल

- सहभागीहरू तीन ओटा समूहमा विभाजित हुने
- पहिलो समूहः तालिमबाट प्राप्त ज्ञान (छलफल गरिएको विषयवस्तु, प्रयोग गरिएको विधि र प्रक्रिया)
- दोस्रो समूहः सिप (अभ्यास गरिएका र प्राप्त गरिएका सिपहरू)
- तेस्रो समूहः तालिम अवधिमा एकदमै मनमा छोएका विषय वा प्रसङ्गहरूलाई बुँदागत रूपमा प्रस्तुत गर्ने ।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
आचारमा परिवर्तन, कार्यसम्पादनमा सुधार

११

# स्थानीय आर्थिक विकास प्रशिक्षण

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन कार्यसम्पादनमा सुधार

१

## सत्र : १२ (ख)
## प्रशिक्षण मूल्याङ्कन तथा समापन

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन कार्यसम्पादनमा सुधार

२

## सत्रका उद्देश्य

साधारण उद्देश्य

यस सत्रमा प्रशिक्षणको औपचारिक समापन हुने छ ।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन कार्यसम्पादनमा सुधार

३

## सत्रका उद्देश्य

यस सत्रमा:

१. सहभागीहरू प्रशिक्षण पश्चातको परीक्षणमा सहभागी हुनेछन् ।
२. सहभागीहरू प्रशिक्षणको अन्तिम मूल्याङ्कनमा सहभागी हुने छन् ।
३.प्रशिक्षणको औपचारिक समापन हुने छ ।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन कार्यसम्पादनमा सुधार

४

## सत्रका मुख्य विषयवस्तु

१. प्रशिक्षणपश्चात् परीक्षण
२. अन्तिम मूल्याङ्कन
३. औपचारिक समापन

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार

५

## प्रशिक्षण पश्चातको परीक्षण

- प्रश्न पत्र अध्ययन गर्ने,
- आफूलाई ठिक लागेको कुनै एक उत्तरमा (✓) चिह्न लगाउने,
- सकेपछि बुझाउने ।

*नोट: आफूलाई राम्रो जानकारी नभएको प्रश्न छोड्न पनि सकिने ।*

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार

६

## प्रशिक्षण अन्तिम मूल्याङ्कन

- प्रश्न पत्र अध्ययन गर्ने,
- आफूलाई ठिक लागेको कुनै एक विकल्पमा (✓) चिह्न लगाउने,
- सकेपछि बुझाउने ।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार

७

# प्रशिक्षण समापन

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार

८

# भाग-५

# अध्ययन सामग्री

# प्रशिक्षण सत्र २

## विकासको अवधारणा र विकासको सोँचमा आएको परिवर्तन

### विकासको परिवर्तित अवधारणा

विकास हरेक क्षेत्रको लागि अत्यावश्यक छ । यो गतिशील सामयिक परिवर्तनको प्रतिबिम्ब हो । यो एउटा यस्तो सकारात्मक परिवर्तन हो जसले समाजमा प्रगति उन्मुख परिवर्तनको अपेक्षा राखेको हुन्छ । शाब्दिक अर्थमा विकासले यथास्थिति भन्दा उन्नत, पूर्ण, परिपक्व अपेक्षित अवस्थालाई जनाउँदछ । विकासलाई साधारणतया भौतिक सुविधा वृद्धिको पक्षसँग हेर्ने र समाहित गर्ने गरेको पाइन्छ । यो एउटा परम्परागत तर बढी चलनचल्तीमा रहेको अवधारणा हो । अर्थ शास्त्रीय अवधारणाले कुल गार्हस्थ्य उत्पादन र प्रतिव्यक्ति आयमा वृद्धिलाई विकास भन्ने गरेको छ भने समाज शास्त्रीय अवधारणाले आर्थिक वृद्धि सँगसँगै सामाजिक विकास हुनुपर्ने अपरिहार्य आवश्यकतालाई जोड दिएको छ । विकाससम्बन्धी अवधारणा मानव सभ्यताको विकासक्रमसँगै कुनै न कुनै रूपमा प्रचलित रहँदै आएको भएता पनि पश्चिमी युरोपले १८ औं शताब्दीतिर अवलम्बन गरेको पुँजीवादी अवधारणा अन्तर्गतको आर्थिक समृद्धितर्फ उन्मुख हुने रणनीति पछि विकासको अवधारणाले बढी मूर्तरूप पाउन थालेको देखिन्छ । यसै बिचमा कार्लमार्क्सले वर्ग सङ्घर्षको प्रतिफल र श्रमिक वर्गको हक हित र उन्नतिको स्वरूपलाई नै वास्तविक विकास हो भनेका छन् । शाब्दिक अर्थमा विकासले यथास्थिति भन्दा उन्नत, पूर्ण, परिपक्क अपेक्षित अवस्थालाई जनाउँदछ । विकासप्रतिको बुझाइ र यसको अवधारणा समयक्रमैसँग परिस्कृत हुँदै आएको पाउँछौं ।

सन् १९५० को दशकको हाराहारी सुरू भएको आर्थिक विकासको अवधारणा, सन् १९६० को दशकमा सुरू भएको प्रविधि हस्तान्तरण र हरित क्रान्ति र सन् १९७० को दशकतिर सुरू भएको एकीकृत विकासको मोडल आर्थिक विषय वस्तुसँग बढी सम्बन्धित थिए । प्रतिव्यक्ति आय, कुल राष्ट्रिय उत्पादन, आर्थिक वृद्धि आदिलाई विकासको रूपमा बुझिन्थ्यो । तर १९८० को दशकको प्रारम्भसँगै विगतको यो अवधारणामा व्यापक परिवर्तन भएको पाइन्छ । यो परिवर्तित अवधारणाले विकास भनेको अर्थतन्त्रको विकास हो तर यसले गरिबी, असमानता र बेरोजगारी पनि हटाउन सक्नुपर्दछ भन्ने मान्यतालाई बढी जोड दिएको छ । यसरी विकासलाई रोजगारी सिर्जनाको संयन्त्रको रूपमा समेत लिने गरिन्छ ।[1]

नोबेल पुरस्कार विजेता अर्थशास्त्री अमर्त्य सेनका अनुसार दोस्रो विश्वयुद्धपछि अर्थशास्त्रमा "डिभेलपमेन्ट इकोनोमिक्स" अर्थात् "विकास अर्थशास्त्र" भन्ने छुट्टै विधाको जन्म भयो । सुरूमा "विकास अर्थशास्त्र" को स्पष्ट पहिचान हुन सकेको थिएन र यो "ग्रोथ इकोनोमिक्स" अर्थात् "वृद्धि अर्थशास्त्र" को कान्छो सन्तानका रूपमा चिनिन्थ्यो । तर पछि गएर विकास अर्थशास्त्रीहरूको अध्ययनको दायरा फराकिलो भयो र वृद्धिलाई मात्र केन्द्रमा नराखी आम सामाजिक हितका लागि कस्तो अर्थतन्त्र विकास गर्ने, सार्वजनिक शिक्षा र स्वास्थ्य प्रणाली आर्थिक विकासका लागि किन अपरिहार्य छ, अर्थतन्त्र र सामाजिक न्यायलाई कसरीसँगै लैजान सकिन्छ र आर्थिक विकासका लागि सुशासनको महत्त्वजस्ता विषय पनि समेट्न थालियो । विकासको अवधारणा र बुझाइमा समयक्रमसँगै आएको परिवर्तनले विकासलाई एक बहुआयामिक प्रक्रियाको रूपमा बुझ्न जरूरी हुन्छ ।

विकास आधुनिकीकरणतर्फको अग्रसरता, गतिशील परिवर्तन, नवप्रवर्तनसहित उपलब्धीको समिश्रण हो । विकास र वृद्धि शब्दलाई यदाकदा पर्यायवाची शब्दको रूपमा हेर्ने गरिएतापनि यसमा केही भिन्नता रहेको छ जसमा विकास अनन्त रहने र वृद्धि निश्चित वा सीमित रहने धारणा अर्थशास्त्रीहरूको रहेको छ। तर विकास सकारात्मक परिवर्तन सहितको वृद्धि भने पक्कै हो। अतः विकास एउटा प्रक्रियागत, योजनाबद्ध मानवीय प्रयास हो भने यस प्रयासले मानव जीवनको गुणस्तर अभिवृद्धिमा योगदान पुऱ्याउँदछ।

आजको हाम्रो सन्दर्भमा "विकास" लाई प्रस्ट्याउनु पर्दा मानवीय प्रयासबाट समाजमा रहेका सबै खाले व्यक्ति र समुदायको जीवनमा दीगो र समतामूलक रूपमा गुणात्मक सुधार ल्याउनका लागि चाहिने विभिन्न सम्पत्तिहरू जस्तै प्राकृतिक सम्पत्ति, आर्थिक सम्पत्ति, भौतिक सम्पत्ति, सामाजिक सम्पत्ति र मानवीय सम्पत्तिमा पहुँच बढाउने र त्यसको सही सदुपयोग गर्ने क्षमता वृद्धि भएको अवस्थालाई नै "सन्तुलित र समावेशी विकास" भन्न सकिन्छ। त्यसैले विकास भनेको निरन्तर चलिरहने समष्टिगत, सकारात्मक र समावेशी परिवर्तनको प्रक्रिया हो।

प्राकृतिक स्रोत अथवा सम्पत्ति (Natural Capital) भन्नाले वन, जङ्गल, नदी, जमिन, ढुङ्गा, खानी आदिलाई बुझाउँछ भने सामाजिक सम्पत्ति (Social Capital) भन्नाले कुनै पनि व्यक्तिको स्थानीय, क्षेत्रीय या राष्ट्रिय सङ्घ संस्थामा सदस्यता, परिवार विभिन्न इष्टमित्र र ठुला बडाहरूसँगको सम्पर्क अनि सङ्गत, उसको इच्छा, आकाङ्क्षा, विश्वास, मूल्य, मान्यता र आशालाई लिन सकिन्छ । त्यसैगरी मानवीय सम्पत्ति (Human Capital) भन्नाले व्यक्तिमा भएका सिप, ज्ञान, उसका धारणा, शिक्षा, स्वास्थ्य आदिलाई बुझाउँछ। त्यसै गरी भौतिक सम्पत्ति (Physical Capital) भन्नाले व्यक्तिगत सम्पत्ति, पूर्वाधार (घर, स्कुल, अस्पताल, मोटर आदि) सेवा पुऱ्याउने निकाय आदि बुझिन्छ । अन्त्यमा आर्थिक सम्पत्ति (Financial Capital) ले आम्दानीको स्रोत, धितो राखेर नगद प्राप्त गर्न सक्ने सम्पत्ति, सहकारी तथा वित्तीय संस्थाहरू, सहुलियतमा ऋण पाइने स्रोत आदिलाई बुझाउँछ।

माथि उल्लेखित ५ वटै क्षेत्रमा सन्तुलित विकास नभएसम्म व्यक्तिको जीवनमा गुणात्मक परिवर्तन ल्याउन कठिन हुन्छ । तसर्थ दीगो र समावेशी विकासका लागि कुनै पनि समाज वा भौगोलिक सीमाभित्र रहेका समुदायहरूको यी पाँचै किसिमका सम्पत्तिहरूमा सन्तुलित रूपमा वृद्धि गर्नु आवश्यक हुन्छ।

# प्रशिक्षण सत्र ३

## सङ्घ र प्रदेशको दीर्घकालीन सोँच, लक्ष्य, उद्देश्यहरू

नयाँ संविधान बमोजिम सङ्घीयताको कार्यान्वयनसँगै मुलुकमा सबै तहका सरकार क्रियाशील भएका छन् । सङ्घ, प्रदेश र स्थानीय तहको निर्वाचन सम्पन्न भई मुलुकमा राजनीतिक स्थायित्व प्राप्त भएको छ। राजनीतिक स्थायित्वको जगमा तीव्र आर्थिक विकास र समृद्धिको दूरगामी सोँचसहितको राष्ट्रिय लक्ष्यहरू निर्धारण गरिएको छ । आय वृद्धि, गुणस्तरीय मानवपुँजी निर्माण र आर्थिक जोखिमको न्यूनीकरण गर्दै वि.सं. २०७९ सम्ममा अति कम विकसित देशबाट विकासशील देशमा स्तरोन्नति गर्ने र वि.सं. २०८७ सम्ममा दीगो विकास लक्ष्य हासिल गर्दै उच्च मध्यम आयस्तर भएको मुलुकमा स्तरोन्नति हुने गरी दीर्घकालीन सोँचको साथ मुलुक अगाडि बढिरहेको छ ।

### राष्ट्रिय लक्ष्य

**समृद्ध नेपाल, सुखी नेपाली :** "समुन्नत, स्वाधीन र समाजवाद उन्मुख अर्थतन्त्र सहितको समान अवसर प्राप्त, स्वस्थ, शिक्षित, मर्यादित र उच्च जीवनस्तर भएका सुखी नागरिक बसोबास गर्ने मुलुक ।"

दीर्घकालीन सोँच अन्तर्गत समृद्धि र सुख प्राप्तिका लक्ष्यहरूलाई तीन चरणमा विभाजन गरिएको छ ।

**पहिलो चरणः** समृद्धि र सुखको आधार निर्माणको चरण जसमा उच्च आर्थिक वृद्धिका लागि आर्थिक, सामाजिक र भौतिक पूर्वाधार तयार गर्नुपर्ने हुन्छ । भौतिक पूर्वाधार अन्तर्गत यातायात, ऊर्जा, सिँचाई, सूचना प्रविधि तथा सञ्चार आदि विकासको क्षेत्रहरूलाई लिएको छ । अधिकांश राष्ट्रिय गौरवका आयोजना र रूपान्तरणकारी आयोजना पहिलो पाँच वर्षभित्र सम्पन्न गरिने र गुणस्तरीय पूर्वाधार निर्माण गरी उत्पादन र उत्पादकत्व अभिवृद्धिका लागि राज्यले प्रमुख भूमिका खेल्नुपर्ने छ । शिक्षा तथा स्वास्थ्यलाई क्रमशः राज्यको जिम्मेवारीमा ल्याउनुका साथै विद्यमान प्रणालीमा सुधार गरी समान पहुँचसहितको गुणस्तरीयता कायम हुने गरी पन्ध्रौँ योजनालाई समृद्धि र सुखको आधारशीला तयार गर्ने पहिलो योजनाको रूपमा लिइएको छ ।

**दोस्रो चरणः** समृद्धि र सुखका सूचकहरूमा तीव्र प्रगति हासिल गर्ने चरण हुने र यस चरणमा पन्ध्रौँ योजना पश्चात्का दुईओटा पञ्चवर्षीय योजनाको कार्यान्वयन अवधि समेटिने छ । यस अवधिमा पन्ध्रौँ योजनाले निर्माण गरेका आर्थिक समृद्धि र सुखका आधारको मजबुत जगमा तीव्र र उच्च आर्थिक वृद्धि हासिल गर्दै प्राप्त उपलब्धीको वितरण न्यायपूर्ण बनाउन राज्यको भूमिका हुने छ । यस दश वर्षको अवधिमा देश उच्च मध्यम आय भएको मुलुकमा रूपान्तरित भई उच्च आय भएको मुलुकमा स्तरोन्नति हुनेतर्फ उन्मुख हुने आशा गरिएको छ ।

**तेस्रो चरणः** समृद्धि र सुखका सूचकहरूमा सन्तुलनसहितको दीगोपना हासिल गर्ने चरण हुने र यस चरणमा दीर्घकालीन सोँच अवधिका बाँकी दुई पञ्चवर्षीय योजना कार्यान्वयनमा आउने छन । यस अवधिमा औसत दुई अङ्कको आर्थिक वृद्धिसहित सामाजिक न्याय कायम हुने र दीर्घकालीन सोँच अवधिको अन्त्यमा अर्थतन्त्र आत्मनिर्भर, स्वतन्त्र र समृद्ध हुने आशा राखिएको छ । साथै उपलब्ध स्रोतसाधनको अधिकतम परिचालन एवम् समन्यायिक वितरणद्वारा आर्थिक असमानता न्यून भई समाजवादतर्फको बाटो सुदृढ हुने अपेक्षा गरिएको छ ।




## समृद्धि र सुखका गन्तव्यहरू

| १. समृद्धि (*Prosperity*) | २०८७ मा प्राप्त गर्नुपर्ने गन्तव्यहरू |
|---|---|
| १.१ सर्वसुलभ तथा आधुनिक पूर्वाधार र सघन अन्तरआवद्धता | ▪ सर्वसुलभ, सुरक्षित र आधुनिक यातायात<br>▪ पूर्वाधारमा पहुँच तथा आवद्धता |
| १.२ मानव पुँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग | ▪ स्वस्थ र लामो आयु भएका नेपाली<br>▪ गुणस्तरीय, रोजगारमूलक तथा जीवनोपयोगी शिक्षा प्राप्त नागरिक<br>▪ उत्पादनशील र मर्यादित रोजगारी |
| १.३ उच्च र दीगो उत्पादन तथा उत्पादकत्व | ▪ अर्थतन्त्रमा क्षेत्रगत योगदान<br>▪ स्वच्छ ऊर्जाको उत्पादन तथा उपभोग<br>▪ व्यापार सन्तुलन<br>▪ राष्ट्रिय तथा क्षेत्रगत उत्पादकत्व |
| १.४ उच्च र समतामूलक राष्ट्रिय आय | ▪ औद्योगिक राष्ट्र स्तरको उच्च आय<br>▪ गरिबीको अन्त्य<br>▪ राष्ट्रिय आम्दानीमा तल्लो ४० प्रतिशत जनसङ्ख्याको हिस्सा |
| **२. सुख (*Happiness*)** | **गन्तव्यहरु** |
| २.१ परिस्कृत तथा मर्यादित जीवन | ▪ नागरिक स्वस्थता तथा सन्तुष्टि<br>▪ सुरक्षित तथा सुविधासम्पन्न आवास<br>▪ भौतिक तथा आधुनिक सम्पत्ति माथिको समतामूलक पहुँच वा स्वामित्व |

| | |
|---|---|
| २. सुरक्षित, सभ्य र न्यायपूर्ण समाज | ■ विभेद, हिंसा र अपराधमुक्त समाज<br>■ सामाजिक/सांस्कृतिक विविधता प्रवर्धन तथा संरक्षण<br>■ सामाजिक सुरक्षा तथा संरक्षण |
| ३. स्वस्थ र सन्तुलित पर्यावरण | ■ प्रदूषणमुक्त र स्वच्छ वातावरण<br>■ जैविक विविधता संरक्षण र पर्यावरणीय सन्तुलन<br>■ जलवायु परिवर्तन अनुकूलनशीलता<br>■ विपद् उत्थानशील समाज र अर्थतन्त्र |
| ४. सुशासन | ■ कानुनी शासन<br>■ सार्वजनिक सदाचार<br>■ पारदर्शिता र जवाफदेहिता |
| ५. सबल लोकतन्त्र | ■ सुदृढ सङ्घीय शासन प्रणाली<br>■ शान्ति र स्थिरता<br>■ स्वच्छ, स्वतन्त्र र कम खर्चिलो निर्वाचन<br>■ मौलिक हकको प्रत्याभूति<br>■ नागरिक सहभागीता |
| ६. राष्ट्रिय एकता, सुरक्षा र सम्मान | ■ नेपालीत्वको उच्च भावना<br>■ उच्च सामाजिक सद्भाव<br>■ मानव तथा अन्य सुरक्षा<br>■ अत्यावश्यक वस्तु र सेवामा आत्मनिर्भरता |

**रुपान्तरणका संवाहक**

१. यातायात, सूचना तथा सञ्चार प्रविधि पूर्वाधार र बृहत् सञ्जालीकरण
२. गुणस्तरीय मानव पुँजी निर्माण, उद्यमशीलता र पूर्ण उपयोग
३. जलविद्युत तथा हरित अर्थतन्त्र
४. उत्पादन, उत्पादकत्व तथा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि
५. गुणस्तरीय पर्यटन सेवाको विकास र बिस्तार
६. आधुनिक, दीगो र व्यवस्थित सहरीकरण
७. प्रादेशिक र स्थानीय अर्थतन्त्र
८. सामाजिक संरक्षण र सुरक्षा
९. शासकीय सुधार र सुशासन

राष्ट्को दीर्घकालीन लक्ष्यका साथै लक्ष्य प्राप्त गर्नका लागि लिइने रणनीति र निर्धारित गन्तव्यसँग प्रादेशिक र स्थानीय सरकारको सोँच र लक्ष्यबिच तालमेल हुन जरूरी हुन्छ । यसका लागि प्रदेशले निर्धारण गरेको दीर्घकालीन सोँच, लक्ष्य र उद्देश्यहरूमा प्रस्ट हुन जरूरी हुन्छ ।

गण्डकी प्रदेशले निर्धारण गरेको दीर्घकालीन सोँच, लक्ष्य र उद्देश्यहरू

गण्डकी प्रदेशले आफ्नो प्रथम पञ्चवर्षीय योजनामा दीर्घकालीन सोँच “समृद्ध प्रदेश र सुखी नागरिक” र

लक्ष्य "उच्च उत्पादन, मर्यादित जीवन, समावेशी, सभ्य, न्यायपूर्ण र सुशासनयुक्त आधुनिक समाज भएको समृद्ध प्रदेश" बनाउने भनी किटान गरेको छ । योजनाको लक्ष्य प्राप्ति गर्न समष्टिगत रूपमा तीन ओटा उद्देश्य राखिएका छन्ः

१. उत्पादन र उत्पादकत्व वृद्धि गर्दै समाजवाद उन्मुख आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्ने,

२. पर्यटन, ऊर्जा, कृषि, उद्योग, पूर्वाधार र मानव संसाधनका पूर्ण विकास तथा दीगो, समतामूलक र फराकिलो उच्च आर्थिक वृद्धि हासिल गर्ने,

३. गुणस्तरीय स्वास्थ्य, शिक्षा, खानेपानी, सरसफाई, वातावरण, सामाजिक समता र सुंरक्षामा पहुँच र सुशासनको अनुभूति सबै नागरिकलाई गराउनमा जोड दिने ।

### प्रदेश समृद्धिका मुख्य संवाहकहरु *(Key Drivers of Prosperity)*

गण्डकी प्रदेशको समृद्धिको लागि नीतिगत रूपमा मुख्य सात ओटा संवाहकहरू पहिचान गरिएका छन् :

१. **पर्यटन** : साहसिक पर्यटन, धार्मिक एवम् साँस्कृतिक पर्यटन प्रवर्धन गर्दै स्थानीय उत्पादनसँग अग्र र पृष्ठ (Forward and Backward Linkage) सम्बन्ध भएको गुणस्तरीय पर्यटन सेवाको सुदृढीकरण र बिस्तार गरी रोजगारी सिर्जना, गरिबी निवारण, र प्रदेश अर्थतन्त्रको आधारशीला तयार गरिने ।

२. **ऊर्जा** : जलविद्युत् तथा नवीकरणीय ऊर्जाको (सौर्य, वायु र जैविक) उच्च उत्पादन, उपभोग र निकासी गरी औद्योगिकीकरणको बिस्तार, र पेट्रोलियम पदार्थको आयातमा कमी ल्याउँदै आत्मनिर्भर र हरित अर्थतन्त्र निर्माण गरिने ।

३. **कृषि** : उच्च उत्पादन दिने जैविक (अर्गानिक) कृषि प्रणालीको प्रवर्द्धन, यान्त्रिकीकरण, व्यावसायीकरण र बजारीकरणमार्फत् उच्च उत्पादन र उत्पादकत्व वृद्धि प्राप्त गरी आयतनको आर्थिक लाभ (इकोनोमि अफ स्केल) लिइने ।

४. **उद्योग** : उद्यमशीलताको विकास, मझौला र ठुला उद्योगहरूको स्थापना र औपचारिक क्षेत्रको बिस्तार मार्फत् उपभोग्य वस्तु, निर्माण सामग्री, कृषि प्रशोधन र खनिजजन्य उद्योगहरूलाई चाहिने कच्चा पदार्थको आपूर्ति प्रदेश भित्रबाट व्यवस्था गरी प्रदेश अर्थतन्त्रमा अग्र र पृष्ठ सम्बन्ध (Forward and Backward Linkage) विकास गरी रोजगारीको बिस्तार, आयात प्रतिस्थापन, राजस्वको वृद्धि र समग्रमा प्रदेश अर्थतन्त्रको आकार र आयतन बढाइने ।

५. **पूर्वाधार** : उत्पादनमुखी अन्तरनिर्भर अर्थतन्त्र निर्माणमा सघाउने गुणस्तरीय भौतिक पूर्वाधारको बिस्तार र सञ्जालीकरण गरी प्रदेश अर्थतन्त्रमा उत्पादन क्षेत्रको लागत घटाउने र प्रतिस्पर्धी क्षमता बढाई बजार अर्थतन्त्रको बिस्तार गरिने ।

६. **मानव संसाधन विकास (शिक्षा र स्वास्थ्य)** : उच्च उत्पादन र उत्पादकत्व प्राप्त गर्न चाहिने प्राविधिक सीप र ज्ञान भएको मानव संसाधन विकासमार्फत् नयाँ प्रविधिको अन्वेषण गरी उत्पादन प्रक्रियालाई सरलीकरण गर्दै प्रभावकारी रूपमा उच्च उत्पादन प्राप्त गर्न सघाइने ।

७. **सुशासन** : राज्य संयन्त्रका सबै अङ्गमा विद्युतीय सुशासनको अभ्यासले कार्य क्षमता वृद्धि र भ्रष्टाचार निवारणमा सहयोग पुर्‍याइ उच्च प्रतिफल प्राप्त गर्न सघाइने ।

### प्रदेश समृद्धिका पाँच मुख्य सहयोगी क्षेत्रहरू *(Five Key Enablers of Prosperity)*

गण्डकी प्रदेशले समृद्धिको लागि पाँचओटा मुख्य सहयोगी क्षेत्रहरू पहिचान गरेको छ :

#### १. प्राकृतिक सौन्दर्य

गण्डकी प्रदेशको तराइदेखि हिमालसम्मको मनोरम भू-धरातल, ताल तलैया, पदमार्ग, नदी निर्मित गहिरा गल्छी आदि जस्ता प्राकृतिक सौन्दर्यताले पर्यटक आकर्षण बढ्ने र पर्यटन क्षेत्रबाट प्राप्त हुने आय वृद्धि भई प्रदेश समृद्धिमा सहयोग पुग्नेछ ।

#### २. जैविक विविधता

गण्डकी प्रदेशको करिब ४६ प्रतिशत भू-भाग चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र, अन्नपूर्ण र मनास्लु संरक्षण क्षेत्र, पञ्चासे संरक्षित वन, फेवातालको पश्चिममा रहेको विश्व जैविक विविधता बगैँचा (पार्क र ढोरपाटन सिकार आरक्षभित्र पर्दछ । प्रदेशका यी निकुञ्ज तथा संरक्षण क्षेत्रभित्र विशाल जैविक विविधताको संरक्षण र प्रवर्द्धन हुँदै आएको छ । जैविक विविधताले प्रदेशमा पर्यावरणीय सन्तुलन र विदेशी पर्यटकहरू आकर्षण गरी प्रदेश समृद्धि हाँसिल गर्न सहयोग पुऱ्याउने छ ।

#### ३. सामाजिक विविधताबिच एकता

गण्डकी प्रदेशमा ब्राह्मण, क्षेत्री, मगर, गुरूङ, थारू, तामाङ, नेवार, कामी, सार्की, दमाई/ढोली, मुसलमान, यादव, राई, ठकुरी, लिम्बु, थकाली, लेप्चा र अन्य गरी २२ भन्दा बढी जातजातिका मानिसहरू बसोबास गर्दछन् । यी विभिन्न सामाजिक समूहबिच रहन सहनमा विविधता भए तापनि आर्थिक विकास र पूर्वाधार निर्माणमा विविधताकोबिच अनुपम एकता छ जुन प्रदेश समृद्धिको महत्त्वपूर्ण सहयोगी क्षेत्र हुने छ ।

#### ४. साँस्कृतिक सम्पन्नता, सहअस्तित्त्व र पहिचान

कला र संस्कृति खासगरी लोकभाकामा दोहोरी गीतको उदगम् स्थल रहेको, गुरूङ, मगर, थकाली र थारू संस्कृति सामाजिक पहिचानको आदर्श नमूनाको रूपमा रहेकाले सामाजिक एवम् साँस्कृतिक सम्पन्नता, सहअस्तित्त्व र पहिचानसमेत पर्यटक आकर्षणका स्रोत र प्रदेश समृद्धिका महत्त्वपूर्ण सहयोगी क्षेत्र हुने छन् ।

#### ५. जनसाङ्ख्यिक लाभ

गण्डकी प्रदेशमा आर्थिक रूपले सक्रिय जनसङ्ख्या (१५ देखि ५९ वर्ष उमेर समूहको जनसङ्ख्या) कुल जनसङ्ख्याको झण्डै ५७ प्रतिशत छ । यो उमेर समूहलाई विशेष योजनाका साथ विदेश जान वा पलायन हुनबाट रोक्दै उत्पादनमूलक क्षेत्रमा योजनाबद्ध रूपमा परिचालन गर्न सके आर्थिक सामाजिक विकासमा चाँडै फड्को मार्न सक्ने सुवर्ण अवसर रहेको हुँदा प्रदेश समृद्धिको एक महत्त्वपूर्ण सहयोगी क्षेत्र हुने छ ।

समग्रमा राज्य र प्रदेशले आफ्नो दीर्घकालीन सोँच र लक्ष्यमा आर्थिक विकासलाई महत्त्व दिएको प्रस्ट छ र समग्र मुलुक र प्रदेशको दीर्घकालीन सोँच र लक्ष्य प्राप्तिमा स्थानीय सरकारको महत्त्वपूर्ण योगदान आवश्यक हुने र आफ्नो भूगोलका जनताहरूको लागि स्थानीय सरकारहरूले पनि आर्थिक समृद्धिलाई नै जोड दिनुपर्ने आजको आवश्यकता रहेको छ ।

देशले लिएको समग्र लक्ष्य प्राप्तिले अन्तर्राष्ट्रिय तहमा गरेको प्रतिबद्धता पूरा गर्ने भएकोले नेपालले दीगो विकास लक्ष्य समेत प्राप्त गर्न सहयोग पुग्ने निश्चित छ । दीगो विकास लक्ष्यले निर्धारण गरेको विभिन्न १७ ओटा लक्ष्य र यसका सूचकहरूमा केन्द्रित भई विकासका गतिविधिहरू सञ्चालन गर्नुपर्ने देखिन्छ । नेपालको संविधानको अनुसूची- ८ मा स्थानीय तहलाई स्थानीय बजारको व्यवस्थापन, कृषि तथा पशुपालन, कृषि

उत्पादन व्यवस्थापन, सहकारी जस्ता स्थानीय आर्थिक विकासको जिम्मेवारी प्रदान गरेको छ। यी विषयहरू दीगो विकासको लक्ष्य-१ (शून्य गरिबी), लक्ष्य-२ (भोकमरीको अन्त्य) लक्ष्य-८ (सम्मानित काम तथा आर्थिक उन्नति) र लक्ष्य-१० (असमानताको न्यूनीकरण) सँग जोडिएका छन्। यसलाई मध्यनजर गरी स्थानीय तहहरूले समग्र विकासको प्रमुख क्षेत्र तथा उत्पादन, रोजगारी र आयको सम्भाव्य स्रोतका रूपमा रहेको कृषि, पर्यटन, औद्योगिक विकासका विषयगत क्षेत्रमा भएका सम्भावना, अवसर र विद्यमान अवस्था सहित समस्या तथा चुनौती पहिचान गरी समाधानका लागि रणनीतिक उपायहरूको विश्लेषण गर्दै अघि बढनुपर्दछ। गण्डकी प्रदेशले दीगो विकास लक्ष्यको सन्दर्भमा सेप्टेम्बर २०१९ मा नै SUSTAINABLE DEVELOPMENT GOALS BASELINE REPORT OF GANDAKI PROVINCE तयार गरिसकेको छ जुन स्थानीय तहहरूको लागि आधार तय गर्न सहयोगी हुने छ। यस प्रतिवेदनमा पनि प्रदेश स्तरीय पर्याप्त तथ्याङ्कहरू नभएकोले दीगो विकास लक्ष्य प्राप्तिमा हामी कति सफल भयौँ भनी मापन गर्नका लागि कठिन हुने भएकोले प्रत्येक स्थानीय तहहरूहरूले दीगो विकास लक्ष्यले निर्धारण गरेको र परिमाण मापन गर्न सकिने तथ्याङ्कहरूको सङ्कलन गर्न भने जरूरी रहेको छ।

दीगो विकासका लक्ष्य प्राप्त गर्ने भनी हामीले अन्तर्राष्ट्रिय तहमा प्रतिबद्धता गरिसकेको, यसैको आधारमा पन्ध्रौं पञ्चवर्षीय योजना तयार भएको र प्रदेशहरूले पनि यसैलाई आधार मानी आफ्ना योजनाहरू तयार गरी कार्यान्वयन गर्दै आएकोले दीगो विकास लक्ष्यलाई स्थानीयकरण गर्न जरूरी छ। दीगो विकासको अवधारणा र कार्यान्वयनमा स्पष्टता तथा एकरूपता ल्याउन, दीर्घकालीन सोँच तथा दीगो विकासका लक्ष्य सहित पन्ध्रौं राष्ट्रिय विकास योजना र प्रदेश र स्थानीय सरकारका विकास योजनाबीच तादम्त्यता कायम गर्न, संविधान तथा कानुनले स्थानीय तहको अधिकार र जिम्मेवारीका क्षेत्रभित्र पर्ने दीगो विकासका लक्ष्य सूचकहरू स्थानीय योजना, बजेट तथा कार्यक्रममा आन्तरिकीकरण गरी पूरा गर्न पनि दीगो विकास लक्ष्यहरूलाई स्थानीयकरण गर्न आवश्यक रहेको छ। साथै दीगो विकासका विश्वव्यापी लक्ष्य प्राप्तिमा स्थानीय तहका सरकारहरूको जागरूकता अभिवृद्धि गर्न, दीगो विकासका लक्ष्य प्राप्तिका लागि अन्तरसरकार सहकार्य अभिवृद्धि र समन्वय बलियो बनाउन र दीगो विकास लक्ष्य प्राप्त गर्न स्थानीय स्रोत साधनको उचित परिचालन गर्न यसको स्थानीयकरण जरूरी रहेको छ। स्थानीय जनप्रतिनिधिहरूको इच्छाशक्तिमा थप अभिवृद्धि गर्दै दीगो विकास लक्ष्य हाँसिल गर्नका लागि अपनत्वको वातावरण सिर्जना गर्न, स्थानीय सरकारको योजना प्रणालीलाई व्यवस्थित गरी नतिजामूलक योजना पद्दतिको विकास गर्न र स्थानीय स्तरमा समेत विश्वव्यापी साझेदारीको लाभ पुऱ्याई स्थानीय सरकारलाई यस विश्वव्यापी अभियानमा आबद्ध गराउन पनि दीगो विकास लक्ष्यको स्थानीयकरण आवश्यक रहेको छ। यसका आवश्यकतालाई मध्यनजर गर्दै स्थानीय सरकारहरूले आफना प्रत्येक विकास क्रियाकलापहरूमा दीगो विकास लक्ष्य, यसका परिमाणत्मक लक्ष्यहरू र सूचकहरूमा तालमेल गराई अगाडि बढ्न जरूरी छ।

# प्रशिक्षण सत्र ४

## स्थानीय आर्थिक विकासको अवधारणा

स्थानीय आर्थिक विकास भन्नाले स्थानीय तहमा आर्थिक वृद्धि, रोजगारी सिर्जना र उद्यमशीलताको विकास हुनु भन्ने बुझिन्छ । यो कुनै निश्चित क्षेत्र वा भूगोलमा आधारित भएर स्थानीय समुदायको स्वामित्व र व्यवस्थापनमा रोजगारी सिर्जना गर्दै आर्थिक उपार्जनका लागि गरिने एक सहभागीतामूलक प्रक्रिया हो । गरिबी निवारण र दीगो आर्थिक विकासका लागि स्थानीय आर्थिक विकास एउटा रणनीति हो । स्थानीय समृद्धिका लागि सरकारी, गैरसरकारी र निजी क्षेत्रको संलग्नतामा र स्थानीय सरकारको अगुवाइमा आर्थिक वृद्धि र रोजगारी सिर्जना गर्ने एउटा प्रक्रिया हो ।

स्थानीय आर्थिक विकास एक सहभागीतामूलक प्रक्रिया हो जसले स्थानीय तहमा सरकारी, निजी तथा समुदायको साझेदारिमा आर्थिक उन्नतिको कार्य गर्दै सामाजिक घनिष्ठता (Cohesion) बढाउनुका साथै स्थानीय क्षेत्रका मानिसहरूमा सीप वृद्धि, संस्थागत क्षमता विकास र दीगो विकासको जग बसाउने काम गर्दछ ।

स्थानीय आर्थिक विकास भनेको केवल आर्थिक वृद्धिमा मात्र सीमित नभई न्यायपूर्ण र समतामूलक समाज निर्माणको आधार हो । स्थानीय समुदायलाई केन्द्रमा राख्दै स्थानीय स्रोतसाधानको अधिकतम उपयोगबाट निश्चित भूगोलमा बसोवास गर्ने समुदायको जीवनस्तरमा गुणात्मक सुधार ल्याउनु नै स्थानीय आर्थिक विकासको लक्ष्य हो । यस अवधारणाले व्यक्तिको आर्थिक वृद्धिका साथै मानवीय क्षमता अभिवृद्धि, सामाजिक प्रतिष्ठामा बढोत्तरी, प्राकृतिक सम्पतिमा पहुँच र नियन्त्रणका साथै भौतिक सुविधा प्राप्त गर्ने अवस्था आउनुपर्दछ ।[२] तसर्थ यो अवधारणा नेपालको ग्रामीण क्षेत्रमा बसोवास गर्ने समुदायका लागि दीगो समृद्धिको उपयुक्त मोडेल हुने देखिन्छ जसले सबैका लागि सम्मानित काम, सबैका लागि सम्मानित जीविकोपार्जन, सबैका लागि मर्यादित जीवन र सबै व्यक्तिहरूले आफूले छनौट गरेको जीवन बाँच्न पाउने अवस्थाको सिर्जना गराउँछ ।

### स्थानीय आर्थिक विकासका सिद्धान्तहरु

कुनै पनि अवधारणाको पछाडि निश्चित सिद्धान्तले निर्देशन गर्ने भएकोले यस स्थानीय आर्थिक विकासका सिद्धान्तहरू निम्न रहेका छन् :

(क) यो एक योजनाबद्ध रणनैतिक प्रक्रिया हो : स्थानीय आर्थिक तथा सामाजिक अवस्थाको जगमा तुलनात्मक लाभका क्षेत्रहरूको पहिचान र तिनको कार्यान्वयनबाट रोजगारीको सिर्जना र आर्थिक वृद्धि,

(ख) निश्चित भूगोलमा आधारित : निश्चित भूगोलमा अधारित आर्थिक क्रियाकलाप जस्तै, निश्चित गाउँ, सहर, क्षेत्र, आदि,

(ग) स्थानीय समुदायले नै डिजाइन, कार्यान्वयन र अपनत्व लिएको : हरेक व्यावसायिक योजना वा आर्थिक क्रियाकलाप स्थानीय आवश्यकता र प्राथमिकतालाई सम्बोधन गर्ने गरी स्थानीय स्तरबाट नै प्रतिस्पर्धी क्षमताको विकासका लागि डिजाइन र कार्यान्वयन गरिने,

(घ) बहुसरोकारवालाहरूको संलग्नता : स्थानीय सरकारको नेतृत्वमा सरकारी, निजी क्षेत्र र स्थानीय समुदायको संलग्नतामा कार्यक्रकमको तर्जुमा र कार्यान्वयन गरिने,

(ङ) सबै तहका सरकारको क्रियाकलापसँगको तादम्यता : सबै तहका सरकारका लक्ष्य, उद्देश्य र कार्यक्रमसँग तादम्यता कायम गर्ने गरी आर्थिक विकासका क्रियाकलाप कार्यान्वयन गर्नुपर्ने,

(च) सबै सरोकारवालाहरूलाई स्थानीय व्यावसायिक वातावरणका लागि सहज अवस्था : स्थानीय आर्थिक विकासले कारोवार लागत कम गरी निजी क्षेत्रको आर्थिक विकासमा सहयोग गर्ने,

(छ) बहुआयामिक क्षेत्रहरूमा एकीकृत कार्यक्रम : यसले बहुआयामिक क्षेत्रहरूलाई सम्बोधन गर्दछ र हरेक कार्यक्रमले एक अर्काको लागि सहयोगीको रूपमा काम गर्ने,

(ज) सबै क्षेत्रहरूमा प्रवेश : मानवीय पुँजी, आर्थिक पूर्वाधार, संस्थागत सहयोग र आवश्यक कार्यक्रम,

(झ) स्थानीय आर्थिक क्रियाकलापको विकास र त्यसको दीगोपना : स्थानीय व्यावसाय र आर्थिक क्रियाकलापको प्रवर्धन,

(ञ) सरकारी, निजी क्षेत्र र गैर सरकारी निकायको सहकार्य : सबै क्षेत्रको प्रतिस्पर्धी क्षमताको उपयोग ।[३]

### स्थानीय आर्थिका विकासको महत्त्व

हाम्रो जस्तो विविधता नै विविधताले भरिएको मुलुकमा निर्माण काममा, बाटो, घर जस्ता कुरालाई मात्र विकास ठान्ने, “विकास” लाई पैसाको पोकोको रूपमा लिने र त्यो पनि बाहिरबाट नै आउनुपर्छ भन्ने धारणा व्यापक भएको छ । विगत ५० वर्षसम्म त्यही धारणा अन्तरगत हाम्रो देशमा योजना माथि योजनाहरू सञ्चालन भए । केही बाटाघाटा बने, पुल बने, कुलो नहर खनियो, विद्यालय भवन, हेल्थपोस्ट भवन निर्माण भए तर आम नेपालीको कति विकास भयो ? समाजको भेदभावपूर्ण चलनमा कति परिवर्तन भयो त ? समाजका दलित, पिडित, पछाडि पर्न बाध्य भएका समुदायको क्षमता विकास गर्ने र उनीहरूको आर्थिक तथा सामाजिक स्थितिमा सुधार ल्याउने जस्ता आधारभूत कामहरू सफलतापूर्वक नगरे अरू ठुला विकास निर्माणका काम कसरी सफल र प्रभावकारी हुन सक्छन् ? कसरी पछाडि पर्न बाध्य पारिएकाहरूले ती विकास कार्यको प्रतिफल उपभोग गरी आफ्नो जीवनस्तर उकास्न सक्लान् ? यसरी हामीले कहिल्यै सोँचेका छौ त ?

नेपालको विकासको इतिहासलाई हेर्ने हो भने राणा शासनबाट मुक्त भएदेखि यता सन् १९५६ देखि नै योजनाबद्ध रूपमा विकासको प्रयासहरू भएका देखिन्छन् । विकासका नाममा खरबौं विदेशी अनुदान र त्यतिकै मात्रामा ऋण सहयोग लिइएको पाइन्छ । तथापि अहिलेको अवस्थाका केही सूचकहरू हेर्ने हो भने सिँगापुर, उत्तर कोरिया, मलेसिया जस्ता सन् १९६० सालताकाका नेपालभन्दा गरिब मुलुकहरू विश्वमा धनी मुलुकको सूचीमा दर्ता मात्र भएका होइनन् अपितु धैरै नेपाली युवाहरूको रोजगारदाता मुलुकको सूचीमा देखिन्छन् । तर नेपालमा भने किन अपेक्षित विकास भएन भन्ने प्रश्नको अझै उत्तर पाइएको छैन । नेपालको वर्तमान अवस्थामा आर्थिक विकासको स्थिति झल्काउने केही सूचकहरू तलको तालिकामा देखाइएको छ ।

**तालिका नं. १ नेपालको आर्थिक विकासको स्थिति झल्काउने केही तथ्यहरू**

| सूचकहरू | नेपालको अवस्था | विश्वमा नेपालको स्थान | कैफियत |
|---|---|---|---|
| आर्थिक वृद्धि | ५.२% | १९९ औं | दक्षिण एसियामा सबैभन्दा कम |
| युवा बेरोजगारीको दर | २.४२ % | | |
| कुल बेरोजगारीको दर | १.४७ % | | |
| भ्रष्टाचारी मुलुकको सूचकाङ्क | २३.५९ | ११३ औं | एसियामा ३४ औं |
| विश्वका भोकमरी भएका मुलुकको सूचकाङ्क | २०.२३ | १०९ औं | |
| विश्व शान्तिको सूचकाङ्क | २.००३ | ७६ औं | दक्षिण एसियामा तेस्रो |
| प्रजातन्त्रको सूचकाङ्क | ०.५ | ९२ औं | |
| व्यावसायिक वातावरणको सूचकाङ्क | ६३.२ | १५७ औं | |
| समावेशी विकास सूचकाङ्क | | २७ औं | |
| उदाउँदो अर्थतन्त्र भएको देशको सूचीमा | | २२ औं | |

स्रोतः www.statica.com and World Economic Forum 2020

नेपालमा सन् १९५६ यताका विकास सम्बन्धी सबै मोडेलहरू विश्वमा आएको विकाससम्बन्धी सोँचअनुसार निर्देशित भएको पाइन्छ । विकसित मुलुकका अर्थशास्त्री एवम् विकासवादीहरूको अनुभव र सुझावहरूलाई नै प्रधान मानी विकासका योजनाहरू तर्जुमा र कार्यान्वयन गरिएको पाइन्छ । नेपालको वास्तविक अवस्था तथा यहाँका भौगोलिक एवम् आर्थिक-सामाजिक विविधता अनुसारका मोडेल निर्माण र कार्यान्वयन गर्न लागिएन । एसियाका चीन, भारत, दक्षिण कोरिया, इजरायल, सिँगापुर, मलेसिया, इरान र खाडी मुलुकका राजनीतिक नेतृत्वहरूले भने सन् १९६० र ७० देखि नै आफ्नो परिवेशअनुसार विकासलाई परिभाषित गर्दै राष्ट्रिय विकासको रणनीति तय गरेर माथि उल्लेख गरिए अनुसार विकासका पाँचै ओटा सम्पत्ति (आर्थिक, सामाजिक, भौतिक, मानवीय र प्राकृतिक) लाई सन्तुलित रूपमा वृद्धि गर्दै अगाडि बढेको देखिन्छ। इजरायल, दक्षिण कोरिया र सिङ्गापुरको विकासको मोडलमा आन्तरिक राजनीतिक नेतृत्वको इच्छाशक्ति, स्थानीय परिवेशअनुसार स्रोत परिचालन गर्दै उत्पादन र बजारीकरणमा जोड दिएको पाइन्छ । यसका साथसाथै ती मुलुकले अमेरिका र पश्चिमी युरोपसँगको व्यापार, प्राविधिक सर-सहयोग लगायतका कुरालाई पनि प्रमुखता दिएकाले नेपाल सरहका गरिब राष्ट्रहरू आर्थिक विकासका क्षेत्रमा निकै अघि बढेका हुन् ।

यसै गरी महाथिर मोहम्मदको नेतृत्वमा मलेसियाले पश्चिमी संसार र विश्व बैङ्कले अघि सारेको 'संरचनागत समायोजन कार्यक्रम' लाई अनुपयुक्त मात्र हैन, हानिकारक हुने ठानेर त्यसमा सहभागी नभई आफ्नै किसिमको स्वतन्त्र मोडल तय गरेर राष्ट्रिय विकासको रणनीति अगाडि बढायो । सिँगापुर र मलेसियाले एसियाली

मूल्यमान्यतासहितको पुँजीवादी विकासका पक्षमा वकालत गरे । विश्वबैङ्कमार्फत् अघि सारिएको 'संरचनागत समायोजन कार्यक्रम' मा आफ्नो परिवेशको अध्ययन नगरी अन्धाधुन्ध अनुसरण गर्दै उदारीकरण र निजीकरणको दहमा हामफालेका नेपाललगायत एसिया र अफ्रिकाका धेरै मुलुक विकास हैन, गरिबीको भुमरीमा अझै फन्को मारिरहेकै छन् ।

यी उदाहरणबाट सिक्दै नेपालले पनि विकासलाई कतैबाट आयात गर्ने वस्तु हैन यो त त्यहींको स्थानीय राजनीतिक नेतृत्वले दीर्घकालीन सोँच लिएर तयार गर्नुपर्छ । आफ्नो परिवेश वा भू-राजनीतिका साथै आफ्नो ऐतिहासिकता, प्राकृतिक तथा मानव स्रोतको अवस्था पहिल्याउन आफ्नो विकासको मोडेल पनि मौलिक ढङ्गले आफैं तयार गर्नुपर्छ भन्ने मान्यतामा अगाडि बढ्नुपर्दछ । स्थानीय आर्थिक विकास भनेकै यही अवधारणामा आधारित भएर योजना तर्जुमा गरी कार्यान्वयन गरिने प्रक्रिया हो । तसर्थ नेपालमा सामाजिक न्याय सहितको शीघ्र आर्थिक वृद्धिका लागि स्थानीय आर्थिक विकासको मोडेलको ठुलो महत्त्व छ । किनकि यसले हरेक व्यक्ति, परिवार र सिङ्गो समाजलाई समृद्ध बनाउनु पर्दछ भन्ने मान्यता राख्दछ ।

नेपालको संविधानको निर्देशक सिद्धान्तअनुरूप अघि बढ्नका लागि पनि नेपालको विकासको बाटो समाजवादउन्मुख, समावेशी र सहभागीतामूलक लोकतन्त्रको मान्यतासँग मेलखाने हुन जरूरी छ । यस्तो विकासको उपयुक्त मोडेल पनि स्थानीय आर्थिक विकास नै हो । यस मोडेलले मात्र निश्चित भूगोलमा बसोवास गर्ने सबै व्यक्तिले आफुले छनौट गरेको जीवन बाँच्न पाउने अवस्थाको सिर्जना गर्न सहयोग पुऱ्याउँछ । यसले स्थान विशेषमा उपलब्ध स्रोत, साधन र प्रतिषर्धी क्षमताका वस्तुहरूको पहिचान गर्दै तिनको कार्यान्वयनबाट उत्पादन र सेवाको बिस्तार गरी समृद्धिको यात्रा अगाडि बढाउँदछ ।

हिमाल, पहाड, तराई लगायत विभिन्न भौगोलिक विविधता र प्राकृतिक स्रोत र साधनको वितरण भएको हाम्रो जस्तो मुलुकमा सबै क्षेत्रमा एकै खाले विकास मोडेल व्यावहारिक नहुने कुरा विगतका कैयौं असफल योजनाहरूले सिकाएका छन् । तसर्थ पनि नेपालमा स्थानीय आर्थिक विकासको मोडेलको महत्त्व बढी नै छ ।

हालै वर्ल्ड इकोनोमिक फोरमद्वारा प्रकाशित समावेशी विकास सूचकाङ्कमा नेपालले राम्रो प्रगति गरेको देखिए पनि उल्लेख्य रूपमा देशको आर्थिक वृद्धि नभएसम्म त्यसलाई दीगो राख्न कठिन हुने अर्थविज्ञहरूले बताएका छन् । यसका लागि पनि द्रुततर र समावेशी आर्थिक वृद्धिको लक्ष्य सहितको स्थानीय आर्थिक विकासको मोडेलको निर्माण र कार्यान्वयन अपरिहार्य छ ।

## स्थानीय सरकारले आर्थिक विकासका लागि गर्न सक्ने केही गतिविधिहरू







(स्थानीय आर्थिक विकासको गतिविधि झल्किने तस्वीरहरू)

स्थानीय आर्थिक विकासलाई अगाडि बढाउनका लागि स्थानीय सरकारको मुख्य भूमिका हुन्छ । स्थानीय सरकारको अगुवाइमा आफ्नो क्षेत्रमा समग्र आर्थिक विकास गरी जनतालाई समृद्ध बनाई स्थानीय आर्थिक विकासको मोडललाई व्यवहारमा कार्यान्वयन गर्नका लागि स्थानीय तहहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गर्नु पर्दछ ।

**स्थानीय आर्थिक विकासलाई स्थानीय तहमा कार्यान्वयन गर्नका लागि गर्नुपर्ने कार्यहरू बुँदागत रूपमा निम्न रहेका छन्:**

- स्थानीय आर्थिक विकासको अवधारणा र प्रक्रियामा स्थानीय सरकारका जनप्रतिनिधि, कर्मचारी, सरोकारवालाहरू र स्थानीय जनता जानकार हुनुपर्दछ ।
- स्थानीय सरकारले स्थानीय आर्थिक विकासलाई अगाडि बढाउनका लागि आवश्यक नीति र निर्णय गर्नुपर्दछ ।
- स्थानीय तहले आफ्नो क्षेत्रभित्र विद्यमान आर्थिक क्रियाकलापसँग सम्बन्धित तथ्याङ्कहरू लिनुपर्दछ,
- सम्भावित आर्थिक क्रियाकलापहरूको पहिचान गर्ने र तिनको प्राथमिकीकरण

पकेट क्षेत्रको अवधारणा वा एक गाउँ एक उत्पादन जस्ता क्रियाकलापलाई व्यावसायीकरण गर्दै बस्ती, टोल, गाउँस्तरका सम्भावित आर्थिक क्रियाकलापहरूका लागि समुदाय परिचालन र साझा हितका लागि एकआपसमा मिलेर काम गर्ने वातावरणको सिर्जना गरिनुपर्दछ । स्थानीय स्तरबाटै बलियो भएको अर्थतन्त्रले नै रोजगारी सिर्जना, स्थानीय उत्पादन वृद्धि, आयात र परनिर्भरता कम गर्ने भएकोले स्थानीय उत्पादनलाई प्रतिस्पर्धी, व्यावसायिक र तुलनात्मक रूपमा बढी लाभ दिन सक्ने बनाउन मूल्य श्रृंखलासँग जोड्नु पर्दछ । यसको परिणामले सबैका लागि सम्मानित काम, सबैका लागि सम्मानित जीविकोपार्जन र सबैका लागि सम्मानित जीवनको सुनिश्चितता गर्दछ ।

गरी प्राथमिकता प्राप्त आर्थिक क्रियाकलापहरू समेटिएको रणनैतिक योजना बनाउने काम गर्नुपर्दछ। (यसको विस्तृत जानकारी तेस्रो दिनको अध्ययन सामग्रीमा उल्लेख गरिएको छ।)

- रणनैतिक योजना निर्माणका क्रममा आर्थिक स्रोतको प्रबन्ध, सरोकारवालाहरूको पहिचान र संलग्नता जस्ता कुराको निक्यौंल गरिनु पर्दछ। साथै योजना केही महत्त्वाकाङ्क्षी भए पनि समयबद्ध र कार्यान्वयन योग्य हुनु पर्दछ।
- बृहत् आर्थिक पूर्वाधार तयार गर्नका लागि स्थानीय तहले सङ्घीय र प्रदेश सरकारसँग सहयोग र समन्वय गर्नुपर्दछ।
- स्थानीय तहभित्र पहिचान गरिएका सम्भावित आर्थिक क्रियाकलाप समेटिएको योजनाको स्थानीय समुदायको प्रत्यक्ष सहभागीता र संलग्नतामा कार्यान्वयन गरिनुपर्दछ। साथै स्थानीय आर्थिक विकासको योजनालाई प्रत्येक टोल, बस्ती र गाउँमा विकेन्द्रित गरिनुपर्दछ।
- कार्यान्वयन स्थल छनौट गर्दा राजनीतिक स्वार्थभन्दा माथि उठी सम्भावना र प्रतिफल दिने स्थानलाई प्राथमिकता दिनुपर्दछ।
- स्थानीय आर्थिक विकास कार्यक्रम कार्यान्वयन गर्ने क्रममा दीगो जीविकोपार्जनका विभिन्न पुँजी वा स्रोतहरूको उचित परिचालन गरिनुपर्दछ। मानवीय पुँजीको विकास र परिचालन, प्राकृतिक, आर्थिक, भौतिक र सामाजिक पुँजीको एकीकृत रूपमा परिचालन गरी समृद्धि प्राप्त गर्नुपर्दछ।
- स्थानीय आर्थिक विकास भनेको आर्थिक समृद्धि र गरिबी न्यूनीकरणका साथै समावेशी विकास पनि भएकोले योजना तर्जुमा, बजेट विनियोजन र निर्णय गर्दा समावेशी अवधारणालाई विशेष ध्यान दिनुपर्दछ।
- कार्यान्वयनमा रहेको स्थानीय आर्थिक विकासका क्रियाकलापहरूको नियमित अनुगमन तथा नतिजाको मूल्याङ्कन गर्नुपर्दछ।
- समुदायमा छरिएर रहेको पुँजीलाई एकीकृत गर्दै आएको स्थानीय सहकारीहरूको पुँजीलाई स्थानीय सरकारको पहलमा बढीभन्दा बढी स्थानीय आर्थिक विकासको क्षेत्रमा लगानी गर्नका लागि प्रोत्साहित गर्नुपर्दछ।
- वित्तीय पहुँच स्थानीय आर्थिक विकासको पूर्वसर्त भएकोले वित्तीय संस्थाहरूसँग स्थानीय सरकारले निकटतम समन्वय गरी स्थानीय समुदाय र वित्तीय संस्थाहरू बीच सम्बन्ध स्थापित गराउन भूमिका खेल्नुपर्दछ।
- उद्यमशीलता प्रवर्धनका लागि स्थानीय सरकारले सीप अभिवृद्धिमा लगानी गर्दै नयाँ नयाँ प्रविधिको प्रयोगमा उत्साहित बनाउन सहयोग गर्नुपर्दछ।
- उत्पादित वस्तुहरूको बजार सुनिश्चिताका लागि स्थानीय सरकारबाट संस्थागत प्रबन्ध गरिनुपर्दछ।
- स्थानीय उत्पादनलाई स्थानीय तहमा नै खपत गर्न र आयातित वस्तुलाई क्रमिक रूपमा कम गर्नका लागि विशेष निर्णय गरिनुपर्दछ (स्थानीय तहमा सञ्चालन हुने कार्यक्रमहरूमा तयारी खाजा र पेय पदार्थको विकल्पमा स्थानीय उत्पादनबाट बनेका खाजा र दही मोहीको प्रयोगलाई अनिवार्य, स्थानीय उत्पादित कपडालाई पोसाक बनाउने निर्णय आदि)।

## आर्थिक विकाससँग सम्बन्धित कानुनी व्यवस्थाहरु

आर्थिक विकासको सन्दर्भमा नेपालको संविधानको प्रस्तावनामा आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागीतामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने सङ्कल्प गरेको छ। यसैगरी संविधानको भाग-४ मा रहेको राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व अन्तर्गत धारा ५० को (३) मा "सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागीता तथा विकासमार्फत् उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दीगो आर्थिक विकास गर्ने तथा प्राप्त उपलब्धिहरूको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण गर्न राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउँदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्देश्य हुने छ" भनी दीगो आर्थिक विकासको विषयलाई राज्यको निर्देशक सिद्धान्त, नीति तथा दायित्वमा नै व्यवस्था गरेको छ।

संवैधानिक व्यवस्थाअनुसार स्थानीय तहलाई अधिकार सम्पन्न गर्नका लागि संविधानको अनुसूची-८ मा २२ ओटा अधिकारहरू निर्दिष्ट गरिएको छ। यी अधिकारहरूले स्थानीय तहहरूलाई आफ्नो भौगोलिक क्षेत्र र स्थानीय जनताको विकासको लागि सङ्घीय र प्रादेशिक कानुनहरूसँग नबाझिने गरी आफ्नै नीति र कानुन बनाई अगाडि बढ्न सक्ने अधिकार रहेको छ। यी अधिकारहरू कुनै न कुनै रूपमा स्थानीय जनताहरूको सुरक्षा, स्थानीय सेवाको सहजता, समग्र आर्थिक विकास र स्थानीय तहको संस्थागत विकाससँग सम्बन्धित रहेका छन्। यसमध्ये पनि केही अधिकारहरू प्रत्यक्ष रूपमा स्थानीय आर्थिक विकाससँग सम्बन्धित छन्।

स्थानीय तहको अधिकारको सूचीमा रहेका अधिकारहरूमध्ये सातौं, दशौं, पन्ध्रौं, अठारौं अधिकारहरू स्थानीय आर्थिक विकाससँग अझ बढी सम्बन्धित रहेका छन्। यी अधिकारहरूलाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा विस्तृतीकरण गरिएको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-३ मा गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था गरिएको छ। यस ऐनको दफा-११ को उपदफा-२ (छ) मा स्थानीय स्तरको विकास आयोजना तथा परियोजना अन्तर्गत दोस्रो नम्बरमा आर्थिक, सामाजिक, सांस्कृतिक, वातावरणीय, प्रविधि र पूर्वाधारजन्य विकासको लागि आवश्यक आयोजना तथा परियोजनाहरूको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनको अधिकार सुनिश्चित गरेको छ।

यसै गरी यसै दफाको उपदफा (ञ) मा स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता अन्तर्गत स्थानीय व्यापार, बजार तथा हाट बजार व्यवस्थापन, स्थानीय वस्तुहरूको उत्पादन, आपूर्ति तथा निकासी प्रक्षेपण, मूल्य निर्धारण र अनुगमन, स्थानीय व्यापारसम्बन्धी पूर्वाधार निर्माण, स्थानीय वस्तु र सेवाको व्यापारको मूल्य तथा गुणस्तरको अनुगमन र नियमन, स्थानीय व्यापारको तथ्याङ्क प्रणाली र अध्ययन अनुसन्धान, स्थानीय व्यापार प्रवर्धन, सहजीकरण र नियमन जस्ता महत्त्वपूर्ण आर्थिक गतिविधिका अधिकार हरूको व्यवस्था गरिएको छ।

यसै दफाको उपदफा (ण) मा कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी अन्तर्गत कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन र पशु स्वास्थ्य सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन, कृषि तथा पशुपन्छी बजार सूचना, बजार तथा हाटबजारको पूर्वाधार निर्माण, साना सिंचाइ निर्माण, प्रशिक्षण, प्रविधि प्रसार, प्राविधिक टेवा, कृषि सामग्री आपूर्ति र कृषक क्षमता

विकास कार्यक्रमको सञ्चालन, अनुगमन र नियमन, कृषि तथा पशुपक्षीजन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रण, पशुपक्षी चिकित्सा सेवाको व्यवस्थापन, कृषि वातावरण संरक्षण तथा जैविक विविधताको संरक्षण प्रवर्धन, पशुनश्ल सुधार पद्धतिको विकास र व्यवस्थापन, उच्च मूल्ययुक्त कृषिजन्य वस्तुको प्रवर्धन, विकास तथा बजारीकरण, स्थानीय चरण तथा खर्क विकास र व्यवस्थापन, पशु आहारको गुणस्तर नियमन, स्थानीय स्तरमा पशुपक्षीसम्बन्धी तथ्याङ्कको व्यवस्थापन र सूचना प्रणाली, पशु वधशाला र शीत भण्डारणको व्यवस्थापन र नियमन, पशुपक्षी सम्बन्धी बिमा र कर्जा सहजीकरण र पशुपालन तथा पशु स्वास्थ्यसम्बन्धी अन्य कार्य गर्ने अधिकार स्थानीय तहमा रहेको छ ।

यसै दफाको उपदफा (द) मा कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण अन्तर्गत कृषि प्रसारसम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन, कृषि प्रसार तथा जनशक्तिको प्रक्षेपण, व्यवस्थापन र परिचालन, कृषकहरूको क्षमता अभिवृद्धि, प्राविधिक सेवा, टेवा, सीप विकास र सशक्तीकरण, कृषि बिउबीजन, नश्ल, मलखाद र रसायन तथा औषधिहरूको आपूर्ति, उपयोग र नियमन, कृषक समूह, कृषि सहकारी र कृषि सम्बन्धी स्थानीय सङ्घ संस्थाहरूको समन्वय, व्यवस्थापन र नियमन, स्थानीयस्तरमा कृषि सम्बन्धी प्रविधिको संरक्षण र हस्तान्तरण, कृषि सम्बन्धी सूचनाको प्रचारप्रसार, स्थानीयस्तरका स्रोत केन्द्रहरूको विकास र व्यवस्थापन, प्राङगारिक खेती तथा मलको प्रवर्धन  प्रचार प्रसार, कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रणसम्बन्धी अन्य कार्य स्थानीय तहमा रहेको छ ।

स्थानीय तहहरूले संविधान  र स्थानीय सरकार सञ्चालन ऐनले प्रदान गरेका माथि उल्लेखित अधिकारहरूको प्रयोग गर्दै आवश्यक नीति बनाई सोहीअनुसार क्रियाकलापहरू सञ्चालन गर्न सकिएमा स्थानीय आर्थिक विकास हुने निश्चित छ ।

स्थानीय आर्थिक विकासका गतिविधिलाई अगाडि बढाउनु अघि स्थानीय तहमा आर्थिक विकासको वर्तमान अवस्था के छ भनी थाहा हुन जरूरी हुन्छ । उपयुक्त विधिको प्रयोगबाट स्थानीय आर्थिक विकासको वर्तमान अवस्था पहिचान गर्न सकिन्छ ।

# प्रशिक्षण सत्र ५

## उद्यम र उद्यमशीलता

उद्यम वा व्यवसाय शब्द हाम्रो सन्दर्भमा कुनै नौलो शब्द होइन । सरल रूपमा दुवै शब्दहरूले कामलाई जनाउँछन् । उद्यम र व्यापार शब्दलाई पर्यायवाची रूपमा बुझ्ने गरिए पनि यसमा भिन्नता रहेको छ । व्यापार भनेको वस्तु किन्नु र केही नाफा लिएर बेच्नु हो भने उद्यम भनेको कच्चा पदार्थ किनेर प्रशोधन गर्ने नयाँ उत्पादन बनाएर बेच्ने अवस्थामा पुऱ्याउनु हो । समय अन्तरालको पक्षबाट हेर्ने हो भने व्यापारमा लगानी गरेको छोटो समयमा नै प्रतिफल पाउन सकिन्छ भने उद्यम विकासमा लगानी लगाएर फाइदा लिन पर्खनुपर्छ वा उद्यमबाट प्रतिफल दिन लामो प्रक्रिया पूरा गर्नुपर्छ । उद्यम उत्पादनसँग सम्बन्धित हुन्छ भने व्यापार किनबेचसँग वढी सम्बन्धित हुन्छ । उद्यम र व्यवसायको शाब्दिक अर्थमा भिन्नता भएपनि यहाँ दुवैलाई पर्यायवाची रूपमा प्रयोग गरिएको छ ।

"नाफा आर्जन गर्न वा पैसा कमाउने उद्देश्य वा जीवन निर्वाहका लागि वस्तु वा सेवा उत्पादन गरी उपलब्ध गराउने क्रियाकलापलाई नै सरल भाषामा उद्यम वा व्यवसाय भनिन्छ ।" तर हाल आएर उद्यम वा व्यवसायलाई छुट्टै किसिमले परिभाषित गर्ने गरिएको छ । उद्यम वा व्यवसाय भनेको नाफा मात्र कमाउने उद्देश्यले स्थापित संस्था होइन । आजको प्रतिस्पर्धालाई विचार गर्दा नाफाको साथै ग्राहकहरूको आवश्यकता तथा चाहनालाई ध्यान दिनु जरूरी छ । अतः कुनै पनि उद्यम वा व्यवसायको प्रमुख उद्देश्य ग्राहकको आवश्यकता परिपूर्ति गर्ने किसिमको वस्तु वा सेवा उपलब्ध गराउने हुनुपर्छ । यस्तो भएमा मात्र नाफा आर्जनमा निरन्तरता आउँछ । अतः उद्यम वा व्यवसाय भनेको ग्राहकलाई सन्तुष्टि प्रदान गरी आयआर्जनका साथै नाफा आर्जन गर्नका लागि गरिने सम्पूर्ण व्यापारिक तथा औद्योगिक क्रियाकलाप हो ।

व्यक्तिको आर्थिक तथा सामाजिक पक्षमा सुधार ल्याउनमा व्यवसायको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । नेपालको परिप्रेक्षमा हेर्दा बेरोजगारी समस्या एउटा भयावह समस्याको रूपमा खडा भएको छ । देशको आर्थिक अवस्थामा सुधार ल्याउन र विदेशी मुद्रा आर्जन गर्न एक मात्र विकल्पको रूपमा स्थानीय स्रोत तथा साधनको प्रयोगबाट व्यवसाय सञ्चालन गर्नु रहेको छ । स्थानीय तहमा सञ्चालन हुने उद्यम व्यवसायले आयआर्जन गर्दै स्वरोजगारीको अवसरहरू सिर्जना गर्दछ । स्थानीय स्रोत र साधन उच्चतम उपयोग हुँदै समाजको आवश्यकता समेत पूर्ति गर्ने भएकोले उद्यम व्यवसायको महत्त्व रहेको छ । यसले राजस्व वृद्धिमा सहयोग पुऱ्याउने र राष्ट्रिय उत्पादन वृद्धिमा समेत योगदान गर्दछ ।

### उद्यमी वा व्यवसायीमा हुनुपर्ने गुणहरू

उद्यम गर्ने व्यक्तिलाई उद्यमी भनिन्छ । सफल उद्यमी वा व्यवसायीमा तल उल्लेखित गुणहरू हुनुपर्दछः

| उद्यमी वा व्यवसायीमा हुनुपर्ने गुणहरू | |
|---|---|
| ▪ सिर्जनशील र सकारात्मक सोँच भएको,<br>▪ स्थानीय स्तरमा के कस्ता स्रोत र साधनहरू छन् तिनको पहिचान गर्न सक्ने,<br>▪ पहिचान गरेका स्रोत र साधनहरूमा आधारित व्यवसायहरू सञ्चालन गर्न सक्ने,<br>▪ कुनै समस्या आएमा धैर्यताका साथ त्यसको सामना गर्न सक्ने,<br>▪ नयाँ सोँच, धारणा एवम् प्रविधिको जानकारी लिन सक्ने । | ▪ व्यवसायको लागि आवश्यक रकम जुटाउन सक्ने<br>▪ उत्पादित वस्तुलाई बजारसम्म लगेर बेच्न तत्पर हुन सक्ने,<br>▪ व्यवसाय गर्दा आउन सक्ने जोखिम लिन सक्ने,<br>▪ व्यावसायिक योजना बनाई सोहीअनुसार काम गर्न सक्ने,<br>▪ विभिन्न व्यापारिक व्यक्ति र सङ्घ संस्थाहरूसँग समन्वय गर्न सक्ने । |

### उद्यम व्यवसायको वर्गीकरण

स्थान र परिवेशअनुसार उद्यम व्यवसायलाई फरक फरक किसिमले वर्गीकरण गरिएको भए पनि नेपालमा विभिन्न आधारमा उद्यम/ व्यवसायलाई निम्नअनुसार वर्गीकरण गरिएको छः

| आधार | उद्यम/व्यवसाय | व्याख्या |
|---|---|---|
| सिप, स्रोत र लगानी | घरेलु उद्योग | श्रममूलक, देशको परम्परा कला संस्कृतिसँग सम्बन्धित र स्थानीय कच्चा पदार्थ परिचालन गर्ने परम्परागत किसिमका उद्योगहरू |
| | साना उद्योग | ३ करोड रूपैयाँसम्म स्थित पुँजी भएका उद्योगहरू |
| | मझौला उद्योग | ३ करोडभन्दा माथि र १० करोडसम्मको स्थिर पुँजी भएका उद्योगहरू |
| | ठुला उद्योग | १० करोड रूपैयाँभन्दा माथि स्थिर पुँजी भएका उद्योगहरू |
| उत्पादनको प्रकृति | उत्पादनमूलक उद्योग | कोरा वा अर्ध प्रशोधित वस्तु वा खेर गइरहेको वस्तुको प्रयोग वा प्रशोधन गरी मालसामान उत्पादन गर्ने उद्योगहरू |
| | ऊर्जामूलक उद्योग | जलस्रोत, वायु, सौर्यशक्ति, कोइला, प्राकृतिक तेल, बायोग्याँस वा अन्य स्रोतबाट ऊर्जा पैदा गर्ने उद्योगहरू |
| | कृषि तथा वनजन्य उद्योग | कृषि वा वन पैदावरमा आधारित उद्योगहरू |
| | खनिज उद्योग | खनिज उत्खनन वा प्रशोधन सम्बन्धी उद्योगहरू |
| | पर्यटन उद्योग | पर्यटन आवास, होटल, रेस्टुराँ, रिसोर्ट, ट्राभल एजेन्सी, आरोहण जस्ता व्यवसायहरू |
| | सेवा उद्योग | कार्यशाला, छापाखाना, परामर्श सेवा, चलचित्र उद्योग, सार्वजनिक परिवहन, हवाई सेवा, शीतभण्डार जस्ता उद्योगहरू |
| | निर्माण उद्योग | सडक, पुल, टनेल तथा औद्योगिक व्यापारिक एवम् आवास क्षेत्र निर्माण सम्बन्धी उद्योग |

| | | |
|---|---|---|
| स्वामित्व | एकलौटी व्यवसाय | एक जना व्यक्तिको लगानी तथा स्वामित्वमा सञ्चालन भएको व्यवसाय |
| | साझेदारी व्यवसाय | दुई वा दुईभन्दा बढी व्यक्तिहरू मिलेर नाफा नोक्सान व्यहोर्ने हिसाबले कबुलियतनामा गरी साझेदारी ऐन २०२० अन्तर्गत दर्ता गरी स्थापना भएका व्यवसाय |
| | कम्पनी | कम्पनी ऐन २०२१ अन्तर्गत स्थापना भएको लिमिटेड कम्पनीहरू |

### उद्यम/व्यवसायबाट हुने फाइदाहरू

उद्यम व्यवसायबाट व्यवसायी स्वयम्लाई फाइदा हुन्छ भने समाज र देशलाई समेत यसले फाइदा पुऱ्याएको हुन्छ । उद्यम/ व्यवसायबाट हुने फाइदाहरूलाई बुँदागत रूपमा तल राखिएको छ ।

| स्वयम् व्यवसायीलाई हुने फाइदाहरू | समाज र देशलाई हुने फाइदाहरू |
|---|---|
| ▪ आफ्नो मालिक आफैँ हुने,<br>▪ आफ्नो क्षमताअनुसार बढी काम पनि गर्न सकिने,<br>▪ राम्रो काम गरी नाफा र इज्जत दुबै पाउने,<br>▪ स्थानीय स्रोत र साधनको राम्रो सदुपयोग हुने,<br>▪ स्थानीय खाँचो र आवश्यकता पूरा गर्न सहयोगी हुने,<br>▪ स्वतन्त्र रूपमा काम गर्न पाइने,<br>▪ रोजगारी दिन सकिने,<br>▪ परिवारका अन्य सदस्यहरू पनि व्यवसायमा संलग्न हुन सक्ने । | ▪ समाजको आवश्यकता परिपूर्ति गर्नमा सहयोग पुग्ने,<br>▪ स्थानीय कच्चा पदार्थ तथा सिपको प्रयोग हुने,<br>▪ राजस्व वृद्धिमा सहयोग पुग्ने,<br>▪ बेरोजगारी समस्या समाधान गर्न सहयोग पुऱ्याउने,<br>▪ विदेशी मुद्रा आर्जन गर्ने आर्थिक गतिविधिमा सहयोग पुऱ्याउने । |

### व्यावसायिक योजना

व्यवसायलाई व्यवस्थित र योजनाबद्ध रूपमा सञ्चालन गर्नका लागि बनाइने योजना नै व्यावसायिक योजना हो । यसलाई विस्तृत रूपमा बुझ्नुपर्दा कुनै पनि व्यवसाय स्थापना गरी सञ्चालन गर्नको लागि आवश्यक सम्पूर्ण पक्षहरू (बजार, उत्पादन, खर्च तथा वित्तसम्बन्धी सम्पूर्ण पक्षहरू) लाई समावेश गरी तयार गरिएको योजनालाई नै व्यावसायिक योजना भनिन्छ । व्यावसायिक योजना भनेको व्यवसायको ऐना हो । व्यावसायिक योजना हेरेपछि कुल प्रस्तावित व्यवसाय के कस्तो छ भन्ने छर्लङ्ग हुनुपर्दछ । त्यसैले व्यावसायिक योजनाले कुन वस्तु/सेवा उत्पादन गर्ने हो ? कस्तो गुणस्तरको वस्तु/सेवा उत्पादन गर्ने हो ? उत्पादनको बजार क्षेत्र कहाँ हो ? बजार माग कस्तो छ ? कति परिमाणमा उत्पादन गर्ने हो ? मेसिन उपकरण के कति चाहिन्छ ? के कस्ता कच्चा पदार्थ आवश्यक पर्छ ? कच्चा पदार्थको उपलब्धता कस्तो छ ? के, कति र कस्ता दक्ष कामदार चाहिन्छ ? अन्य खर्चहरू के कति लाग्ला ? कति पुँजी आवश्यक पर्छ ? कसरी पुँजी जुटाउने ? व्यवसायले कति फाइदा देला ? लगानीको प्रतिफल कति समयमा पाउन सकिन्छ ? जस्ता विविध प्रश्नहरूको उत्तर व्यावसायिक योजनामा स्पष्ट रूपमा समेटिएको हुनुपर्दछ ।

व्यावसायिक योजना एक व्यवसायीको लागि आवश्यक दस्तावेज हो । आफ्नो व्यवसायलाई कसरी अगाडि बढाउने र निश्चित गरिएको नाफा कमाउन कति सफल भइयो भनी हेर्नका लागि पनि व्यावसायिक योजनाले

व्यवसायीलाई सहयोग गर्दछ । यसका साथै व्यवसायलाई दर्ता गर्नुपर्ने भएमा, सहकारी तथा अन्य वित्तीय संस्थाबाट व्यवसाय सञ्चालन गर्नका लागि ऋण वा कर्जा लिनुपर्ने भएमा व्यासायिक योजना बनाउनु पर्दछ ।

### व्यावसायिक योजनामा समेटिने विषयहरु

१. **परिचय** : (उद्यमी व्यवसायीको छोटो परिचयको साथै शिक्षा तथा अनुभवलाई समेट्ने)

२. **बजार योजना**

(क) **उत्पादन गर्ने वस्तु/सेवा** : (के वस्तु वा सेवा उत्पादन गर्ने, उत्पादन गर्ने हो भने त्यसको साइज, रङ, आकार, तौल, विशेषता, के कति प्रकारका वस्तु उत्पादन गर्ने, उत्पादन गर्ने भनेको वस्तु/सेवाको हाल बजारमा भैरहेको प्रतिस्पर्धीको वस्तु/सेवाभन्दा के फरक छ समेटिने)

(ख) **व्यवसाय स्थापना गर्ने ठाउँ** : (व्यवसाय स्थापना हुने ठाउँको विवरण, उक्त ठाउँमा व्यवसाय गर्नुको औचित्य, पूर्वाधारको अवस्था)

(ग) **लक्षित बजार क्षेत्र** : (उत्पादित वस्तु बिक्री गरिने स्थानहरू, यातायात तथा वितरणको सुविधा, प्रतिस्पर्धीहरूको उक्त बजार क्षेत्रमा उपस्थिति, बजार क्षेत्रको आकार)

(घ) **उत्पादन/बिक्री लक्ष्य** : (आफूले उत्पादन र बिक्री वितरण गर्ने योजना गरेको बजार क्षेत्रमा सो वस्तु/सेवाको उपभोग कति गरिरहेका छन्, प्रतिस्पर्धी कति छन् ? ठुला साना कस्ता छन् ? उनीहरूको वस्तु/सेवा र आफ्नो वस्तु ठ्याक्कै उस्तै कि फरक छ ? कति परिमाणमा वस्तु/सेवा उत्पादन/बिक्री गर्ने)

३. **उत्पादन योजना**

(क) **उत्पादन प्रक्रिया/विधि** : (उत्पादन गरिने विधि/तरिका, उत्पादन गर्ने मुख्य मुख्य क्रियाकलापको विवरण, उत्पादनको चरणहरूमा कस्तो दक्षता भएको कति कामदारको आवश्यकता जस्ता कुराहरू)

(ख) **आवश्यक स्थिर सम्पत्ति** : (व्यवसाय सञ्चालन गर्नको चाहिने घर जग्गा, मेसिन औजार, फर्निचर तथा सवारी साधन लगायत अन्य आवश्यक स्थिर सम्पतिको विवरण)

४. **स्थिर सम्पत्तिमा ह्रासकट्टी**

५. **खर्च योजना**

(क) **कच्चा पदार्थ आवश्यकता र त्यसको लागत** : (वस्तु उत्पादका लागि आवश्यक कच्चा पदार्थ, यसको मूल्य, ढुवानीको अवस्था, कच्चा पदार्थको उपलब्धता, मूल्यमा हुने उतारचढाव)

(ख) **आवश्यक कामदार लागत** : (उद्योग/व्यवसायमा काम गर्न चाहिने प्रत्यक्ष र अप्रत्यक्षक कामदारहरू, दक्ष कामदार, ज्याला तलब लागत, कामदारमा हुने अन्य लागत)

(ग) **अन्य शीर्षभार खर्च** : (घरभाडा, मर्मत-सम्भार, मसलन्द, यातायात, ढुवानी, पानी, बिजुली, टेलिफोन, चिया-खाजा तथा अन्य भैपरी आउने खर्चहरू)

(घ) **प्रति इकाइ लागत** :

## ६. वित्तीय योजना

**(क) आवश्यक कुल पुँजी** : स्थिर पुँजी+उत्पादन अघिको खर्च+चालु पुँजी

- **स्थिर पुँजी**– घर कारखाना, मेसिन, औजार, फर्निचर आदि स्थिर सम्पत्ति खरिद गर्न आवश्यक लगानी वा रकम,
- **उत्पादन अघिको खर्च**– उत्पादन सुरू गर्नु अघि लाग्ने विविध खर्चहरू जस्तै - प्रशिक्षण खर्च, बजार अनुसन्धान खर्च, दर्ता खर्च, नमूना उत्पादन खर्च र
- **चालु पुँजी**– व्यवसायलाई सुचारू रूपले सञ्चालन गर्न हर समय आवश्यक पर्ने नगद वा अन्य वस्तुगत पुँजी)

  चालु पुँजी अन्तर्गत कच्चा पदार्थ मौज्दात, तयारी वस्तुको मौज्दात, अर्ध तयारी वस्तुको मौज्दात, उधारो बिक्री, नगद पर्दछन् ।

## ७. पुँजीको स्रोत : (आवश्यक कुल पुँजी, पुँजी जुटाउने उपाय, ऋण लिने भए धितो राखिने विवरण)

## ८. बिक्री मूल्य निर्धारण :

## ९. पहिलो वर्षको नाफा नोक्सान हिसाब :

## १०. पारविन्दु :

## ११. लगानीमा प्रतिफल :

$$\frac{\text{वार्षिक नाफा}}{\text{कुल पुँजी}} \times १००$$

लगानीमा प्रतिफल =

## १२. निष्कर्ष : (उत्पादनको बजार, प्रविधि, कच्चा पदार्थ, कामदारको उपलब्धता, वित्तीय विश्लेषणको आधारमा प्रस्तावित व्यवसाय गर्नु सम्भाव्य छ छैन, सुरू गर्ने हो होइन को विवरण)

(व्यावसायिक योजनाको ढाँचा अनुसूची-३ मा दिइएको छ ।)

# प्रशिक्षण सत्र ६

## स्थानीय आर्थिक विकास योजना : अवधारणा, महत्व र चरणहरू


### योजना के हो ?

कुनै पनि कुरालाई व्यवस्थित ढङ्गले सञ्चालन गरेर उचित फल पाउनको लागि कामको थालनी गर्नु अगाडि नै कुन काम गर्ने ? कसरी गर्ने ? किन गर्ने ? कहिले गर्ने ? कहाँ गर्ने ? क-कसले जिम्मेवारी लिने तथा त्यो काम फत्ते गर्न श्रोत कहाँबाट जुटाउने जस्ता कुराहरूको मसिनो गरेर विश्लेषण गर्दै निश्चित गर्ने कामलाई विकासको सन्दर्भमा योजना तर्जुमा गर्नु भनिन्छ ।

कुनै पनि समुदायको चौतर्फी विकास गर्नको लागि परियोजनाबद्ध विकास क्रियाकलापहरू गर्नु अति आवश्यक पर्छ । योजनाबद्ध ढङ्गले थालनी गरिएको कामहरू प्रायः असफल हुँदैनन् ।

### योजना चक्र

विकास भन्ने कुरा निरन्तर चलिरहने प्रक्रिया हो । एउटा आवश्यकता पूरा भए पछि अर्को आवश्यकता सिर्जना हुन्छ । त्यसैले, हरेक पटक योजना तर्जुमा र कार्यान्वयन गर्नु पर्छ र कार्यान्वयन गर्दा के भयो ? सोंचे जस्तो भयो भएन भनेर जाँच्नको लागि मूल्याङ्कन गर्नुपर्छ । मूल्याङ्कन पछि अर्को आवश्यकता पहिचान गरेर पहिलेको चक्र जस्तै सबै कुरा पुनः गर्दै लैजानु पर्छ । यसरी गरिने क्रियाकलापलाई नै योजना चक्र भनिन्छ । योजना तयार गर्दा सबैको सहभागीतामा गरिनु पर्दछ । चित्रमा दिइएका हरेक खुटकिलाहरू निर्धारण गर्दा सबैको सहभागीता भएन भने त्यो योजना प्रभावकारी मानिदैन ।




### स्थानीय आर्थिक विकास योजना तर्जुमाका चरणहरू

स्थानीय आर्थिक विकासका गतिविधिहरूलाई परिणाममुखी र योजनाबद्ध रूपमा अगाडि बढाउनका लागि विभिन्न चरणहरू पूरा गर्नुपर्दछ । आर्थिक समृद्धिका लागि विभिन्न तहका सरकारहरू र विकास संस्थाहरूबाट नियमित रूपमा विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । यी सम्पूर्ण कार्यक्रमहरूलाई एकीकृत गर्दै स्थानीय सरकारले आफ्नो निश्चित भौगोलिक क्षेत्रको आर्थिक विकासलाई अगाडि बढाउन निश्चित चरणहरू निर्धारण गर्न जरूरी हुन्छ जुन चरणहरू निम्नलिखित रहेका छन् :




स्थानीय आर्थिक विकास योजना तर्जुमाका यी प्रत्येक चरणहरूमा आवश्यक कार्य र उपयुक्त विधिहरूको प्रयोग गरी व्यवस्थित रूपमा अगाडि बढ्नुपर्दछ । यसका लागि गर्नुपर्ने कार्यहरू, त्यस कार्यका लागि अवलम्बन गर्न सकिने विधि तथा प्रक्रिया र जिम्मेवार पद तथा व्यक्तिहरूको विवरण तलको तालिकामा दिइएको छ ।

| चरण | गर्नुपर्ने कार्यहरू | अवलम्बन गर्न सकिने विधिहरू | जिम्मेवारी |
|---|---|---|---|
| १. आर्थिक क्रियाकलापहरूको वर्तमान अवस्थाको विश्लेषण | स्थानीय तहको आर्थिक अवस्था, आर्थिक तथ्याङ्कहरू, सम्भावना र आइपर्ने चुनौतिहरूको विश्लेषण | सर्भे तथा अन्य सहभागीतामूलक तरिका तथा द्वितीय स्रोतबाट जानकारी सङ्कलन र विश्लेषण | स्थानीय तहका प्रतिनिधिहरू, कर्मचारी र विषयविज्ञ |

| | | | |
|---|---|---|---|
| २. सम्भावित आर्थिक क्रियाकलापहरूको पहिचान | आर्थिक रूपमा सम्भावना भएको, प्राविधिक रूपमा उपयुक्त, सामाजिक रूपमा स्वीकार्य र भौगोलिक/ प्राकृतिक रूपमा सुहाउँदो स्थानीय तहमा गर्न सकिने आर्थिक क्रियाकलापहरूको पहिचान | छलफल र स्वतन्त्र सूची | स्थानीय तहका प्रतिनिधिहरू, कर्मचारी र विषयविज्ञ |
| ३. मुख्य आर्थिक क्रियाकलापहरूको छनौट | स्वतन्त्र सूचीहरूबाट मुख्य आर्थिक क्रियाकलापहरको छनौट | PESTLE विश्लेषण<br>जोडी स्तरीकरण | स्थानीय तहका प्रतिनिधिहरू, कर्मचारी र विषयविज्ञ |
| ४. स्थानीय आर्थिक विकास योजना निर्माण | परिकल्पना र लक्ष्य सहितको स्थानीय आर्थिक विकास योजनाको खाकामा योजना तयार | छलफल, सरोकारवाल विश्लेषण, स्रोत र साधनको आँकलन र बजार सर्भेक्षण | स्थानीय तहका प्रतिनिधिहरू, कर्मचारी र विषय विज्ञ |
| ५. स्थानीय आर्थिक विकास योजनाको कार्यान्वयन | क्षेत्रगत र स्थानगत योजना सञ्चालन | योजना कार्यान्वयन निर्देशिका तयार र जिम्मेवारीसहित कार्य सञ्चालन | योजनाका लाभान्वित वर्ग, सम्बन्धित वडाका जनप्रतिनिधि, कर्मचारी |
| ६. स्थानीय आर्थिक विकास योजना कार्यान्यनको समीक्षा | संचालित योजनाको अनुगमन, उपलब्धी मापन र समीक्षा | अनुगमन र उपलब्धी मापनका चेकलिस्ट र लाभग्राहीसँग अन्तक्रिया, छलफल | लाभान्वित वर्ग, जनप्रतिनिधि, विज्ञ |

स्थानीय आर्थिक विकासका लागि वर्तमान अवस्था विश्लेषण र सम्भावित क्रियाकलापहरूको पहिचान स्थानीय आर्थिक विकासको अवधारणामा स्पष्ट भई यसका लागि कार्यविधि समेत बनाई सकेपछि स्थानीय सरकारले अगाडि बढाउनका लागि एक व्यवस्थित र कार्यान्वयन योग्य योजना तयार गर्न चरणबद्ध रूपमा अगाडि बढ्नु पर्दछ । सर्वप्रथम स्थानीय तहमा आर्थिक क्रियाकलापहरूको वर्तमान अवस्थाको अध्ययन लेखाजोखा र विश्लेषण हुनुपर्दछ। यस चरणमा स्थानीय तहमा केन्द्रित रही आर्थिक क्रियाकलापहरू सञ्चालन गर्ने राजनीतिक अवस्था, वर्तमान आर्थिक गतिविधिहरू, आर्थिक क्रियाकलापको सन्दर्भमा सामाजिक वातावरण, प्राविधिक सम्भावना र अवसर, वातावरणीय प्रभाव र कानुनी अवस्थाको गहन रूपमा विश्लेषण हुनुपर्दछ । यसका लागि सर्भे तथा अन्य विधि पनि अपनाउन सकिन्छ। पालिका तहको पार्श्वचित्र (Profile) अथवा आवधिक योजना तयार भएको भए त्यसका लागि गरिएको आधार रेखा सर्भे (Baseline Survey) को प्रतिवेदनबाट पनि आवश्यक तथ्याङ्क तथा जानकारीहरू लिन सकिन्छ।

आर्थिक विकासका लागि आवश्यक आधार रेखा (Baseline Data) प्राप्त भए पछि हाल स्थानीय तहमा सञ्चालित आर्थिक क्रियाकलापको विश्लेषणपश्चात् सम्भावित थप आर्थिक क्रियाकलापको पहिचान गर्नुपर्दछ।

निर्वाहमुखी आर्थिक क्रियाकलापको व्यावसायीकरणको सम्भावना र उपयोगमा आउन नसकेका आर्थिक क्रियाकलापको खोज हुनुपर्दछ। सम्भावित आर्थिक क्रियाकलापको पहिचान गर्दा स्थानीय तहको राजनीतिक प्रतिबद्धता, आर्थिक रूपमा सम्भाव्य, सामाजिक रूपमा स्वीकार्य, प्राविधिक रूपमा उपयुक्त, प्राकृतिक र वातावरणीय रूपमा सुहाउँदो, कच्चा पदार्थको उपलब्धता, पूर्वाधारको व्यवस्था क्रियाकलाप सञ्चालन गर्नका लागि आवश्यक जनशक्तिको उपलब्धता र सरकारी नीतिको अनुकूलतालाई हेरिनुपर्दछ। स्थानीय आर्थिक विकासका सम्भावित क्रियाकलापहरूको पहिचान गर्दा निम्न विषयहरूमा ध्यान दिनुपर्दछः

| **स्थानीय आर्थिक विकासका सम्भावित क्रियाकलापहरुको पहिचान गर्दा ध्यान दिनुपर्ने विषयहरू** | |
|---|---|
| आर्थिक रूपमा सम्भाव्य | प्राविधिक रूपमा उपयुक्त |
| सामाजिक रूपमा स्वीकार्य | भौगोलिक, प्राकृतिक र वातावरणीय रूपमा सुहाँउदो |
| जनशक्तिको उपलब्धता | कच्चा पदार्थको उपलब्धता |
| आवश्यक भौतिक पूर्वाधारको अवस्था | सरकारी नीतिको अनुकूल |

साथै सम्भावित आर्थिक क्रियाकलाप छनौट गर्दा निम्न कुराहरूमा ध्यान दिनुपर्दछः

**छिटो आम्दानीमा केन्द्रित हुने**

**वा**

**दीर्घकालीन आयका क्षेत्रमा केन्द्रित हुने**

**वा**

**भइरहेका आर्थिक क्रियाकलापको बिस्तार गर्ने**

**वा**

**नयाँ आर्थिक क्रियाकलापको थालनी गर्ने**

आर्थिक विकासको सन्दर्भमा क्रियाकलापहरू पहिचान गर्दा आएका विभिन्न क्रियाकलापहरूलाई एकैपटक कार्यान्वयन गर्न असम्भव हुने भएकोले पहिचान गरिएका क्रियाकलापहरू मध्येबाट प्राथमिकीकरण गर्नुपर्ने हुन्छ। यसरी प्राथमिकीकरण गर्दा सङ्घीय र प्रदेश सरकारका साथै स्थानीय तहको दीर्घकालीन सोँच र आवधिक योजनाले औंल्याएको क्षेत्रहरू, स्थानीय तहको आर्थिक नीति, आर्थिक सम्भाव्यता र सम्भावित आर्थिक क्रियाकलापको पहिचान गर्दा निर्धारण गरिएका आधारहरूलाई विचार गर्नुपर्दछ। यी सम्पूर्ण कार्यहरू सम्पन्न गरिसकेपछि स्थानीय आर्थिक विकासको योजना तयार गर्नुपर्दछ। यसका लागि प्राथमिकतामा परेका आर्थिक क्रियाकलापहरूमा केन्द्रित भई विस्तृत कार्यान्वयन योजना तयार गर्नुपर्दछ। स्थानीय आर्थिक विकास योजना निर्माण गर्दा योजना कार्यान्वयनका लागि आवश्यक स्रोत र लगानीको आँकलन गर्दै स्थानीय तह, निजी क्षेत्र, स्थानीय सहकारी र अन्य पक्षबाट के कति लगानी गरिन्छ भन्ने किटान गरिनुपर्दछ।

# प्रशिक्षण सत्र ७

# सरोकारवालाको पहिचान र विश्लेषण, स्थानीय आर्थिक विकासका लागि आर्थिक क्रियाकलापहरूको प्राथमिकीकरण

## सरोकारवालाको पहिचान र विश्लेषण

स्थानीय तहमा आर्थिक विकासका क्रियाकलापहरूमा संलग्न भएका र भविष्यमा हुन सक्ने वा गराइन सक्ने कुन कुन संस्था, निकाय तथा व्यक्तिहरू होलान् ? हाल उपलब्ध गराई रहेका सेवा/सुविधा तथा भविष्यमा उपलब्ध गराउन सक्ने सेवा/सुविधा के के होलान् ? तिनको पहिचान र विश्लेषण गर्नुपर्दछ। सरोकारवाला विश्लेषणका लागि तलको मेट्रिक्सको प्रयोग गर्न सकिन्छ।

**सरोकारवालहरूको विश्लेषण मेट्रिक्स**

| आर्थिक क्रियाकलापमा आवश्यक कुराहरू | परिचालन गर्न सकिने सरोकारवालाहरू |
|---|---|
| ऋण तथा आर्थिक सहयोग लिन सकिने | |
| प्राविधिक सेवा लिन सकिने | |
| बजार व्यवस्थापनमा सहयोगी | |
| मल, बिउ, औजारका सप्लायर | |
| आवश्यक कानुनी मान्यता प्रदान गर्ने | |
| तालिम तथा प्रक्रिया सहजीकरण गरिदिने | |
| ऋण तथा आर्थिक सहयोग लिन सकिने | |

## आर्थिक क्रियाकलापहरूको प्राथमिकीकरण

पहिचान गरिएका सम्भावित आर्थिक क्रियाकलापहरू मध्ये तोकिएको समयावधिभित्र उपलब्ध स्रोत र साधनको प्रयोग गरी सञ्चालन गर्न सकिने क्रियाकलापहरूको प्राथमिकीकरण गर्नुपर्दछ। यसरी प्राथमिकीकरण गर्दा समूहका २/४ जनाको मात्र सहभागीता नभई बढी से बढी समूह सदस्यहरूको सक्रिय सहभागीता, छलफल र निर्णयबाट गर्नुपर्दछ। यसका लागि निम्नलिखित आधारहरू लिन सकिन्छ :

### क. आर्थिक सम्भाव्यता

- के यो क्रियाकलाप सञ्चालन र कार्यान्वयन गर्न यसका लागि चाहिने लागत जुट्ने सम्भावना छ ?
- के यस क्रियाकलापमा आशा गरे अनुसारको उपलब्धि प्राप्तिको तुलनामा लाग्ने लागतको अनुपात ठिक छ ?
- के यो क्रियाकलापले प्राकृतिक स्रोत सम्पदाबाट हामीलाई हाल प्राप्त भइरहेको आम्दानीमा झन खराब असर पार्दैन ?

### ख. सामाजिक सम्भाव्यता

- के यो क्रियाकलाप समुदायले महसुस गरेको आवश्यकता र बजारको सम्भावनामा आधारित छ ?
- के सबैले क्रियाकलापमा लाग्ने लागत, स्रोत साधनमा समुदायको पनि सहभागीता हुनसक्छ ?
- के यो क्रियाकलाप स्थानीय सामाजिक रीतिरिवाज, संस्कृतिको दृष्टिकोणबाट दीगो छ ?

### ग. राजनीतिक र कानुनी सम्भाव्यता

- के यो क्रियाकलाप स्थानीय सरकार वा कुनै सहयोगी निकायको आयोजना भित्र पर्ने नीति अन्तर्गत पर्छ ?
- के यस क्रियाकलापलाई स्थानीय सङ्घ संस्थासँगको साझेदारीको आधारमा कार्यान्वयन गर्न सकिन्छ ?
- के यो स्थानीय सरकारको अधिकार क्षेत्र भित्र पर्छ ? विद्यमान कानुन नीति नियमले यो क्रियाकलाप गर्न बाधा पर्दैन ?

### घ. वातावरणीय सम्भाव्यता

- के यो क्रियाकलापले प्राकृतिक स्रोत सम्पदाको प्रभावकारी रूपमा भावीपुस्तासम्म दीगो रूपमा प्रयोगमा पहुँच र नियन्त्रण रहन्छ ?
- के यो क्रियाकलाप सञ्चालनबाट भविष्यमा प्रकृतिक प्रकोप तथा अन्य जोखिमहरू उत्पन्न भएमा व्यवस्थापन र नियन्त्रण सहजै गर्न सकिन्छ ?
- के यो क्रियाकलापबाट पाइने फाइदा त्यसबाट उत्पन्न जोखिमहरूलाई व्यवस्थापन र नियन्त्रण गर्न लाग्ने लागतभन्दा बढी छ?

### ङ. प्राविधिक सम्भाव्यता

- के हामीले प्रस्ताव गरे अनुरूप नै यी क्रियाकलापहरू सञ्चालन र कार्यान्वयन गर्न प्राविधिक रूपले सम्भावना छ ?
- के स्थानीय स्तरमा त्यस्ता क्रियाकलापहरू सञ्चालन गर्ने सम्बन्धित पक्षका प्राविधिक सिप, दक्षता भएका व्यक्ति छन् ?
- के हामीले सञ्चालन गर्न खोजेका क्रियाकलापहरू अहिले पनि सञ्चालन भएका छन् ? त्यस्ता क्रियाकलापहरूको सञ्चालन निर्माण त्यसको समुचित प्रयोग तथा भविष्यमा गरिनुपर्ने मर्मत सम्भार र व्यवस्थापन सहज छ ?

**PESTLE विश्लेषण फाराम**

| क्र. सं. | आर्थिक क्रियाकलाप | आधार | | | | | जम्मा (१५) | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|---|
| | | आर्थिक (१-३) | राजनीतिक/ कानुनी (१-३) | सामाजिक (१-३) | वातावरणीय (१-३) | प्राविधिक (१-३) | | |
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |
| ७ | | | | | | | | |

# प्रशिक्षण सत्र ८-११
## स्थानीय आर्थिक विकास योजना निर्माण

पालिकास्तरीय आर्थिक विकास योजना निर्माण गर्दा निम्नलिखित विषयवस्तु उल्लेख गर्न सकिन्छ :

### १. पृष्ठभूमि

स्थानीय तहमा विकासका योजना तर्जुमा र कार्यान्वयनको सङ्क्षिप्त इतिहास सहित यो (स्थानीय आर्थिक विकास योजना) योजना कुन परिस्थितिमा तयार गरिएको हो ? स्थानीय तहमा एकीकृत योजना तर्जुमा र कार्यान्वयन हुँदाहुँदै यो आर्थिक विकास योजना किन जरूरी भयो ? यसको प्रभावकारी कार्यान्वयनबाट के अपेक्षा उपलब्धि राखिएको छ जुन परम्परागत रूपमा तर्जुमा र कार्यान्वयन गरिएका एकीकृत योजनाहरूले दिन सकेनन भन्ने कुराको प्रस्ट जवाफ आउने गरी २ अनुच्छेद जति उल्लेख गर्ने ।

### २. स्थानीय आर्थिक विकासका लागि भएका प्रयासहरू र प्राप्त सिकाइहरू

- अवस्था विश्लेषण (वर्तमान अवस्थामा प्रदेशको तथा पालिका तहको राजनीतिक, सामाजिक, प्राविधिक, वातावरणीय र नीतिगत अवस्थाहरूको सङ्क्षिप्तमा उल्लेख गर्ने ।
- विगतका वर्षहरूमा सञ्चालन गरिएका स्थानीय आर्थिक विकास सम्बन्धी क्रियाकलापहरू (सङ्घीय, प्रदेश, पालिका तथा निजी, सहकारी र गैरसरकारी क्षेत्रबाट के के क्रियाकलापहरू सञ्चालन भएका थिए र तिनको हालको स्थिति के कस्तो छ भन्ने कुरा तथ्याङ्कसहित सङ्क्षिप्तमा उल्लेख गर्ने ।)
- ती आर्थिक क्रियाकलापबाट प्राप्त उपलब्धीहरू (लाभान्वित सङ्ख्या, सेवा प्रदान गरिएको सङ्ख्या, पूर्वाधार निर्माण, दक्ष जनशक्ति, बिक्री वितरण, आर्जित रकम, सम्पर्क र समन्वय गरिएका निकायहरू उल्लेख गर्ने ।
- आर्थिक विकासका लागि तयार गरिएको पालिका स्तरीय नीति र संरचना उल्लेख गर्ने ।
- विनियोजन गरिएका वार्षिक बजेटहरूमा आर्थिक विकासको लागि विनियोजित बजेटको विश्लेषण गर्ने ।
- हालसम्म गरिएको अनुगमन, मूल्याङ्कन र समग्र अवस्थाबाट प्राप्त सिकाइहरू, सुधार गर्नुपर्ने विषयहरूसमेत उल्लेख गर्ने ।

### ३. स्थानीय आर्थिक विकासको दुरगामी सोँच

परिकल्पना (Vision) र मूल्य मान्यता (Values) उल्लेख गर्ने ।

### ४. स्थानीय आर्थिक विकासको लक्ष्य

तोकिएको समयावधिभित्र लगानी र उत्पादनको लक्ष्य किटान गर्ने ।

### ५. स्थानीय आर्थिक विकासका लागि अवलम्बन गरिने मुख्य रणनीति

स्थानीय आर्थिक विकास योजना कार्यान्वयन गर्न अवलम्बन गरिने रणनीति उल्लेख गर्ने ।

### ६. स्थानीय आर्थिक विकासका प्राथमिकताका क्षेत्र

योजना अवधिभित्र स्थानीय तहको दीर्घकालीन सोँच, नीति, आवधिक योजना, मध्यमकालीन खर्च संरचना आदिलाई मध्यनजर गरी प्राथमिकता निर्धारण गर्ने ।

## ७. लगानी तथा उत्पादन विवरण

योजना अवधिमा आर्थिक विकासका क्रियाकलाप कार्यान्वयनका लागि चाहिने लगानी, अपेक्षित उत्पादन परिमाण र आम्दानी उल्लेख गर्ने ।

## ८. स्थानीय आर्थिक विकास कार्यान्वयन कार्ययोजना

योजना कार्यान्वयनको निर्दिष्ट योजना तयार गर्ने ।

## ९. स्थानीय आर्थिक विकास कार्यान्वयनको अनुगमन

आर्थिक विकास योजनाको अनुगमन तथा मूल्याङ्कनको विधि र प्रक्रिया उल्लेख गर्ने ।

उत्पादन तथा लगानी विवरणको खाका (नमूना)

| क्र.स. | उत्पादन गरिने वस्तु तथा सेवाको नाम | वर्तमान उत्पादन परिमाण | अपेक्षित उत्पादन परिमाण | | | लगानी रू.मा | | | जम्मा उत्पादन परिमाण लक्ष्य (तीनवर्षको) | अपेक्षित जम्मा आम्दानी रू. (तीन वर्षको) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | | |
| १ | | | | | | | | | | |
| २ | | | | | | | | | | |
| ३ | | | | | | | | | | |
| ४ | | | | | | | | | | |
| ७ | | | | | | | | | | |
| ८ | | | | | | | | | | |
| ९ | | | | | | | | | | |

(स्थानीय आर्थिक विकासको विस्तृत योजना तयार गर्नका लागि अनुसूची ४ मा रहेको नमूना ढाँचामा आधारित भएर बनाउन सकिन्छ)

# प्रशिक्षण सत्र १२
## स्थानीय आर्थिक विकास योजना कार्यान्वयन कार्ययोजना

### स्थानीय आर्थिक विकास योजना कार्यान्वयन कार्ययोजनाको खाका

..................... पालिका, ..................

स्थानीय आर्थिक विकास योजना कार्यान्वयन कार्ययोजना

मितिः ....................

| क्र.सं. | क्रियाकलाप | समयावधि | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |

# भाग-६
# प्रशिक्षण मूल्याङ्कनका औजार

# मूल्याङ्कनका औजार

प्रशिक्षणको प्रभावकारीता र सिकाइ लक्ष्य प्राप्त गर्नको लागि प्रशिक्षकहरूले प्रशिक्षण मूल्याङ्कनको महत्त्वलाई मनन गर्नुपर्दछ। उपयुक्त औजार/विधि प्रयोग गरेर वैज्ञानिक तरिकाले प्रशिक्षणको मूल्याङ्कन गरिनु पर्दछ। मूल्याङ्कन औजार/विधि भनेको प्रशिक्षणको ऐना हो, जसले प्रशिक्षण कार्यक्रमको प्रभावकारीता झल्काउँदछ। डोनाल्ड कर्कप्याट्रिकका अनुसार कुनै पनि प्रशिक्षण चार तहमा मूल्याङ्कन गर्न सकिन्छः (१) प्रतिक्रिया (२) सिकाइ (३) व्यवहार र (४) नतिजा। यस बारेमा विस्तृत जानकारीको लागि यस प्रशिक्षण सामग्रीको खण्ड १ मा राखिएको छ।

**कर्कप्याट्रिकको ४ तहको मूल्याङ्कन**

| | |
|---|---|
| तह १ | प्रतिक्रिया |
| तह २ | सिकाइ |
| तह ३ | प्रयोग |
| तह ४ | नतिजा |

प्रशिक्षणको प्रभाकारिताको मापन गर्नका लागि विविध प्रकारका औजार/विधिहरू प्रयोग गर्न सकिन्छ। दैनिक पृष्ठपोषण फाराम (तह १), पूर्व तथा पश्चात् परीक्षण (तह २), प्रशिक्षणको अन्तिम मूल्याङ्कन फाराम (तह १) तथा प्रशिक्षण पश्चात् सर्वेक्षण (तह ३ र तह ४) केही औजार/विधिहरू हुन् जुन तल दिइएको छ

### दैनिक पृष्ठपोषण फाराम (तह १ को मूल्याङ्कन)

दैनिक पृष्ठपोषण फारामको प्रयोग सहभागीहरूको प्रतिक्रिया (तह १) थाहा पाउनका लागि गरिन्छ। हरेक दिनको अन्त्यमा सहभागीहरूलाई दिनभरिका क्रियाकलापमा आफ्नो प्रतिक्रिया दिनका लागि पृष्ठपोषण फाराम वितरण गरिन्छ। दैनिक पृष्ठपोषण सङ्कलन गर्नका लागि तल दिइएको फाराम प्रयोग गर्न सकिन्छ।

## दैनिक पृष्ठपोषण फाराम

### प्रशिक्षण : स्थानीय आर्थिक विकास

मिति : ...........................

**१. आज निर्धारण गरिएका विषयहरूमा प्रस्टता**
- क. प्रस्ट भएन
- ख. केही मात्रामा प्रस्ट भयो
- ग. प्रस्ट भयो
- घ. राम्रोसँग प्रस्ट भयो

**२. आजका विषयवस्तुको व्यावहारिकता**
- क. उपयुक्त छैनन्
- ख. केही मात्रामा उपयुक्त छन्
- ग. उपयुक्त छन्
- घ. ज्यादै उपयुक्त छन्

**३. सहभागीहरुको संलग्नता**
- क. ज्यादै थोरै भयो
- ख. केही मात्रामा थोरै भयो
- ग. ठिक भयो
- घ. ज्यादै धेरै भयो

**४. प्रशिक्षणमा प्रयोग गरिएका विधिहरू**
- क. उपयुक्त छैनन्
- ख. केही मात्रामा उपयुक्त छन्
- ग. उपयुक्त छन्
- घ. ज्यादै उपयुक्त छन्

**५. प्रशिक्षणमा प्रयोग गरिएका प्रशिक्षण सामग्रीहरू**
- क. अपर्याप्त भयो
- ख. केही मात्रामा पर्याप्त भयो
- ग. ठिकै भयो
- घ. पर्याप्त भयो

**६. प्रशिक्षकहरूका प्रस्तुति**
- क. बुझ्न सकिएन
- ख. काम चलाउ छन्
- ग. सरल छन्
- घ. ज्यादै राम्रा छन्

**७. प्रशिक्षणमा वितरण गरिएका अध्ययन सामग्रीहरू**

क. उपयोगी छैनन्
ख. काम चलाउँ छन्
ग. उपयोगी छन्
घ. ज्यादै स्तरीय छन्

**८. प्रशिक्षणमा छलफलका लागि दिइएको समय**

क. ज्यादै थोरै थियो
ख. ठिकै थियो
ग. पर्याप्त थियो
घ. ज्यादै बढी थियो

**९. प्रशिक्षण सञ्चालन गर्न तय गरिएका अनुशासनको पालना (तोकिएको समय तथा नियमहरू)**

क. भएन
ख. केही भयो
ग. ठिकै भयो
घ. पूरा पूर भयो

१०. तपाईंलाई आज सबैभन्दा बढी कुन कुन कुरा मन पर्‍यो ?

_______________________________________________

_______________________________________________

११. किन मन पर्‍यो ?

_______________________________________________

_______________________________________________

१२. तपाईंलाई सबैभन्दा मन नपरेको कुनै कुरा छ भने लेख्नुहोस् ।

_______________________________________________

_______________________________________________

१३. सुझाव

_______________________________________________

_______________________________________________

_______________________________________________

## प्रशिक्षणमा सुधारका लागि प्रश्नावली (तह १ को मूल्याङ्कन )

यो प्रश्नावली यस प्रकारको प्रशिक्षण अर्को पटक सञ्चालन गर्दा सुधार गर्नुपर्ने पक्षमा सुझाव सङ्कलन गर्नका लागि प्रयोग गरिने हो । यस प्रश्नावलीमा प्रशिक्षणमा गरिनुपर्ने सुधारका विभिन्न पक्षहरू हुन सक्छ जस्तैः प्रशिक्षणको विषयवस्तु, सहजकर्ताको गुणस्तर, प्रशिक्षण विधि, प्रशिक्षण सामग्री, व्यवस्थापकीय पक्ष आदि समावेश हुन सक्दछ । प्रश्नावलीको नमूना तल दिइएको छः

### प्रशिक्षण सुधारका लागि प्रश्नावली

**प्रशिक्षण/मोड्युल :** **मितिः**

**आफ्नो तर्फबाट मूल्याङ्कन गर्नुहोस् :**

१. **यस प्रशिक्षणलाई कसरी मापन गर्नुहुन्छ ? (तपाईंको सामान्य हेराइ)**

क) उत्कृष्ट (१००%) ख) धेरै राम्रो (८०%) ग) राम्रो (६०%)
घ) ठिकै (४०%) ङ) नराम्रो (२०%)

टिप्पणी र सुझाव

..................................................................................................................
..................................................................................................................
...................................................

२. **यस सहजकर्ता(हरू) लाई कसरी मापन गर्नुहुन्छ ? (विषयवस्तुमा सहजकर्ताको ज्ञान, सहजीकरणको क्षमता)**

क) उत्कृष्ट (१००%) ख) धेरै राम्रो (८०%) ग) राम्रो (६०%)
घ) ठिकै (४०%) ङ) नराम्रो (२०%)

टिप्पणी र सुझाव

..................................................................................................................
..................................................................................................................
...................................................

३. **वितरण गरिएका ह्याण्डआउट र सन्दर्भ सामग्रीहरूलाई कसरी मापन गर्नुहुन्छ ? (विषयवस्तु बुझ्नका लागि सहयोगी आदि)**

क) उत्कृष्ट (१००%) ख) धेरै राम्रो (८०%) ग) राम्रो (६०%)
घ) ठिकै (४०%) ङ) नराम्रो (२०%)

टिप्पणी र सुझाव

..................................................................................................................
..................................................................................................................
...................................................

**४. विषयवस्तुहरुलाई कसरी मापन गर्नुहुन्छ ? (सान्दर्भिकता र आफ्नो काममा उपयोगिता आदि)**

क) उत्कृष्ट (१००%)　　ख) धेरै राम्रो (८०%)　　ग) राम्रो (६०%)

घ) ठिकै (४०%)　　ङ) नराम्रो (२०%)

टिप्पणी र सुझाव

..............................................................................................

..............................................................................................

.....................................................

**५. सिकाइको लागि प्रयोग गरिएका विधिहरूलाई कसरी मापन गर्नुहुन्छ ? (विषयवस्तु बुझ्नका लागि सहयोगी आदि)**

क) उत्कृष्ट (१००%)　　ख) धेरै राम्रो (८०%)　　ग) राम्रो (६०%)

घ) ठिकै (४०%)　　ङ) नराम्रो (२०%)

टिप्पणी र सुझाव

..............................................................................................

..............................................................................................

.....................................................

**६. भविष्यमा गरिने प्रशिक्षणमा सुधार गर्नका लागि सल्लाह र सुझावहरू**

..............................................................................................

..............................................................................................

..............................................................................................

..............................................................................................

..............................................................................................

.............

सहयोगको लागि धन्यवाद !

## पूर्व/पश्चात् परीक्षण (तह २ मूल्याङ्कन)

सहभागीहरूको सिकाइ (तह २) को आँकलन गर्नका लागि पूर्व तथा पश्चात् परीक्षण गरिन्छ। खास गरी ज्ञान पक्षमा भएको सुधारको आँकलन गर्नका लागि यो परीक्षण गरिन्छ। पूर्व/पश्चात् परीक्षण प्रश्नावलीको तयारी विभिन्न तरिकाले गर्न सकिन्छ, तर "बहु विकल्प" प्रश्नबाट मूल्याङ्कन गर्दा अङ्कको आधारमा दाँज्न सजिलो हुन्छ।

### पूर्व/पश्चात् परीक्षण फाराम

प्रशिक्षणको नामः ............................................. मितिः ......................

सहभागीको नामः ....................................................................................

**तलका प्रश्नहरुमा कुनै एक ठिक उत्तरमा चिह्न लगाउनुहोस् ।**

**१. हालको परिवर्तित अवस्थामा विकासलाई बुझ्दा तलको कुन वाक्यलाई सही मान्न सकिन्छ ?**

- ☐ विकासलाई कुल राष्ट्रिय आम्दानीमा हुने वृद्धिले मात्र नाप्न सकिन्छ।
- ☐ विकास भनेकै बाटोघाटो बनी भौतिक पूर्वाधारहरू निर्माण हुनु मात्र हो
- ☐ देशको प्रति व्यक्ति आय बढेमा स्वतः त्यो देश विकसित भएको मानिन्छ।
- ☐ आर्थिक वृद्धिसँगै सकारात्मक सामाजिक परिवर्तन र मानवीय क्षमता वृद्धि भएमा मात्र दीगो विकास भएको मानिन्छ।

**२. स्थानीय आर्थिक विकास भनेको के हो ?**

- ☐ बाह्य सहयोगमा स्थानीय जनताको आर्थिक विकास गर्ने कार्यक्रम
- ☐ नयाँ प्रविधिको प्रयोग गर्दै बाह्य विज्ञहरूको सहभागीतामा स्थानीय व्यक्तिहरूको सहभागीतामा आर्थिक विकास गरिने प्रक्रिया
- ☐ स्थानीय तहले ठुला ठुला योजनाहरू बनाई उक्त योजना सञ्चालनका लागि बाह्य दातृ निकायको सहयोग र प्राविधिक प्रयोग गरी गरिने विकास
- ☐ स्थानीय समुदायको संलग्नतामा स्थानीय स्रोतको अधिकतम उपयोग गरी रोजगारीको सिर्जना गर्दै जीवनस्तरमा गुणात्मक सुधार ल्याउने रणनीति

**३. नेपालको पन्ध्रौं योजनाले निर्धारण गरेको दीर्घकालीन लक्ष्य के हो ?**

- ☐ आर्थिक विकास नेपालको आधार
- ☐ समृद्ध नेपाल सुखी नेपाली
- ☐ समृद्ध नेपाली सुखी नेपाल
- ☐ आर्थिक समृद्धि विकासको आधार

**४. नेपालको दीर्घकालीन सोँच अन्तर्गत समृद्धिका गन्तव्यहरूमध्ये तल उल्लेखित कुन कुन सही हुन् ?**

- ☐ उच्च र समतामूलक राष्ट्रिय आय
- ☐ मानव पुँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग
- ☐ माथिका दुवै सही हुन
- ☐ माथिका दुवै होइनन्

**५. नेपालको दीर्घकालीन सोँच अन्तर्गत सुरक्षित तथा सुविधासम्पन्न आवास र अत्यावश्यक वस्तु र सेवामा आत्मनिर्भरता के कुराका गन्तव्य जनाउने सूचक हुन ?**

- ☐ समृद्धिका गन्तव्य
- ☐ सम्पन्नताका गन्तव्य
- ☐ सुखका गन्तव्य
- ☐ आत्मा सम्मानका गन्तव्य

**६. सुखका गन्तव्यहरूमा तलका मध्ये के पर्दैन ?**

- ☐ उच्च र समतामूलक राष्ट्रिय आय
- ☐ परिस्कृत तथा मर्यादित जीवन
- ☐ सुरक्षित सभ्य र न्यायपूर्ण समाज
- ☐ स्वस्थ र सन्तुलित पर्यावरण

**७. गण्डकी प्रदेशले निर्धारण गरेको दीर्घकालीन सोँच के हो ?**

- ☐ समृद्ध प्रदेश र सुखी नेपाली
- ☐ सम्पन्न प्रदेश र सुखी जनता
- ☐ समृद्ध प्रदेश र सुखी नागरिक
- ☐ समृद्ध गण्डकी र सुखी नेपाली

**८. संविधानको अनुसूची ८ मा राखिएको स्थानीय तहको अधिकारको सूचीमा रहेको कति औँ अधिकारहरू प्रत्यक्ष रूपमा स्थानीय आर्थिक विकाससँग सम्बन्धित रहेका छन् ?**

- ☐ दोस्रो, पाँचौ, सातौं, अठारौं
- ☐ सातौं, दशौं, पन्ध्रौ, अठारौं
- ☐ पाँचौ, सातौं, दशौं, पन्ध्रौं
- ☐ तेस्रो, आठौं, दशौं, बिसौं

**९. पालिकास्तरमा आर्थिक क्रियाकलापको प्राथमिकीकरण गर्दा तलका कुन कुन पक्षहरूलाई आधार मानिनु पर्छ ?**

- ☐ आर्थिक, सामाजिक, कानुनी, भौतिक, समन्वय र प्राविधिक
- ☐ आर्थिक, मानवीय, भौतिक, प्राकृतिक, सम्पर्क बिस्तार र प्राविधिक
- ☐ राजनीतिक, आर्थिक, सामाजिक, भौतिक, वातावरणीय र कानुनी
- ☐ राजनीतिक, आर्थिक, सामाजिक, प्राविधिक, वातावरणीय र कानुनी

**१०. उद्यम/व्यवसाय भनेको के हो ?**

- ☐ नाफा आर्जन गर्न वा पैसा कमाउने उद्देश्लयले वस्तु वा सेवा उत्पादन गरी उपलब्ध गराउने क्रियाकलाप
- ☐ ग्राहकलाई सन्तुष्टि प्रदान गरी नाफा आर्जन गर्नका लागि गरिने सम्पूर्ण व्यापारिक तथा औद्योगिक क्रियाकलाप
- ☐ लगानी गरी बढी भन्दा बढी नाफा कमाउने क्रियाकलाप
- ☐ लगानी र प्रतिफल बीच सन्तुलित अवस्था ल्याउन गरिने क्रियाकलाप

**११. उद्यम/व्यवसायलाई वर्गीकरण गर्ने आधारहरू के के हुन् ?**

- ☐ सिप, बजार र उत्पादनको प्रकृतिका आधारहरू
- ☐ लगानी, बजार र ग्राहकको मागका आधारहरू
- ☐ लगानी, बजार र सामग्री उत्पादनको प्रकृतिका आधारहरू
- ☐ सिप, स्रोत र लगानी, उत्पादनको प्रकृति र स्वामित्वका आधारहरू

**१२. व्यावसायिक योजनामा समेट्नै पर्ने विषयहरू के के हुन् ?**

- ☐ बजार योजना, उत्पादन योजना र खर्च योजनां
- ☐ वित्तीय योजना, पुँजीको स्रोत र बिक्री मूल्य निर्धारण
- ☐ पहिलो वर्षको नाफा नोक्सान, पारविन्दु र लगानीको प्रतिफल
- ☐ माथिका सबै

**१३. स्थानीय आर्थिक विकासका क्रियाकलापहरू पहिचान गर्दा के के कुराहरूमा ध्यान दिनुपर्दछ ?**

- ☐ स्थानीय तहको दीर्घकालीन सोँच र आवधिक योजनाले औँल्याएको क्षेत्रहरू
- ☐ स्थानीय आर्थिक नीति र आर्थिक सम्भाव्यताका क्षेत्रहरू
- ☐ विद्यमान आर्थिक गतिविधिहरू मध्ये सफल क्रियाकलापहरू
- ☐ माथिका सबै

**१४. स्थानीय आर्थिक विकास योजना तर्जुमा गर्न आर्थिक क्रियाकलापबाट गरिने वस्तुको उत्पादन परिमाण र आम्दानीको लक्ष्य निर्धारण गर्दा के कुराको जानकारी अति आवश्यक पर्दछ ?**

- ☐ आफ्नो ठाँउको भौगोलिक अवस्था
- ☐ अहिलेको राजनीतिक अवस्था र उत्पादन गरिने वस्तुको महत्त्व
- ☐ वस्तु उत्पादनको हालको परिमाण र मूल्य
- ☐ वस्तु उत्पादनको भावी परिमाण र मूल्य

**१५. स्थानीय आर्थिक विकासको योजना निर्माण र कार्यान्वयन गर्ने जिम्मेवारीको सम्पूर्ण स्वामित्व कस्ले लिनुपर्दछ ?**

- ☐ दातृ वा सहयोगी निकाय
- ☐ स्थानीय तह
- ☐ स्थानीय सहकारीहरू
- ☐ निजी क्षेत्र

पूर्व तथा पश्चात् परीक्षण प्रश्नहरू तयार पार्नु सजिलो काम होइन । प्रशिक्षण योजना तर्जुमा गर्ने व्यक्तिले जहिले पनि तल दिइएको दुइओटा बुँदालाई पूर्व तथा पश्चात् परीक्षण प्रश्नहरू तयार पार्दा मध्य नजरमा राख्नु पर्दछः

१) प्रशिक्षणबाट कुन चाँहि "सिक्नै पर्ने" विषय हो र कुन चाहिँ "सिक्दा राम्रो" हुने विषय हो पहिचान गर्नुपर्दछ । त्यस पछि प्रशिक्षणमा समावेश गर्नुपर्ने अति सान्दर्भिक विषय मात्र छनौट गर्नुपर्दछ ।

२) पूर्व-पश्चात् परीक्षण प्रश्नहरू प्रशिक्षणमा भएका विभिन्न सत्रहरूसँग सन्तुलन मिलाउनुपर्दछ । निश्चित उद्देश्यहरूको सूचीको आधारमा परीक्षणका प्रश्नहरू सन्तुलन भएको छ भन्ने कुरा दाँज्न सकिन्छ ।

पूर्व-पश्चात् परीक्षणको प्रश्नहरू र प्रशिक्षणका सत्रहरू बीच सन्तुलन मिलाउनु प्रश्न तयारीको महत्त्वपूर्ण पक्ष हो । सत्र बीच प्रश्नहरूको सन्तुलन हुनु जरूरी छ । तलको तालिकाले पूर्व-पश्चात् परीक्षणको प्रश्नहरू तयारीमा सत्रहरू बीच सन्तुलन मिलाउन केही उपाय दिन्छ ।

**पूर्व/पश्चात् परीक्षण प्रश्नको तुलनात्मक तालिका**

| सत्र | विषय/शीर्षक | पूर्व तथा पश्चात् परीक्षण प्रश्न |
|---|---|---|
| १ | शुभारम्भ सत्र | |
| २ | विकासको परिवर्तित अवस्था, आर्थिक विकासको अवधारणा र महत्त्व | हालको परिवर्तित अवस्थामा विकासलाई बुझ्दा के के कुरा भएको हुनुपर्छ ?<br>स्थानीय आर्थिक विकास भनेको के हो ? |

| | | |
|---|---|---|
| ३ | नेपालको राष्ट्रिय लक्ष्य र गण्डकी प्रदेशको आर्थिक विकास ढाँचा | नेपालको पन्ध्रौं योजनाले निर्धारण गरेको दीर्घकालीन लक्ष्य के हो ?<br>समृद्धिका गन्तव्यहरू के के छन् ?<br>सुखका गन्तव्यहरू के के छन्<br>सुखका गन्तव्यहरूमा तलका मध्ये के पर्दैन ?<br>गण्डकी प्रदेशले निर्धारण गरेको दीर्घकालीन सोँच के हो ? |
| ४ | स्थानीय आर्थिक विकासका लागि स्थानीय सरकारका अधिकार र क्षेत्रहरू | संविधानको अनुसूची ८ मा राखिएको स्थानीय तहको अधिकारको सूचीमा रहेको कतिऔं अधिकारहरू प्रत्यक्ष रूपमा स्थानीय आर्थिक विकाससँग सम्बन्धित रहेका छन् ? |
| ५ | स्थानीय आर्थिक क्रियाकलापको पहिचान र प्राथमिकीकरण | पालिकास्तरमा आर्थिक आर्थिक क्रियाकलापको पहिचान र प्राथमिकीकरण गर्दा हेर्नुपर्ने पक्षहरू के के होलान् ? |
| ६ | उद्यमशीलता र व्यावसायिक योजनाको अवधारणा र खाका | उद्यम/व्यवसाय भनेको के हो ?<br>उद्यम/व्यवसायलाई वर्गीकरण गर्ने आधारहरू के के हुन् ?<br>व्यावसायिक योजनामा समेट्नै पर्ने विषयहरू के के हुन् ? |
| ७ | स्थानीय आर्थिक विकासका प्रमुख क्षेत्रहरू पहिचान | स्थानीय आर्थिक विकासका क्रियाकलापहरू पहिचान गर्दा के के पक्षमा लेखाजोखा गर्नुपर्दछ ? |
| ८ | स्थानीय आर्थिक विकास योजना | |
| ९ | योजनामा अभ्यास | स्थानीय आर्थिक विकासको योजना निर्माण र कार्यान्वयन गर्ने जिम्मेवारीको सम्पूर्ण स्वामित्व कसले लिनुपर्दछ ? |
| १० | आर्थिक विकासका लागि स्थानीय तहगत कार्ययोजना निर्माण र खुल्ला छलफल | स्थानीय आर्थिक विकास योजना तर्जुमा गर्न आर्थिक क्रियाकलापबाट गरिने वस्तुको उत्पादन परिमाण र आम्दानीको लक्ष्य निर्धारण गर्दा के कुराको जानकारी अति आवश्यक पर्दछ ? |
| ११ | प्रशिक्षण सङ्क्षेपीकरण, प्रशिक्षण पश्चात् परीक्षण, अन्तिम मूल्याङ्कन | |

### प्रशिक्षणपश्चात् गरिने फलो-अप/अनुगमनको योजना

प्रशिक्षणको अन्त्य तह २ को प्रभाकारिता मापन गरेपछि सकिन्छ । तर यो ठिक तरिका होइन । यदि कुनै पनि प्रशिक्षणको उद्देश्य व्यक्तिगत दक्षतामा परिवर्तन गर्ने र त्यसको प्रभावले संस्थाको प्रभाकारितामा सुधार ल्याउनु हो भने प्रशिक्षणपश्चात्को लेखाजोखा पनि आवश्यक हुन्छ । यसको अतिरिक्त यदि प्रशिक्षण संस्थाको प्रभाकारितामा परिवर्तनको लागि गरिएको हो भने प्रशिक्षण पश्चात्को योजना तर्जुमा गर्नु अपरिहार्य हुन्छ भन्ने पक्ष पनि मनन गर्नुपर्ने हुन्छ ।

सहभागीहरूले आशा गरिए जस्तै गरी प्रशिक्षणको सिकाइ व्यवहारमा लागु गर्दछन् भन्ने यकिन गर्नका लागि पनि प्रशिक्षण पश्चात्को फलोअप अपरिहार्य हुन्छ । प्रशिक्षण पश्चात्को सहयोग अन्तरगत फलोअप, स्थलगत प्राविधिक सहयोग/कोचिङ, कार्यस्थल मै प्रशिक्षण (On-the-Job) आदि हुन सक्छन् । सहभागीहरूले आफ्नो कार्यस्थलमा भोग्नुपरेका समस्याहरूमा फलोअप तथा अनुगमन भ्रमणहरूको माध्यमबाट सहयोग पुऱ्याउन सकिन्छ । तह ३ र तह ४ को कार्य सम्पादनको मापन फलोअप/अनुगमन भ्रमण, प्रशिक्षण पश्चात्को कार्यशाला, कार्यस्थलको सर्भेक्षण तथा अवलोकन जस्ता विधिहरू अपनाएर गर्न सकिन्छ । कुनै पनि प्रशिक्षणको कार्य सम्पादनको मापन तह ४ सम्म (संस्थाको कार्य सम्पादन/परिणाममा) गरिनै पर्दछ भन्ने कुरा मनन गर्नुपर्दछ र सो को मापन उपयुक्त विधि तथा तौरतरिकाबाट गरिनुपर्दछ । प्रशिक्षण योजना तयारी गर्ने समयमा नै तह ३ र तह ४ को कार्य सम्पादन मापन कसरी गरिन्छ भन्ने कुराको योजना पनि बनाउनुपर्दछ ।

फलोअप/अनुगमन कार्यलाई प्रभावकारी रूपमा सम्पन्न गर्नका लागि फलोअप/अनुगमन चेकलिस्ट तयार गर्नुपर्दछ । त्यो चेकलिस्टमा के हेर्ने/अनुगमन गर्ने/समीक्षा गर्दे/मूल्याङ्कन गर्ने/छलफल गर्ने/दाँज्ने जस्ता पक्षहरू समावेश गरिनुपर्दछ । फलोअप/अनुगमन गर्ने टोलीको लागि कार्यक्षेत्रको वास्तविकता मूल्याङ्कन गर्न र परिवेशअनुसारका उपायहरू लिनका लागि फलोअप/अनुगमन चेकलिस्टले सहयोग गर्दछ । तलको तालिकामा स्थानीय आर्थिक विकास सम्बन्धी प्रशिक्षणको फलोअप/अनुगमन गर्ने चेकलिस्टको नमूना दिइएको छ ।

# स्थानीय आर्थिक विकास प्रशिक्षण

## फलोअप/अनुगमन चेकलिस्ट

### १. सामान्य विवरण

| | |
|---|---|
| नगरपालिका/गाउँपालिकाको नामः | जिल्ला : |
| प्रदेश : | अनुगमन मितिः |
| अन्तर्वार्ता/छलफल गरिएको व्यक्ति (हरू) : | |
| | |
| | |

### २. अनुगमनका सूचकहरू

| स्थानीय आर्थिक विकास कार्यान्वयनको चरण | | क्रियाकलाप | जाँच्ने आधार | प्रगति |
|---|---|---|---|---|
| चरण १ | स्थानीय आर्थिक विकास कार्यान्वयनका लागि कार्यपालिकाको निर्णय | १.१ स्थानीय आर्थिक विकासको योजना र कार्यान्वयनका लागि कार्यपालिकाको निर्णय | १.१.१ कार्यपालिका बैठकको निर्णय पुस्तिका | क |
| चरण २ | प्रशिक्षणका अवधिमा तयार भएका वडागत स्थानीय आर्थिक विकास योजनालाई सङ्कलन गर्ने, कम्प्युटर प्रविष्ट गरी दोस्रो मस्यौदा तयारीका लागि सम्बन्धित वडामा पठाउने कार्य | २.१ स्थानीय आर्थिक विकासको योजनाको मस्यौदामा थप छलफल गरी आवश्यक परिमार्जन गर्नका लागि हरेक वडामा पठाउने कार्य | २.१.१ वडागत आर्थिक विकास योजनाको मस्यौदा वडामा पठाएको पत्रको OC<br>२.१.२ प्रशिक्षणका अवधिमा तयार भएका वडागत स्थानीय आर्थिक विकास योजनालाई सङ्कलन गर्ने, कम्प्युटर प्रविष्ट गरेको विद्युतीय प्रति | क |
| चरण ३ | वडागत तथा पालिका तहको वर्तमान आर्थिक अवस्थाको विश्लेषण | ३.१ वडा तहमा आर्थिक अवस्था विश्लेषण क्रियाकलाप | ३.१.१ वडाको वर्तमान आर्थिक अवस्थाको लेखाजोखा गरिएको प्रतिवेदन<br>३.१.२ विश्लेषणबाट निष्कर्ष निकालिएको दस्तावेज | क |
| चरण ४ | प्रशिक्षणका दौरान तयार गरिएका वडागत स्थानीय आर्थिक विकास योजनामा आधारभूत तथ्याङ्क समावेश गरी दोस्रो मस्यौदा तयारी | ४.१ वडा समिति तहमा वडा अध्यक्ष तथा सचिव र कर्मचारीहरूबाट वडागत स्थानीय आर्थिक विकास योजनामा आधारभूत तथ्याङ्क समावेश गरी दोस्रो मस्यौदा तयार गर्ने | ४.१.१ परिमार्जनसहित पहिचान गरिएका सम्भावित आर्थिक क्रियाकलापहरूको सूची र वडागत स्थानीय आर्थिक विकास योजनाको प्रति | क |

| स्थानीय आर्थिक विकास कार्यान्वयनको चरण | | क्रियाकलाप | जाँच्ने आधार | प्रगति |
|---|---|---|---|---|
| चरण ५ | आधारभूत तथ्याङ्क सहित तयार भएको वडागत स्थानीय आर्थिक विकास योजनाको दोस्रो मस्यौदालाई वडा समितिबाट पारित | ५.१ वडागत स्थानीय आर्थिक विकास योजनाको दोस्रो मस्यौदा वडा समितिबाट पारित गर्ने | ५.१.१ वडा समितिको निर्णय पुस्तिका र आधारभूत तथ्याङ्कसहित तयार भएको वडागत स्थानीय आर्थिक विकास योजनाको दोस्रो मस्यौदा | क |
| चरण ६ | पालिका स्तरीय एकीकृत स्थानीय आर्थिक विकास योजना मस्यौदा तयारी | ६.१ वडागत रूपका बनाइ पेस भएका आर्थिक विकासका योजना सङ्कलन गर्ने र पालिका स्तरीय एकीकृत स्थानीय आर्थिक विकास योजना मस्यौदा तयारी गर्ने | ६.१.१ पालिका स्तरीय एकीकृत स्थानीय आर्थिक विकास योजना मस्यौदा प्रति | क |
| चरण ७ | स्थानीय सरकारको आवधिक र वार्षिक योजना तथा बजेटमा स्थानीय आर्थिक विकास विकास समावेश | ७.१ पालिका स्तरीय एकीकृत स्थानीय आर्थिक विकास योजनालाई गाउँ/नगर कार्यपालिकामा छलफल र कार्यपालिकाबाट अनुमोदन<br>७.२. कार्यपालिकावाट अनुमोदित एकीकृत स्थानीय आर्थिक विकास योजनालाई पालिकाको आवधिक विकास योजनामा समावेश गर्ने<br>७.३. एकीकृत स्थानीय आर्थिक विकास योजनालाई पालिकाको वार्षिक विकास कार्यक्रममा समावेश गर्ने | ७.१.१ स्थानीय सरकारको आवधिक र वार्षिक योजना दस्तावेज<br>७.२.१. कार्यपालिका बैठकको निर्णय पुस्तिका | ख |
| अङ्कः क=सम्पन्न, ख=करिब सम्पन्न, ग=गाह्रो गरी, घ=गरेको छैन, क/प्र=कार्य प्रगतिमा, छैन=जानकारी उपलब्ध छैन | | | | |

**टिप्पणी तथा सुझाव**

वार्षिक योजनामा स्थानीय आर्थिक विकास सम्बन्धी नै भनी क्रियाकलाप र बजेट किटान हुन नसकेकोले लाभग्राहीसँग सम्झौता भई काम अगाडि बढ्न नसकेको। आर्थिक विकाससँग सम्बन्धी कार्यक्रमहरू योजना र बजेटमा परेको र यसलाई स्थानीय आर्थिक विकास योजनाअनुसार अगाडि बढाउन तत्पर रहेको। यसका लागि जनप्रतिनिधि, कर्मचारी र सरोकारवालाहरू बीच छलफल हुनुपर्ने र यस कार्यलाई अगाडि बढाउन स्थानीय तहमा गठन भएको आर्थिक विकास समितिको क्रियाशीलता बढाउनु पर्ने।

**नोटः वार्षिक समीक्षामा लेखाजोखा गर्नका लागि बुँदाहरूः**

१. स्थानीय आर्थिक विकाससम्बन्धी अनुगमनका सूचकहरू/अनुगमन चेकलिस्ट

२. आर्थिक विकास समितिको कार्य प्रगति प्रतिवेदन

३. स्थानीय तहमा कार्यरत आर्थिक गतिविधिमा संलग्न सरोकारवालाहरूबाट प्राप्त गुनासाहरू

४. गत आर्थिक वर्षको उद्यम/व्यवसायीको तथ्याङ्क

५. चालु आर्थिक वर्षको उद्यम/व्यवसायीको तथ्याङ्क

६. पालिकामा स्थानीय आर्थिक विकास योजना कार्यान्वयन भन्दा पहिले र पछिको स्थानीयको आर्थिक अवस्था (रकम)

७. पालिकाबाट स्थानीय उत्पादन बाहिर बिक्रीको लागि गएको तथ्याङ्क

८. वार्षिक समीक्षा बैठकमा छलफलका केही बुँदाहरूः

- स्थानीय आर्थिक विकास योजना कार्यान्वयन प्रक्रिया
- कार्यान्वयनमा भएका समस्याहरू
- समस्या समाधान गर्न लिइएका उपायहरू
- आगामी आर्थिक वर्षमा सुधार गर्नुपर्ने पक्षहरू
- सिकाइ

## कर्कप्याट्रिकको ४ तहको ढाँचामा आधारित भएर प्रशिक्षण योजना तयारीको नमूना

(तलको तालिकामा कर्कप्याट्रिकको ४ तहको ढाँचालाई प्रशिक्षणका विभिन्न मोड्युलहरूमा कसरी प्रयोग गर्न सकिन्छ भनेर देखाइएको छ ।)

### स्थानीय आर्थिक विकास प्रशिक्षण योजनामा तह १ देखि ४ सम्मको लक्ष्य निर्धारण

| तह | लक्ष्य | सूचक | मापन गर्ने उपाय |
|---|---|---|---|
| तह ४ आर्थिक वर्षको अन्त्यमा | पालिका स्तरमा उत्पादन वृद्धि भएको हुनेछ । | ▪ दूधजन्य उत्पादनमा भएको वृद्धि % <br>▪ मासुजन्य उत्पादनमा भएको वृद्धि % <br>▪ तरकारीजन्य उत्पादनमा वृद्धि % <br>▪ उद्यम व्यवसायबाट भएको कुल आम्दानीको वृद्धि % <br>▪ कुल घरधुरीमा उद्यमी व्यवसायी घरधुरीको % <br>▪ रोजगारीको प्रतिशतमा वृद्धि % | ▪ कृषि विकास शाखाको वार्षिक प्रतिवेदन <br>▪ पशु विकास शाखाको वार्षिक प्रगति प्रतिवेदन <br>▪ जनप्रतिनिधि र कर्मचारीसँगको अन्तरवार्ता |
| तह ३ आर्थिक वर्षको सुरूमा | स्थानीय आर्थिक विकास कार्यक्रम लागु भएको हुनेछ । | ▪ स्थानीय आर्थिक विकास कार्यविधि तयारी <br>▪ आर्थिक विकास योजना लागु गर्ने निर्णय <br>▪ वर्तमान आर्थिक अवस्था विश्लेषणको तथ्याङ्क र प्रतिवेदन <br>▪ स्थानीय आर्थिक विकास कार्यान्वयन योजना तर्जुमा <br>▪ स्थानीय आर्थिक विकास सञ्चालन र अनुगमनका लागि समिति गठन | ▪ सभाको निर्णय प्रति <br>▪ कार्य योजनाको दस्तावेज <br>▪ समिति सदस्यको नामावली <br>▪ कार्यपालिकाको निर्णय प्रति <br>▪ आर्थिक अवस्था विश्लेषण प्रतिवेदन <br>▪ पालिकाको नीति तथा कार्यक्रमको दस्तावेज <br>▪ वार्षिक बजेट दस्तावेज र स्थानीय आर्थिक विकासका लागि विनियोजित र खर्च भएको बजेट हिस्सा <br>▪ आर्थिक गतिविधिसँग सम्बन्धित दैनिक, मासिक तथा वार्षिक सङ्कलन रेकर्ड |

| | | | |
|---|---|---|---|
| तह २ प्रशिक्षणका अन्त्यमा | स्थानीय आर्थिक विकास सम्बन्धी ज्ञान तथा योजना तर्जुमा सिपमा सहभागीहरूको क्षमता अभिवृद्धि भएको हुनेछ । | ▪ प्रशिक्षण पश्चात् परीक्षणमा औषत नतिजा कम्तीमा पनि ७५% सही उत्तर आएको ।<br>▪ प्रशिक्षण पूर्व परीक्षणको औसत नतिजामा पश्चात् परीक्षणको औसत नतिजामा कम्तीमा २०% ले वृद्धि भएको ।<br>▪ समूह कार्यको अवलोकन र दस्तावेजहरूको मूल्याङ्कन | ▪ पूर्व-पश्चात् परीक्षण नतिजा<br>▪ सहभागीले तयार गरेका निम्न लिखित दस्तावेजः<br>- स्थानीय आर्थिक क्रियाकलापहरूको सूची<br>- स्थानीय आर्थिक विकास क्रियाकलापहरूका लागि प्राथमिकीकरण गरिएका फाराम<br>- स्थानीय आर्थिक विकासमा सरोकारवालाहरूको विश्लेषण गरिएको फाराम<br>- स्थानीय आर्थिक विकास योजनाको मस्यौदा<br>- पालिकाका स्तरीय स्थानीय आर्थिक विकास योजना तर्जुमा र कार्यान्वयनको कार्ययोजना |
| तह १ प्रशिक्षणको अन्त्यमा | प्रशिक्षण कार्यक्रमबाट सहभागीहरू सन्तुष्ट हुने छन् । | ▪ प्रशिक्षणको कार्यक्रमको अन्त्यमा ८०% सहभागीहरू सन्तुष्ट हुने छन् । | ▪ प्रशिक्षणको कार्यक्रमको अन्तिम मूल्याङ्कन नतिजा<br>▪ दैनिक पृष्ठपोषण |
| लक्षित समूह | पालिकाका पदाधिकारीहरू, प्रमुख प्रशासकीय अधिकृत, वडा सचिव तथा अन्य कर्मचारीहरू | | |

माथिको तालिकामा स्थानीय आर्थिक विकास विषयका प्रशिक्षणमा आशा गरिएका विभिन्न तहका लक्ष्यहरू कसरी निर्धारण गरिन्छ र ती लक्ष्यहरू पूरा भए नभएको कसरी लेखाजोखा गरिन्छ भन्ने पक्ष देखाइएको छ। यसै गरी विभिन्न तहका नतिजाहरूको मूल्याङ्कन गर्ने रणनीति/तरिकाहरू पहिचान गर्नु पनि प्रशिक्षण योजनाको कार्य भित्र पर्दछ ।

# भाग-७

# अनुसूचीहरू

# अनुसूची १
## सत्र योजना अनुसारका सामग्रीहरूको सूची

**यस प्रशिक्षण सञ्चालन गर्नका लागि आवश्यक प्रशिक्षण सामग्री, उपकरण तथा सत्र योजनाअनुसारका फारामहरू यस भागमा समावेश गरिएका छन् ।**

| सामग्री नं | विवरण |
|---|---|
| १ | ब्यानर र ब्यानर छोप्ने कपडा |
| २ | नोटबुक, कलम र<br>नाम, ठेगाना, पेसा, संस्थाको नाम, पद, कार्य अनुभव लेखी तयार पारिएको न्युजप्रिन्ट |
| ३ | प्रशिक्षणमा प्रयोग हुने शब्दावलीहरूको लिस्ट |
| ४ | समय तालिकाको खाका लेखिएको न्युजप्रिन्ट |
| ५ | जिम्मेवारी बाँडफाँटको खाका लेखिएको न्युजप्रिन्ट |
| ६ | चार तहका उद्देश्य लेखिएको न्युजप्रिन्ट |
| ७ | प्रशिक्षण पूर्व/पश्चात् परीक्षण फाराम (सहभागी सङ्ख्याअनुसार) |
| ८ | आदर्श वाक्य लेखिएको न्युजप्रिन्ट |
| ९ | समृद्ध नेपाल सुखी नेपाली र<br>समृद्ध प्रदेश र सुखी नागरिक लेखिएको न्युजप्रिन्ट |
| १० | बजेट उही कथा दुई नामक श्रव्य-दृश्य सामग्री |

# अनुसूची २

## प्रशिक्षण सञ्चालनको क्रममा प्रस्तुत गरिने पावरप्वाइन्ट स्लाइडहरूको सूची

| पावरप्वाइन्ट स्लाइड | विषय शीर्षक |
|---|---|
| सत्र-१ | प्रशिक्षणको उद्देश्यहरू |
| सत्र-२ | विकासको अवधारणा विकासक्रम |
| सत्र-३ | सङ्घ र प्रदेशको दीर्घकालीन सोँच, लक्ष्य र उद्देश्यहरू |
| सत्र-४ | स्थानीय आर्थिक विकासको अवधारणा |
| सत्र-५(क) | उद्यम र उद्यमशीलता |
| सत्र-५(ख) | व्यावसायिक योजना |
| सत्र-६ | स्थानीय आर्थिक विकास योजनाको अवधारणा, महत्त्व र चरणहरू, स्थानीय आर्थिक विकासका लागि वर्तमान अवस्था विश्लेषण र प्रमुख क्षेत्रहरू पहिचान |
| सत्र-७(क) | सरोकारवालहरूको पहिचान तथा विश्लेषण |
| सत्र-७(ख) | स्थानीय आर्थिक विकासका लागि आर्थिक क्रियाकलापहरूको प्राथमिकीकरण |
| सत्र-८ | स्थानीय आर्थिक विकास योजना तर्जुमा |
| सत्र-९ र १० | वडास्तरीय स्थानीय आर्थिक विकास योजना तर्जुमा |
| सत्र-११ | पालिकास्तरीय स्थानीय आर्थिक विकास योजना तर्जुमा |
| सत्र-१२(क) | स्थानीय आर्थिक विकास योजना कार्यान्वयन कार्ययोजना निर्माण |
| सत्र-१२(ख) | प्रशिक्षणको सङ्क्षेपीकरण, प्रशिक्षण मूल्याङ्कन तथा समापन |

# अनुसूची ३
## व्यावसायिक योजनाको नमूना

१. परिचय

नाम:

उद्यमी/व्यवसायीको ठेगाना :

२. उद्यम/व्यवसायको नाम :

३. उत्पादन गर्ने वस्तुको विवरण :

४. व्यवसाय स्थापना हुने ठाउँ :

५. उत्पादित वस्तुको बजार क्षेत्र :

६. वातावारण विश्लेषण :

६.१. प्रतिस्पर्धीहरू (समान प्रकृतिका व्यवसायिहरू) (तालिका नं. १)

| क्र.सं. | व्यवसायिहरूको नाम | दिने सेवा एवम् प्राविधिक तथा आर्थिक क्षेत्र |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |

६.२. सहयोगीहरू (स्थानीय तथा जिल्ला स्तरका सहयोगीहरु) (तालिका नं. २)

| क्र.सं. | सहयोगीको नाम | दिने सेवा एवम् प्राविधिक तथा आर्थिक क्षेत्रमा समन्वय गर्न सकिने विषयहरू |
|---|---|---|
| | | |
| | | |
| | | |

### ६.३ बाह्य वातावरण

**कानुनी एवम् नीतिगत व्यवस्था, विकासका पूर्वाधार, भौगोलिक अवस्था राजनीतिक अवस्था (अवकास विश्लेषणबाट आएका कुराहरु यहाँ राख्ने)**

**अवकास विश्लेषण (तालिका नं. ३)**

| सबल पक्ष | कमजोर पक्ष |
|---|---|
| **अवसर** | **बाधा तथा चुनौति** |

### ६.४ व्यवसायसँग जोडिएका जोखिम, जोखिमका कारण र न्यूनीकरणका उपायहरू:

**(अवस्था विश्लेषणको क्रममा देखिएका जोखिम तथा चुनौतिहरू यहाँ राख्ने) (तालिका नं. ४)**

| व्यवसायसँग जोडिएका जोखिम | जोखिमका कारण | न्यूनीकरणका उपायहरू |
|---|---|---|
| | | |
| | | |
| | | |

### ७. उत्पादन लक्ष्य: (तालिका नं. ५)

| क्रस | विवरण | इकाइ | दैनिक | मासिक | वार्षिक<br>पहिलो वर्ष |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| | जम्मा | | | | |

### ८. आवश्यक स्थिर सम्पत्ति (भवन, निर्माण, मेसिन उपकरण, जग्गा आदि) (तालिका नं. ६)

| क्र.सं. | स्थिर सम्पत्ति विवरण | परिमाण | मूल्य दर रु. | जम्मा मूल्य | आयु | ह्रास कट्टी (जम्मा मूल्य/आयु) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| जम्मा खर्च रू | | | | | | | |

नोटः ह्रास कट्टी भनेको खिइएर, भत्किएर गएबापतको मूल्य हो । जुन सामन्यतया वर्षको २० प्रतिशतको हिसाबमा कट्टी गरिन्छ । तर पक्की घर वा भवनको भने वर्षको २ प्रतिशतले मात्र कट्टी गरिन्छ ।

### ९. आवश्यक कच्चा पदार्थ (उत्पादन गर्न चाहिने बिउ, मल, चल्ला, दाना आदि) (तालिका नं. ७)

| क्र.सं. | विवरण | एकाई | परिमाण | दर | जम्मा रु |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| जम्मा खर्च रू | | | | | |

### १०. आवश्यक कामदार खर्चः (तालिका नं. ८)

| क्र.स | विवरण | परिमाण | दर | जम्मा कामदार खर्च | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| जम्मा खर्च रू | | | | | |

नोटः यसमा कामदार खर्च लेख्दा घरपरिवारका सदस्य तथा उद्यमी आफूले लगाउने समयको पनि हिसाब गर्नुपर्दछ ।

## ११. अन्य खर्च (तालिका नं. ९)

| क्रसं | विवरण | एकाई | परिमाण | दर | जम्मा रु |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| जम्मा खर्च रू | | | | | |

## १२. कुल पुँजी लगानी (तालिका नं. १०)

| लगानीको विवरण | लगानी रकम रु |
|---|---|
| आवश्यक स्थिर सम्पत्ति (तालिका नं.६) | |
| आवश्यक कच्चा पदार्थ (तालिका नं.७) | |
| आवश्यक कामदार खर्च (तालिका नं.८) | |
| अन्य खर्च (तालिका नं.९) | |
| जम्मा लगानी | |

## १३. लगानीको स्रोत: (तालिका नं. ११)

| लगानीका स्रोतको विवरण | रकम रु |
|---|---|
| आफ्नो लगानी रकम | |
| सङ्घ सस्थाबाट अनुदान | |
| ऋण (........प्रतिशत वार्षिक ब्याज दरमा) | |
| जम्मा | |

### १४. कुल खर्च वार्षिकः (तालिका नं. १२)

| वार्षिक खर्चको विवरण | खर्च रकम रु |
|---|---|
| ह्रास खर्च वार्षिक (तालिका नं.६) | |
| आवश्यक कच्चा पदार्थ खर्च वार्षिक (तालिका नं.९) | |
| आवश्यक कामदार खर्च वार्षिक (तालिका नं.८) | |
| अन्य खर्च वार्षिक (तालिका नं.९) | |
| ऋणको वार्षिक ब्याज खर्च (तालिका नं.११) | |
| जम्मा वार्षिक खर्च | |

### १५. लागत मूल्य र बिक्री मूल्य निर्धारण (तालिका नं. १३)

| लागत मूल्य र बिक्री मूल्य निर्धारण गर्ने तरिका | प्रति इकाइ मूल्य रु |
|---|---|
| उत्पादित वस्तुको लागत मूल्य :<br>जम्मा वार्षिक खर्च/उत्पादित वस्तु सङ्ख्या (१४/७) | |
| उत्पादित वस्तुको बिक्री मूल्यः बजार मूल्य वा स्थानीय परिवेशको आधारमा तोक्ने | |

### १६. बिक्रीबाट आम्दानीः (तालिका नं. १४)

| क्र स. | वार्षिक बिक्रीको विवरण | इकाइ | दर | आम्दनी रकम रु | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| जम्मा वार्षिक आम्दनी रू........................ | | | | | |

**१७. नाफा नोक्सानः (तालिका नं. १५)**

| जम्मा वार्षिक आम्दानी रु (तालिका नं.१६) | जम्मा वार्षिक खर्च रु (तालिका नं.१४) | वार्षिक नाफा/नोक्सान रु |
|---|---|---|
| | | |

त्यसैले एक वर्षको नाफा रुः

१८. लगानीमा प्रतिफल
लगानीमा प्रतिफल

कुल नाफा X १००
कुल पुँजी लगानी

लगानीमा प्रतिफल = %

**निष्कर्ष :**

उक्त व्यावसायिक योजनाको आधारमा व्यवसायबाट नाफा कमाउन सकिने भएको हुँदा व्यवसाय सञ्चालन निरन्तर रूपमा मिहिनेत गरेमा आय आर्जनमा वृद्धि भई दीगो रूपमा जीविकोपार्जनमा सुधार हुने छ।

# अनुसूची ४

## स्थानीय आर्थिक विकास योजनाको खाका

.......................................... पालिका

.................................

## त्रिवर्षीय स्थानीय आर्थिक विकास योजना

### १. पृष्ठभूमि

### २. स्थानीय आर्थिक विकासका लागि भएका प्रयासहरू र प्राप्त सिकाइहरू

२.१ अवस्था विश्लेषण (राजनीतिक, आर्थिक, सामाजिक, प्राविधिक, वातावरणीय र नीतिगत अवस्थाहरू)

२.२ विगतका वर्षहरूमा सञ्चालन गरिएका स्थानीय आर्थिक विकास सम्बन्धी कार्यक्रमहरू

२.३ आर्थिक विकासका लागि तयार गरिएको पालिका स्तरीय नीति र संरचना

२.४ विनियोजन गरिएका वार्षिक बजेटहरूको विश्लेषण

२.५ प्राप्त उपलब्धीहरू (लाभान्वित सङ्ख्या, सेवा प्रदान गरिएको सङ्ख्या, पूर्वाधार निर्माण, दक्ष जनशक्ति, बिक्री वितरण, आर्जित रकम, सम्पर्क र समन्वय गरिएका निकायहरू

२.६ अवलम्बन गरिएका अनुगमन र मूल्याङ्कनपद्धति

२.७ अनुगमन, मूल्याङ्कन र समग्र अवस्थाबाट प्राप्त सिकाइहरू (सुधार गर्नुपर्ने विषयहरू)

### ३. स्थानीय आर्थिक विकासको दुरगामी सोँच

- परिकल्पना (Vision)
- मूल्य मान्यता (Values)
- त्रिवर्षीय लक्ष्य

| क्र.सं. | आर्थिक क्रियाकलापको नाम | लगानी परिमाणको लक्ष्य | अपेक्षित उत्पादन लक्ष्य |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ४ | | | |

४. **स्थानीय आर्थिक विकासका लागि अवलम्बन गरिने मुख्य रणनीति**

क.

ख.

ग.

घ.

ङ.

५. **स्थानीय आर्थिक विकास समन्वय समिति गठन र परिचालन**

६. **स्थानीय आर्थिक विकासका प्राथमिकताका क्षेत्र र कार्यक्रमहरू (वडागत उत्पादन, सेवा र अन्य आर्थिक विकासका क्षेत्रहरू)**

| वडा नं. | प्राथमिकता प्राप्त वस्तु | प्राथमिकता *P1, P2 P3* |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

७. **सहयोगी निकायहरु (सङ्घीय तह, प्रादेशिक तह र जिल्ला लगायत स्थानीय तहमा रहेका)**

८. **स्थानीय तहको आर्थिक विकासका लागि सूचकमा आधारित लगानी र उत्पादन परिमाण योजना**

| क्र.सं. | आर्थिक क्रियाकलापको नाम (नमूनाको लागि) | हालको उत्पादन परिमाण (वार्षिक) | अपेक्षित उत्पादन परिमाण (वार्षिक) | | | लगानी परिमाण वा लागत (वार्षिक) | | | अपेक्षित उत्पादन लक्ष्य (तीनवर्ष पछिको वार्षिक उत्पादन) | अपेक्षित आम्दानी लक्ष्य (तीनवर्ष पछिको वार्षिक आम्दानी) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | | |
| १ | हरियो तरकारी खेती | | | | | | | | | |
| २ | आलु | | | | | | | | | |
| ३ | अदुवा | | | | | | | | | |
| ४ | सुन्तला | | | | | | | | | |
| ५ | केरा | | | | | | | | | |
| ६ | तेलहन | | | | | | | | | |
| ७ | पशुपालन/दूध | | | | | | | | | |
| ८ | पशुपालन/मासु | | | | | | | | | |
| ९ | बाख्रा | | | | | | | | | |
| १० | अन्य | | | | | | | | | |

## ९. स्थानीय आर्थिक विकास योजनाको लगानी विवरण

| क्र.सं. | आर्थिक क्रियाकलापको नाम (नमूनाको लागि) | लगानीको स्रोत | | | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | स्थानीय तह | निजी क्षेत्र | सहकारी | स्थानीय उद्यमी | | |
| १ | हरियो तरकारी खेती | | | | | | |
| २ | आलु | | | | | | |
| ३ | अदुवा | | | | | | |
| ४ | सुन्तला | | | | | | |
| ५ | केरा | | | | | | |
| ६ | तेलहन | | | | | | |
| ७ | पशुपालन/दूध | | | | | | |
| ८ | पशुपालन/मासु | | | | | | |
| ९ | बाख्रा | | | | | | |
| १० | अन्य | | | | | | |

## १०. स्थानीय आर्थिक विकास योजना कार्यान्वयन कार्ययोजना

| क्र.सं. | आर्थिक क्रियाकलापको नाम (नमूनाको लागि) | परियोजना स्थल | समयावधि | जिम्मेवार निकाय | सरोकार वालाहरु | अनुमानित बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | हरियो तरकारी खेती | | | | | | |
| २ | आलु | | | | | | |
| ३ | अदुवा | | | | | | |
| ४ | सुन्तला | | | | | | |
| ५ | केरा | | | | | | |
| ६ | तेलहन | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | पशुपालन/दूध | | | | | | |
| ८ | पशुपालन/मासु | | | | | | |
| ९ | बाख्रा | | | | | | |
| १० | अन्य | | | | | | |

## ११. स्थानीय आर्थिक विकास कार्यान्वयनको अनुगमन, मूल्याङ्कन र समीक्षा गरिने प्रक्रिया

| कार्यक्रम | अनुगमनका लागि मापनको सूचक | समयावधि | अनुगमनको विधि र तरिका | अनुगमन कर्ता |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

# अनुसूची ५

## कार्ययोजनाका लागि प्रस्ताव गर्न सकिने कार्यहरू (नमूना)

| क्र.सं. | क्रियाकलाप | समयावधी | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|
| क. | स्थानीय आर्थिक विकास योजना तर्जुमा कार्यान्वयन कार्ययोजना पालिकाबाट अनुमोदन | | | |
| ख. १ | प्रशिक्षणको क्रममा तयार भएका वडागत स्थानीय आर्थिक विकास योजनालाई सङ्कलन गर्ने, कम्प्युटर प्रविष्ट गरी दोस्रो मस्यौदा तयारीका लागि सम्बन्धित वडामा पठाउने | | | |
| २ | प्रशिक्षणको क्रममा छनौट गरिएका वडागत आर्थिक क्रियाकलापहरूको लागि आधारभूत तथ्याङ्क सङ्कलन गर्ने | | | |
| ३ | प्रशिक्षणको क्रममा तयार गरिएका वडागत स्थानीय आर्थिक विकास योजनामा आधारभूत तथ्याङ्क समावेश गरी दोस्रो मस्यौदा तयार गर्ने | | | |
| ४ | आधारभूत तथ्याङ्कसहित  तयार भएको वडागत स्थानीय आर्थिक विकास योजनाको दोस्रो मस्यौदालाई वडा समितिमा छलफल गर्ने | | | |
| ५ | वडा समितिले पारित गरेको वडागत स्थानीय आर्थिक विकास योजनाको दोस्रो मस्यौदालाई कार्यपालिकामा पेस गर्ने | | | |
| ६ | वडागत रूपका बनाई पेस भएका आर्थिक विकासका योजना सङ्कलन गर्ने र गाउँपालिका स्तरीय एकीकृत स्थानीय आर्थिक विकास योजना मस्यौदा तयारी गर्ने | | | |
| ७ | पालिका स्तरीय एकीकृत स्थानीय आर्थिक विकास योजना लाई कार्यपालिकामा छलफल र कार्यपालिकाबाट अनुमोदन | | | |
| ८ | कार्यपालिकाबाट अनुमोदित एकीकृत स्थानीय आर्थिक विकास योजनालाई पालिकाको आवधिक विकास योजनामा समावेश गर्ने | | | |
| ९ | एकीकृत स्थानीय आर्थिक विकास योजनालाई पालिकाको वार्षिक विकास कार्यक्रममा समावेश गर्ने | | | |
| १० | एकीकृत स्थानीय आर्थिक विकास योजनाको कार्यान्वयन गर्ने | | | |

नोट : प्रशिक्षणको अन्तिम दिन सहभागीहरूले प्रशिक्षण पछि आफ्नो पालिकामा गएर कार्यान्वयन गर्न तयार गर्नुपर्ने

# अनुसूची ६

## आवश्यक प्रशिक्षण सामग्रीहरू (सहभागी सङ्ख्या ३०)

| क्र.सं. | आवश्यक सामग्री | सङ्ख्या |
|---|---|---|
| १ | मास्किन टेप | ३ रोल |
| २ | टेप होल्डर | १ |
| ३ | मार्कर | |
| ३.१ | बोर्ड मार्कर (कालो-८, हरियो-४, रातो-२, निलो-६) | २० ओटा |
| ३.२ | पेपर मार्कर (कालो-१०, हरियो-२, रातो-२, निलो-८) | २२ ओटा |
| ४ | ब्राउन पेपर (ठुलो आकारको) | २० |
| ५ | न्युजप्रिन्ट पेपर | १०० |
| ६ | फोटोकपी पेपर | २०० |
| ७ | मेटाकार्ड (८"X५") (रातो, सेतो, पहेलो, निलो) | प्रत्येक रङको ५० ओटा |
| ८ | करेक्सन पेन (टिपेक्स) | १ ओटा |
| ९ | ग्लु स्टिक (ठुलो) | २ ओटा |
| १० | स्टेप्लर मेसिन | २ ओटा |
| ११ | स्टेप्लर पिन | २ प्याकेट |
| १२ | रूलर (२ फीटको) | २ |
| १३ | कैंची | १ ओटा |
| १४ | पेपर कटर | १ ओटा |
| १५ | पन्चिङ मेसिन | १ ओटा |
| १६ | पेपर क्लिप (ठुलो र सानो) | १ - १ ओटा |
| १७ | ग्लु ट्याग | १ ओटा |
| | सहभागीहरूको लागि स्टेसनरी | |
| १ | कलम | ३० ओटा |
| २ | नोटबुक | ३० ओटा |
| ३ | फाइल वा माइ क्लियर ब्याग | ३० ओटा |

| | | |
|---|---|---|
| ४ | रङ्गीन पेनहरू (कालो, रातो, हरियो, निलो) | ४० ओटा |
| | स्रोतव्यक्तिको लागि स्टेसनरी | |
| १ | कलम | २ ओटा |
| २ | नोटबुक | २ ओटा |
| ३ | पेपर मार्कर (चेप्टो र ठुलो) | ३ ओटा |
| | अन्य सामग्रीहरू | |
| १ | मल्टिमिडिया | १ ओटा |
| २ | क्यामेरा | १ ओटा |
| ३ | ल्यापटप | १ ओटा |
| ४ | प्राथमिक उपचारका सामग्रीहरू (First Aid Materials) | १ सेट |
| ५ | स्यानिटाइजर | आवश्यकता अनुसार |
| ६ | मास्क | आवश्यकता अनुसार |

# सन्दर्भ सामग्रीहरू

*पन्ध्रौं योजना (आर्थिक वर्ष २०७६/७७-२०८०/८१)।* नेपाल सरकार, राष्ट्रिय योजना आयोग, सिंहदरबार, काठमाडौँ

*प्रथम पञ्चवर्षीय योजना (आर्थिक वर्ष २०७६/७७-२०८०/८१)।* प्रदेश सरकार, प्रदेश नीति तथा योजना आयोग, गण्डकी प्रदेश, पोखरा

पाण्डे, ऋषिराम (२०२०)। कोरोनाको पाठः स्थानीय आर्थिक विकास। https://www.sajhapost.com/2020/05/15/237771.html

पाण्डे, ऋषिराम (२०२०)। समृद्धिको आधारः स्थानीय आर्थिक विकास-१। https://www.sajhapost.com/2020/09/25/265025.html

पाण्डे, ऋषिराम (२०२०)। समृद्धिको आधारः स्थानीय आर्थिक विकास-२।
https://www.sajhapost.com/2020/10/30/271238.html

*Sustainable Development Goals: Baseline Report of Gandaki Province (2019).* Policy and Planning Commission. Government of Gandaki Province, Pokhara

स्थानीय तहका लागि तयार पारिएको प्रशिक्षण सामग्री

# स्थानीय आर्थिक विकास

## यस भित्र

१. प्रशिक्षकका लागि मार्गदर्शन
२. प्रशिक्षण योजना
३. प्रशिक्षण सत्र योजना
४. प्रस्तुति सामग्री (पावरप्वाइन्ट स्लाइड)
५. अध्ययन सामग्री
६. मूल्याङ्कनका औजारहरू



फोटो: ग.प्र.प्र.प्र.

व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार

**गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान**

नदीपुर, पोखरा

गण्डकी प्रदेश, नेपाल

ISBN: 978-9937-1-1240-6